# शान्ति

वर्ष ७  अङ्क ७  असार २०७३

**सम्पादक मण्डल**

| | | | |
|---|---|---|---|
| सर्वजीत प्रसाद महतो | सचिव | – | अध्यक्ष |
| ऋषि राजभण्डारी | सह सचिव | – | सदस्य |
| शंकरप्रसाद खरेल | सह सचिव | – | सदस्य |
| जीवराज कोइराला | सह सचिव | – | सदस्य |
| देव बहादुर अधिकारी | उप सचिव | – | सदस्य |


नेपाल सरकार

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

नेपाल

# सम्पादकीय

विस्तृत शान्ति सम्झौता पश्चात नेपालमा द्वन्द्व रूपान्तरण, दिगो शान्ति र विकासका क्षेत्रमा योगदान पुऱ्याउन वि.सं. २०६३ चैत्र १८ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना भएको हो । नेपाल सरकार (कार्य सम्पादन) नियमावली अनुसार यस मन्त्रालयका मुख्य मुख्य कामहरुमा राहत प्रदान गर्ने, पुनस्थापना गर्ने, द्वन्द्वको क्रममा क्षति भएका संरचनाहरुको पुनर्निर्माण गर्ने, द्वन्द्व पीडितहरुको तथ्याङ्क अद्यावधिक गर्ने, सेना समायोजन, शिविर र द्वन्द्व व्यवस्थापनका विविध क्रियाकलापहरु सञ्चालन गर्ने पर्दछन । यस मन्त्रालयका कार्यहरुलाई बढी पारदर्शी र व्यवस्थित ढङ्गले सम्पादन गर्ने उद्देश्यले तयार गरिएका निर्देशिका, मापदण्डहरुलाई एकिकृत संगालोको रूपमा प्रकाशन गर्ने हाम्रो प्रयास विगत वर्षबाट सुरु भएको हो । पाठक वर्ग, सरोकारवाला कार्यान्वयन निकाय र सेवाग्राही समुदायबाट प्राप्त सुझावलाई दृष्टिगत गरी चालु वर्षमा पनि थप भएका ऐन, नियम, निर्देशिकाहरु तथा विगत आ.व. मा र चालु आ.व.को दोस्रो चौमासिक अवधिसम्म मन्त्रालयले सम्पादन गरेका मुख्य मुख्य कामको प्रगति विवरणको साथै विभिन्न विषयका लेख रचना समेत समावेश गरिएको छ । यो शान्ति संगालोलाई शान्ति पत्रिकाको रूपमा (वर्ष ७, अंक ७) जनसमक्ष ल्याउने प्रयास गरिएको छ ।

शान्ति निर्माण, राहत, पुनर्निर्माण, पुनस्थापन, सेना समायोजन, सङक्रमणकालीन न्याय, द्वन्द्व व्यवस्थापन र सङक्रमणकालमा स्रोत परिचालन जस्ता समय सान्दर्भिक विषयमा चासो राख्ने अनुसन्धानकर्ताहरु, नागरिक समाज, दातृ निकाय, अध्येता, राजनीतिकर्मी, सरोकारवाला र जिज्ञासुहरु सबैको लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएका छौं । यस प्रकाशनबाट शान्ति प्रक्रियाका उपलब्धिहरुको रक्षा गर्दै हालसम्म भएका गतिविधिहरुका बारेमा जानकारी प्राप्त गर्न सम्वद्ध पाठक वर्ग र सरोकारवालाहरुलाई मद्दत पुग्ने विश्वास गरिएको छ । अन्तमा यस अङकमा प्रकाशित सामग्रीहरुबाट अधिकतम लाभ लिन र देखिएका कमी कमजोरीलाई सुधार गर्नको लागि रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा राख्दछौं । साथै यस पत्रिकामा समावेश गरिएका लेख, रचनाहरु लेखकका नीजि विचार भएको व्यहोरा जानकारी गराइन्छ ।

यस प्रकाशनलाई पाठक वर्गसमक्ष पुऱ्याउन सहयोग गर्नुहुने शान्ति तथा पुनर्निर्माण मन्त्रालय र अन्तर्गतका कर्मचारीहरु र सम्बद्ध सरोकारवालाहरुलाई हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछौं ।

**सम्पादक मण्डल**

एकनाथ ढकाल
मन्त्री
शान्ति तथा पुनर्निर्माण मन्त्रालय

नेपाल सरकार

फोन : ४२११०८९
फ्याक्स : ४२१११८६
४२११५५४
Web: www.peace.gov.np

निजी सचिवालय
सिंहदरबार, काठमाडौं ।


प.सं.-
च.नं.-



असार १४, २०७३

## शुभकामना

शान्ति निर्माण, प्रवर्द्धन र द्वन्द्व व्यवस्थापनका लागि भए गरेका प्रयासहरु र मन्त्रालयको कार्य सम्पादन गर्नका लागि बनेका नीति, निर्देशिका, मापदण्ड समेतका विषयहरु समेटी विगत वर्षहरुमा जस्तै शान्ति वर्ष ७, अंक ७ नियमति रुपमा प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ ।

शान्ति मन्त्रालयले शान्ति सम्वेदनशील विकाश नीति मार्फत समग्र विकास प्रक्रियालाई शान्तिमैत्री बनाउने र सामाजिक द्वन्द्व क्रमशः घटाई शान्ति स्थापना गर्ने मूल ध्येय लिएको सबैमा विधितै छ ।

दश वर्षे सशस्त्र द्वन्द्व र त्यसले सिर्जना गरेका तमाम नकारात्मक असरहरुको व्यवस्थापन गर्दै दीर्घकालीन रुपमा शान्ति व्यवस्थापन तर्फ यो मन्त्रालय अघि बढिरहेको छ । शान्ति प्रक्रिया शुरु भएदेखि हालसम्म यस मन्त्रालयबाट खास गरी राहत, पुनःस्थापना, सेना समायोजन, पुनर्निर्माण र शान्ति कोष मार्फत सञ्चालित आयोजनाहरुको बारेमा भएका कामहरुको बारेमा जानकारी लिने तमाम पाठकवर्ग र आम नागरिकलाई प्रस्तुत प्रकाशनले विस्तृत जानकारी हुने अपेक्षा गरेको छु ।

एकनाथ ढकाल

मन्त्री


दिपनारायण साह
राज्यमन्त्री
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

नेपाल सरकार

फोन : ४२१११७९
फ्याक्स : ४२१११८६
Web: www.peace.gov.np

निजी सचिवालय
सिंहदरबार, काठमाडौं ।

प.सं.- २०७२/०७३
च.नं.- १४८



## शुभकामना

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले नेपाल सरकार (कार्य सम्पादन) नियमावली अनुसारका मुख्य मुख्य कामहरुमा राहत प्रदान गर्ने, पुनस्थापना गर्ने, द्वन्द्वको क्रममा क्षति भएका संरचनाहरुको पुनर्निर्माण गर्ने, द्वन्द्व पीडितहरुको तथ्याङ्क अद्यावधिक गर्ने, सेना समायोजन, शिविर र द्वन्द्व व्यवस्थापनका विविध क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । यस मन्त्रालयका कार्यहरुलाई बढी पारदर्शी र व्यवस्थित ढंगले सम्पादन गर्ने उद्देश्यले तयार गरिएका निर्देशिका, मापदण्डहरुलाई एकीकृत सँगालोको रुपमा प्रकाशन गर्दै आएको छ । चालु वर्षमा पनि ऐन, नियम, निर्देशिकाहरुको अद्यावधिक विवरण सहित विविध लेख रचना र विगत आ.व. मा र चालु आ.व.को दोस्रो चौमासिक अवधिसम्म मन्त्रालयले सम्पादन गरेका मुख्य मुख्य कामको प्रगति विवरणको संगालो **शान्ति पत्रिका** प्रकाशन गर्न लागेको थाहा पाउदा खुसी लागेको छ ।

मुलुकमा १० वर्षे सशस्त्र द्वन्द्व समाप्त भै विस्तृत शान्ति सम्झौता मार्फत शान्ति प्रक्रियामा प्रवेश गरेसँगै मुलुकमा दिगो शान्ति कायम गर्न धेरै सकारात्मक कामहरु भएका छन । शान्ति प्रकृया सुरु भएसँगै यस मन्त्रालयले आफ्नो कार्यक्षेत्र अनुसार राहत, पुनर्निर्माण, पुनस्थापना, माओवादी लडाकुहरुको समायोजन लगायतका शान्ति प्रकृयासँग सम्वन्धित धेरै कार्यहरुलाई निरन्तरता दिईराखिएको छ । प्रस्तुत प्रकाशनले शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट भए गरेका कार्यहरुको आम नागरिक तथा पाठक वर्ग समक्ष पुऱ्याई वहाँहरुको सुसूचित हुन पाउने अधिकारको सम्मान गर्न र मन्त्रालयका गतिविधिहरु समेत पारदर्शि वनाउन सहयोग पुग्ने अपेक्षा लिएको छु ।

मिति २०७३।०३।१३

दिपनारायण
दिपनारायण साह
राज्यमन्त्री

नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

नेपाल सरकार
शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०६३

प.सं.
च.नं.

सिंहदरबार, काठमाडौं
नेपाल ।

## शुभकामना



शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यहरुलाई बढी पारदर्शी र व्यवस्थित ढङ्गले सम्पादन गर्ने उद्देश्यले तयार गरिएका निर्देशिका, मापदण्डहरुलाई एकीकृत सँगालोको रूपमा प्रकाशन गर्दै आएकोमा चालु वर्षमा पनि थप भएका ऐन, नियम, निर्देशिकाहरु समेत समेट्नुका साथै विभिन्न विषयका लेख रचना र विगत आ.व. मा र चालु आ.व.को दोस्रो चौमासिक अवधिसम्म मन्त्रालयले सम्पादन गरेका मुख्य मुख्य कामको प्रगति विवरण सहितको प्रस्तुत सँगालो शान्ति पत्रिका प्रकाशन गर्न पाउदा मलाई खुसी लागेको छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्थापना पश्चात विस्तृत शान्ति सम्झौताले निर्देश गरे बमोजिम माओवादी लडाकुहरुको शिविर व्यवस्थापन, सेना समायोजन, राहत, पुनर्निर्माण तथा पुनस्थापना, स्थानीय शान्ति समितिहरुको गठन, सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन सम्वन्धी कार्य लगायत शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन र मुलुकमा शान्ति र सद्भावको सम्वर्धन गर्ने कार्यहरु गर्दै आएको छ । संविधान सभाले नयाँ संविधान समेत जारी गरी मुलुक सङक्रमणकाल अन्त्य हुने दिशामा अगाडि बढेको सन्दर्भमा तपाँइहरुको हातमा रहेको प्रस्तुत सामग्री नेपालको शान्ति प्रक्रियाको क्षेत्रमा जानकारी लिन चाहने अध्येता, पाठक अनुसन्धानकर्ताका लागि स्रोत पुस्तिकाको रुपमा रहने र मन्त्रालयका गतिविधिहरुको वारेमा जानकारी लिन चाहने आम जनसमुदायलाई सुसूचित हुने अधिकारको प्रवर्द्धन गर्ने कार्यमा सहयोगी हुने विश्वास लिएको छु ।

शान्ति र सद्भावले नै गर्छ राष्ट्र विकास !

मितिः २०७३/३/१३

(सर्वजीत प्रसाद महतो)
सचिव

"शान्ति र शिक्षा : समृद्ध नेपालको अपेक्षा"

फोन नं. ४२११९८९, ४२११०८९, ४२१११७१, ४२१११७६, ४२११५५० फ्याक्स : ९७७-१-४२१११८६
Website: <www.peace.gov.np> E-mail: info@peace.gov.np

# विषयसूची

## खण्ड क
## ऐन, नियम, निर्देशिका तथा मार्गदर्शन


बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ........................ १५
बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ ........................ ३१
सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ ........................ ५७
आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी ........................ ६१
द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३ ........................ ७१
शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ ........................ ८१
मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन २०६८) निर्देशिका, २०६५ ........................ ९१
वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन २०६८) निर्देशिका, २०६५ ........................ १०७
स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरु ........................ ११७
द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ ........................ १२३
नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन २०६८) निर्देशिका, २०६६ ........................ १३१
स्थानीय शान्ति समिति निर्देशिका, २०६६ ........................ १८३
शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८ ........................ २०३
आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८ ........................ २०९
राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका २०६९ ........................ २१५
मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७० ........................ २२१
स्थानीयस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन, २०७० ........................ २२७


## खण्ड ख
## लेख तथा रचनाहरू


सूचनाको हक र यससँग जोडिएका केही महत्वपूर्ण पक्षहरु ........................ २३३
बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग : एक परिचय ........................ २३८
बेपत्ताको पीडा ........................ २४३
बेपत्ता पार्ने कार्य र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको परिचय ........................ २४६
वित्त व्यवस्थापन, बेरुजु र आर्थिक प्रशासन शाखा ........................ २५५
दिगो शान्ति स्थापनाको लागि विगत शसस्त्र द्वन्द्वमा परेका पीडितहरुको हकमा हालसम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गरेका कार्यहरु र भावि योजना ........................ २६०


## खण्ड ग
## चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्मका मुख्य मुख्य कामहरू

# खण्ड क

## ऐन, नियम, निर्देशिका तथा मार्गदर्शन

# बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१

**प्रस्तावना** : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुलाई राहत उपलब्ध गराउने तथा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख भएको,

विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मावन अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने कुरा उल्लेख भएको,

नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासंग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्नको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

### परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ।

(ग) "उजूरी" भन्नाले निवेदन समेतलाई जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "परिपूरण" भन्नाले दफा २३ बमोजिम पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत समेत सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजु भाई वा दिदी बहिनी सम्झनु पर्छ ।

(छ) "पीडक" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति समेतलाई जनाउँछ।

(ज) "पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानिनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मानवीय, सामाजिक वा सामुदायिक रुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कार्य सम्झनु पर्छ :-

(१) हत्या,
(२) अपहरण तथा शरीर बन्धक,
(३) व्यक्ति बेपत्ता पार्ने,
(४) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,
(५) शारीरिक वा मानसिक यातना,
(६) बलात्कार तथा यौनजन्य हिंसा,
(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,
(८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा
(९) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध ।

(ट) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ :-

(१) कानून बमोजिम पक्राउ गर्ने, अनुसन्धान तहकिकात गर्ने वा कानून कार्यान्वयन गर्ने अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,

(२) सशस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने ।

(ठ) "विस्तृत शान्ति सम्झौता" भन्नाले नेपाल सरकार र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच सम्वत् २०६३ साल मंसिर ५ गते सम्पन्न सम्झौता सम्झनु पर्छ ।

(ङ)	"सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ।

(ढ)	"सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(ण)	"सशस्त्र द्वन्द्व" भन्नाले सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

### परिच्छेद–२

## आयोगको गठन

३.	**आयोगको गठन** : (१) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने काम समेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रुपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नेछ।

(२) आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पाँचजना सदस्यहरु रहने छन्।

(३) अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | पूर्व प्रधान न्यायाधीशहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति | -अध्यक्ष |
| (ख) | राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य | -सदस्य |
| (ग) | मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना | -सदस्य |

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम अध्यक्ष र सदस्य हुन योग्य व्यक्तिहरु मध्येबाट अध्यक्ष तथा सदस्यको नाम नियुक्तिको लागि सिफारिस गर्नेछ।

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नु अघि निजहरुको सार्वजनिक छनौट प्रक्रिया निर्धारण गरी त्यस्तो छनौट प्रक्रिया सार्वजनिक रुपमा प्रकाशन समेत गर्नु पर्नेछ।

४.	**अध्यक्ष तथा सदस्यको योग्यता** : देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुनेछ :-

(क)	मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको,

(ख)	नियुक्ति हुदाका बखत कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,

(ग)	उच्च नैतिक चरित्र भएको,

(घ)	मानव अधिकार, शान्ति, कानून, द्वन्द्व व्यवस्थापन वा समाजशास्त्रको क्षेत्रमा काम गरेको,

(ङ) पैंतीस वर्ष उमेर पूरा भएको,

(च) अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश भइसकेको, नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदमा काम गरिसकेको वा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको ।

५. **अध्यक्ष तथा सदस्यको लागि अयोग्यता** : देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि अयोग्य मानिनेछ :-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ग) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी कसूरमा सजाय पाएको,

(घ) सशस्त्र द्वन्द्वमा संलग्न रहेको,

(ङ) मानव अधिकारको उल्लङ्घन सम्बन्धी कसूरमा कारबाहीको लागि राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भएको ।

६. **पदावधि** : (१) दफा ३९ बमोजिम आयोग विघटन नभएसम्म अध्यक्ष तथा सदस्यहरु आफ्नो पदमा वहाल रहने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निज खराब आचरणमा लागेमा नेपाल सरकारले पूर्व प्रधान न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय एक छानविन समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

तर त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(३) उपदफा (२) बमोजिम अध्यक्ष वा सदस्य उपरको आरोप छानविन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **पद रिक्त हुने अवस्था** : (१) देहायको अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजले प्रधानमन्त्री समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ५ बमोजिम निज आफ्नो पदमा बहाल रहन अयोग्य भएमा,

(ग) दफा ६ को उपदफा (२) बमोजिम निज आफू बहाल रहेको पदबाट हटेमा,

(घ) निजको मृत्यु भएमा ।

(२) अध्यक्ष वा सदस्यको पद कुनै कारणले रिक्त भएमा दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गरिनेछ ।

८. **अध्यक्ष तथा सदस्यको सेवा शर्त** : (१) अध्यक्ष तथा सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन् ।

(२) अध्यक्ष तथा सदस्यको पारिश्रमिक क्रमशः राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्य सरह हुनेछ ।

(३) अध्यक्ष तथा सदस्यको सेवाको शर्त र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

९. **आयोगको बैठक र निर्णय** : (१) आयोगको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकता अनुसार बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुपस्थितिमा सदस्यहरुसँगको परामर्शमा सचिवले तोकेको स्थान, मिति र समयमा आयोगको बैठक बस्नेछ ।

(३) आयोगको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले गर्नेछ।

(५) आयोगको निर्णय सर्वसम्मतबाट गरिनेछ। यसरी सर्वसम्मतबाट निर्णय हुन नसकेमा आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) आयोगको बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(७) आयोगले चाहेमा आयोगको काम कारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई आयोगको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **सचिव** : नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ।

११. **आयोगको कर्मचारी** : (१) आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ। त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारसँग नभएमा वा आयोगले माग गरे बमोजिमको सङ्ख्यामा मन्त्रालयले कर्मचारी उपलब्ध गराउन नसकेमा आयोगले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम करारमा नियुक्त भएको कर्मचारीको काम, कर्तव्य र अधिकार, पदावधि, पारिश्रमिक तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ।

तर त्यस्तो कर्मचारीको पारिश्रमिक र सुविधा आयोगमा कार्यरत नेपाल सरकारका समान श्रेणी वा तहका कर्मचारीको भन्दा बढी हुने छैन।

(४) उपदफा (१) बमोजिम आयोगमा कार्यरत कर्मचारीहरुले आयोगबाट तोके बमोजिम भत्ता तथा सुविधा पाउनेछन्।

१२. **आयोगको स्रोत साधन तथा लेखापरीक्षण** : (१) आयोगको काम कारबाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य स्रोतको व्यवस्था मन्त्रालयले गर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगलाई प्राप्त भएको रकम आयोगले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(३) आयोगको सम्पूर्ण खर्च उपदफा (२) बमोजिम जम्मा गरिएको रकमबाट ब्यहोरिनेछ।

(४) आयोगले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ।

(५) आयोगको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ।

### परिच्छेद–३

## आयोगको काम, कर्तव्य र अधिकार

१३. **आयोगको काम, कर्तव्य र अधिकार** : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख)	पीडित तथा पीडकको यकीन गर्ने,
(ग)	पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,
(घ)	पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,
(ङ)	मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,
(च)	पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,
(छ)	यस ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरु सम्बन्धित अदालत तथा निकायसँगको परामर्शमा आयोगले छानविन गर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजूरीहरु आयोगले छानविन गर्नेछ ।

(४) कुनै घटना शसस्त्र द्वन्द्वको क्रममा भएको हो  वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ ।

(५) यस ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोगले छानविन गर्नेछ ।

(६) आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन देहायको आधारमा  गर्न सक्नेछ :-

(क)	पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,
(ख)	आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,
(ग)	आयोगले छानविन गर्न उपयुक्त सम्झेमा ।

(७) आयोगमा उजूरी दिने कार्यमा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।

(८) आयोग समक्ष उजूरी दिने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४.	**आयोगको छानविन सम्बन्धी अधिकार** : (१) आयोगले यस ऐन बमोजिम छानविन गर्दा देहायको काम गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क)	कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,
(ख)	साक्षी बुझ्ने तथा बकपत्र गराउने,
(ग)	कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,
(घ)	कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, तर कुनै अदालतबाट त्यस्तो लिखत झिकाउँदा सम्बन्धित अदालतको अनुमति लिनु पर्नेछ ।
(ङ)	प्रमाण बुझ्ने,
(च)	स्थलगत निरीक्षण गर्ने वा गराउने वा दशी प्रमाण पेश गर्न आदेश  दिने ।

(२) सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा आयोगले श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य कुनै माध्यमबाट त्यस्तो साक्षी वा

व्यक्तिको बकपत्र वा बयान गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा आयोगले उपयुक्त सम्झेमा मनासिव समय तोक्न सक्नेछ।

(४) आयोगले आफ्नो छानविन सम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्नेछ।

(५) सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर यस ऐन बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा राखिरहँदा निजले प्रमाण लोप गर्ने सम्भावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्त सम्बन्धी कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्नेछ।

(६) बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो स्थानको उत्खनन् गरी वास्तविकता पत्ता लगाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम उत्खनन् व्यवस्थित रुपले गर्नु पर्नेछ र त्यसरी उत्खनन् गर्दा कुनै व्यक्तिको शव वा अवशेष फेला परेमा आयोगले सम्भव भएसम्म त्यस्तो शवको डी.एन.ए. वा शव परीक्षण समेत गरी त्यस्तो शव वा अवशेष मृतकको परिवारको सदस्य उपलब्ध भएमा निजलाई बुझाउनु पर्नेछ।

(८) आयोगलाई प्राप्त भएको उजूरी तथा जानकारी छानविन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>आयोगको कार्यमा सहयोग पुऱ्याउनु पर्ने</u>** : (१) आयोगले दफा १४ बमोजिम माग गरेको लिखत, कागजात, दशी वा प्रमाण पेश गर्नु तथा आयोगमा उपस्थित भई जानकारी, बयान वा बकपत्र दिनु सम्बन्धित व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

(२) आयोगले यस ऐन बमोजिम छानविनको सिलसिलामा कुनै ठाउँको तलासी लिंदा वा कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउन स्थानीय प्रशासनको सहयोग माग गरेमा आयोगलाई सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको कर्तव्य भएको व्यक्ति, संस्था वा निकायले आयोगको कार्यमा सहयोग नगरेमा आयोगले त्यस्तो व्यक्ति वा सो संस्था वा निकायको प्रमुखलाई पटकै पिच्छे पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम कर्तव्य भएको व्यक्ति कुनै सरकारी निकाय वा सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी भएमा आयोगले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाही गर्न वा प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी पूरा नगरेको आरोपमा कारबाही गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अख्तियारवालाले विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई गराउनु पर्नेछ।

(५) कसैले आयोगको काम कारबाहीमा बाधा बिरोध गरेमा आयोगले त्यस्तो व्यक्तिलाई पटकै पिच्छे पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

१६. **अवहेलनामा कारबाही गर्न सक्ने** : (१) आयोगले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ। यसरी कारबाही चलाउँदा आयोगले आफ्नो अवहेलना भएको ठहऱ्याएमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्ति वा निकायले आयोगलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा आयोगले क्षमा दिन वा सजाय तोकी सकेको भए सजाय माफ गर्न, घटाउन वा आयोगले तोकेको शर्तमा सजाय मुलतवी राखी त्यस्तो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ।

१७. **साक्षी तथा अन्य व्यक्तिको संरक्षण** : (१) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा वा त्यसरी अनुरोध नगरेपनि त्यस्तो व्यक्ति वा आयोगलाई सहयोग पुऱ्याउने वा आयोगमा कार्यरत कुनै व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको सुरक्षाको लागि आयोगले आवश्यकता अनुसार नेपाल सरकारको सहयोग लिन सक्नेछ।

(३) कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारबाही गरिने छैन।

(४) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्नेछ।

(५) आयोगमा बयान वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

(६) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ।

(७) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा आयोगले त्यस्तो कर्मचारीलाई निज सरुवा हुन सक्ने निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सो निकायले पनि त्यस्तो कर्मचारीलाई सरुवा गरिदिनु पर्नेछ।

(८) साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **सार्वजनिक सुनुवाई गर्न सक्ने** : (१) आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ।

(२) सार्वजनिक सुनवाई गर्ने तरिका र प्रक्रिया आयोगले तोके बमोजिम हुनेछ।

१९. **आयोगको काम कारबाही खुला तथा पारदर्शी हुनु पर्ने** : (१) आयोगले आफ्नो काम कारबाही खुला तथा पारदर्शी रुपमा गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानविन प्रकृयालाई प्रतिकूल असर पार्ने काम कारबाही गोप्य गर्न सकिनेछ।

(३) आयोगले आफ्नो काम कारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्न सक्नेछ।

२०. **स्वतन्त्रता र निष्पक्षता कायम गर्नु पर्ने** : (१) आयोगले स्वतन्त्र र निष्पक्ष रुपले आफ्नो काम सम्पादन गर्नु पर्नेछ।

(२) आयोगले कसै प्रति झुकाब, मोलाहिजा वा वदनियत राखी काम गर्न हुँदैन।

(३) आयोगले आफ्नो काम कारबाही गर्दा मानव अधिकार तथा न्यायका सर्वमान्य सिद्धान्तलाई पालना गर्नु पर्नेछ।

(४) आयोगबाट छानविन तथा कारबाही गर्नु पर्ने व्यक्ति कुनै सदस्यको नातेदार भएमा वा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्षरुपमा सम्बन्धित भएमा सो सदस्यले त्यस्तो छानविन तथा कारबाहीमा संलग्न हुनु हुँदैन।

२१. **उजूरी तामेलीमा राख्न सक्ने** : आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्न सक्नेछ।

तर त्यस्तो उजूरीको सम्बन्धमा कारबाही गर्नु पर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजूरी उपर छानविन गर्न सक्नेछ।

२२. **मेलमिलाप गराउन सक्ने** : (१) पीडक वा पीडितले मेलमिलापको लागि आयोग समक्ष निवेदन दिएमा आयोगले पीडक र पीडित बीच एक आपसमा मेलमिलाप गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पीडक र पीडित बीच मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनेछ।

(३) उपदफा (१) बमोजिम मेलमिलाप गराउँदा आयोगले पीडितलाई हुन गएको क्षति वापत मनासिव क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन सक्नेछ।

(४) मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न वा गराउन सक्नेछ :-

(क) सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झना स्वरुप प्रतिमा वा सार्वजनिक स्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्र आदि प्रकाशन गर्न,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्न।

(५) पीडितको मृत्यु भैसकेको वा पीडित नाबालक वा मानसिक रुपले अस्वस्थ भएको अवस्थामा आयोगले पीडितको परिवार र पीडकसँग यस दफा बमोजिम मेलमिलाप गराउन सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले दफा २६ को उपदफा (२) बमोजिम क्षमादानको लागि सिफारिसमा नपरेका पीडकसंग पीडितको मेलमिलाप गराउन सक्ने छैन।

२३. **परिपूरणको लागि सिफारिस गर्ने** : (१) यस ऐन बमोजिम छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायका सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ :-

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत।

(३) आयोगले यस दफा बमोजिम पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत निर्धारण गर्ने आधार र मापदण्ड तोकिए बमोजिम हुनेछ।

(५) पीडितलाई पीडकद्वारा क्षतिपूर्ति उपलब्ध गराइएको, आयोगबाट कुनै पीडकलाई क्षमादानको लागि सिफारिस गरिएको वा कुनै पीडकको पहिचान नभएको कारणले मात्र यस दफा बमोजिम पीडितलाई उपलब्ध गराइने सुविधाबाट वञ्चित गरिने छैन।

(६) पीडितको मृत्यु भैसकेको अवस्थामा उपदफा (१) वा (२) बमोजिम पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइनेछ।

२४. **सम्पत्ति फिर्ताको लागि सिफारिस गर्ने** : (१) यस ऐन बमोजिम गरिएको छानविनबाट कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा आयोगले त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) आयोगले पीडितको सम्पत्ति कब्जा वा जफत भएको कारण हुन गएको वास्तविक क्षति यकिन गरी नेपाल सरकारबाट पीडितलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्नेछ।

२५. **कारबाहीको लागि सिफारिस गर्न सक्ने** : (१) आयोगले यस ऐन बमोजिम छानविन गर्दा कुनै व्यक्ति मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा संलग्न भएको देखिएमा आयोगले त्यस्तो व्यक्ति उपर कानून बमोजिम कारबाही गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले देहायका पीडक उपर कारबाहीको लागि सिफारिस गर्ने छैन :-

(क) दफा २२ बमोजिम पीडितसंग मेलमिलाप गरेका,

(ख) दफा २६ बमोजिम क्षमादानका लागि सिफारिसमा परेका।

तर एकभन्दा बढी अपराधमा दोषी देखिएको पीडकलाई कुनै एक अपराधमा क्षमादानका लागि सिफारिस नगरिएमा त्यसरी सिफारिस नभएको अपराधमा त्यस्तो पीडक उपर कारबाहीको लागि सिफारिस गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले चाहेमा दफा २७ को उपदफा (१) बमोजिम प्रतिवेदन दिनु अगावै मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा दोषी देखिएका पीडक उपर मुद्दा चलाउन दफा २७ को उपदफा (२) बमोजिम अन्तरिम प्रतिवेदनमा समावेश गरी नेपाल

सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(४) आयोगले यस ऐन बमोजिम छानविन गर्दा मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा निजलाई विभागीय कारबाही गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउनु पर्नेछ र यसरी लेखी आएमा अख्तियारवालाले तीन महिनाभित्र निजलाई कानून बमोजिम उपयुक्त सजाय सहित विभागीय कारबाही गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ।

२६. **क्षमादान सम्बन्धी व्यवस्था** : (१) दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम छानविन गर्दा उपदफा (४), (५) र (६) मा उल्लिखित मापदण्ड एवं शर्तका आधारमा कुनै पीडकलाई क्षमादान गर्न उपयुक्त देखिएमा आयोगले त्यसको पर्याप्त आधार खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएका गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन।

(३) आयोगले उपदफा (१) बमोजिम सिफारिस गर्नु अघि पीडकले क्षमादानको लागि देहायको प्रक्रिया पूरा गरी आयोग समक्ष निवेदन दिएको हुनु पर्नेछ :-

(क) आयोगले तोकेको म्यादभित्र लिखित रुपमा निवेदन दिएको,

(ख) निवेदन दिनु अघि सशस्त्र द्वन्द्वको क्रममा आफूबाट भएका काम कारबाहीको सन्दर्भमा आफूलाई थाहा भएसम्मको सत्य तथ्य विवरण आयोग सक्षम पूर्णरुपमा प्रकट गरी सो विवरण आयोगमा अभिलेखन गराएको कुरा निवेदनमा उल्लेख गरेको,

(ग) आयोगले तोके बमोजिम अन्य प्रक्रिया पूरा गरेको।

(४) उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले देहायका प्रतिबद्धता प्रकट गरेको कुरा उल्लेख गर्नु पर्नेछः-

(क) सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको कुरा स्वीकार गरेको,

(ख) त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको स्वीकार गरी आयोग समक्ष पीडितसँग चित्त बुझ्दो ढङ्गले क्षमायाचना गर्न मञ्जुर गरेको,

(ग) भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको।

(५) उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्नेछ।

(६) कुनै पीडक मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी एक भन्दा बढी अपराधमा संलग्न भएको छानविनबाट देखिएमा र त्यस्तो पीडकलाई यस दफा बमोजिम कुनै अपराधमा मात्र क्षमादान गर्न सकिने भएमा आयोगले पीडकलाई सो अपराधमा मात्र क्षमादानको लागि सिफारिस गर्न सक्नेछ।

(७) यस दफा बमोजिम क्षमादानको लागि सिफारिस गर्नु अघि आयोगले पीडितलाई हुन गएको क्षति बापत मनासिब क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन सक्नेछ।

(८) उपदफा (१) बमोजिम आयोगबाट क्षमादानको लागि सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारबाट क्षमादान भएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

(९) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गरिएको व्यक्तिले नेपाल सरकारबाट क्षमादान नपाएमा त्यस्तो व्यक्तिको सम्बन्धमा मुद्दा चलाउन दफा २८ को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

२७. **प्रतिवेदन पेश गर्ने** : (१) आयोगले यस ऐन बमोजिम छानविन गरिसकेपछि देहायको कुराहरु खुलाई नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) आयोगबाट छानविन गरिएका र तामेलीमा राखिएका उजूरी सम्बन्धी विवरण,
(ख) छानविनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,
(ग) दफा २२ बमोजिम पीडित र पीडक बीच आयोगबाट मेलमिलाप गराइएको विवरण,
(घ) दफा २३, २४ र २६ बमोजिम नेपाल सरकार समक्ष सिफारिस गरेको विषय,
(ङ) दफा २५ बमोजिम कारबाहीको लागि सिफारिस गरिएको विवरण,
(च) सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनको लागि गरिनु पर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सुधारका विषय,
(छ) प्रतिवेदन कार्यान्वयन गर्न कुनै कानून बनाउन आवश्यक भएमा सो विषय,
(ज) मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सृजना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्बन गर्नु पर्ने कुराहरु,
(झ) आयोगले उपयुक्त सम्झेका अन्य कुराहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले छानविन गरिसकेको विषयमा समय समयमा आफ्नो सिफारिस सहित नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन नेपाल सरकारले तीस दिनभित्र व्यवस्थापिका-संसद समक्ष पेश गर्नेछ।

## परिच्छेद -४

## प्रतिवेदनको कार्यान्वयन तथा अनुगमन

२८. **प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी** : (१) दफा २७ बमोजिम आयोगले दिएको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

(२) मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस देहाय बमोजिम कार्यान्वयन गर्नेछ :-

(क) दफा २३ र २४ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिई त्यस्तो सिफारिस आफैंले वा अन्य सम्बद्ध निकाय मार्फत कार्यान्वयन गर्ने, गराउने,
(ख) दफा २५ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्न दफा २९ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने,
(ग) दफा २६ मा उल्लिखित सिफारिस कार्यान्वयन सम्बन्धी कारबाही अघि बढाउन नेपाल सरकारमा लेखी पठाउने,
(घ) प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्न कानून निर्माण गर्नु पर्ने भएमा आवश्यक कानून निर्माण गर्ने तर्फ कारबाही गर्ने,
(ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने।

(३) मन्त्रालयले दफा २७ को उपदफा (१) को खण्ड (च), (छ) र (ज) मा उल्लिखित सिफारिस प्राथमिकता तोकी क्रमशः कार्यान्वयन गर्नेछ।

(४) मन्त्रालयले आयोगको सिफारिस बमोजिम पीडितलाई सरल र सहज तरिकाले तत्काल क्षतिपूर्ति, सुविधा वा सहुलियत उपलब्ध गराउनु पर्नेछ।

२९. **मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था** : (१) मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडक उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम पीडक उपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकीलले विशेष अदालतमा मुद्दा चलाउनु पर्नेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "विशेष अदालत" भन्नाले आयोगको सिफारिसका आधारमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले उपदफा (२) बमोजिम कुनै पीडक उपर मुद्दा चलाउने गरी निर्णय गरेको मुद्दाको कारवाही र किनारा गर्न नेपाल सरकारले कानून बमोजिम गठन गरेको विशेष अदालत सम्झनु पर्छ।

३०. **आयोगले दिएको प्रतिवेदनको अनुगमन** : (१) आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने कार्य राष्ट्रिय मानव अधिकार आयोगले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गरे, गराएको नदेखिएमा राष्ट्रिय मानव अधिकार आयोगले सो सिफारिस कार्यान्वयन गर्न मन्त्रालयलाई ध्यानाकर्षण गराउन सक्नेछ र त्यसरी ध्यानाकर्षण गराएका विषय मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्ने, गराउनेछ।

## परिच्छेद–५
## विविध

३१. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) आयोगले आफ्नो काम कारबाही सुचारुरुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समावेश गरी आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार, कार्याविधि र सो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा तथा अन्य व्यवस्था आयोगले तोकिदिए बमोजिम हुनेछ।

३२. **विशेषज्ञको सेवा लिन सक्ने** : (१) आयोगले यस ऐन बमोजिम कुनै काम गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित विषयका स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्ने विशेषज्ञ तथा विशिष्टीकृत निकायको नियुक्ति, काम, कर्तव्य र अधिकार, सेवाको शर्त तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ।

(३) आयोगलाई कुनै निकाय वा संस्थाको सेवा आवश्यक परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकाय वा संस्थाले आयोगबाट माग भए बमोजिमको सेवा आयोगलाई उपलब्ध गराउनु पर्नेछ।

३३. **काम कारबाही गर्न बाधा नपर्ने** : आयोगको कुनै सदस्यको पद रिक्त भएको कारणले मात्र आयोगले काम कारबाही गर्न कुनै बाधा पर्ने छैन ।

३४. **अधिकार प्रत्यायोजन** : (१) आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सचिव वा दफा ३१ बमोजिम गठित उपसमिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेलमिलाप गराउने वा परिपूरण, क्षमादान वा कारबाहीको सिफारिस गर्ने सम्बन्धमा आयोगलाई भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन ।

३५. **सूचना दिनेलाई पुरस्कृत गर्न सक्ने** : यस ऐन बमोजिम आयोगले छानविन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने कार्यमा आयोग वा अनुसन्धान अधिकारीलाई सहयोग पुऱ्याउने व्यक्ति, संगठन, निकाय वा संस्थालाई आयोगले पुरस्कृत गर्न सक्नेछ ।

३६. **सूचना, विवरण, तथ्य तथा जानकारी प्राप्त गर्न सक्ने**: यस ऐन बमोजिम गठित कुनै आयोगले छानविन गरी प्राप्त गरेको कुनै सूचना, विवरण, तथ्य वा जानकारी अन्य कुनै आयोगलाई उपयोगी भएमा त्यस्तो सूचना, विवरण, तथ्य वा जानकारी सो आयोगबाट प्राप्त गर्न सक्नेछ ।

३७. **समन्वय गर्न सक्ने** : आयोगले यस ऐन बमोजिम छानविन गर्दा यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसंग समन्वय गरी काम गर्न सक्नेछ ।

३८. **आयोगको कार्यावधि** : (१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र आयोगले आफ्नो काम सम्पन्न गर्न नसकेको कारण समेत खुलाई थप म्याद माग गरेमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ ।

३९. **आयोगको विघटन** : (१) आयोगले यस ऐन बमोजिम आफ्नो काम सम्पन्न गरेमा वा दफा ३८ बमोजिम आयोगको कार्यावधि समाप्त भएमा आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) बमोजिम आयोग विघटन भएमा आयोगको नाममा रहेको सम्पत्ति तथा दायित्व मन्त्रालयमा सर्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोग विघटन हुने भएमा आयोगले आफ्नो जिम्मामा रहेको अभिलेख मन्त्रालयमा बुझाउनु पर्नेछ ।

४०. **पुनःछानविन नगर्ने** : यस ऐन बमोजिम आयोगबाट छानविन गरिसकेको विषयमा पुनः आयोग गठन गरी छानविन गरिने छैन ।

४१. **शपथ** : आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधान न्यायाधीश समक्ष र सदस्यले अध्यक्षसँग अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

४२. **बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा आयोगको परामर्शमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश नेपाल सरकारले तीस दिनभित्र व्यवस्थापिका-संसदमा पेश गर्नु पर्नेछ ।

४३. **नेपाल सरकारसँग सम्पर्क** : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४४. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्न आयोगको परामर्शमा नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

**अनुसूची**

(दफा ४१ सँग सम्बन्धित)

# शपथ

म .......................................................सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता र प्रचलित संविधान तथा अन्य कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको बेपत्ता पारिएका व्यक्तिका छानविन आयोग/सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

शपथ ग्रहण गराउनेको,
सहीः
नाम :
पद :
मिति :

शपथ ग्रहण गर्नेको,-
सहीः
मितिः

प्रमाणीकरण मिति
२०७१।१।२८

# बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको परामर्शमा नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**परिच्छेद–१**

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुसन्धान अधिकारी" भन्नाले बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा आयोगले छानबिन गर्न तोकेको अनुसन्धान अधिकारी सम्झनु पर्छ र सो शब्दले आयोगबाट अनुसन्धान गर्नका लागि गठन गरिएका उपसमिति वा कार्यटोली समेतलाई जनाउँछ।

(ख) "उजूरीकर्ता" भन्नाले यस नियमावली बमोजिम उजूरी दिने व्यक्ति सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ।

(घ) "छानबिन समिति" भन्नाले ऐनको दफा ६ को उपदफा (२) बमोजिम गठन गरिएको छानबिन समिति सम्झनु पर्छ।

**परिच्छेद–२**

## उजूरी सम्बन्धी व्यवस्था

३. **उजूरी माग गर्ने**: (१) सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा पीडित वा निजको तर्फबाट आयोगमा उजूरी दिन आयोगले सार्वजनिक सूचना प्रकाशन गरी उजूरी माग गर्नेछ।

(२) उपनियम (१) बमोजिम उजूरी माग गरेको सूचनामा उजूरी दिने अवधि, तरिका र स्थान समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उजूरी दिने अवधि अपर्याप्त भएको भन्ने लागेमा आयोगले उजूरी दिने म्याद थप गर्न सक्नेछ।

तर त्यसरी उजूरी दिने म्याद थप गर्दा आयोगको कार्यावधि समाप्त हुनुभन्दा कम्तीमा छ महिना भन्दा कम हुने गरी उजूरी दिने म्याद थप गर्न सकिने छैन।

४. **उजूरी वा जानकारी दिन सक्ने**: (१) उजूरी दिन चाहने पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग वा आयोगले तोकेको स्थानमा उपस्थित भई वा हुलाक, इमेल वा अन्य विद्युतीय माध्यमबाट अनुसूची-१ बमोजिमको ढाँचामा आफूसँग भएका सबै प्रमाण संलग्न गरी उजूरी दिन सक्नेछ।

तर त्यस्तो ढाँचा बमोजिम उजूरी नपरेको कारणले मात्र सो सम्बन्धमा कारबाही गर्न बाधा पर्ने छैन।

(२) कसैले मौखिक रुपमा उजूरी दिन चाहेमा आयोगले उजूरीकर्ताले भनेका कुराहरु अनुसूची-१ को ढाँचामा लिपिबद्ध गरी निजलाई पढीबाची सुनाई निजको दस्तखत समेत गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इमेल वा अन्य विद्युतीय माध्यमबाट पर्न आएको उजूरी सम्बन्धित कर्मचारीले प्रिन्ट गरी प्रमाणित गरी राख्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम कुनै उजूरी टेलिफोनबाट प्राप्त भएमा सम्बन्धित कर्मचारीले सो को अभिलेख खडा गरी राख्नु पर्नेछ।

(५) आयोगले बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा कुनै स्रोतबाट प्राप्त गरेको जानकारीलाई समेत उजूरीको रुपमा लिन सक्नेछ।

(६) कसैले आयोग समक्ष आफ्नो परिचय नखुलाई कुनै साङ्केतिक नामबाट आयोगको इमेल वा फ्याक्स मार्फत उजूरी दिएमा आयोगले त्यस्तो उजूरी लिन सक्नेछ।

तर त्यस्तो उजूरी सम्बन्धित पक्षले सनाखत नगरेसम्म दर्ता किताबमा दर्ता गरिने छैन।

(७) अदालत बाहेक अन्य कुनै निकायमा दर्ता भएको उजूरी आयोगले सम्बन्धित निकायबाट झिकाउने आदेश दिन सक्नेछ।

(८) आयोगमा उजूरी दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन।

५. **उजूरी सम्बन्धी विशेष व्यवस्थाः** (१) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई उजूरी दिन सहजता प्रदान गर्न आयोगले देहाय बमोजिमको व्यवस्था गर्न सक्नेछ :-

(क) आयोगले तोकेको नजिकको सरकारी कार्यालय, स्थानीय तह वा बेपत्ता पारिएका व्यक्तिको छानबिन सम्बन्धमा काम गर्न नेपाल सरकारबाट गठन भएको कुनै निकाय मार्फत उजूरी दिन,

(ख) आयोगले उपलब्ध गराएको फोन नम्बरमा मौखिक रुपमा उजूरी दिन,

(ग) महिलाको हकमा उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत उजूरी दिन,

(घ) उजूरी वा जानकारी दिनका लागि बेग्लै कक्ष र आवश्यकता अनुसार दोभाषे वा सहजकर्ताको समेत व्यवस्था गर्न,

(ङ) आयोग समक्ष उपस्थित भई उजूरी दिन असमर्थ व्यक्तिको हकमा आयोगबाटै कर्मचारी खटाई निजको उजूरी लिन।

(२) यस नियम बमोजिम उजूरी लिने निकायले आफू समक्ष प्राप्त भएको उजूरी सात दिनभित्र आयोगमा पठाई दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको समयभित्र आफू समक्ष प्राप्त हुन आएको उजूरी नपठाउने सम्बन्धित निकायका प्रमुखलाई आयोगले विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ।

(४) यस नियम बमोजिम उजूरी लिदा नियम ४ बमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछ।

(५) उजूरी वा जानकारी दिन आउने व्यक्तिलाई कुनै कर्मचारीले अपमान, अवहेलना वा दुर्व्यवहार गरेमा त्यस्तो कर्मचारीलाई आयोगले प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

६. **उजूरी वा जानकारी दर्ता गर्नेः** (१) आयोगमा नियम ४ र ५ बमोजिम पर्न आएका उजूरी वा जानकारी सम्बन्धित कर्मचारीले अनुसूची-२ बमोजिमको उजूरी दर्ता किताबमा दर्ता गरी सम्बन्धित व्यक्तिलाई अनुसूची-३ बमोजिम उजूरी दर्ताको निस्सा दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इमेलबाट उजूरी वा जानकारी प्राप्त भएकोमा उजूरीकर्तालाई सोही माध्यमबाट उजूरी प्राप्त भएको जानकारी दिनु पर्नेछ।

(३) कुनै व्यक्तिले एकै विषयमा एकभन्दा बढी उजूरी दिएमा वा एकभन्दा बढी व्यक्तिले एकै विषयमा उजूरी दिएमा सम्बन्धित कर्मचारीले तीमध्ये एउटा उजूरीमात्र दर्ता गरी अन्य उजूरीलाई दर्ता भएको उजूरीसाथ संलग्न गरी राख्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम एउटा उजूरी दर्ता भएमा त्यसै विषयमा पर्न आएका अन्य उजूरीको लगत कट्टा गर्नु पर्नेछ।

७. **उजूरी वा जानकारी तामेलीमा राख्ने**: (१) आयोगले देहायको अवस्थामा आफू समक्ष प्राप्त उजूरी वा जानकारीलाई तामेलीमा राख्न सक्नेछ :-

(क) सशस्त्र द्वन्द्वको अवधि बाहेक अन्य अवधिमा व्यक्ति बेपत्ता पारिएका घटनासँग सम्बन्धित उजूरी,

(ख) खण्ड (क) मा उल्लिखित अवधिमा व्यक्ति बेपत्ता पारिएको भए तापनि सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजूरी,

(ग) आयोगको अधिकारक्षेत्रभित्र नपरेका उजूरी,

(घ) नियम ३ बमोजिम आयोगले उजूरी दर्ता गर्न दिएको म्याद समाप्त भएपछि प्राप्त भएका उजूरी,

(ङ) प्रथमदृष्टिमा तथ्य तथा प्रमाणको अभाव देखिएको वा अस्पष्ट उजूरी,

(च) आयोगबाट तामेलीमा रही सकेको उजूरी सम्बन्धी विषयमा नयाँ प्रमाण पेश नगरी पुनः सोही विषयमा दिएको उजूरी,

(छ) बेनामी उजूरी।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले नियम १० को उपनियम (२) बमोजिम आयोग समक्ष दिएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी आयोगबाट उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा त्यस्तो उजूरी वा जानकारी समेत तामेलीमा राखिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगले सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा उजूरी साथ प्राप्त सक्कल कागजात सम्बन्धित उजूरीकर्तालाई फिर्ता गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगको उजूरी दर्ता किताबबाट त्यस्तो उजूरी वा जानकारीको लगत कट्टा गर्नु पर्नेछ।

८. **तामेलीमा रहेका उजूरी जगाउन सक्ने**: (१) नियम ७ बमोजिम तामेलीमा राखिएको उजूरी वा जानकारीको व्यहोरालाई पुष्टि गर्ने कुनै ठोस सबुत प्रमाण सहित सो विषयमा छानबिन गर्न कसैले आयोगमा निवेदन दिएमा वा आयोगले छानबिन गर्दै जाँदा कुनै ठोस सबूत प्रमाण प्राप्त हुन आएमा आयोगले त्यस्तो उजूरी वा जानकारी तामेलीबाट जगाउने निर्णय गरी छानबिनको कारबाही प्रारम्भ गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी वा जानकारी तामेलीबाट जगाउने निर्णय भएमा त्यस्तो उजूरी वा जानकारी आयोगको उजूरी दर्ता किताबमा पुनः दर्ता गरिनेछ।

९. **सम्बन्धित निकायमा पठाउन सक्ने**: (१) आयोग समक्ष परेको कुनै उजूरी आयोगको कार्यक्षेत्रभित्र नपरी अन्य कुनै निकायसँग सम्बन्धित देखिन आएमा आयोगले त्यस्तो उजूरी र सो सम्बन्धी कागजात सम्बन्धित निकायमा पठाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी आयोगको कार्यक्षेत्रभित्र नपर्ने भई अन्य निकायमा पठाइएकोमा आयोगले सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

## परिच्छेद-३

## उजूरी छानबिन सम्बन्धी व्यवस्था

१०. **प्रारम्भिक छानबिनः** (१) आयोगमा दर्ता भएको तथा नियम ७ बमोजिम तामेलीमा राखिए बाहेकका अन्य उजूरी वा जानकारीका सम्बन्धमा आयोगले कुनै सदस्य वा ऐन बमोजिम उपसमिति वा कार्यटोली गठन गरी प्रारम्भिक छानबिन गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्रारम्भिक छानबिन गर्ने सदस्य, उपसमिति वा कार्य टोलीले आयोग समक्ष यथाशक्य छिटो प्रतिवेदन पेश गर्नु पर्नेछ।

११. **विस्तृत छानबिन तथा अनुसन्धान अधिकारी तोक्नेः** (१) आयोगले नियम १० को उपनियम (२) बमोजिम प्राप्त प्रतिवेदन तथा उजूरी वा जानकारीको गाम्भीर्यताको आधारमा विस्तृत छानबिन गर्नु पर्ने देखेमा छानबिन सम्पन्न गर्नु पर्ने अवधि, कार्यादेश तथा आवश्यक सहयोगी कर्मचारीको नाम समेत उल्लेख गरी आयोगका कुनै सदस्य, उपसमिति वा कार्यटोलीलाई अनुसन्धान अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सदस्यलाई अनुसन्धान अधिकारी तोकिएकोमा अध्यक्षलाई र उपसमिति वा कार्यटोलीलाई अनुसन्धान अधिकारी तोकिएको भए कुनै सदस्यलाई अनुगमन अधिकारी तोक्नु पर्नेछ।

(३) आयोगले अनुसन्धान अधिकारी तोक्दा अनुसूची-४ बमोजिमको ढाँचामा तोक्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुसन्धान सम्पन्न हुन नसकेमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यसको उचित कारण समेत खोली म्याद थप वा निर्देशनको लागि आयोग समक्ष पेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम म्याद थपको लागि अनुरोध भई आएमा आयोगले आवश्यक निर्देशन सहित म्याद थप गर्न सक्नेछ।

(६) आयोगले अनुसन्धान अधिकारीलाई सहयोग गर्न आवश्यकता अनुसार सुरक्षाकर्मी समेत खटाउन सक्नेछ।

१२. **समन्वय गर्नेः** आयोगले कुनै सरकारी कार्यालयको कर्मचारी मार्फत छानबिन गराउनु पर्ने भएमा सम्बन्धित कर्मचारीको सेवा सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी काममा लगाउन सक्नेछ।

१३. **अनुसन्धान अधिकारी हेरफेर गर्नेः** अनुसन्धान अधिकारीले आफूलाई तोकिएको काम सम्पन्न गर्न नसकेमा, निजको कुनै स्वार्थ निहित भएको पाइएमा वा निजबाट सो काम गराउन उपयुक्त छैन भन्ने मनासिब कारण भएमा आयोगले निजको सट्टा अर्को अनुसन्धान अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ।

१४. **अग्राधिकार दिन सक्नेः** (१) आयोगले बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्ति समावेश भएको उजूरी वा जानकारीका सम्बन्धमा अग्राधिकार दिई छानबिन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमका उजूरी वा जानकारीका सम्बन्धमा बयान वा बकपत्र सम्बन्धी विषयमा अनुसन्धान अधिकारीले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्न सक्नेछ :-

(क) बयान वा बकपत्र गर्दा निजका संरक्षक वा प्रतिनिधि वा बेपत्ता पारिएका व्यक्तिको छानबिन सम्बन्धमा काम गर्ने संस्था वा निकायका प्रतिनिधि रोहवरमा राख्ने,

(ख) महिलाको बयान वा बकपत्र गराउँदा उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत गराउने,

(ग) नजिकको सरकारी कार्यालय मार्फत बन्दसवाल वा विद्युतीय माध्यमबाट बयान वा बकपत्र गर्ने व्यवस्था मिलाउने,

(घ) बोल्न वा लेख्न नसक्ने अपाङ्गता भएका व्यक्तिसँग सोधपुछ गर्दा त्यस्ता व्यक्तिले इसारा गरेको कुरा बुझ्न सक्ने गरी व्यवस्था मिलाउने,

(ङ) बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई आयोगमा बोलाउनु भन्दा सम्बन्धित व्यक्ति रहे बसेको स्थानमा गएर त्यस्तो जानकारी लिन उपयुक्त हुने देखिएमा आयोगले सोको लागि कुनै सदस्य वा कर्मचारी खटाई जानकारी लिने व्यवस्था मिलाउने,

(च) बाल मनोविज्ञानवेत्ताको परामर्श लिनु पर्ने भएमा सोको व्यवस्था मिलाउने,

(छ) बयान वा बकपत्र गरेको विषयलाई गोप्य राख्ने,

(ज) बयान वा बकपत्र गराउँदा कार्यालय समयभन्दा बाहेकको समय तथा सार्वजनिक बिदाको दिनमा समेत गर्ने व्यवस्था मिलाउने,

(झ) आयोगले उपयुक्त सम्झेका अन्य कुरा गराउने ।

१५. **आरोपित वा जानकार व्यक्तिलाई बयान वा सोधपुछ गर्ने**ः (१) अनुसन्धान अधिकारीले छानबिनको सिलसिलामा व्यक्ति बेपत्ता पारेको आरोप लागेका व्यक्ति वा सो सम्बन्धमा जानकारी भएको व्यक्तिलाई मनासिब माफिकको समय दिई आयोगसमक्ष उपस्थित गराई बयान लिने वा सोधपुछ गर्नेछ ।

(२) उपनियम (१) बमोजिमका व्यक्तिलाई बयान वा सोधपुछको लागि आयोग समक्ष उपस्थित गराउँदा निजको गोप्यता भङ्ग नहुने गरी गोप्य रुपमा टेलिफोन वा अन्य कुनै माध्यम मार्फत उपस्थित गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम आयोगमा उपस्थित हुन बोलाउँदा कुनै व्यक्ति नआएमा निजको कार्यालय वा निज बसोबास गरेको घर ठेगानामा अनुसूची-५ बमोजिमको सूचना पठाई उपस्थित गराउनु पर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिमको प्रक्रियाबाट समेत आरोपित व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिएमा वा निजको नाममा सूचना तामेल हुन नसकेमा आयोगले कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन वा कुनै सञ्चार माध्यमबाट सूचना प्रसारण गरी त्यस्तो व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराउन सक्नेछ ।

(५) आयोगले छानबिनसँग सम्बन्धित व्यक्तिलाई कार्यालय समय बाहेक वा सार्वजनिक बिदाको दिनमा समेत उपस्थित गराउन, सोधपुछ गर्न वा बयान लिन सक्ने गरी समय व्यवस्थापन गर्न सक्नेछ ।

१६. **तोकिएको समयमा उपस्थित हुन पर्ने**ः आयोगको कामको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई आयोगमा उपस्थित हुने भनी कुनै मिति वा समय तोकेमा त्यसरी तोकिएको मिति वा समयमा सम्बन्धित व्यक्ति उपस्थित हुनु पर्नेछ ।

१७. **पुनः बयान वा बकपत्र गराउन सक्ने**ः आयोग समक्ष बयान वा बकपत्र गरेको व्यक्तिलाई नयाँ तथ्य वा विषयको सम्बन्धमा पुनः बयान वा बकपत्र गराउनु पर्ने भएमा आयोगले त्यस्तो व्यक्तिलाई झिकाई पुनः बयान वा बकपत्र गराउन सक्नेछ ।

१८. **प्रमाण पेश गर्न लगाउन सक्ने**ः (१) अनुसन्धान अधिकारीले छानबिनको सिलसिलामा आरोपित व्यक्ति, उजूरीकर्ता वा अन्य व्यक्तिसँग भएको वा कुनै कार्यालयमा रहेको वा हुन सक्ने कुनै पनि प्रमाण कागजात पेश गर्न समयावधि तोकी सम्बन्धित व्यक्ति वा कार्यालयलाई आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग भएको प्रमाण कागजात सम्बन्धित व्यक्ति वा कार्यालयले तोकिएको

समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको समयावधिभित्र त्यस्तो प्रमाण कागजात पेश गर्न नसक्ने अवस्था भई म्याद थप गर्न माग गरेमा सम्बन्धित व्यक्ति वा कार्यालयले आयोग समक्ष सो को जानकारी गराउनु पर्नेछ र आयोगले त्यस्तो प्रमाण कागजात पेश गर्न अवस्था हेरी मनासिब माफिकको समय दिन सक्नेछ।

१९. **खानतलासी तथा बरामदी मुचुल्का**: (१) अनुसन्धान अधिकारीले कुनै ठाउँको खानतलासी गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा प्रवेश मुचुल्का तयार गरी प्रवेश गर्ने र कुनै लिखत वा वस्तु बरामद भएमा सोही व्यहोरा र बरामद नभएमा बरामद हुन नसकेको व्यहोरा खुलाई अनुसूची-७ बमोजिमको ढाँचामा खानतलासी तथा बरामदी मुचुल्का तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम खानतलासी गर्दा बरामद भएको कागजात वा कुनै मालसामान आफूले लै जानु परेमा अनुसन्धान अधिकारीले त्यस्तो कागजात वा मालसामान बुझेको दुई प्रति भरपाई तयार गरी कार्यालयको भए जिम्मेवार पदाधिकारीलाई र कसैको घर कम्पाउण्डको भए घरधनी, मालसामान धनी वा कागजात वा मालसामानको जिम्मा लिएको व्यक्तिलाई एक प्रति दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले भरपाई बुझ्न नमानेमा त्यस्तो भरपाई स्थानीय तहका प्रतिनिधिलाई जिम्मा दिनु पर्नेछ र निजले समेत यथाशक्य चाँडो सम्बन्धित व्यक्तिलाई त्यस्तो भरपाई बुझाई दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम स्थानीय तहका प्रतिनिधि फेला नपरेमा बरामद गरिएको स्थानमा त्यस्तो भरपाई टाँस गरी बरामदी मुचुल्कामा सो व्यहोरा जनाउनु पर्नेछ।

(५) उपनियम (३) बमोजिम स्थानीय तहको प्रतिनिधिलाई जिम्मा दिएमा वा उपनियम (४) बमोजिम भरपाई टाँस भएकोमा सम्बन्धित व्यक्तिले रीतपूर्वक भरपाई बुझेको मानिनेछ।

(६) उपनियम (१) बमोजिमको खानतलासी वा बरामदी मुचुल्का स्थानीय व्यक्तिको रोहवरमा गर्नु पर्नेछ र स्थानीय व्यक्ति रोहवरमा बस्न नमानेमा वा स्थानीय व्यक्ति उपलब्ध नभएमा खानतलासी तथा बरामदी मुचुल्कामा सोही व्यहोरा जनाई उपस्थित कर्मचारी वा व्यक्तिको दस्तखत गराउनु पर्नेछ।

(७) यस नियम बमोजिम खानतलासी गर्नु, गराउनु अघि खानतलासी लिने व्यक्तिको शरीरको तलासी लिनु पर्नेछ।

२०. **पीडितसँग जानकारी लिन सक्ने**: (१) आयोगमा दर्ता भएको उजूरी वा जानकारीको सम्बन्धमा सम्बन्धित पीडितसँग कुनै कुरा बुझ्न आवश्यक भएमा आयोगले पीडितलाई बोलाई थप जानकारी लिन सक्नेछ।

(२) पीडित अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको व्यक्ति भएमा आयोगले उपसमिति वा कार्यटोली खटाई वा बन्दसवाल वा विद्युतीय माध्यम मार्फत जानकारी लिन सक्नेछ।

२१. **सूचना गोप्य राख्नु पर्ने**: (१) अनुसन्धानको सिलसिलामा आयोगलाई प्राप्त सूचना, जानकारी, विवरण तथा कागजात प्रचलित कानून बमोजिम गोप्य राखिनेछ।

(२) उपनियम (१) बमोजिमको सूचना, जानकारी, विवरण वा कागजात वा सोको प्रतिलिपि, अदालत, आयोग वा आयोगले तोकेको अधिकारी वा निकाय बाहेक अन्य कुनै निकाय वा व्यक्तिलाई उपलब्ध गराइने छैन।

२२. **निरीक्षण गर्न सक्ने**: (१) आयोगका अध्यक्ष, सदस्य वा कर्मचारीले ऐन तथा यस नियमावलीको अधीनमा रही अनुसन्धान अधिकारीले गरेको अनुसन्धान सम्बन्धी काम कारबाहीका सम्बन्धमा निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम आयोगका अध्यक्ष वा सदस्यले निरीक्षण गर्दा आवश्यकता अनुसार अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालना गर्नु त्यस्तो अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ।

(३) उपनियम (१) बमोजिमको निरीक्षण कुनै कर्मचारीबाट भएकोमा निरीक्षणबाट देखिन आएको व्यहोरा खुलाई आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिएको निर्देशनको पालना गर्नु गराउनु त्यस्तो अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ।

२३. **मुकाम कायम गर्न सक्नेः** उजूरीको छानबिनको सिलसिलामा आयोगले नेपालभरका जुनसुकै कार्यालय वा स्थानमा आफ्नो मुकाम खडा गर्न सक्नेछ।

तर कुनै कार्यालयमा मुकाम राख्दा सम्बन्धित कार्यालयको सहमति लिनु पर्नेछ।

२४. **उपकरण तथा साधनको प्रयोगः** अनुसन्धान अधिकारीले छानबिनको सिलसिलामा आयोगको आदेश बमोजिम आवश्यक पर्ने वैज्ञानिक तथा सञ्चार सम्बन्धी उपकरण तथा साधन प्रयोग गर्न सक्नेछ।

२५. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) अनुसन्धान अधिकारीले छानबिनको काम समाप्त भएपछि सङ्कलित तथ्य र सबुत प्रमाणको विश्लेषण गरी आफ्नो राय सहितको प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा आयोग समक्ष पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा आयोगलाई कुनै स्थानको स्थलगत निरीक्षण गर्नु पर्ने भन्ने लागेमा अध्यक्ष वा कुनै सदस्य मार्फत सो ठाउँको निरीक्षण गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम स्थलगत निरीक्षण गर्ने अध्यक्ष वा कुनै सदस्यले अनुसूची-९ बमोजिमको ढाँचामा आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

२६. **उत्खनन् गर्ने प्रक्रिया र कार्यविधिः** (१) आयोगले छानबिनको सिलसिलामा कुनै स्थानको उत्खनन् गर्न आवश्यक देखेमा सो स्थानको उत्खनन् गर्न आदेश दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम उत्खनन्को प्रयोजनको लागि आयोगले छुट्टै प्रक्रिया र कार्यविधि बनाई लागू गर्नेछ।

२७. **कारबाहीको लागि सिफारिस गर्नेः** (१) व्यक्ति बेपत्ता पारेको आरोपमा ऐनको दफा २५ बमोजिम कुनै व्यक्ति उपर कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आयोगले देहायको विवरण सहित कारबाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ :-

(क) बेपत्ता पारिएका व्यक्तिको विवरण,
(ख) सो सम्बन्धमा आयोगले प्राप्त गरेको प्रमाण,
(ग) छानबिनबाट खुल्न आएको सत्य तथ्य, र
(घ) आयोगको राय तथा सिफारिस।

(२) आयोगले व्यक्ति बेपत्ता पारेको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउनेछ।

## परिच्छेद–४

## साक्षी, पीडित वा उजूरीकर्ताको संरक्षण सम्बन्धी व्यवस्था

२८. **साक्षी, पीडित, उजूरीकर्ता वा आयोगलाई सहयोग गर्ने व्यक्तिको संरक्षण**ः (१) साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिले आफ्नो परिचय गोप्य राख्न चाहेमा आयोग वा आयोगले उजूरी सङ्कलन गर्ने जिम्मा दिएको निकाय वा सो काममा संलग्न अधिकारीले निजको वास्तविक नाम थर, ठेगाना वा परिचय गोप्य राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गोपनियता कायम गर्न सम्बन्धित निकाय वा व्यक्तिले साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिको परिचयलाई कुनै काल्पनिक वा साङ्केतिक रुपमा अभिलेख राख्नु पर्नेछ।

(३) आयोगबाट भएको छानबिनको क्रममा आफ्नो वा आफ्नो परिवारको सदस्यको सुरक्षामा खतरा रहेको छ भनी उपनियम (१) बमोजिमका व्यक्तिले आयोग समक्ष सुरक्षाको माग गरेमा आयोगले त्यस्ता व्यक्तिको लागि देहाय बमोजिम कुनै व्यवस्था मिलाउन सम्बन्धित निकायलाई लेखी पठाउनेछ :-

(क) सुरक्षाको आवश्यक व्यवस्था मिलाउन,
(ख) कुनै सरकारी निकायको संरक्षणमा राख्न लगाउन,
(ग) सुरक्षित स्थानमा अस्थायी बसोवासको व्यवस्था मिलाउन,
(घ) सुरक्षा निकायको समन्वयमा सुरक्षित स्थानको व्यवस्था गर्न,
(ङ) सामुहिक सुरक्षाको प्रबन्ध गर्न,
(च) आयोगले उपयुक्त सम्झेको अन्य कुनै व्यवस्था मिलाउन।

(४) साक्षी, पीडित, उजूरीकर्ता, आयोगको काममा सहयोग गर्ने कर्मचारी तथा अन्य व्यक्ति वा निजको परिवारका सदस्यको सम्पत्ति, कारोबार वा व्यवसायको सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा आयोगले सोको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(५) उपनियम (३) वा (४) बमोजिम सुरक्षाको लागि आयोगबाट लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम सुरक्षाको आवश्यक प्रबन्ध गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम सुरक्षा वा संरक्षण प्रदान गर्नु पर्ने व्यक्ति महिला, अपाङ्ग, अशक्त, ज्येष्ठ नागरिक, बालबालिका वा यौनजन्य हिंसामा परेको व्यक्ति भएमा सम्बन्धित निकायले उनीहरुको मनोविज्ञान र मर्यादामा आँच नआउने किसिमले आवश्यक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(७) सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृष्य सम्वाद मार्फत बुझ्न, निजलाई आरोपित व्यक्तिले नदेख्ने गरी बकपत्र गराउन वा निजको स्वर विद्युतीय माध्यमबाट परिवर्तन वा रुपान्तरण गरी बुझ्न वा आयोग बाहेक अन्यत्र पनि बुझ्न वा सनाखत गराउन सकिनेछ।

(८) उजूरीकर्ताले चाहेमा निज तथा निजको साक्षीको नाम, थर, वतन, तीनपुस्ते लगायतका परिचयात्मक विवरण तथा हुलिया आयोगले गोप्य राख्ने व्यवस्था गर्नु पर्नेछ।

(९) आयोगले छानबिनको क्रममा साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिलाई आरोपित व्यक्तिसँग भेट तथा पहिचान नहुने गरी व्यवस्था गराउन सक्नेछ।

(१०) छानबिनको क्रममा आयोग वा आयोगद्वारा तोकिएको स्थानमा साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको

काममा सहयोग गर्ने व्यक्तिलाई उपस्थित गराइएकोमा निजले माग गरेमा आयोगले निजलाई राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ।

(११) उपनियम (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कर्मचारी आयोगमा उपस्थित हुँदा निजले पाउने दैनिक तथा भ्रमण भत्ता आफू कार्यरत कार्यालयबाट लिनु पर्नेछ।

(१२) आयोगले आफ्नो कार्य सम्पादन गर्दा पीडितमैत्री वातावरणमा गर्नु पर्नेछ।

(१३) आयोगले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार पीडितसँग सम्पर्क स्थापित गर्ने वा समन्वय कायम गर्न सक्नेछ।

## परिच्छेद–५

## उद्धार, पुनर्स्थापना तथा परिपूरण

२९. **उद्धार गर्ने**: (१) छानबिनको सिलसिलामा कुनै पीडितलाई तत्काल उद्धार गर्नु पर्ने देखिएमा आयोग आफैंले वा अन्य निकायको सहयोग लिई त्यस्तो व्यक्तिलाई उद्धार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उद्धार गर्नको लागि नेपाल सरकार, सुरक्षा निकाय वा कुनै संस्थाको सहयोग आवश्यक देखेमा उद्धारको लागि अनुरोध गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम आयोगबाट अनुरोध भई आएमा नेपाल सरकार, सुरक्षा निकाय वा कुनै संस्थाले तत्काल त्यस्तो व्यक्तिलाई उद्धार गरी सो को जानकारी आयोगलाई दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम पीडितलाई तत्कालै उद्धार गर्न नसकिने भएमा सम्बन्धित निकाय वा संस्थाले सो को कारण सहितको जानकारी तीन दिनभित्र आयोगलाई दिनु पर्नेछ।

३०. **क्षतिपूर्ति, उपचार तथा पुनर्स्थापनाको लागि सिफारिस गर्ने**: (१) आयोगले पीडितलाई पर्न गएको हानी नोक्सानीको गाम्भीर्यतालाई समेत दृष्टिगत गरी तीनलाख रुपैयाँसम्म क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) आयोगले उपनियम (१) बमोजिम क्षतिपूर्तिको लागि सिफारिस गर्दा कुनै पीडितले नेपाल सरकारबाट क्षतिपूर्ति पाइसकेको भए सो समेतलाई विचार गरी क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ।

(३) आयोगको छानबिनबाट पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, पुनरुद्धार वा पुनस्थार्पना गर्न वा मनोविमर्श प्रदान गर्न आवश्यक देखिएमा आयोगले त्यसको आधार, कारण र अवस्था समेत उल्लेख गरी नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

३१. **सुविधा तथा सहुलियत उपलब्ध गराउने**: (१) आयोगले ऐनको दफा २३ को उपदफा (२) बमोजिम पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ :-

(क) अध्ययन गर्न चाहनेलाई स्नातक तहसम्म निःशुल्क शिक्षा,

(ख) खण्ड (क) बमोजिम अध्ययन गर्न नचाहने वा नसक्नेको लागि निजको योग्यता तथा इच्छा अनुसारको सीपमूलक तालीम,

(ग) कुनै व्यापार वा व्यवसाय गर्न चाहने बेरोजगार पीडितलाई पाँचलाख रुपैयाँसम्म बिना व्याज वा सहुलियत व्याजमा ऋण सुविधा,

(घ) नेपालभित्र बसोबासको व्यवस्था नभएका पीडितको हकमा पाँचलाख रुपैयाँ सम्मको बसोबासको व्यवस्था,

(ङ) शारीरिक रुपले कमजोर भएका पीडितलाई एकलाख रुपैयाँमा नबढाई सरकारी स्वास्थ्य संस्थाबाट स्वास्थ्योपचार ।

(२) पीडित वा निजको परिवारले उपनियम (१) बमोजिम कस्तो सुविधा वा सहुलियत माग गरेको हो सो को प्राथमिकता उल्लेख गरी आयोग समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पीडित वा निजको परिवारले व्यक्त गरेको इच्छा वा मागको आधारमा आयोगले उपनियम (१) बमोजिमको सुविधा वा सहुलियतको प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

(४) आयोगले उपनियम (१) बमोजिमको सुविधा तथा सहुलियतको सिफारिस गर्दा तत्कालीन, अल्पकालीन र दीर्घकालीन रुपमा गर्ने गरी सिफारिस गर्नु पर्नेछ।

३२. **क्षतिपूर्ति, सुविधा तथा सहुलियत निर्धारणका आधार र मापदण्ड**ः आयोगले पीडितलाई क्षतिपूर्ति, सुविधा वा सहुलियतको लागि सिफारिस गर्दा देहायका आधार र मापदण्ड अवलम्वन गर्नेछ :-

(क) पीडितलाई पुग्न गएको वास्तविक क्षति, मानसिक पीडा वा यातना,

(ख) पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था,

(ग) घटना हुँदाको समयमा पीडितको उमेर,

(घ) पीडितसँग आश्रित परिवारको सङ्ख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

(ङ) पीडितको नाबालक छोरा छोरीको सङ्ख्या तथा निजहरु अध्ययन गर्नको लागि लाग्ने न्यूनतम खर्च,

(च) पीडितको एकासगोलको परिवारको शारीरिक अवस्था तथा जीविकोपार्जनको माध्यम,

(छ) पीडितलाई बेपत्ता पार्ने क्रममा सम्पत्ति कब्जा, जफत, लुटपाट, आगजनी जस्ता कार्य गरी आर्थिक क्षति पुऱ्याएको भए त्यस्तो क्षतिको परिमाण,

(ज) अङ्गभङ्ग भएका पीडितको हकमा अपाङ्गताको अवस्था,

(झ) पीडितको मृत्यु भएकोमा मृतकको आश्रित परिवारको अर्थोपार्जन गर्न सक्ने क्षमता र आर्थिक हैसियत,

(ञ) विस्थापित भएको कारणले पीडितले भोग्नु परेको शैक्षिक, आर्थिक, शारीरिक वा मानसिक पीडा,

(ट) आयोगले उपयुक्त ठानेका अन्य वस्तुगत कुराहरु ।

## परिच्छेद–६

## विविध

३३. **कारबाहीको जानकारी सार्वजनिक गर्ने**ः (१) आयोगले छानबिनबाट प्राप्त जानकारी आयोगलाई उपयुक्त लागेको सञ्चार माध्यमबाट समय समयमा सार्वजनिक गर्नेछ।

(२) आयोगले कुनै उजूरी तामेलीमा राखेमा वा पीडकलाई कारबाही वा क्षमादानको लागि सिफारिस गर्ने निर्णय गरेमा त्यसको जानकारी अनुसूची-११ बमोजिमको ढाँचामा उजूरीकर्तालाई गराउनेछ।

३४. **छानबिन सम्बन्धी कार्यविधिः** (१) ऐनको दफा ६ बमोजिम आयोगका अध्यक्ष वा सदस्य उपर छानबिन गर्दा निजको कार्यक्षमताको अभाव भएको वा खराब आचरण भएको भन्ने उजूरी वा जानकारी प्राप्त हुन आएमा आयोगले त्यस्तो उजूरी वा जानकारी नेपाल सरकार समक्ष पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वा अन्य कुनै माध्यमबाट अध्यक्ष वा सदस्य उपरको उजूरी प्राप्त भएमा उजूरीको गाम्भीर्यतालाई विचार गरी नेपाल सरकारले ऐनको दफा ६ को उपदफा (२) बमोजिम छानबिन समिति गठन गर्नेछ।

(३) उपनियम (२) बमोजिमको छानबिन समितिले सो आरोपको सम्बन्धमा आवश्यक छानबिन गरी आरोपित अध्यक्ष वा सदस्यलाई मनासिब माफिकको समय दिई निज उपर लागेको आरोपको सम्बन्धमा सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको छानबिन समितिले आरोपको छानबिन गर्दा कुनै प्रमाण बुझ्नु पर्ने वा कुनै कागजात झिकाउनु पर्ने देखेमा सो समेत गर्न सक्नेछ।

(५) यस नियम बमोजिम आरोपित अध्यक्ष वा सदस्य उपर छानबिन समितिले छानबिनको काम प्रारम्भ गरेपछि आरोपित अध्यक्ष वा सदस्य उपरको कारबाहीको टुंगो नलागेसम्म त्यस्तो अध्यक्ष वा सदस्यले आयोगको काम कारबाहीमा भाग लिन पाउने छैन।

(६) छानबिनबाट आरोपित अध्यक्ष वा सदस्य उपर परेको उजूरी प्रमाणित हुन आएमा छानबिन समितिले त्यस्तो अध्यक्ष वा सदस्य उपर कारबाहीको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

३५. **सचिवको काम, कर्तव्य तथा अधिकारः** (१)सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) आयोगको कामसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, तालीम, गोष्ठी, सार्वजनिक सुनुवाई लगायतका कार्य सञ्चालन गर्ने, गराउने,

(ग) आयोगको कामसँग सम्बन्धित बिषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायहरुसँग समन्वय गर्ने,

(घ) आयोगसँग सम्बन्धित विभिन्न कार्य गर्ने, गराउने,

(ङ) प्रचलित कानून बमोजिम विभागीय प्रमुखले गर्ने कार्य गर्ने,

(च) आयोगको निर्देशन बमोजिमका अन्य कार्य गर्ने, गराउने।

(२) सचिवले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार आयोगको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३६. **अवहेलनामा कारबाही चलाउनेः** (१) आयोगले कुनै व्यक्ति उपर ऐनको दफा १६ बमोजिम अवहेलनामा कारबाही चलाउनु अघि त्यस्तो व्यक्तिले आयोगको अवहेलना हुने कुनै काम गरेको वा घटना भए वा नभएको सम्बन्धमा आयोगको कुनै सदस्य वा अधिकृतस्तरको कर्मचारीबाट छानबिन गराई निजको प्रतिवेदनको आधारमा त्यस्तो व्यक्तिलाई कारबाही चलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै व्यक्ति उपर कारबाही चलाउनु परेमा के कस्तो कारण र आधारबाट निज उपर कारबाही चलाउनु परेको हो सो खुलाई कारबाही गर्नु नपर्ने कुनै आधार र प्रमाण भए सोको सफाई पेश गर्न वा आयोग समक्ष उचित क्षमायाचनाको लागि मनासिब समय दिई आरोपित व्यक्तिलाई मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम आरोपित व्यक्तिबाट सफाई पेश भएमा वा मनासिब माफिकको क्षमायाचना

गरेमा सो को मूल्याङ्कन तथा प्राप्त प्रमाणको आधारमा आयोगले उचित निर्णय गर्नेछ।

(४) अवहेलनामा कारबाही गर्ने सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गर्नेछ।

३७. **सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि**: (१) आयोगले ऐनको दफा १८ बमोजिम सार्वजनिक सुनुवाई गर्नुभन्दा अघि कम्तीमा तीन दिनको म्याद दिई सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान तथा सुनुवाई गरिने विषय समेतको सूचना सर्वसाधारणको जानकारीको लागि उपयुक्त माध्यमबाट जानकारी गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सत्य तथ्य पत्ता लगाउने, परिपूरण वा क्षतिपूर्ति उपलब्ध गराउने लगायत आयोगले उपयुक्त ठानेका अन्य विषयमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ।

(३) आयोगले सार्वजनिक सुनुवाई गर्दा पीडित, सर्वसाधारण व्यक्ति, विभिन्न संघ संस्थाका स्थानीय प्रतिनिधि, सञ्चारकर्मी, महिला, ज्येष्ठ नागरिक, नागरिक समाज समेतको उपस्थितिमा गर्न सक्नेछ।

(४) आयोगले उपनियम (२) बमोजिम सार्वजनिक सुनुवाई गर्दा कम्तीमा एकजना सदस्यको उपस्थिति हुनु पर्नेछ।

(५) सार्वजनिक सुनुवाईमा खटिएका कर्मचारीले सुनुवाईमा सोधिएका प्रश्न, जिज्ञासा तथा आयोगको तर्फबाट दिइएको उत्तर सहितको विवरण उल्लेख गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) सार्वजनिक सुनुवाईको अवधि तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

३८. **पीडितलाई परिचयपत्र दिने**: (१) ऐन तथा यस नियमावली बमोजिम गरिएको छानबिनबाट कुनै व्यक्ति सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएको कारणबाट पीडित हुन पुगेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई अनुसूची-१२ बमोजिमको ढाँचामा पीडित परिचयपत्र उपलव्ध गराउनेछ।

(२) आयोगको छानबिनबाट एकभन्दा बढी व्यक्ति पीडित रहेको देखिएमा आयोगले उपनियम (१) बमोजिम सबै व्यक्तिहरुलाई परिचयपत्र उपलव्ध गराउनेछ।

३९. **पुरस्कृत गर्ने**: ऐन तथा यस नियमावलीको कार्यान्वयन गर्ने क्रममा उत्कृष्ट काम गरी आयोगलाई सहयोग पुऱ्याउने कर्मचारी एवं सुरक्षाकर्मीलाई आयोगले पुरस्कृत गर्न सक्नेछ।

४०. **आचार संहिता बनाई लागू गर्ने**: आयोगले अध्यक्ष तथा सदस्यले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्नेछ।

४१. **अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्ने**: मन्त्रालयले आयोगको सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

४२. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: आयोगले आफ्नो कार्य व्यवस्थित रुपले सञ्चालन गर्नको लागि ऐन तथा यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**अनुसूची-१**

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**<u>बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा दिने उजुरीको ढाँचा</u>**

(१) उजुरीकर्ताको,-

(क) नाम थरः

(ख) ठेगानाः

(अ) स्थायीः

(आ) अस्थाईः

(इ) टेलिफोन/मोवाइल नं., इमेल :

(२) बेपत्ता पारिएको व्यक्तिको,-

(क) नाम थर :

(ख) ठेगाना :

(अ) स्थायी :

(आ) अस्थाई :

(इ) टेलिफोन/मोवाइल नं., इमेल :

(ग) पारिवारिक विवरण :

(घ) पेशाः

(ङ) हालको अवस्था :

(च) बेपत्ता पारिएको स्थान सहितको सम्पूर्ण विवरण :

(छ) उमेरः

(ज) हुलिया (पहिचान गर्न सकिने स्रोत) :

(अ) शारीरिक विवरण (उचाई, बनौट, विशेष किसिमको कुनै पहिचान वा लक्षण) :

(आ) दुर्घटना, घाउ चोट, हड्डी भाँच्चिएको, शारीरिक विकृति वा कुरुपता, शल्यक्रिया लगायतको चिकित्सा सम्बन्धी पहिचान :

(इ) दाँत सम्बन्धी विवरण र तस्विरहरु :

(ई) अन्तिम पटक देखिएको अवस्थामा लगाएको लुगा सम्बन्धी विवरण वा उक्त व्यक्तिले प्रायः लगाउने किसिमका जुत्ता वा चप्पल, पेटी, औंठी, चश्मा, सुन्न प्रयोग गरिने यन्त्र, कपाल कोर्ने तरिका, टोपी आदि :

(उ) अन्य कुनै सङ्केत, चिज वस्तु भए :

(झ) पहिचानका अन्य विवरण :

(३) उजूरीकर्ताको बेपत्ता पारिएको व्यक्तिसँगको नाता वा सम्बन्ध :

(४) बेपत्ता पार्ने व्यक्ति थाहा पाए निजको,-

(क) नाम थर :

(ख) ठेगाना :

(अ) स्थायी :
(आ)अस्थाई :
(ई) टेलिफोन, मोवाइल नं., इमेल :

(५) बेपत्ता पार्ने व्यक्तिको पेशा :

(६) बेपत्ता पार्ने व्यक्ति घटना हुँदाको अवस्थामा कुनै कार्यालयमा कार्यरत भए पद र सो कार्यालयको नाम ठेगाना :

(७) बेपत्ता पार्ने कार्यमा अन्य कुनै व्यक्तिको संलग्नता भए त्यस्तो व्यक्तिको,-
(क) नाम थर :
(ख) ठेगाना :
(अ) स्थायी :
(आ) अस्थाई :
(इ) टेलिफोन, मोवाइल नं., इमेल :
(ग) हुलिया (पहिचान गर्न सकिने सङ्केत) :
(घ) हाल वा तत्काल कार्यरत कार्यालय :

(८) बेपत्ता पारिएको घटनासँग सम्बन्धित विवरण :
(क) बेपत्ता पारिएको मिति र स्थान सहितको सम्पूर्ण विवरण :
(ख) घटना सम्बन्धी सम्पूर्ण विवरण :

(९) फेला पर्न सक्ने सम्भावित स्थान :

(१०) यस अघि अदालत वा अन्य कुनै निकायबाट कुनै कारबाही भएको भए सो को विवरण र नतिजा :

(११) दाबी गरेको परिपूरणको प्राथमिकता र सो को आधार :

(१२) घटनासँग सम्बन्धित सबुत प्रमाण :
(क) देख्ने :
(ख) सुन्ने :
(ग) कागज :
(घ) तस्वीर : :
(ङ) अन्य :

(१३) अन्य कुनै कुरा भए :

उजूरीकर्ताको,-
दस्तखत :
नाम, थर :
मितिः

**द्रष्टव्य**: माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

**अनुसूची–२**

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## उजूरी दर्ता किताबको ढाँचा

| दर्ता नं. | मिति | उजूरीकर्ताको नाम, थर, वतन | बेपत्ता पारिएका व्यक्तिको नाम, थर वतन | आरोपित व्यक्तिको नाम, थर, वतन | घटनाको संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**अनुसूची-३**

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित) दर्ता नं.

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

**उजूरी दर्ताको निस्सा**

विषय : ........ उजूरी सम्बन्धमा ।

श्री.................. को मिति .................... को उजूरी प्राप्त भई यस आयोगको दर्ता किताबमा मिति ........................... मा दर्ता गरिएकोले यो निस्सा दिइएको छ।

कार्यालयको छापः

उजूरी दर्ता गर्ने कर्मचारीको,-

दस्तखत :

नाम, थरः

पदः

मिति :

आयोगको सम्पर्क नम्बरः

## अनुसूची–४

(नियम ११ को उपनियम (३) सँग सम्बन्धित)

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

**अनुसन्धान अधिकारी तोकिएको ढाँचा**

श्री.....................................

.........................................।

तपाईलाई देहायका विवरण भएको उजूरीको छानबिन पूरा गरी प्रतिवेदन पेश गर्नका लागि आयोगको निर्णय अनुसार अनुसन्धान अधिकारी तोकिएको छ। आयोगको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही छानबिनको कार्य पूरा गरी आफ्नो राय सहितको प्रतिवेदन ........दिन भित्र आयोगमा पेश गर्नु होला। उक्त कार्य सम्पन्न गर्न तपाईलाई देहाय बमोजिमको सहयोगी कर्मचारी तोकिएको छ।

| क्र.स. | दर्जा | नाम, थर |
|---|---|---|
| (१) | | |
| (२) | | |
| (३) | | |
| (४) | | |

| | |
|---|---|
| उजूरीकर्ताको नाम, थर : | सम्बन्धित अधिकृतको |
| उजूरी दर्ता नं : | दस्तखतः |
| घटना भएको स्थान : | नाम, थरः |
| कार्यालयको छापः | मितिः |

**अनुसूची–५**

(नियम १५ को उपनियम (३) सँग सम्बन्धित)

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

**बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा उपस्थित हुनको लागि दिइने सूचनाको ढाँचा**

श्री.....................................

.....................................................।

यस आयोगमा मिति .....................मा परेको.....(संक्षिप्त व्यहोरा).... उजूरीको छानबिन गर्ने सिलसिलामा तपाईसँग केही कुरा बुझ्नु परेकोले मिति ................ मा दिनको ......... बजे यस आयोगको कार्यालय/मुकाम .........................मा उपस्थित हुनु होला। उपस्थित नभए कानून बमोजिम हुनेछ।

अनुसन्धान अधिकारीको,-

दस्तखत :

नाम, थर :

मितिः

**अनुसूची–६**

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## प्रवेश मुचुल्काको ढाँचा

जिल्ला ......... महानगरपालिका / उपमहानगरपालिका / नगरपालिका /गाउँपालिका.................वडा नं. ........ गाउँ टोल ............ बस्ने तपाई श्री ......................को घर कम्पाउण्ड भित्र सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनासँग सम्बन्धित वस्तु, लिखत वा प्रमाण फेला पर्न सक्ने सम्भावना भएकोले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका हामी देहायका व्यक्तिहरु छानबिनको सिलसिलामा खानतलासी गर्न खटी आएकोले खानतलासीको लागि सो स्थानमा प्रवेश गर्नु अघि देहायका व्यक्तिबाट हाम्रो खानतलासी गराई सो को मुचुल्का तयार गरेका छौं ।

तपसिल

खानतलासी गर्न प्रवेश गर्ने व्यक्तिहरूको जीउ खानतलासी लिने व्यक्तिको नाम, थर, ठेगाना (तीनपुस्ते सहित):-

१.

२.

रोहबरः-

१. घरधनी/मालधनी वा निजको प्रतिनिधिः

२. सम्भव भएसम्म स्थानीय व्यक्ति/जनप्रतिनिधिः

३. पीडित (सम्भव भएसम्म):

मुचुल्का तयार गर्ने कर्मचारीहरूः

## अनुसूची–७

(नियम १९ को उपनियम (१) सँग सम्बन्धित)

**बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट खडा गरेको खानतलासी तथा बरामदी मुचुल्काको ढाँचा**

लिखितम् ..................................... को नाति .......................... को छोरा/छोरी .................. जिल्ला ..........................महानगरपालिका। उपमहानगरपालिका। नगरपालिका । गाउँपालिका वडा नं..........बस्ने वर्ष .... को ....................स्थित घर/स्थानमा कानून बमोजिम रीत पुऱ्याई प्रवेश गरेका हामी देहायका व्यक्तिहरूले मिति........................ मा खानतलासी गर्दा देहायका स्थानहरूमा निम्न बमोजिमका वस्तु, लिखत वा प्रमाण फेला परेको र सो वस्तु, लिखत तथा प्रमाण छानबिनको सिलसिलामा आयोगमा दाखिल गर्न लैजानु पर्ने हुँदा खानतलासी तथा बरामदी मुचुल्का गरी दिनुहोस् भनी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट खटी आएका कर्मचारीले भन्दा हाम्रो चित्त बुझ्यो । यसमा तपसिलमा लेखिएको व्यहोरा ठीक साँचो हो भनी लेखी लेखाई सम्बन्धित कर्मचारी मार्फत् आयोगमा चढायौं ।

तपसिल

खानतलासीमा फेला परेका वस्तु, लिखत तथा प्रमाण र स्थानको विवरणः

१.

२.

बरामद गरी लगेका वस्तु, लिखत तथा प्रमाणहरूको विवरणः

१.

२.

रोहबरः

१.बरामद सामानको भरपाई बुझ्ने :

२. स्थानीय प्रतिनिधि (भएसम्म) :

३.पीडक (सम्भव भएसम्म) :

बरामद सामानको भरपाई तपाईलाई बुझाई माथि उल्लिखित उक्त बरामदी सामान लिई गएका छौं ।

मुचुल्का तयार गर्ने कर्मचारीहरूः

१.

२

**अनुसूची–८**

(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)

**छानबिन प्रतिवेदनको ढाँचा**

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको मिति ............. को निर्णय बमोजिम छानबिन गर्न मलाई तोकिएकोमा सो विषयमा छानबिन गर्दा देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु।

१. उजूरी सम्बन्धी विवरणः

(क) उजूरी दर्ता नम्बरः

(ख) उजूरवालाको नाम, थर, ठेगानाः

(ग) पीडितको नाम, थर, ठेगानाः

(घ) पीडकको नाम, थर, ठेगानाः

२. उजूरीको संक्षिप्त व्यहोराः

३. सबुत प्रमाणः

(क) दसी प्रमाण तथा घटनासँग सम्बन्धित चीज वस्तु :

(ख) साक्षी :

देख्ने :

(अ)

(आ)

सुन्ने :

(अ)

(आ)

४. घटनासँग प्रमाण लाग्ने अरु चीज वस्तुः

(अ)

(आ)

५. छानबिनबाट खुल्न आएको व्यहोरा :

६. अनुसन्धान अधिकृतको राय :

अनुसन्धान अधिकारीको,-

दस्तखत :

नाम, थर :

पद :

मितिः

अनुसूची–९

(नियम २५ को उपनियम (३) सँग सम्बन्धित)

## स्थलगत निरीक्षण प्रतिवेदनको ढांचा

१. उजूरी दर्ता नम्बर ः

२. उजूरी दिने व्यक्तिको नाम र ठेगाना ः

३. उजूरीको छोटकरी व्यहोरा ः

४. आरोपित व्यक्तिको नाम, थर, उमेर, वतन ः

५. स्थलगत निरीक्षणबाट देखिन आएको अवस्था ः

६. थप अनुसन्धान गर्नु पर्ने भए के के कुरामा अनुसन्धान गर्नु पर्ने हो सो को विवरण ः

७. उजूरीको व्यहोरा स्थापित हुन सक्ने आधार ः

८. उत्खनन् गर्नु पर्ने भए सो को कारण र आधार ः

९. घटनाको बारेमा थाहा पाउने कुनै व्यक्ति बुझ्नु पर्ने भए त्यस्ता व्यक्तिको नाम, थर र वतन ः

१०. कुनै कागजात वा सामानहरु बरामद गर्नु पर्ने भए के कहाँबाट बरामद गर्नु पर्ने हो सो को विवरण ः

११. घटनासँग सम्बन्धित कुनै भौतिक सबुत प्रमाण सङ्कलन गर्न छुट भएको भए सो को विवरण ः

१२. अन्य केही भए ः

स्थलगत निरीक्षण प्रतिवेदन पेश गर्नेको,
दस्तखतः
नाम, थरः
मितिः

**अनुसूची–१०**

(नियम ३१ को उपनियम (२) सँग सम्बन्धित)

## सुविधा तथा सहुलियतको लागि दिने निवेदनको ढाचा

१. पीडितको :

नाम, थरः.............................................................................

ठेगानाः...............................................................................

उमेरः.........पेशाः.......................................................

सम्पर्क फोन ं..............................ईमेलः..............................................

२. पीडितका परिवारका आश्रित सदस्यहरुः

| क्र.सं. | नाता | उमेर | शिक्षा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

३. सशस्त्र द्वन्दको क्रममा पीडित उपर भएको अपराध :

घटनाको मितिः.............................................सम

यः.............................................................

४. पीडितलाई पुगेको क्षतिको विवरण :

५. शारीरिक क्षतिको विवरण (त्यसको असर हालसम्म पनि छ भने सो कुरालाई पुष्टी गर्ने विवरण र उपलब्ध भएसम्मको प्रमाणः

६. शिक्षा/पेशा व्यवसाय/चल अचल सम्पत्तिमा पुगेको क्षतिको विवरण/हाल सम्मको स्थिति र सोसँग उपलब्ध भएसम्मका सम्बन्धित प्रमाणः

७. हालसम्म पीडितले पाएको राहतको विवरण (हालसम्म के कस्तो सुविधा, सहुलियत, क्षतिपूर्ति पाएको हो सो खुलाउने)

८. पीडितले खोजेको क्षतिपूर्ति, सुविधा, सहुलियतः

९. पीडकको विवरणः

नाम, थरः..................................................................

ठेगानाः...................................................................

सम्पर्क फोन नं.ः .........................................................

पेशाः.........................................................................

माथि लेखिएको व्यहोरा ठीक साँचो छ भुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

पीडितको, -

दस्तखतः

मितिः

**अनुसुची–११**

(नियम ३३ को उपनियम (२) सँग सम्बन्धित)

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको निर्णय सम्बन्धी जानकारीको ढाँचा

उजूरी दर्ता नम्बर :

श्री...................................

उजूरीकर्ताको नाम, थर, वतन (गोप्य राख्नु पर्नेमा सांकेतिक नाम राख्ने ) :

**विषयः-**

सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पारेको विषयमा परेको उल्लिखित उजूरीको सम्बन्धमा आयोगबाट छानबिन गर्दा उक्त उजूरी तामेलीमा राख्ने। पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने गरी मिति .......................मा निर्णय भएकोले जानकारीको लागि अनुरोध छ। निर्णयको प्रतिलिपि यसैसाथ संलग्न छ।

कार्यालयको छापः-

जानकारी दिने अधिकृतको,-

दस्तखतः

नाम, थरः

पदः

मिति :

**अनुसूची–१२**

(नियम ३८ को उपनियम (१) सँग सम्बन्धित)

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग

## <u>पीडित परिचयपत्रको ढाँचा</u>

तस्वीर

परिचयपत्र नं.ः

१. परिचयपत्र बाहकको,-

(क) नाम थरः

(ख) ठेगानाः …… अञ्चल ……… जिल्ला ………. महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका /गाउँपालिका वडा नं…….

(ग) नागरिकता नंः

(घ) पीडित बाहेक परिवारको अन्य सदस्य भए पीडितसँगको निजको नाता सम्बन्धः

२.व्यक्ति बेपत्ता पारेको मितिः

परिचयपत्र प्राप्त गर्नेको दस्तखतः

कार्यालयको छाप ः

परिचयपत्र प्रदान गर्ने कर्मचारीको,-

दस्तखतः

नाम,थरः

पद ः

मिति ः

आज्ञाले,

# सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी सत्य निरुपण तथा मेलमिलाप आयोगको परामर्शमा नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अनुसन्धान अधिकारी" भन्नाले मानव अधिकारको गम्भीर उल्लङ्घनका सम्बन्धमा आयोगले छानबिन गर्न तोकेको अनुसन्धान अधिकारी सम्झनु पर्छ र सो शब्दले आयोगबाट अनुसन्धान गर्नका लागि गठन गरिएका उपसमिति वा कार्यटोली समेतलाई जनाउँछ।

(ख) "उजूरीकर्ता" भन्नाले यस नियमावली बमोजिम उजूरी दिने व्यक्ति सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ।

(घ) "छानबिन समिति" भन्नाले ऐनको दफा ६ को उपदफा (२) बमोजिम गठन गरिएको छानबिन समिति सम्झनु पर्छ।

परिच्छेद–२

## उजूरी सम्बन्धी व्यवस्था

३. **उजूरी माग गर्नेः** (१) सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको सम्बन्धमा पीडित वा निजको तर्फबाट आयोगमा उजूरी दिन आयोगले सार्वजनिक सूचना प्रकाशन गरी उजूरी माग गर्नेछ।

(२) उपनियम (१) बमोजिम उजूरी माग गरेको सूचनामा उजूरी दिने अवधि, तरिका र स्थान समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उजूरी दिने अवधि अपर्याप्त भएको भन्ने लागेमा आयोगले उजूरी दिने म्याद थप गर्न सक्नेछ।

तर यस उपनियम बमोजिम उजूरी दिने म्याद थप गर्दा आयोगको कार्यावधि समाप्त हुनुभन्दा कम्तीमा छ महिना भन्दा कम हुने गरी उजूरी दिने म्याद थप गर्न सकिने छैन।

४. **उजूरी वा जानकारी दिन सक्नेः** (१) उजूरी दिन चाहने पीडित आफैं वा निजको तर्फबाट कसैले आयोग वा आयोगले तोकेको स्थानमा उपस्थित भई वा हुलाक, इमेल वा अन्य विद्युतीय माध्यमबाट अनुसूची-१ बमोजिमको ढाँचामा आफूसँग भएका सबै प्रमाण संलग्न गरी उजूरी दिन सक्नेछ।

तर सो ढाँचा बमोजिम उजूरी नपरेको कारणले मात्र सो सम्बन्धमा कारबाही गर्न बाधा पर्ने छैन।

(२) कसैले मौखिक रुपमा उजूरी दिन चाहेमा आयोगले उजूरीकर्ताले भनेका कुराहरु अनुसूची-१ को

ढाँचामा लिपिवद्ध गरी निजलाई पढीबाची सुनाई निजको दस्तखत समेत गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इमेल वा अन्य विद्युतीय माध्यमबाट पर्न आएको उजूरी सम्बन्धित कर्मचारीले प्रिन्ट गरी प्रमाणित गरी राख्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिम कुनै उजूरी टेलिफोनबाट प्राप्त भएमा सम्बन्धित कर्मचारीले सो को अभिलेख खडा गरी राख्नु पर्नेछ।

(५) आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाका सम्बन्धमा कुनै स्रोतबाट प्राप्त गरेको जानकारीलाई समेत उजूरीको रुपमा लिन सक्नेछ।

(६) कसैले आयोग समक्ष आफनो परिचय नखुलाई कुनै साङ्केतिक नामबाट आयोगको इमेल वा फयाक्स मार्फत उजूरी दिएमा आयोगले त्यस्तो उजूरी लिन सक्नेछ।

तर त्यस्तो उजूरी सम्बन्धित पक्षले सनाखत नगरेसम्म दर्ता किताबमा दर्ता गरिने छैन।

(७) अदालत बाहेक अन्य कुनै निकायमा दर्ता भएको उजूरी आयोगले सम्बन्धित निकायबाट झिकाउने आदेश दिन सक्नेछ।

(८) आयोगमा उजूरी दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन।

५. **उजूरी सम्बन्धी विशेष व्यवस्था**: (१) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई उजूरी दिन सहजता प्रदान गर्न आयोगले देहाय बमोजिमको व्यवस्था गर्न सक्नेछ :-

(क) आयोगले तोकेको नजिकको सरकारी कार्यालय, स्थानीय तह वा मानव अधिकारको गम्भीर उल्लङ्घनका सम्बन्धमा काम गर्न नेपाल सरकारबाट गठन भएको कुनै निकाय मार्फत उजूरी दिन,

(ख) आयोगले उपलब्ध गराएको फोन नम्बरमा मौखिक रुपमा उजूरी दिन,

(ग) महिलाको हकमा उपलब्ध भएसम्म महिला कर्मचारी मार्फत उजूरी दिन,

(घ) उजूरी वा जानकारी दिनका लागि बेग्लै कक्ष र आवश्यकता अनुसार दोभाषे वा सहजकर्ताको समेत व्यवस्था गर्न,

(ङ) आयोग समक्ष उपस्थित भई उजूरी वा निवेदन दिन असमर्थ व्यक्तिको हकमा आयोगबाटै कर्मचारी खटाई निजको उजूरी वा निवेदन लिन।

(२) यस नियम बमोजिम उजूरी लिने निकायले आफू समक्ष प्राप्त भएको उजूरी सात दिनभित्र आयोगमा पठाई दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको समयभित्र आफु समक्ष प्राप्त हुन आएको उजूरी नपठाउने सम्बन्धित निकायका प्रमुखलाई आयोगले विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ।

(४) यस नियम बमोजिम उजूरी लिदा नियम ४ बमोजिमको व्यवस्था अवलम्बन गर्नु पर्नेछ।

(५) उजूरी वा जानकारी दिन आउने व्यक्तिलाई कुनै कर्मचारीले अपमान, अवहेलना वा दुर्व्यवहार गरेमा त्यस्तो कर्मचारीलाई आयोगले प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

६. **उजूरी वा जानकारी दर्ता गर्ने**: (१) आयोगमा नियम ४ र ५ बमोजिम पर्न आएका उजूरी वा जानकारी सम्बन्धित कर्मचारीले अनुसूची-२ बमोजिमको उजूरी दर्ता किताबमा दर्ता गरी सम्बन्धित व्यक्तिलाई

अनुसूची-३ बमोजिम उजूरी दर्ताको निस्सा दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इमेलबाट उजूरी वा जानकारी प्राप्त भएकोमा उजूरीकर्तालाई सोही माध्यमबाट उजूरी प्राप्त भएको जानकारी दिनु पर्नेछ।

(३) कुनै व्यक्तिले एकै विषयमा एकभन्दा बढी उजूरी दिएमा वा एकभन्दा बढी व्यक्तिले एकै विषयमा उजूरी दिएमा सम्बन्धित कर्मचारीले तीमध्ये एउटा उजूरीमात्र दर्ता गरी अन्य उजूरीलाई दर्ता भएको उजूरीसाथ संलग्न गरी राख्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम एउटा उजूरी दर्ता भएमा त्यसै विषयमा पर्न आएका अन्य उजूरीको लगत कट्टा गर्नु पर्नेछ।

७. **उजूरी वा जानकारी तामेलीमा राख्ने**: (१) आयोगले देहायको अवस्थामा आफू समक्ष प्राप्त उजूरी वा जानकारीलाई तामेलीमा राख्न सक्नेछ :-

(क) सशस्त्र द्वन्द्वको अवधि बाहेक अन्य अवधिमा घटेका घटनासँग सम्बन्धित उजूरी,

(ख) खण्ड (क) मा उल्लिखित अवधिमा मानव अधिकारको गम्भीर उल्लङ्घन भए तापनि सशस्त्र द्वन्दसँग असम्बन्धित देखिन आएका उजूरी,

(ग) आयोगको अधिकार क्षेत्र भित्र नपरेका उजूरी,

(घ) नियम ३ बमोजिम आयोगले उजूरी दर्ता गर्न दिएको म्याद समाप्त भएपछि प्राप्त भएका उजूरी,

(ङ) प्रथम दृष्टिमा तथ्य तथा प्रमाणको अभाव देखिएको वा अस्पष्ट उजूरी,

(च) आयोगबाट तामेलीमा रही सकेको उजूरी सम्बन्धी विषयमा नयाँ प्रमाण पेश नगरी पुनः सोही विषयमा दिएको उजूरी,

(छ) बेनामी उजूरी,

(ज) ऐन तथा यस नियमावली बमोजिम मेलमिलाप भएका विषयको उजूरी।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले नियम १० को उपनियम (२) बमोजिम आयोग समक्ष दिएको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी आयोगबाट उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा त्यस्तो उजूरी वा जानकारी समेत तामेलीमा राखिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगले सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम आयोगबाट कुनै उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा उजूरी साथ प्राप्त सक्कल कागजात सम्बन्धित उजूरीकर्तालाई फिर्ता गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम उजूरी वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगको उजूरी दर्ता किताबबाट त्यस्तो उजूरी वा जानकारीको लगत कट्टा गर्नु पर्नेछ।

८. **तामेलीमा रहेका उजूरी जगाउन सक्ने**: (१) नियम ७ बमोजिम तामेलीमा राखिएको उजूरी वा जानकारीको व्यहोरालाई पुष्टि गर्ने कुनै ठोस सबुत प्रमाण सहित सो विषयमा छानबिन गर्न कसैले आयोगमा निवेदन दिएमा वा आयोगले छानबिन गर्दै जाँदा कुनै ठोस सबुत प्रमाण प्राप्त हुन आएमा आयोगले त्यस्तो उजूरी वा जानकारी तामेलीबाट जगाउने निर्णय गरी छानबिनको कारबाही प्रारम्भ गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी वा जानकारी तामेलीबाट जगाउने निर्णय भएमा त्यस्तो उजूरी वा जानकारी आयोगको उजूरी दर्ता किताबमा पुनः दर्ता गरिनेछ।

९. **सम्बन्धित निकायमा पठाउन सक्ने**: (१) आयोग समक्ष परेको कुनै उजूरी आयोगको कार्यक्षेत्रभित्र नपरी अन्य कुनै निकायसँग सम्बन्धित देखिन आएमा आयोगले त्यस्तो उजूरी र सो सम्बन्धी कागजात सम्बन्धित निकायमा पठाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै उजूरी आयोगको कार्यक्षेत्रभित्र नपर्ने भई अन्य निकायमा पठाइएकोमा आयोगले सो को जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

# आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३

**१. पृष्ठभूमिः**

प्राकृतिक प्रकोप, मानवसिर्जित अवस्था तथा विपत्ति, सशस्त्र द्वन्द्व तथा हिंसाको स्थिति र त्यसबाट उत्पन्न डर त्रास आदि कारणले गर्दा व्यक्ति तथा परिवारहरु आफ्नो घरबास वा बासोबास गरिआएको थातथलोबाट वाध्यात्मक रुपमा विस्थापित भई देशका अन्य भागमा बसोबास गर्नुपर्ने परिस्थिति समय समयमा भोग्नु परिरहेको छ। विगतमा देशमा भएको सशस्त्र द्वन्द्वले आन्तरिक विस्थापनको समस्यालाई अझ जटिल बनाएको छ। मुलुकमा स्थायी शान्ति बहाल गर्ने आम नेपालीको चाहनालाई मूर्तरुप दिन हिंसात्मक द्वन्द्व लगायतका कारणले बाध्यात्मक रुपमा विस्थापित भएका व्यक्ति तथा परिवारहरुको समस्यालाई प्राथमिकताका साथ सम्बोधन गर्नु पर्ने आवश्यकता छ।

आन्तरिक विस्थापनको कारण विस्थापित व्यक्तिहरुले कष्टकर जीवन यापन गर्नुपर्ने तथ्य एकातर्फ छ भने अर्कोतर्फ विस्थापित व्यक्तिहरुको चापको कारण उनहिरुले विस्थापित जीवन विताइरहेको स्थानमा पनि कतिपय नयाँ समस्याहरु सिर्जना भएका छन्। यसकारण आन्तरिक विस्थापनलाई रोकथाम गर्ने, विस्थापितहरुको सुरक्षा तथा मानव अधिकारको संरक्षण गर्ने, तत्कालीन राहत तथा आवश्यक मानवीय सहयोग र सेवा सुविधाको व्यवस्था गर्ने र उनीहरुलाई साविक स्थानमा फर्कने वा स्वेच्छा पुर्वक मुलुक भित्र अन्यत्र बसोबास गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न राज्यले नेतृत्वदायी भूमिका निर्वाह गर्नु परेको छ।

आन्तरिक रुपमा विस्थापित व्यक्तिको समस्यालाई सम्बोधन गरी उनीहरुलाई सेवा सुविधा एकीकृत र समन्वयात्मक रुपमा उपलब्ध गराउन सरकारले आन्तरिक स्रोतका साथै विभिन्न दातृनिकाय एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले विकास कार्यक्रममा गरी आएको लगानीमा असर नपर्ने गरी थप स्रोतसाधन परिचालन गुर्नका साथै सरकारी, गैर सरकारी, निजी तथा अन्तर्राष्ट्रिय क्षेत्र र नागरिक समाज समेतको सहयोग परिचालन गर्नु पर्ने देखिएको छ। यसका लागि नेपाल सरकारले अवलम्वन गरेको वैदेशिक सहायता नीति, २०५९ गरिवी न्यूनीकरण सहायता रणनीति, सहस्राब्दी विकास लक्ष्य, विस्तृत राष्ट्रिय शान्ति संझौता र वार्षिक विकास कार्यक्रमका लक्ष्यहरु हासिल गर्न परिपूरक हुने गरी आन्तरिक विस्थापनको सम्बन्धमा आवश्यक व्यवस्था गर्न यो राष्ट्रिय नीतिपत्र तर्जुमा गरिएको छ।

**२. मार्गदर्शक सिद्धान्तहरु**

यो नीतिका मार्गदर्शक सिद्धान्तहरु देहाय बमोजिम रहेका छन्।

२.१ नेपाल पक्ष भएका मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा संयुक्त राष्ट्रसंघको मानव अधिकारसम्बन्धी विश्वब्यापी घोषणापत्र,

२.२ आन्तरिक विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गदर्शन सिद्धान्तहरु,

२.३ संविधान प्रदत्त मौलिक हक तथा अधिकार,

२.४ सामाजिक तथा प्राकृतिक न्याय र समानताका सर्वमान्य सिद्धान्तहरु,

२.५ विस्थापित व्यक्तिहरुलाई पुनःस्थापना गर्ने विषयमा भएको विस्तृत शान्ति सम्झौतामा आन्तरिक विस्थापनको समस्या न्यूनीकरण गर्ने विषय लगायतका राष्ट्रिय सर्वपक्षीय सहमति,

**३. परिभाषा**

यो नीतिको प्रयोजनका लागि :

(क) "आन्तरिक रुपमा विस्थापित व्यक्ति" भन्नाले सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानव अधिकारको गम्भीर उल्लंघन वा प्राकृतिक विपद् वा मानवसिर्जित विपत्ति एवं अवस्थाको परिणामस्वरुप वा त्यस्तो अवस्थाको

असरबाट बच्ने अभिप्रायले आफ्नो घरबास वा बसोबास गर्दै आएको थातथलो छाडी पलायन हुन वा छाड्न बाध्य भई मुलुकभित्रकै अन्य स्थानमा बसोबास गरेका व्यक्तिलाई सम्झनुपर्छ ।

(ख) “द्वन्द्वबाट विस्थापित व्यक्ति वा परिवार” भन्नाले खासगरी सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानव अधिकार उल्लंघनको गम्भीर अवस्थाको कारण आफ्नो घरबास वा बसोबास गर्दै आएको स्थानमा बस्न नसक्ने अवस्था उत्पन्न भई बाध्यात्मक किसिमबाट आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ग) “मानवसिर्जित विपत्तिबाट विस्थापित व्यक्ति वा परिवार” भन्नाले विकास, निर्माण, उद्योग, कलकारखाना लगायतका कार्यहरुका कारण आफ्नो घर बास वा बसोबास गर्दै आएको स्थानमा बस्न नसक्ने अवस्था उत्पन्न भई बाध्यात्मक किसिमबाट आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(घ) “प्राकृतिक विपद्को कारण विस्थापित व्यक्ति वा परिवार” भन्नाले प्राकृतिक विपद्को कारणबाट आफ्नो घरबास वा बसोबास गर्दै आएको स्थानमा बस्न नसक्ने अवस्था उत्पन्न भई बाध्यात्मक किसिमबाट आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ । तर संभावित विपद्का दृष्टिले सरकारले निषेध गरेको क्षेत्रमा बसोवास गरेका व्यक्ति विस्थापन भएकोमा आन्तरिक रुपले विस्थापन भएको मानिनेछैन ।

## ४. दूरदृष्टि (Vision):

“पारस्पारिक सद्भाव, सामन्जस्य र सुरक्षाको प्रवर्द्धन द्वारा शान्तिपूर्ण, समृद्ध र आन्तरिक विस्थापनबाट सुरक्षित समाजको निर्माण ।”

## ५. ध्येय (Mission):

आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवारलाई ससम्मान, सुरक्षित र स्वैच्छिक रुपले पुनः स्थापना, भौतिक संरचनाको पुनर्निर्माणमा सहयोग र पुनः सामाजिकीकरण गर्दै भविष्यमा पुनः त्यस्तो स्थिती आउननदिन निरोधात्मक र दिगो उपाय आवलम्बन गर्नु ।

## ६. उद्देश्य (Objectives):

६.१ आन्तरिक विस्थापनको समस्यालाई सम्बोधन गर्न दिर्घकालीन रुपमा निरोधात्मक तथा उपचारात्मक उपायहरु अबलम्बन गरी समस्या नूनीकरण गर्ने ।

६.२ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको मौलिक हक तथा आधारभूत मानव अधिकारको संरक्षण गर्न तथा विस्थापित व्यक्तिहरुको कारण स्थानीय समुदायमा पर्ने प्रतिकूल असर न्यूनीकरणका लागि विस्थापित व्यक्तिहरु समेतको एकीकृत र समन्वयी संयन्त्रको विकास गरी राहत, सहुलियत र सुविधा प्रदान गर्ने ।

६.३ विस्थापित व्यक्तिहरुको सुरक्षित, स्वेच्छिक तथा सम्मानजनक फिर्ति वा अन्य स्थानमा बसोबासको लागि सामाजिक, आर्थिक पूर्वाधारहरुको निर्माण तथा पुनःस्थापनाको उपयुक्त वातावरण सिर्जना गर्ने ।

## ७. रणनीति (Strategy):

यो नीतिका उद्देश्यहरु प्राप्त गर्न देहायका रणनीतिहरु अवलम्वन गरिने छ ।

७.१ आन्तरिकरुपले विस्थापित व्यक्ति सम्बन्धी विषयलाई राष्ट्रिय विकासको प्राथमिकतामा समाबेस गरिने छ ।

७.२ आन्तरिक विस्थापनको सम्वन्धमा आवश्यक कार्यगर्न सरकारी संस्थागत संयन्त्रको विकास गरी स्थानीय निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु, सामुदायीक संस्थाहरु, दातृनिकायहरु, विभिन्न राजनैतिक दलहरु तथा निजी क्षेत्र समेतको स्वीकृत र समन्वित प्रयास जुटाईने छ ।

७.३ आन्तरिक विस्थापनको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा सामुदायिक संघ संस्थाहरुको संस्थागत क्षमता विकास गर्दै लगिनेछ, त्यस्तै आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको क्षमता विकास गरि उनीहरुलाई आत्म निर्भर बनाउने प्रयास गरिनेछ।

७.४ आन्तरिक रुपमा विस्थापितहरुलाई रोजगारी, शिक्षा स्वास्थ्य लगायतका आधारभूत सेवा उपलब्ध गराउन आवश्यक पर्ने प्राविधिक एवं वित्तीय स्रोत साधन दातृनिकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं निजी क्षेत्र समेतको सहयोगमा जुटाई परिचालन गरिनेछ।

७.५ नेपाल सरकारले अपनाउने विकास नीतिहरुमा आन्तरिक विस्थापन न्यूनीकरण गर्ने रणनीतिको अवलम्बन गरिने छ।

७.६ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको हितका लागि प्राप्त रकम उनीहरुको हितमा पारदर्शी रुपमा उपयोग हुने व्यवस्था गरिने छ।

७.७ विस्थापित व्यक्तिले प्रचलित मौलिक हक तथा मानव अधिकारहरुको निर्बाधरुपमा उपभोग गर्ने वातावरणको सिर्जना गरिने छ।

७.८ द्वन्द्व प्रभावित क्षेत्रमा विकास निर्माण तथा पुनर्निर्माणका कार्यहरु संचालन गर्नुका साथै सुरक्षा तथा सामाजिक सेवाहरु उपलब्ध गराई विस्थापनको समस्यालाई न्यून गरिने छ।

७.९ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुका औपचारिक संघसंस्था तथा अनौपचारीक समूहहरुलाई राहत, सेवा तथा सुविधा वितरण, पुनःस्थापना, पुनर्निर्माण एवं मुलुकको विकास निर्माणसम्बन्धी अन्य क्रियाकलापमा उनीहरुको दक्षता र क्षमता अनुसार संलग्न गराइने छ।

७.१० विस्थापितहरुमध्ये पनि महिला, वृद्ध, बालबालिका, अनाथ अपाङ्ग र यस्तै प्रकारका विशेष जोखिममा परेका वा कमजोर वर्ग वा व्यक्तिहरुका हक अधिकारको संरक्षण गर्न विशेष रुपमा लक्षित कार्यक्रमहरु संचालन गरिने छ।

७.११ आन्तरिक विस्थापनद्वारा सिर्जना भैरहेका र भविष्यमा सिर्जना हुनसक्ने नकारात्मक प्रभावहरुबारे जनचेतना अभिवृद्धि गर्न नियमित र निरन्तर रुपमा सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ।

७.१२ विस्थापित व्यक्ति वा परिवारलाई उनीहरुको पहिलेकै बासस्थानमा स्वैच्छिक रुपले फिर्ता हुन प्रोत्साहन गरिने छ। यस प्रयोजनको लागि उपयुक्त पुनःस्थापन योजना बनाई कार्यान्वयन गरिने छ।

७.१३ आन्तरिक रुपले विस्थापित व्यक्तिसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत संस्थाको क्षमता विकास गरिने छ।

## ८. नीतिहरु (Policy):

आन्तरिक विस्थापनका सम्बन्धमा देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिने छ।

### ८.१ मानवअधिकार संरक्षण सम्बन्धी :

८.१.१ आन्तरिक रुपले विस्थापित व्यक्तिहरु देशको जुनसुकै ठाउँमा रहे तापनि प्रचलित कानूनले प्रदान गरेका हक र अधिकारहरु समान रुपले उपयोग गर्न पाउने व्यवस्था गरिने छ। अधिकार स्वतन्त्रताको उपयोग गर्नका लागि आन्तरिक रुपले विस्थापित भएको आधारमा मात्र कुनै किसिमको भेदभाव गरिने छैन र राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य सम्वन्धित निकायहरुबाट सोको पर्यवेक्षण गर्ने व्यवस्था मिलाईने छ।

८.१.२ विस्थापित भएका व्यक्तिहरुलाई प्रचलित कानूनले प्रत्याभूत गरेका मौलिक हकहरुको उपभोग गर्न विषेश कानूनी सहायता उपलब्ध गराइने व्यवस्था मिलाईने छ।

८.१.३ विस्थापित व्यक्तिहरुले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी सन्धि सम्झौताहरुले प्रदान गरेका अधिकार बिनाभेदभाव उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गरिनेछ।

८.१.४ बलपूर्वक हुने विस्थापनलाई दुरुत्साहन गर्दै विस्थापित भएका व्यक्ति वा परिवारलाई सेवा, सुविधा, सहुलियत र संरक्षण प्रदान गर्दा जात जाति, भाषा, धर्म, लिङ्ग, वैचारिक आस्था, भौगोलीक क्षेत्र वा यस्तै प्रकारका अन्य कुनै आधारमा भेदभाव गरिने छैन।

८.१.५ कुनै व्यक्तिलाई घरबास वा बसोबासगरेको ठाउँबाट हिंसात्मक द्वन्द्वका कारणले जवर्जस्ती विस्थापित हुनुपर्ने अवस्था आएमा यथोचित सुरक्षाको प्रवन्ध मिलाईनेछ।

८.१.६ सार्वजनिक तथा राष्ट्रिय हितका लागि सञ्चालन गर्नु पर्ने विकास आयोजना र उद्योग व्यवसायका लागि बाहेक राज्यले विस्थापन गर्ने छैन। उपर्युक्त प्रयोजनका लागि विस्थापन गर्नुपर्ने भएमा उपयुक्त मुआब्जा दिइने छ तर यसरी मुआब्जा वा क्षतिपूर्ति दिइएका व्यक्ति वा परिवारलाई आन्तरिक रुपमा विस्थापित व्यक्ति मानिने छैन।

८.१.७ आन्तरिक रुपले विस्थापित व्यक्तिहरुलाई दासत्व एवं शोषण लगायत हत्या, हिंसा, बेपत्ता पार्ने जस्ता कार्यहरु गर्न वा त्यस्तो कार्य गर्न उक्साउने जस्ता क्रियाकलापका विरुद्ध संरक्षण प्रदान गरिनेछ।

८.१.८ विस्थापित व्यक्तिहरुको जीविकोपार्जनका साधन जुटाउन, आफ्नो सम्पत्तिको उपयोग र उपभोगमा उनीहरुको इच्छा र हित विपरित कुनै प्रकारको प्रत्यक्ष वा परोक्ष दबाव नहुने कुरामा सरकारले प्रत्याभुत गर्नेछ।

८.१.९ आदिबासी र अल्पसंख्यक जस्ता लोपोन्मुख तथा सीमान्त वर्गलाई विस्थापन विरुद्ध राज्यले विशेष संरक्षण दिने छ।

८.१.१० विस्थापित व्यक्तिहरु द्वारा छाडिएका तर उनीहरुकै स्वामित्वमा रहेका वस्तु तथा सम्पत्तिको विनास, जथाभावि वा गैरकानूनी उपयोग रहेका वस्तु तथा सम्पत्तिको विनास, जथाभावि वा गैरकानूनी उपयोग वा प्रयोग हुनबाट संरक्षण प्रदान गर्ने व्यवस्था मिलाईने छ।

८.१.११ आन्तरिक रुपमा विस्थापित व्यक्तिलाई कानूनमा व्यवस्था भए बमोजिम निर्वाचनका अवसरमा मतदान गर्न पाउने व्यवस्था गरिने छ।

**८.२ राहत सम्बन्धीः**

८.२.१ विस्थापितहरुको अवस्था हेरी तत्काल राहत उपलब्ध गराउन निश्चित मापदण्ड बनाई सोही अनुरुप राहत वितरण हुने व्यवस्था मिलाइनेछ। त्यसै गरी स्थायी एवं सुरक्षित बासस्थानको प्रवन्ध नहुन्जेल तत्काल अस्थायी बसोबासको व्यवस्था मिलाईने छ।

८.२.२ विस्थापित व्यक्ति वा परिवारलाई सरकारी निकायलगायत अन्य सम्बन्धित निकायहरुबाट साधन स्रोतको अवस्था हेरी उचित बास, सुरक्षा, खाद्यान्न उपलब्धता र स्वास्थ्य सुविधाको व्यवस्था गरिने छ।

८.२.३ आन्तरिक रुपले विस्थापित व्यक्तिहरुलाई तत्काल आवश्यक सुरषा र मानवीय सहयोग प्रदान गर्न सरकारी निकायलागायत अन्य सम्वन्धित निकायहरुलाई क्रियाशील बनाइने छ।

८.२.४ अभिभावक बिनाका अनाथ बालबालिकाहरु, गर्भवती महिलाहरु, एकल महिला तथा साना बच्चा भएका आमाहरु, अशक्त व्यक्तिहरु र बृद्ध व्यक्तिहरु जस्ता जोखिम पूर्ण अवस्थामा रहेका (Vulnerable) विस्थापितहरुसको अवस्था हेरी मानवीय सहयोग तथा उपचारको सुविधा प्राथमिकताका साथ प्रदान गरिने छ।

८.२.५ आन्तरिक रुपमा विस्थापित व्यक्तिलाई राहदानी, नागरिकता प्रमाण पत्र, जन्म एवं बसाई-सराई दर्ता जस्ता सेवाहरु उनीहरु तत्काल बसोबास गरेको ठाउँको सम्वन्धित कार्यलयबाट प्रदान गर्ने व्यवस्था मिलाईने छ।

८.२.६ आन्तरिक रुपमा विस्थापित व्यक्तिका बालबालिकाका लागि विद्यालय शिक्षाको समुचित प्रवन्ध मिलाइने छ। हाल बसोबास गरेको ठाउँको विद्यालयमा भर्ना हुन आवश्यक पर्ने कागजात सरकारी निकाय लगायत अन्य सम्बन्धित निकायले आफ्नै स्रोतबाट उपलब्ध गराउने व्यवस्था मिलाइने छ। निःशुल्क प्राथमिक शिक्षा तथा शिक्षाका अन्य अवसरहरु सुनिश्चित गर्दै उपलब्ध स्रोतका आधारमा छात्रवृत्ति, छात्रावास

सुविधाको प्रवन्ध गरिने छ।

८.२.७ विस्थापितहरुको आर्थिक सामाजिक हैसियत अभिवृद्धि गर्न तालिम एवं शिक्षा आदिको व्यवस्था गरि स्वरोजगार तथा रोजगारीका अवसरमा वृद्धि गरि सरल पहुँच बढाईने छ।

८.२.८ आन्तरिक विस्थापितहरु स्थानीय समुदायमा आउनुपूर्वको अवस्थामा सो स्थानमा कायम रहेको आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा पर्न गएको चापको कारण सिर्जना भएको असरलाई न्यून गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

८.२.९ विस्थापित व्यक्तिहरु पुनस्थापनाहुने स्थानमा फर्किदा आवश्यकता अनुसार उनीहरुको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिनेछ।

८.२.१० आन्तरिक विस्थापन सम्वन्धी नीति तथा कार्यक्रमहरु सरोकारवालाहरु समक्ष सरल ढंगले पुग्ने गरि व्यापक रुपमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाईने छ।

८.२.११ आन्तरिक विस्थापनको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई आन्तरिक विस्थापन विरुद्धको तयारी, रोकथाम, राहत, पुनःस्थापना तथा पुनः सामाजिकीकरणसम्वन्धी सूचना शिक्षा, तालिम आदि कार्यक्रमको माध्यमबाट व्यक्तिगत तथा संस्थागत क्षमता विकास गरिने छ।

८.२.१२ मुलुकको विकास निर्माणसम्वन्धी क्रियाकलापमा आन्तरिकरुपमा विस्थापित व्यक्तिलाई उनीहरुको दक्षता र क्षमताअनुसार संलग्न गराई त्यसमा उनीहरुको पहुँच वृद्धि गर्दै लगिने छ।

८.२.१३ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको संघ संस्था वा अनौपचारिक समूहलाई आन्तरिक रुपमा विस्थापित व्यक्तिको सेवा सुविधा वितरण प्रक्रियामा संलग्नहुन प्रोत्साहन गरिने छ।

**८.३ पुनःस्थापन सम्वन्धी**

८.३.१ विस्थापित व्यक्ति वा परिवारलाई स्वेच्छापूर्वक विस्थापितहुनु भन्दा तत्काल अघिको स्थायी वसोवास भएको स्थानमा फर्कने वा हाल बसोबास गरीरहेको स्थानमा वस्ने वा निजले चाहेको मुलुक भित्रको अन्य स्थानमा पुनःस्थापना हुन पाउने स्वतन्त्रता रहने छ। प्रत्येक विस्थापित व्यक्तिलाई साविकको वासस्थानमा फिर्ताहुने पुनस्थापन हुने र आफ्नो विछोडीएको परिवारसँग एकिकृत हुने अवसर प्रदान गरिने छ।

८.३.२ प्राकृतिक प्रकोपका कारण विस्थापित ब्यक्ति वा परिवारलाई लक्षित कार्यक्रम वनाई सुविधाहरु उपलब्ध गराइनेछ।

८.३.३ पुनःस्थापित गरिएका स्थानमा निजहरुको व्यक्तिगत सुरक्षा एवं सामाजिक आर्थिक पूर्वाधारहरुको उपयुक्त व्यवस्था गरिने छ।

८.३.४ द्वन्द्वको समयमा जवरजस्ती कव्जामा लिएका वा लुटिएका भौतिक सम्पत्ति फिर्ता गर्न राज्यले आवश्यक व्यवस्थागर्ने छ।

८.३.५ प्राकृतिक प्रकोपको कारण विस्थापित व्यक्ति वा परिवारलाई सहुलियत कर्जा सम्वन्धि कार्यक्रममा समावेस गराई भूमि खरीद गर्ने कार्यमा सहयोग गर्ने व्यवस्था गरिने छ।

८.३.६ विस्थापित व्यक्तिहरुलाई पूर्वावस्थामा फिर्ता पठाउनको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गर्दा उनिहरुको सहभागिता जुटाईने छ। महिला सहभागितालाई विशेष प्राथमिकता दिईने छ।

८.३.७ समाजमा मेलमिलाप कायम गराई शान्तिपूर्ण वातावरण सिर्जना गर्न आवश्यक संयन्त्रको व्यवस्था गरिने छ।

**९. कार्यक्रम**

उल्लिखित रणनीति तथा नीतिहरु कार्यान्वयनका लागि देहायका कार्यक्रमहरु सञ्चालन गरिने छ।

९.१ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको दर्ता, परिचय पत्र, अभिलेख व्यवस्थापन तथा प्रमाणीकरण सम्बन्धी कार्यक्रम।

९.२ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुलाई राहत एवं अस्थायी आवास सुविधासम्बन्धी कार्यक्रम ।

९.३ आर्थिक रुपमा क्रियाशील रहन सक्ने व्यक्तिहरुका लागि रोजगार सम्बन्धी कार्यक्रमका साथै रोजगारी दिन सक्ने संघ संस्थाहरुमा विस्थापितहरुलाई रोजगारीको लागि सिफारिस गर्ने सेवा सम्वन्धी कार्यक्रम ।

९.४ स्वदेशी बजारमा रोजगार तथा स्वरोजगारका साथै वैदेशिक रोजगारका लागि उपयुक्त सीप विकाससम्बन्धी तालिम तथा अभिमुखी करण कार्यक्रम ।

९.५ विस्थापित हुन गएका कारणले विद्यालय जान नसकेकाहरुका लागि सरकारी तथा निजी क्षेत्रका शिक्षण संस्थाहरुमा विशेष कक्षा एवं छात्रवृत्तिको व्यवस्थ गरी अध्ययन जारी राख्ने कार्यक्रम तथा निःशुल्क प्राथमिक शिक्षाका साथै यथोचित छात्रवृत्ति, शिक्षण सामग्री, पाठ्य पुस्तक एवं छात्राबास सुविधाको व्यवस्था ।

९.६ विस्थापित वयस्कहरुलाई प्रौढ तथा अनौपचारीक शिक्षा कार्यक्रम ।

९.७ विस्थापितहरुलाई आ-आफ्नो स्थायी बासस्थानतर्फ सुरक्षित रुपमा फर्काउने कार्यक्रम ।

९.८ विस्थापित भई आएका व्यक्तिहरुलाई सकेसम्म आर्थिक उपार्जन गर्न सकिने र रोजगारसमेत उपलब्ध हुन सक्ने गरी स्थानीय ग्रामीण क्षेत्रमा नै उपयुक्त स्थानमा बसोबास व्यवस्थापन गर्ने कार्यक्रम ।

९.९ आन्तरिक विस्थापनको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रकाशनसम्बन्धी कार्यक्रम ।

९.१० आन्तरिक रुपमा विस्थापित व्यक्तिको मानसिक चोट उपचार (Trauma Healing) सम्बन्धी कार्यक्रम ।

९.११ सम्पूर्ण नेपालीहरुलाई विकास सुरक्षा र सामाजिक सेवा उपलब्ध गराई विस्थापन रोकथामसम्बन्धी अभियान मुलक कार्यक्रम ।

९.१२ महिला स्वास्थ्य तथा लैङ्गिक र अन्य दुर्व्यवहार पीडितहरुका लागि परामर्श तथा स्वास्थ्य सेवा कार्यक्रम ।

९.१३ महिला, बृद्ध बालबालिका तथा अनाथ, अपाङ्ग र यस्ता व्यक्तिहरुका लागि विशेषरुपमा लक्षित कार्यक्रम ।

९.१४ विस्थापित बालबालिकाहरुको शोषणविरुद्ध चेतना जागृति सम्बन्धी कार्यक्रम ।

९.१५ विस्थापितहरु बसोबास गरिरहेको स्थानमा घुम्ती स्वास्थ्य शिविर कार्यक्रम ।

९.१६ आन्तरिकरुपले विस्थापित घाइते, विरामी, अपाङ्ग, अशक्त व्यक्तिहरुलाई निःशुल्क रुपमा उपचार सेवा कार्यक्रम ।

९.१७ प्राप्त तालिमअनुसार स्वरोजगार शुरु गर्नका लागि वीज पूँजी (Seed Money) तथा तालिमपश्चात् आवश्यक अन्य सहयोग (Post Training Support) सम्बन्धी एकीकृत कार्यक्रम ।

९.१८ विस्थापित बृद्ध र अपाङ्गहरुका लागि सरकारले प्रदान गर्दै आएको वृद्ध भत्ता र अशक्त भत्ता विस्थापित भई बसोबास गरेकै ठाउँमा उपलब्ध गराउने व्यवस्था ।

९.१९ विस्थापितहरुलाई उनीहरुको मौलिक हक तथा अधिकारको बारेमा परामर्श तथा सचेतना सम्बन्धी कार्यक्रम ।

९.२० स्वास्थ्य तथा पोषणसंग सम्बन्धित सरकारी निकाय लगायत अन्य सम्वन्धित निकायहरुबाट विस्थापित परिवारका बालबालिकालाई पोषण तथा खाद्य आहार उपलब्ध गराउने व्यवस्था ।

९.२१ विस्थापित व्यक्ति तथा परिवारलाई कवुलियती वन कार्यक्रम ।

९.२२ आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको अभिलेख अद्यावधिक र यथार्थपरक बनाउन सम्बन्धित सरकारी निकायलगायत अन्य सम्वन्धित निकायलाई अझ बढी प्रभावकारी र विस्थापित व्यक्तिहरुप्रति थप संवेदनशील तुल्याइने कार्यक्रम ।

९.२३ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि गृह मन्त्रालयको द्वन्द्व व्यवस्थापन संयन्त्र र जिल्ला प्रशासन कार्यालयहरुमा संस्थागत क्षमता विकास कार्यक्रम ।

९.२४ यी कार्यक्रमहरु स्रोत र साधनको उपलब्धताको आधारमा प्राथमिकी करण गरि क्रमशः लागू गर्दै लगिने कार्यक्रम ।

## १०. नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

१०.१ आन्तरिक रुपले विस्थापित व्यक्तिको संरक्षण र पुनर्स्थापनको विषय बहुसम्वन्धित र सरोकारको भएकाले (Cross-Cutting) यसलाई सबै मन्त्रालय र निकायले आ-आफ्नो योजना विकास कार्यक्रम र वजेटको प्राथमिकतामा समावेशगर्ने ।

१०.२ यस नीतिको कार्यान्वयन शान्ति प्रक्रियासँग सम्वन्धित निकायहरुसँग समन्वय गरी गृह मन्त्रालयले गर्नेछ।

१०.३ नेपाल सरकारका विभिन्न मन्त्रालय/निकायहरु, स्थानीय निकायहरु, गैरसरकारी संस्था, निजी क्षेत्र, स्थानीय समुदायबाट संचालित कार्यक्रमहरुका माध्यमबाट सहकार्य र साझेदारीका आधारमा प्रस्तुत नीतिको कार्यान्वयन गरिने छ।

१०.४ अन्तर्राष्ट्रिय मानवीय तथा अन्य उपयुक्त संस्थाहरुलाई विस्थापितहरुलाई सहयोग पुऱ्याउन सक्ने उपयुक्त वातावरण सिर्जना गरिने छ।

१०.५ विस्थापितहरुलाई स्थानिय स्तरमा सहायता उपलब्ध गराउन सक्ने संभावित निकायहरुको विवरण अध्यावधिक गरि राख्ने र कार्यक्रममा समन्वय गर्ने गराउने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुनेछ।

१०.६ विस्थापित व्यक्ति तथा परिवारहरुको अभिलेख संकलन गरी सोको अध्यावधिक विवरण गृह मन्त्रालयमा पठाउने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुनेछ।

१०.७ यो नीति कार्यान्वयनका समयमा आवश्यक अनुगमन र मूल्याङ्कन गर्ने कार्य शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत् राष्ट्रिय योजना आयोगबाट गर्ने व्यवस्था मिलाइने छ।

१०.८ यस नीतिको प्रभावकारी कार्यान्वयनकालागि गृह मन्त्रालयको आन्तरिक रुपले विस्थापित व्यक्तिसम्वन्धि संयन्त्र र जिल्ला प्रशासन कार्यालयहरुमा संस्थागत क्षमता विकासका लागि विशेष उपाय अबलम्वन गरिनेछ।

१०.९ यो नीति कार्यान्वयन गर्न आवश्यक पर्ने कार्यविधि निर्देशिका तयार गरी जारी गरिनेछ।

## ११. संस्थागत संयन्त्रसम्बन्धी व्यवस्थाः

द्वन्द्वको कारणले विस्थापित हुन पुगेका व्यक्ति वा परिवारलाई उपलब्ध गराइने राहत लगायतका विभिन्न कार्यक्रम तर्जुमा र संचालन गर्ने सम्वन्धमा निर्देशन, समन्वय र अनुगमन गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन देहाय वमोजिमको संगठनात्मक संयन्त्र रहने छ।

### ११.१ केन्द्रीय निर्देशक समितिः

केन्द्रिय स्तरमा देहाय वमोजिमको निर्देशक समिति रहने छः

| | | |
|---|---|---|
| अध्यक्ष | – | माननीय गृहमन्त्री |
| सदस्य | – | माननीय अर्थमन्त्री |
| " | – | माननीय भौतिक योजना तथा निर्माणमन्त्री |
| " | – | माननीय स्थानीय विकासमन्त्री |
| " | – | माननीय शिक्षा तथा खेलकुदमन्त्री |
| " | – | माननीय स्वास्थ्य तथा जनसंख्यामन्त्री |
| " | – | माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| " | – | व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरु |

| | | |
|---|---|---|
| " | – | मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| " | – | सचिव, अर्थ मन्त्रालय |
| " | – | सचिव, गृह मन्त्रालय |
| " | – | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| " | – | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| " | – | आन्तरिक रुपमा विस्थापित व्यक्तिका विषयमा काम गर्ने गैरसरकारी संस्थाको प्रतिनिधि |
| " | – | नेपाल सरकार द्वारा मनोनित नागरिक समाजका प्रतिनिधि दुई जना |
| " | – | अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ |
| " | – | अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय समिति |
| " | – | सहसचिव, गृह मन्त्रालय (आन्तरिक रुपले विस्थापित व्यक्तिसम्बन्धी विषय हेर्ने) |

११.१.१ **केन्द्रीय निर्देशक समितिको कार्य तथा व्यवस्थाः**

(क) समितिले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको समस्याको सम्वन्धमा अन्तरमन्त्रालय समन्वय लगायत नीतिगत निर्देशन दिने छ।

(ख) समितिको बैठकमा संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गेरसरकारी संस्थालाई आमन्त्रण गर्न सकिने छ।

(ग) समितिले आवश्यकता अनुसार उप-समितिहरु गठन गर्न सक्नेछ। यस्ता उप-समितिको काम कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुने छ।

(घ) समितिले उप-समिति गठन गर्दा संयुक्त राष्ट्रसंघीय निकाय एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको यथोचित संलग्नता गराउने छ।

(ङ) समितिको बैठक आवश्यकताा अनुसार बस्न सक्नेछ। तर राष्ट्रिय योजना आयोगबाट बार्षिक कार्यक्रम स्वीकृत हुन अघि र अर्थ मन्त्रालयबाट कार्यक्रम तथा बजेट प्रस्तुत हुन अघि गरि कम्तिमा पनि वर्षको दुई पटक वैठक बस्ने छ।

११.१.२ सचिवालय : यस समितिको सचिवालय गृह मन्त्रालयमा रहने छ।

११.२ **केन्द्रीय कार्यक्रम समन्वय समितिः**

११.२.१ आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवारप्रति लक्षित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, समन्वय गर्न तथा केन्द्रीय निर्देशक समितिलाई रणनीति, नीति र कार्यक्रम सम्वन्धमा सुझाव तथा परामर्श दिन देहायबमोजिमको एउटा कार्यक्रम समन्वय समिति रहने छ।

| | | |
|---|---|---|
| मुख्य सचिव, नेपाल सरकार तथा प्रमुख शान्ति तथा पुनर्निर्माण मन्त्रालय | – | अध्यक्ष |
| सचिव, अर्थ मन्त्रालय | – | सदस्य |
| सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | – | सदस्य |
| सचिव, गृह मन्त्रालय | – | |
| सचिव, स्थानीय विकास मन्त्रालय | – | |
| सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | – | |
| सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | – | |

| | | |
|---|---|---|
| सचिव, बन तथा भू-संरक्षण मन्त्रालय | – | |
| सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | – | |
| सह-सचिव, द्वन्द्व तथा पुर्निर्माण महाशाखा, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | – | सदस्य सचिव |

११.२.२ केन्द्रीय कार्यक्रम समन्वय समितिमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय दातृ संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र आन्तरिकरुपमा विस्थापित व्यक्तिहरुको सम्वन्धमा कार्य गर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरुलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ।

### ११.३ **जिल्ला कार्यक्रम समन्वय समितिः**

जिल्लास्तरमा यस नीति अनुसारको कार्यक्रमको कार्यान्वयन एवं समन्वय गर्न देहाय बमोजिमको जिल्ला कार्यक्रम समन्वय समिति रहने छः

| | | |
|---|---|---|
| अध्यक्ष | – | प्रमुख जिल्ला अधिकारी |
| सदस्य | – | प्रमुख, स्थानीय शान्ति परिषद् |
| सदस्य | – | प्रमुख, जिल्ला प्रहरी कार्यालय |
| सदस्य | – | महिला विकास अधिकृत, महिला विकास कार्यालय |
| सदस्य | – | व्यवस्थापितका-संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलमध्ये स्थानीय स्तरमा क्रियाशील राज( नीतिक दलका प्रतिनिधि |
| सदस्य | – | सभापति, जिल्ला रेडक्रस समिति |
| सदस्य | – | सभापति, जिल्ला उद्योग वाणिज्य संघ |
| सदस्य | – | स्थानीय गैर सरकारी संस्था मध्येबाट समितिका अध्यक्षले तोकेको दुई जना |
| सदस्य | – | विस्थापित व्यक्तिहरको कुनै संघ संस्थाभए त्यस संस्थाले छानेको २ जना र त्यस्तो संस्था नभए अध्यक्षले तोकेको २ जना प्रतिनिधि |
| सदसय सचिव | – | स्थानीय विकास अधिकारी |

११.३.१ जिल्ला कार्यक्रम समन्वय समितिका कार्यहरुः

(क) यस समितिले जिल्लास्तरमा संचालित कार्यक्रमहरुको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन गर्नेछ।

(ख) जिल्लामा संचालित विस्थापित सम्वन्धी कार्यक्रमको प्रगति प्रतिवेदन केन्द्रीय कार्यक्रम समन्वय समितिमा पठाउने छ।

(ग) जिल्ला प्रशासन कार्यालयबाट आन्तरिक रुपमा विस्थापित सम्वन्धमा गरिने विभिन्न कार्य लगायत यस समितिको कार्यहरु सदस्य सचिवले गर्नेछ।

(घ) यस समितिले जिल्लास्थित स्थानीय समुदाय, स्थानीय निकाय, गैर सरकारी संस्था, स्थानीय उद्योग वाणिज्य संघ लगायतका सवै निकायहरुलाई विस्थापितहरुलाई सहयोग र सहायता पुऱ्याउन प्रोत्साहित गर्ने छ।

११.३.२ सचिवालयः यस समितिको सचिवालय जिल्ला विकास समितिमा रहने छ।

### ११.४ **विस्थापित व्यक्ति पहिचान समितिः**

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरको पहिचान गर्न र सरल रुपमा परिचयपत्र प्रदान गर्न जिल्लास्तरमा देहाय वमोजिमको आन्तरिक रुपमा विस्थापित व्यक्ति पहिचान समिति रहिने छ।

| | | |
|---|---|---|
| अध्यक्ष | – | प्रमुख स्थानीय शान्ति परिषद् वा परिषद् गठन नभइसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारी |
| सदस्य | – | स्थानीय शान्ति परिषद्का सदस्य प्रतिनिधि दुईजना |
| | – | स्थानीय विकास अधिकारी |
| | – | प्रमुख, जिल्ला प्रहरी कार्यालय |
| सदस्य सचिव | – | सहायक प्रमुख जिल्ला अधिकारी वा प्र.जि.अ.ले तोकेको अधिकृत स्तरको कर्मचारी |

११.५ **अन्य व्यवस्थाः**

(१) स्थानीयस्तरमा स्थानीय निकायहरु तथा स्थानीय शान्ति परिषद्समेतको समनवयमा जिल्ला कार्यक्रम कार्यान्वयन समितिले कार्यक्रम संचालन गर्ने र केन्द्रीयस्तरमा राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

(२) द्वन्द्व प्रभावित क्षेत्रमा सुरक्षा र विकास निर्माणका कार्यहरलाई समन्वयात्मक रुपमा लैजान मन्त्रालयस्तरमा सम्पर्क विन्दु (Focal Point) को व्यवस्था गरी गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत् समन्वयात्मक प्रयास अघि बढाइने छ।

(३) आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको अभिलेख संकलन, विश्लेषण, प्रकाशन, सार्वजनिकीकरण (Dissemination) र उपयुक्त व्यवस्थापन गर्न सवै किसिमका संचार माध्यमहरुबाट केन्द्रीय स्तरमा गृह मन्त्रालय र जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालय तथा स्थानीय निकायहरुलाई परिचालन गरिने छ।

१२. **पहिचान गर्ने आधार**

आन्तरिक रुपले विस्थापित व्यक्ति वा परिवारको पहिचान देहायको आधारमा गरिनेछ।

१२.१ सशस्त्र द्वन्द्व, हिंसा वा मानव अधिकारको गम्भीर उल्लंघनको अवस्थाको कारण विस्थापित व्यक्ति वा परिवारको पहिचान :

(क) सशस्त्र द्वन्द्व वा हिंसाको अवस्थामा द्वन्द्वरत कुनै पक्षले घर जग्गा वा भौतिक सम्पत्ति कब्जा गरेको वा दोहोरो भिडन्तमा परि नष्ट भएको कारण विस्थापित भएको, वा

(ख) द्वन्द्वरत कुनै पक्षको डर, त्रास, धम्की वा शारीरिक वा मानसिक यातना वा व्यक्तिगत असुरक्षाको कारण विस्थापित भएको, वा

(ग) सशस्त्र द्वन्द्व वा हिंसाको कारण जीविकोपार्जनको साधन वा उपाय नष्ट भै वा नभई जीविकोपार्जनको समस्या उत्पन्न भै विस्थापित भएको, वा

(घ) गम्भीर रुपमा मानव अधिकार उल्लंघनको अवस्था सिर्जना भै विस्थापित भएको, वा

(ङ) सामाजिक कुरीति वा अन्ध विश्वासको कारणले समाजमा अपहेलित भई विस्थापन भएको।

१२.२ **मानव सिर्जित अवस्थाबाट विस्थापित व्यक्ति वा परिवारको पहिचानः**

(क) विकास आयोजनाको निर्माण सुधारका कारणबाट विस्थापित भएको,

(ख) उद्योग, कलकारखाना निर्माण वा सञ्चालनका कारणबाट विस्थापित भएको, तथा

(ग) मानवसिर्जित विपत्तिको कारण संरचनामा क्षति वा नष्ट भई विस्थापित भएको,

१२.३ **प्राकृतिक विपद्को कारण विस्थापित व्यक्ति वा परिवारको पहिचानः** प्राकृतिक विपद्को कारण विस्थापित भएको।

# द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३

१. **पृष्ठभूमिः**

२०५२ सालदेखि शुरु भएको सशस्त्र द्वन्द्वका कारण हजारौं नेपालीहरु आफ्नो बसोबास भएको स्थानबाट विस्थापित भई मुलुकका विभिन्न भागमा कष्टप्रद जीवनयापन गरिरहेका छन् । आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई भरणपोषणका लागि सहयोग गर्ने, साविक बासस्थानमा फर्कन प्रतिपरिवार एकमुष्ठ सहयोग उपलब्ध गराउने जस्ता कार्यहरु सरकारी तथा गैरसरकारी क्षेत्रबाट विगतदेखि भैरहेका छन् तापनि भयमुक्त वातावरणको अभावमा सबै विस्थापित व्यक्तिहरु आफ्नो साविक वासस्थानमा फर्कन सकिरहेका छैनन् । देशमा शान्ति र स्थायित्वका लागि राजनैतिक दलहरुका बीचमा भएको विस्तृत शान्ति सम्झौता पश्चात् मुलुकको शान्ति सुरक्षाको स्थितिमा सुधार भई विस्थापित व्यक्तिहरुलाई घर फर्किने अनुकूल वातावरण सिर्जना भएको छ । आर्थिक वर्ष २०६३।६४ को बजेट बक्तव्यमा विस्थापित परिवारलाई सहयोग उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे अनुसार सहयोगउपलब्ध भैरहेको छ। विस्थापित व्यक्तिहरुलाई पुनस्थापन गर्ने लगायत शान्ति प्रक्रियाका विभिन्न कार्यमा खर्च जुटाउन नेपाल सरकारले शान्ति कोषको स्थापना गरेको छ । त्यसरी नै आन्तरिक विस्थापनको समस्यालाई सम्बोधन गर्न आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०६३ समेत स्वीकृत भइसकेको छ ।

विस्थापित व्यक्तिहरुलाई तत्काल राहत सुविधा उपलब्ध गराई आफ्नो साविक बासस्थानमा फर्काउने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६३।११।१४ मा थप नीतिगत निर्णय समेत भएको छ । त्यसर्थ मन्त्रिपरिषद्को उक्त नीतिगत निर्णय कार्यान्वयन गर्न प्रस्तुत निर्देशिका तयार गरिएको छ ।

२. **मन्त्रिपरिषद्बाट भएको निर्णयः**

विस्थापित व्यक्तिहरुलाई सुरक्षित रुपमा ससम्मान आफ्नो साविक स्थानमा फर्कन सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०६३।११।१४ मा द्वन्द्वका कारण विस्थापित भएका परिबारको राहतको लागि सहयोग पुऱ्याउन देहाय बमोजिम गर्ने निर्णय भएको छ ।

(क) विस्थापित व्यक्तिलाई घर फर्कन यातायात खर्च दुरी अनुसार प्रतिव्यक्ति रु. ३००।- देखि रु. १०००।- सम्म दिने ।

तर कर्णाली अञ्चलको हकमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा छुट्टै दररेट कायम हुने ।

(ख) विस्थापित व्यक्तिलाई राहत भरण पोषणका लागि २ महिनासम्म प्रतिव्यक्ति प्रतिदिन रु. ६०।- दिने ।

(ग) विस्थापित परिवारलाई प्रति परिवार घर मर्मत गर्न रु. ५०००।- वा घर निर्माण गर्न पर्ने भएमा रु. १०,०००।- एकमुष्ट दिने ।

(घ) विस्थापित व्यक्तिका बालबालिकालाई शैक्षिक राहत स्वरुप प्रति बालबालिकालाई एक पटक रु. १०००।- एकमुष्ट दिने ।

(ङ) विस्थापित परिवारलाई आयआर्जनका लागि विउ विजन कच्चा पदार्थ खरीद गर्न रु. १०,०००।- र कृषि उपकरण, बस्तुभाउ/उद्योग व्यवसाय/औद्योगिक उपकरण खरीद गर्न रु. १०,०००।- गरी एकमुष्ट रु. २०,०००।- निर्व्याजी ऋण उपलब्ध गराउने । उक्त ऋण पाँच वर्षपछि ऋणीले तिर्ने व्यवस्था मिलाउने ।

(च) उल्लिखित खण्ड (क) वमोजिमको सुविधा विस्थापित बसोबास गरेको जिल्लाको सदरमुकामबाट र खण्ड (ख), (ग), (घ) र (ङ) वमोजिमको सुविधा पहिलेको बसोबास भएको ठाउँमा फर्की सकेपछि सो ठाउँको नजिकको बैङ्कबाट उपलब्ध गराउने ।"

**३. परिभाषाः**

यस निर्देशिकाको प्रयोजनको लागि

(क) "नीति" भन्नाले आन्तरिक रुपमा विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति, २०६३ लाई सम्झनु पर्छ ।

(ख) "द्वन्द्वबाट विस्थापित व्यक्ति वा परिवार" भन्नाले खास गरी सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानव अधिकार उल्लंघनको गम्भीर अवस्थाको कारण आफ्नो घरबास वा वसोवास गर्दै आएको स्थानमा बस्न नसक्ने अवस्था उत्पन्न भई बाध्यात्मक किसिमबाट आन्तरिक रुपमा विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ग) "निर्णय" भन्नाले द्वन्द्वका कारणले विस्थापित भएका परिवारको राहत सुविधा सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६३।११।१४ को निर्णयलाई सम्झनु पर्छ ।

(घ) "बैंक" भन्नाले यो राहत सुविधा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले तोकेको बैंकलाइ जनाउने छ ।

**४. विस्थापित व्यक्ति वा परिवारको पहिचानः**

विस्थापित व्यक्ति वा परिवारको पहिचानको लागि यसपूर्व जिल्लास्थित विस्थापित पहिचान समितिले विस्थापितको रुपमा पहिचान गरी दर्ता भएका वा नीतिको दफा ११.४ मा व्यवस्था भएको विस्थापित व्यक्ति पहिचान समितिले विस्थापित व्यक्ति वा परिवारको रुपमा पहिचान गरी दर्ता भएका विस्थापित व्यक्तिहरुलाई मात्र यस निर्देशिका बमोजिमको राहत सुविधा उपलब्ध गराइने छ ।

विस्थापित व्यक्ति पहिचान समितिले नीतिको दफा १२ बमोजिम देहायका आधारमा द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिहरुको पहिचान गर्ने छ ।

(क) सशस्त्र द्वन्द्व वा हिंसाको अवस्थामा द्वन्द्वरत कुनै पक्षले घरजग्गा वा भौतिक सम्पत्ति कब्जा गरेको वा दोहोरो भिडन्तमा परी नष्ट भएको कारण विस्थापित भएको,

(ख) द्वन्द्वरत कुनै पक्षको डर, त्रास, धम्की वा शारीरिक वा मानसिक यातना वा व्यक्तिगत असुरक्षाको कारण विस्थापित भएको,

(ग) सशस्त्र द्वन्द्व वा हिंसाको कारण जीविकोपार्जनको साधन वा उपाय नष्ट भै वा नभई जीविकोपार्जनको समस्या उत्पन्न भै विस्थापित भएको,

(घ) गम्भीर रुपमा मानव अधिकार उल्लंघनको अवस्था सिर्जना भै विस्थापित भएको वा

(ङ) सामाजिक कुरीति वा अन्धविश्वासको कारणले समाजमा अपहेलित भई विस्थापन भएको ।

विस्थापित व्यक्तिहरुको पहिचान गर्नका लागि नीतिको दफा ११.४ मा व्यवस्था भए अनुसार देहाय बमोजिमको विस्थापित पहिचान समिति रहने छ ।

अध्यक्ष - प्रमुख, स्थानीय शान्ति परिषद् वा परिषद् गठन नभइसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| सदस्य | - स्थानीय शान्ति परिषद्‌का सदस्य प्रतिनिधिहरु दुईजना |
| सदस्य | - स्थानीय विकास अधिकारी |
| सदस्य | - प्रमुख, जिल्ला प्रहरी कार्यालय |
| सदस्य सचिव | - सहायक प्रमुख जिल्ला अधिकारी वा प्र.जि.अ.ले तोकेको अधिकृत स्तरको कर्मचारी |

**५. विस्थापित भै बसोबास गरेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट उपलव्ध हुने राहत सुविधाः**

(क) निर्णयको खण्ड (क) बमोजिम उपलब्ध गराइने यातायात खर्चवापत न्यूनतम रु. ३००।- भन्दा बढी दिनु पर्दा प्रचलित सार्वजनिक बस भाडा दरलाई आधार मानी प्रमुख जिल्ला अधिकारीले निर्धारण गरे बमोजिम प्रतिव्यक्ति बढीमा रु. १०००।- सम्म दिने ।

(ख) कर्णाली अञ्चलको हकमा विस्थापित व्यक्ति फर्कने जिल्लाको निकटको विमानस्थलसम्म पुग्न लाग्ने हवाई भाडा र अन्य यातायात खर्च वापत अधिकतम रु. १०००।- सम्म प्रमुख जिल्ला अधिकारीले निर्णय गरी उपलब्ध गराउने छ।

(ग) यसरी भुक्तानी गरिएको यातायात खर्च तथा व्यक्तिहरुको विवरण भुक्तानी गर्ने जिल्ला प्रशासन कार्यालयले सम्बन्धित विस्थापित व्यक्ति वा परिवार फर्की जाने जिल्लाको जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

**६. विस्थापित व्यक्ति आफ्नो स्थायी बसोबास भएको जिल्लामा फर्किसकेपछि सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध हुने अनुदान राहत सुविधा :**

६.१. भरणपोषण खर्चः विस्थापित व्यक्ति आफ्नो साविक बसोबासको स्थानमा फर्किएको प्रमाणित भएपछि मात्र भरणपोषण बापतको रकम उपलब्ध गराइने छ। आफ्नो बसोबासको स्थानमा फर्किएको प्रमाणको लागि विस्थापित व्यक्तिले सम्बन्धित गा.वि.स. सचिव वा निज अनुपस्थित रहेको अवस्थामा सो स्थानको नजिकैको कुनै सरकारी विद्यालयको प्रधानाध्यापकले प्रमाणित गरिदिएको विवरणलाई प्रमुख जिल्ला अधिकारीले आधारको रुपमा लिने छ।

६.२. घर मर्मत तथा निर्माण खर्चः विस्थापित परिवारले घर मर्मत गर्न वा घर निर्माण गर्न पाउने दुई सुविधामध्ये कुनै एक सुविधा मात्र पाउने छ। घर निर्माणवापत रु. १०,०००।- उपलब्ध गराउनु पर्दा घर निर्माण गर्नुपर्ने अवस्था हो होइन भन्ने बारे प्रमुख जिल्ला अधिकारीले वास्तविकता बुझी भुक्तानी गर्नेछ।

६.३. शैक्षिक राहतः शैक्षिक राहतस्वरुप एकमुष्ठ उपलब्ध गराइने रकम विस्थापित व्यक्तिका १६ वर्ष मुनिका बालबालिकाहरुलाई मात्र उपलब्ध गराइने छ। बालबालिकाको उमेर यकिन गर्न जन्म दर्ता प्रमाण पत्र वा गाउँ विकास समितिको सिफारिश वा शैक्षिक संस्थाबाट दिइएको उमेर खुलेको कागजात वा प्रमुख जिल्ला अधिकारीले उपयुक्त देखेको अन्य कुनै आधार लिन सकिनेछ।

६.४. यस दफा अन्तरगतको रकम भुक्तानीका लागि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा माग गर्नेछ।

**७. जिल्ला प्रशासन कार्यालयको सिफारिशमा बैंकबाट उपलब्ध हुने निर्व्याजी ऋण सुविधाः**

निर्णयको खण्ड (ङ) बमोजिम उपलब्ध हुने ५ वर्षे निर्व्याजी ऋण सुविधा नेपाल सरकारको जमानतमा

तोकिएको बैंकबाट उपलब्ध हुनेछ। ऋण प्रवाह गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारीले बैंकलाई सिफारिश गर्ने छ। यसरी उपलब्ध गराइएको ऋण रकम ५ वर्षपछि भुक्तानी गर्नु पर्नेछ।

**८. बजेट व्यवस्था, रकम निकासा तथा भुक्तानी प्रक्रिया :**

८.१. निर्णयको खण्ड (क), (ख), (ग) र (घ) अनुसारको यातायात खर्च, भरणपोषण खर्च, घर मर्मत वा निर्माण खर्च र शैक्षिक राहत वापत आवश्यक पर्ने रकम गृह मन्त्रालयले अर्थ मन्त्रालयमा माग गर्नेछ। यस्तो माग पठाउँदा जिल्लागत रुपमा आवश्यक पर्ने रकम खुलाई पठाउनु पर्नेछ। अर्थ मन्त्रालयले माग भए अनुसारको रकम अनुदान संकेत र खर्च शीर्षकसमेत खोली महालेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने छ। सो रकम प्रमुख जिल्ला अधिकारीले माग गरे बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिने छ।

८.२. निर्णयको खण्ड (ङ) बमोजिम उपलब्ध गराइएको निर्व्याजी ऋण रकमको व्याज वापतको रकम भुक्तानीको लागि बैंकले सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा माग गर्ने छ। यस्तो व्याज वापत आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालय मार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा  निकासा उपलब्ध गराउने छ।

८.३. निर्णयको खण्ड (क) बमोजिमको यातायात खर्च विस्थापित व्यक्ति विस्थापित भई बसोबास गरेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट र खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमको भरणपोषण, घर मर्मत वा निर्माण, शैक्षिक राहत र आयआर्जन वापतको ऋण रकम विस्थापित व्यक्ति आफ्नो स्थायी बसोबास भएको ठाउँमा फर्किसकेपछि मात्र उपलब्ध गराइने छ।

८.४. यस निर्देशिका बमोजिम राहत सुविधा पाउने व्यक्तिहरको नामाबली र प्राप्त रकमको विवरण प्रत्येक जिल्ला प्रशासन कार्यालयले प्रकाशन गरी सार्बजनिक गर्ने व्यवस्था मिलाउने छ।

८.५. अभिलेख व्यवस्था : राहत सुबिधा बापत उपलब्ध गराएको अनुदान र ऋण रकमको अभिलेख सम्बन्धित जिल्ला प्रशासन कार्यालयले राख्नु पर्नेछ। सो अभिलेखको विवरण गृह मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

**९. यस निर्देशिकाका विभिन्न दफाहरु बमोजिमका कामकारवाहीको लागि आवश्यक फारामहरु देहाय बमोजिम हुनेछन् ।**

| सि.नं. | सम्बन्धित दफा | प्रयोजन | अनुसूची नं. |
|---|---|---|---|
| १ | ५ | यातायात खर्च माग गर्ने निवेदन | १ |
| २ | ५ | यातायात खर्च उपलब्ध गराएको जानकारी | २ |
| ३ | ६.१, ६.२, ६.३ | भरणपोषण, घरमर्मत वा निर्माण र शैक्षिक राहत खर्च माग गर्ने निवेदन | ३ |
| ४ | ७ | आय आर्जनका लागि ऋण माग गर्ने निवेदन | ४ |
| ५ | ७ | आय आर्जनका लागि ऋण उपलब्ध गराउन बैंकलाई लेख्ने पत्र | ५ |

**अनुसूची–१**
(दफा ५ सँग सम्बन्धित)

मिति : .......................

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, ............................ ।

## विषय : यातायात खर्च उपलब्ध गराई पाउ ।

............................... जिल्ला .............................. न.पा./गा.वि.स. वडा नं. ........ मा स्थायी बसोबास भएको म ................................................/सपरिवार द्वन्द्वका कारण मिति ........................ देखि विस्थापित भई ......................... जिल्ला ............................... गा.वि.स./न.पा. वडा नं. .......... मा बसोबास गरिरहेको छु। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६३।११।१४ मा द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिहरुलाई पूर्व बसोबास भएको स्थानमा फर्कन यातायात खर्च लगायत अन्य राहत सहयोग उपलब्ध गराउने निर्णय भएको छ। त्यसर्थ म एक्लै/सपरिवार आफ्नो घर फर्कन आवश्यक यातायात खर्च रु. ....................... उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु।

**विस्थापित परिवारका सदस्यहरुको विवरण**

| सि.नं. | नाम, थर | उमेर | घरमुलीसंगको नाता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

संलग्न कागजातहरु :
१.
२.

निवेदक

अनुसूची–२

(दफा ५ सँग सम्बन्धित)

मिति : ......................

श्री जिल्ला प्रशासन कार्यालय,

.................................... ।

**विषय : यातायात खर्च उपलब्ध गराएको ।**

त्यस जिल्ला अन्तर्गत ........................ गा.वि.स./न.पा. वडा नं. ............. मा स्थायी बसोबास भई हाल यस जिल्लाको .............................. गा.वि.स./न.पा. वडा नं. ............... मा विस्थापित भई बसोबास गरिरहेका श्री ......................................... सपरिवार आफ्नो बसोबास भएको स्थानमा पुनर्स्थापित हुन चाहेकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०६३।११।१४ को निर्णय अनुसार निज/निजका परिवारलाई घर फर्कन यातायात खर्च बापत जम्मा रु. .................... उपलब्ध गराइएको हुँदा सोही व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

पूर्व बसोबास भएको स्थानमा फर्कने विस्थापित परिवारका सदस्यहरु

१.

२.

३.

४.

५.

६.

प्रमुख जिल्ला अधिकारी

**अनुसूची–३**

(दफा ६ को उपदफा ६.१, ६.२ र ६.३ संग सम्बन्धित)

मिति : ..................

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, .......................... ।

**विषय : भरणपोषण खर्च/घर मर्मत वा घर निर्माण खर्च (कुनै एक कमात्र)/शैक्षिक राहत पाउा ।**

म द्वन्द्वका कारण मिति ....................... देखि विस्थापित भई ............................ जिल्ला अन्तर्गत ............................... गा.वि.स./न.पा. वडा नं. ............ मा बसोबास गर्दै आएकोमा हाल पुनःस्थापित भई पूर्व बसोबास भएको स्थानमा बसीरहेको छु। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६३।११।१४ मा द्वन्द्वका कारण बिस्थापित भएका व्यक्तिहरुलाई पूर्व बसोबास भएको स्थानमा फर्किसकेपछि भरणपोषण खर्च, घर मर्मत वा निर्माण खर्च र शैक्षिक राहत वापत सहयोग उपलब्ध गराउने निर्णय भएको हुँदा तदनुरुपम सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु।

विस्थापित परिवारका सदस्यहरुको विवरण

| सि.नं. | नाम, थर | उमेर | घरमुलीसंगको नाता |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

संलग्न कागजातहरु :
१.
२.

निवेदक

**अनुसूची–४**
(दफा ७ सँग सम्बन्धित)

मिति : ................

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, ......................... ।

**विषय : आय आर्जकालागि विउ, विजन कच्चा पदार्थ खरिद गर्न/कृषि उपकरण वस्तुभाउ/उद्योग ब्यवसाय औद्योगिक उपकरण खरिद गर्न ऋण उपलब्ध गराई पाउँ ।**

म र मेरो परिवार द्वन्द्वका कारण मिति ......................... देखि विस्थापित भई ................. जिल्ला ................................... न.पा./गा.वि.स. वडा नं. ......... मा बसोबास गर्दै आएकोमा हाल पुनस्थापित भई मेरो स्थायी बसोबास भएको स्थान ................................... गा.वि.स./न.पा. वडा नं. .......... मा बसोबास गरीरहेको छु। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति ०६३।११।१४ मा भएको निर्णय अनुसार ऋण स्वरुप आय आर्जनका लागि विउ, विजन, कच्चा पदार्थ खरिद गर्न, कृषि उपकरण बस्तुभाउ उद्योग व्यवसाय औद्योगिक उपकरण खरिद गर्न रु. .................. उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु।

**निवदेक**

## अनुसूची–५
(दफा ७ सँग सम्वन्धित)

मिति : ..................

श्री ................................. बैंक,
.............................................. ।

**विषय : आय आर्जनकालागि विउ, विजन कच्चा पदार्थ खरिद गर्न/कृषि उपकरण बस्तुभाउ/उद्योग, ब्यवसाय औद्योगिक उपकरण खरिद गर्न ऋण उपलब्ध गराई दिने ।**

.............................. जिल्ला ................................ न.पा./गा.वि.स. वडा नं. ....... बस्ने ....................................... सपरिवार मिति ........................ देखि द्वन्द्वका कारण विस्थापित भई ...................... जिल्ला ............................ न.पा./गा.वि.स. वडा नं. ........ मा सपरिवार बसोबास गरिरहेकोमा निज मिति ....................... देखि स्थायी बसोबास भएको स्थानमा फर्किई पुनस्थापन हुनु भएको छ । जिलाई आय आर्जनका लागि बिउ, विजन, कच्चा पदार्थ खरिद गर्न, कृषि उपकरण, बस्तुभाउ, उद्योग व्यवसाय औद्योगिक उपकरण खरिद गर्न जम्मा रु. ...................... ऋण उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

बोधार्थ तथा कार्यार्थ :
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
.................................. ।

**प्रमुख जिल्ला अधिकारी**

**नेपाल सरकार**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**
**शान्ति कोष (सञ्चालन) नियमावली, २०६५**

नेपाल राजपत्रमा प्रकाशित मिति २०६५/८/४

**संशोधन**

| | |
|---|---|
| **शान्ति कोष (सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०६८** | **२०६९/१/२५** |
| **शान्ति कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७२** | **२०७२/४/२५** |

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

**परिच्छेद-१**
**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "शान्ति कोष (सञ्चालन) नियमावली, २०६५" रहेकोछ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–
(क) **"कोष"** भन्नाले नियम ३ बमोजिम स्थापना भएको शान्ति कोष सम्झनु पर्छ ।
(ख) **"समिति"** भन्नाले नियम ६ बमोजिम गठन भएको कोष सञ्चालक समिति सम्झनु पर्छ ।
(ग) **"प्राविधिक समिति"** भन्नाले नियम ९ बमोजिम गठन भएको प्राविधिक समिति सम्झनु पर्छ ।
(घ) **"आयोजना"** भन्नाले नियम ४ बमोजिमको कुनै काम गर्नको लागि आयोजना कार्यान्वयन निकायद्वारा तयार गरिएको कार्यक्रम सम्झनु पर्छ ।
(ङ) **"आयोजना कार्यान्वयन निकाय"** भन्नाले आयोजना कार्यान्वयन गर्नको लागि समितिले छनौट गरेको सरकारी निकाय, समुदायमा आधारित संस्था, प्रचलित कानून बमोजिम दर्ता भएको गैर सरकारी संस्था वा प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त अन्तर्राष्ट्रिय संस्था सम्झनु पर्छ ।
स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "समुदायमा आधारित संस्था" भन्नाले कोषको कामकारवाहीसँग सम्बन्धित क्षेत्रमा काम गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ ।
(च) **"विस्थापित"** भन्नाले द्वन्द्वबाट विस्थापित व्यक्ति, परिवार एवं समुदाय* सम्झनु पर्छ ।
(छ) **"मन्त्रालय"** भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।
♦(ज) **"सचिवालय"** भन्नाले कोष सञ्चालन गर्नको लागि नेपाल सरकारले स्थापना गरेको शान्ति कोष सचिवालय सम्झनु पर्छ ।

**परिच्छेद-२**
**कोषको स्थापना तथा काम, कर्तव्य र अधिकार**

३. कोषको स्थापना : (१) शान्ति कोष नामको एक कोष स्थापना गरिएकोछ ।
(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका नगद तथा वस्तुगत सहायता रहनेछ :-
(क) नेपाल सरकारबाट प्राप्त,

* पहिलो संशोधन २०६८ द्वारा संशोधित
♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित

(ख) विदेशी सरकार वा व्यक्ति, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त,

(ग) गैर आवासीय नेपालीबाट प्राप्त,

(घ) अन्तर्राष्ट्रिय च्यारिटीबाट प्राप्त,

(ङ) नेपाली संघ, संस्था वा व्यक्तिबाट प्राप्त,

(च) अन्य स्रोतबाट प्राप्त ।

♦(३) उपनियम (२) को खण्ड (ख) बमोजिम विदेशी दाताबाट संयुक्त वित्तीय व्यवस्था अन्तर्गत प्राप्त हुने नगद सहायता नेपाल राष्ट्र बैंकमा खोलिएको र महालेखा नियन्त्रकको कार्यालयबाट तोकिएको खातामा जम्मा गरिनेछ ।

♠(३क) विदेशी दाताबाट संयुक्त वित्तीय व्यवस्था अन्तर्गत प्राप्त हुने सहायता रकम बाहेक उपनियम (२) बमोजिम प्राप्त हुने अन्य नगद सहायता नेपाल सरकारको केन्द्रीय खातामा जम्मा गरिनेछ ।

(४) समितिले उपनियम (३) र (३क)♦ बमोजिम जम्मा भएको नगद रकम मध्येबाट सचिवालयको प्रशासनिक खर्च र सरकारी निकाय बाहेकका संस्थाबाट सञ्चालन हुने आयोजनाको लागि आवश्यक पर्ने रकम नेपाल सरकारबाट माग गरी कोषको नाममा नेपाल राष्ट्र बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको खाताको सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

४. **कोषको काम, कर्तव्य र अधिकार** : कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विस्थापितको पुन:स्थापना गर्न आवश्यक सहयोग गर्ने,

♦(ख) संविधान सभाले तयार गरेको संविधानको मस्यौदा उपर हुने छलफलको लागि आवश्यक सहयोग गर्ने,

(ग) शान्ति, सुरक्षा प्रवर्द्धन तथा सुदृढीकरण गर्न आवश्यक पर्ने भौतिक संरचना, यन्त्र, उपकरण, सामग्री, सञ्चार व्यवस्था र तालिमको लागि आवश्यक पर्ने प्राविधिक, नगद तथा जिन्सीको प्रबन्ध गर्ने,

♦(घ) संक्रमणकालीन न्याय सम्बन्धमा नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप दातृ संस्थासँगको सम्झौता वा समझदारीमा तयार गरेका आयोजनामा सहयोग गर्ने,
तर सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको काम कारबाही र आन्तरिक व्यवस्थापनको लागि कोषको रकमबाट सहयोग गरिने छैन ।

(ङ) शान्ति प्रक्रिया, शान्ति सम्झौता र सो सम्झौतासँग सम्बन्धित अन्य सम्झौताको कार्यान्वयन गर्नको लागि त्यस्तो सम्झौतासँग सम्बन्धित संस्थाको गठन तथा सञ्चालन गर्न सहयोग पुऱ्याउने,

(च) द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार एवं समुदायको♣ पुन:स्थापना गर्न सहयोग पुऱ्याउने,

(छ) कोषको रणनीति, कार्यनीति र आयोजना तथा आयोजना कार्यान्वयन गर्ने निकायको छनौट र सञ्चालन सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई स्वीकृत गर्ने,

♦(ज) बारुदी सुरुङ तथा विष्फोटक पदार्थको विष्फोटनबाट हुन सक्ने क्षति न्यूनीकरण गर्ने सम्बन्धमा जनचेतना अभियान तथा तालिम सञ्चालन गर्ने,

♦(झ) ...........................

(ञ) शान्ति स्थापना गर्ने कार्यमा सहयोग पुर्याउन मुलुकभित्र सञ्चालित अन्य कार्यक्रमहरुलाई सहयोग गर्ने,

(ट) नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था स्वदेशी वा विदेशी व्यक्तिबाट कोषलाई आवश्यक पर्ने प्राविधिक, नगद तथा वस्तुगत सहायता स्वीकार गर्ने,

♦(ठ) आयोजना छनौट गरी स्वीकृत गर्ने,

---

♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित

♣ पहिलो संशोधन २०६८ द्वारा संशोधित

♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित

♦ दोस्रो संशोधन २०७२ द्वारा झिकिएको

(ड) आयोजना कार्यान्वयन गर्ने निकाय छनौट गर्ने,

(ढ) आयोजनाको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने र त्यस्तो आयोजनाको प्रगति तथा प्रभावको समीक्षा, मूल्याङ्कन र विश्लेषण गरी चौमासिक तथा वार्षिक♦ प्रगति प्रतिवेदन प्रकाशन गर्ने,

(ण) कोषले गर्ने कार्य वा त्यस्तो कार्य अन्तर्गत सञ्चालन गरिने विभिन्न आयोजनाको प्राथमिकता निर्धारण गर्ने,

(त) मुलुकभित्र अन्य स्रोतबाट सञ्चालन हुने शान्ति स्थापना सम्बन्धी कामकारबाहीको समन्वय गर्ने,

(थ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त प्राविधिक, नगद वा वस्तुगत खर्चको विवरण र आयोजनाको भौतिक अवस्था, प्रगति तथा प्रभावको विवरण त्यस्ता सरकार वा संस्थाले माग गरेमा उपलब्ध गराउने,

(द) आयोजना कार्यान्वयनको लागि आवश्यकतानुसार परामर्शदाताको सेवा लिने,

▽(द१) मन्त्रालय एवं सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सन्चालन गर्ने,

▽(द२) कोषसँग सम्बन्धित विषयमा समितिलाई सहयोग गर्न उपसमिति गठन गर्ने,

(ध) कोषसँग सम्बन्धित आवश्यक अन्य काम गर्ने ।

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि,

(१) "विस्थापितको पुन:स्थापना" भन्नाले विस्थापितलाई घर फर्काउने, तत्काल बसोबास गरिरहेको स्थान वा अन्य कुनै स्थानमा पुन:स्थापना गर्ने, व्यावसायिक सीप विकास तालिम दिने, कुनै पेशामा संलग्न गराउने वा विस्थापितका परिवार तथा बालबालिकालाई आवश्यक पर्ने शिक्षा प्रदान गर्ने, आर्थिक सहयोग उपलब्ध गराउने वा सामाजिक सेवा प्रदान गर्ने कार्य सम्झनु पर्छ ।

(२) "निर्वाचन सम्बन्धी कार्य" भन्नाले संविधान सभा तथा अन्य निकायको निर्वाचन सम्बन्धी तालिम, मतदान केन्द्र निर्धारण, मतदाता शिक्षा सञ्चालन, निर्वाचन सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द एवं अन्य सामग्री खरिद, निर्वाचन आयोगद्वारा गरिने निर्वाचनको लागि आवश्यक पर्ने सुरक्षा खर्च, दैनिक तथा भ्रमण भत्ता, निर्वाचनमा खटिने कर्मचारीको बीमा तथा निर्वाचन आयोगको प्रशासकीय खर्चको प्रबन्ध गर्ने कार्य सम्झनु पर्छ ।

(३) "शान्ति सुरक्षा प्रवर्द्धन तथा सुदृढीकरण" भन्नाले प्रहरी कार्यालय पुनर्निर्माण, शान्ति सुरक्षाको लागि आवश्यक पर्ने यन्त्र, उपकरण, सामग्री र सवारी साधन खरिद, शान्ति सुरक्षा सम्बन्धी तालिम, शान्ति सुरक्षाको प्रयोजनको लागि गृह मन्त्रालयले गर्ने प्रचार प्रसार र सो सम्बन्धी अन्य कार्य सम्झनु पर्छ ।

♦(४) .........................

(५) "शान्ति प्रक्रिया, शान्ति सम्झौता र सो सम्झौतासँग सम्बन्धित अन्य सम्झौताको कार्यान्वयन" भन्नाले संक्रमणकालीन न्याय, द्वन्द्व व्यवस्थापन, विस्थापित तथा द्वन्द्वबाट प्रभावित व्यक्तिका परिवारको पुनर्एकीकरण तथा पुनर्सामाजिकीकरण, सो सम्बन्धी जनचेतना अभिवृद्धि, स्थानीय शान्ति समिति लगायतका शान्ति संयन्त्रको स्थापना, सञ्चालन र सुदृढीकरणसँग सम्बन्धित कार्य र विस्तृत शान्ति सम्झौता एवं शान्तिसँग सम्बन्धित अन्य सम्झौतालाई कार्यान्वयन गर्न गरिने कार्य सम्झनु पर्छ ।

(६) "द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार एवं समुदाय♣को पुन:स्थापना" भन्नाले द्वन्द्वबाट आर्थिक, राजनैतिक, सामाजिक वा अन्य कुनै रुपमा प्रभावित व्यक्ति, परिवार एवं समुदाय♣को पुन:स्थापना, पुनर्मिलन, पुनर्सामाजिकीकरण, उनीहरुको कब्जा गरिएको सम्पत्ति फिर्ता गर्ने कार्यमा आवश्यक पर्ने प्रशासकीय तथा प्राविधिक सहयोग, मृत्यु भएको व्यक्तिको आश्रित परिवार, द्वन्द्वको कारण विधुर वा विधवा भएका व्यक्ति र बारुदी सुरुङ वा अन्य कुनै कारणले घाइते भएका व्यक्तिलाई

▽ पहिलो संशोधन २०६८ द्वारा थप

♦ दोस्रो संशोधन २०७२ द्वारा झिकिएको

♣ पहिलो संशोधन २०६८ द्वारा संशोधित

सहयोग, त्यस्ता व्यक्ति वा परिवारका बालबालिकालाई शैक्षिक छात्रवृत्ति वा स्वास्थ्योपचारको सुविधा, सामाजिक-मनोवैज्ञानिक सहयोग, सामाजिक पुन:स्थापना, तालिम, स्वास्थ्य, पोषण, परामर्श तथा कानूनी सेवा प्रदान गर्ने कार्य सम्झनु पर्छ ।

५. **कोषको प्रयोग** : कोषलाई प्राप्त भएको प्राविधिक, नगद तथा वस्तुगत सहायता आयोजना सञ्चालन गर्न र सचिवालयको लागि प्रयोग तथा खर्च गरिनेछ ।

## परिच्छेद-३
## समितिको गठन र काम, कर्तव्य तथा अधिकार

६. **समितिको गठन** : कोषको सञ्चालन, रेखदेख र कोषको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम कारबाही गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

(क) शान्ति तथा पुनर्निर्माण मन्त्री - अध्यक्ष

(ख) अर्थ मन्त्री - सहअध्यक्ष

♥(ग) ................

♣(घ) संविधान सभामा सबैभन्दा बढी सदस्यहरुको प्रतिनिधित्व गर्ने पाँच राजनीतिक दलहरुबाट एक/एक जना - सदस्य

तर त्यस्ता राजनैतिक दलहरुमध्ये मन्त्रीको हैसियतले खण्ड (क) र (ख) बमोजिम प्रतिनिधित्व भइसकेको अवस्थामा संविधान सभामा सबैभन्दा बढी प्रतिनिधित्व गर्ने राजनैतिक दलबाट प्रतिनिधित्व गराइनेछ ।

(ङ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष - सदस्य

(च) सचिव, गृह मन्त्रालय - सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ज) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय - सदस्य-सचिव

७. **समितिको बैठक** : (१) समितिको बैठक छ महिनामा♦ एक पटकमा नघटाई आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु अगावै लिखित रुपमा सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकमा पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या भएको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिको सह-अध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

♣(७) समितिले कुनै विशेषज्ञ वा दातृसंस्थाका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठकको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

♥ पहिलो संशोधन २०६८ द्वारा झिकिएको
♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित
♣ पहिलो संशोधन २०६८ द्वारा संशोधित

[*]८. .........................

## परिच्छेद-४
## प्राविधिक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

९. **प्राविधिक समितिको गठन** : (१) आयोजनाको छनौट गरी समिति समक्ष सिफारिश गर्ने काम समेतको लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ:-

(क) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय -अध्यक्ष
(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य
(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग -सदस्य
[•](घ) ..........................
[•](ङ) ..........................
(च) सह-महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय -सदस्य
[▽](च१) मन्त्रालयको लैङ्गिक कार्यक्रम सम्बन्धी काम गर्ने अधिकृत -सदस्य
(छ) मानव अधिकार तथा महिला विकाससँग सम्बन्धित संस्था, नागरिक समाज, समुदायमा आधारित संस्था, गैर सरकारी संस्था वा सम्बन्धित विशेषज्ञहरु मध्येबाट कम्तीमा एकजना महिला समेतको प्रतिनिधित्व हुने गरी प्राविधिक समितिले मनोनयन गरेका तीन जना[♣] - सदस्य
(ज) सचिवालयको कार्यकारी निर्देशक[♦] -सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (छ) बमोजिमका सदस्य मनोनयन गर्दा प्राविधिक समितिले आवश्यकतानुसार अवधि तोकी मनोनयन गर्न सक्नेछ ।

१०. **प्राविधिक समितिको बैठक**: (१) प्राविधिक समितिको बैठक चार महिनामा[♦] एक पटकमा नघटाई आवश्यकतानुसार बस्नेछ ।

(२) प्राविधिक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(३) प्राविधिक समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना प्राविधिक समितिको सदस्य-सचिवले बैठक बस्नु अगावै लिखित रुपमा सबै सदस्य तथा बैठकमा आमन्त्रण गरिने विशेषज्ञ र दातृ संस्थाका प्रतिनिधिलाई[♦] दिनु पर्नेछ ।

(४) प्राविधिक समितिको बैठकमा पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या भएको मानिनेछ ।

(५) प्राविधिक समितिको बैठकको अध्यक्षता प्राविधिक समितिको अध्यक्षले र निजको अनुपस्थितिमा प्राविधिक समितिका सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) प्राविधिक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) प्राविधिक समितिले आवश्यकतानुसार सम्बन्धित निकायको प्रतिनिधि, विशेषज्ञ र आयोजना कार्यान्वयन निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

---
[*] दोस्रो संशोधन २०७२ द्वारा झिकिएको
[•] पहिलो संशोधन २०६८ द्वारा झिकिएको
[▽] पहिलो संशोधन २०६८ द्वारा थप
[♣] पहिलो संशोधन २०६८ द्वारा संशोधित
[♦] दोस्रो संशोधन २०७२ द्वारा संशोधित

(८) प्राविधिक समितिको बैठकको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

(९) प्राविधिक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **<u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकार</u>** : यस परिच्छेदमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको रणनीति, कार्यनीति र आयोजना तथा आयोजना कार्यान्वयन गर्ने निकायको छनौट र सञ्चालन सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) आयोजनाको निरीक्षण, अनुगमन, मूल्याङ्कन प्रगति र प्रभावको समीक्षा र विश्लेषण गर्ने कार्यमा समितिलाई सहयोग गर्ने ।

(ग) आयोजनाको भौतिक एवं वित्तीय स्थिति, प्रगति, आम्दानी तथा खर्चको विवरण तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) अन्य स्रोतबाट सञ्चालन भइरहेको वा हुने शान्ति स्थापना सम्बन्धी कार्यक्रम तथा आयोजनालाई प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) समितिको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

*११क. **<u>मूल कार्यसमूह सम्बन्धी व्यवस्था</u>** : ♦(१) आयोजनाको अवधारणापत्र मूल्याङ्कन गरी क्षेत्रगत कार्य समूहमा पेश गर्ने काम समेतको लागि प्राविधिक समितिले कार्यकारी निर्देशकको अध्यक्षतामा सचिवालयका कर्मचारी, दातृ संस्थाका प्रतिनिधि तथा विज्ञ समेत रहेको मूल कार्य समूह गठन गर्नेछ ।

(२) मूल कार्यसमूहको अन्य काम, कर्तव्य तथा अधिकार प्राविधिक समितिले तोके बमोजिम हुनेछ ।

(३) मूल कार्यसमूहको बैठकसम्बन्धी कार्यविधि सो समूह आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

*१२. **<u>क्षेत्रगत कार्यसमूह सम्बन्धी व्यवस्था</u>** : ♦(१) आयोजना सम्बन्धी प्रस्तावको मूल्याङ्कन गराउने काम समेतका लागि प्राविधिक समितिले कार्यकारी निर्देशकको अध्यक्षतामा सचिवालयका कर्मचारी, आयोजना कार्यान्वयन निकाय, दातृ संस्था, संयुक्त राष्ट्र संघीय निकाय तथा नागरिक समाजका प्रतिनिधि रहेको क्षेत्रगत कार्य समूह गठन गर्न सक्नेछ ।

(२) क्षेत्रगत कार्यसमूहको अन्य काम, कर्तव्य तथा अधिकार प्राविधिक समितिले तोके बमोजिम हुनेछ ।

(३) क्षेत्रगत कार्यसमूहको बैठक सम्बन्धी कार्यविधि सो समूह आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५
## <u>आयोजनाको स्वीकृति तथा रकम निकासा</u>

*१३. **<u>आयोजनाको अवधारणापत्र र प्रस्ताव सम्बन्धी</u>:** (१) आयोजना सञ्चालन गर्न चाहने आयोजना कार्यान्वयन निकायले आयोजनाको अवधारणापत्र तयार गरी सचिवालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अवधारणापत्र प्राप्त भएपछि सचिवालयले त्यस्तो अवधारणापत्र मूल कार्यसमूहमा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको अवधारणापत्र छानविन गर्दा आयोजना कार्यान्वयन गर्न मनासिव देखिएमा मूल कार्यसमूहले त्यस्तो अवधारणापत्र स्वीकृत गर्नेछ ।

* पहिलो संशोधन २०६८ द्वारा संशोधित

♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित

(४) उपनियम (३) बमोजिम अवधारणापत्र स्वीकृत भएपछि आयोजना कार्यान्वयन गर्ने निकायको स्वीकृत अवधारणापत्र अनुसार समितिले निर्धारण गरेको ढाँचामा आयोजना प्रस्ताव सम्बन्धी प्रस्ताव तयार गरी सचिवालयमा पेश गर्नु पर्नेछ ।

♦१४. **प्रस्ताव मूल्याङ्कन गर्नु पर्ने:** (१) नियम १३ बमोजिम प्रस्ताव प्राप्त भएपछि सचिवालयले त्यस्तो प्रस्तावको मूल्याङ्कनको लागि प्रस्तावसँग संलग्न कागजात क्षेत्रगत कार्य समूहमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएपछि क्षेत्रगत कार्य समूहले सो प्रस्तावसँग सम्बन्धित आयोजनाको प्राविधिक, आर्थिक, सामाजिक, लैङ्गिक पक्ष तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी विषयमा विस्तृत अध्ययन गरी राय सहित प्राविधिक समिति समक्ष पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम गरिएको मूल्याङ्कनबाट त्यस्तो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा प्राविधिक समितिले दश करोड रुपैयाँसम्मको आयोजना भए आफैंले स्वीकृत गर्नेछ र सोभन्दा बढीको आयोजनाको हकमा स्वीकृतिको लागि समिति समक्ष सिफारिस गर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्राविधिक समितिको सिफारिस जाँचबुझ गर्दा आयोजना संचालन गर्न उपयुक्त देखिएमा समितिले त्यस्तो आयोजना सञ्चालन गर्न स्वीकृति दिनेछ।

१५. **सम्झौता गर्नु पर्ने** : नियम १४ को उपनियम (३) वा (४) बमोजिम प्राविधिक समिति वा समितिबाट♦ आयोजना स्वीकृत भएपछि समितिले तोकेको ढाँचामा सचिवालय र आयोजना कार्यान्वयन निकाय बीच आयोजना सञ्चालन गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्नेछ ।

१६. **रकम माग गर्नु पर्ने** : (१) नियम १५ बमोजिम सम्झौता भएपछि आयोजना कार्यान्वयन निकायले आयोजना सञ्चालन गर्नको लागि सो सम्झौताको प्रमाणित प्रतिलिपि र खर्च गर्ने अख्तियारी सहित सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय समक्ष रकम निकासा माग गर्नु पर्नेछ ।

तर सरकारी निकाय बाहेकका संस्थाले आयोजना कार्यान्वयन गर्ने भए सचिवालय समक्ष रकम माग गर्नु पर्नेछ ।♠

(२) उपनियम (१) बमोजिम रकम माग गरेपछि आयोजना कार्यान्वयन गर्ने निकायले सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रकम निकासाको लागि लेखी आएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रचलित कानून बमोजिम सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकायलाई रकम निकासा दिनु पर्नेछ ।

तर सरकारी निकाय बाहेकका संस्थाले आयोजना कार्यान्वयन गर्न सचिवालयले पेश्की रकम दिनेछ ।♠

१७. **कोषको रकम खर्च गर्ने कार्यविधि** : आयोजना कार्यान्वयन गर्ने निकायले कोषबाट प्राप्त नगद तथा जिन्सी खर्च गर्दा प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनको रित पुऱ्याइ खर्च गर्नु पर्नेछ ।

तर सरकारी निकाय बाहेकका संस्थाले प्राविधिक समितिले तोके बमोजिमको प्रक्रिया अपनाई रकम खर्च गर्नु पर्नेछ ।♠

१८. **सम्झौता बमोजिम खर्च गर्नु पर्ने** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दातृ पक्षबाट प्राप्त सहायता रकम खर्च गर्ने सम्बन्धमा कोष र दातृ पक्षसँग कुनै सम्झौता भएको भए आयोजना कार्यान्वयन गर्ने निकायले त्यस्तो सहायता रकम खर्च गर्दा सोही सम्झौता बमोजिम गर्नु पर्नेछ ।

♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित

♠ दोस्रो संशोधन २०७२ द्वारा थप

१९. **पेश्की रकम दिन सक्ने**[♦]: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सचिवालयले आयोजना कार्यान्वयन गर्ने निकायलाई आयोजना सञ्चालन गर्न बढीमा दुई चौमासिक बराबरको रकम पेश्की दिन सक्नेछ ।

(२) आयोजना कार्यान्वयन निकायले आयोजनाको कार्यान्वयन सम्बन्धी प्रतिवेदन र पेश्की रकमको कम्तीमा असी प्रतिशत खर्च गरेको प्रमाण पेश गरेमा मात्र सचिवालयले आयोजना कार्यान्वयन निकायलाई बाँकी रकम भुक्तानी गर्नेछ ।

(३) आयोजना कार्यान्वयन निकायले आयोजनाको लागि भएको चौमासिक खर्चको विवरण र आयोजनाको मासिक प्रतिवेदन सचिवालयमा बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम विवरण तथा प्रतिवेदन प्राप्त भएपछि सचिवालयले आयोजना कार्यान्वयन निकायको पेश्की फस्र्यौट गर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश्की फस्र्यौट नभएसम्म आयोजना कार्यान्वयन निकायलाई बाँकी रकम भुक्तानी दिइने छैन ।

२०. **सोधभर्ना लिन सक्ने** : आयोजना कार्यान्वयन निकायले प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम आयोजनाको खर्चको विवरण र मासिक प्रगति पेश गरी आयोजना सञ्चालन गर्दा भएको खर्च सचिवालयसँग सोधभर्ना लिन सक्नेछ ।

२१. **खर्चको लेखा राख्नु पर्ने** : (१) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना सञ्चालन सम्बन्धी खर्चको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

तर सरकारी निकाय बाहेकका संस्थाले प्राविधिक समितिले तोके बमोजिम खर्चको लेखा राख्नु पर्नेछ ।[♠]

(२) आयोजना कार्यान्वयन गर्ने निकायले मासिक, चौमासिक र वार्षिक[♦] रुपमा खर्चको फाँटवारी कोषमा पठाउनु पर्नेछ ।

(३) दातृ पक्षले कुनै शर्त राखी उपलब्ध गराएको रकम वा वस्तुगत सहायताको लेखा आयोजना कार्यान्वयन गर्ने निकायले सो उद्देश्य र प्रयोजन खुल्ने गरी राख्नु पर्नेछ ।

२२. **विवरण तथा प्रतिवेदन पेश गर्नु पर्ने** : (१) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना सम्बन्धी आफ्नो प्रगति विवरण र प्रतिवेदन मासिक, चौमासिक तथा वार्षिक[♦]रुपमा कोष समक्ष पेश गर्नु पर्नेछ ।

[♠](१क) आयोजना कार्यान्वयन गर्ने निकायले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट रीतपूर्वक प्रमाणित गरिएको वार्षिक वित्तीय विवरण आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र र महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सचिवालय समक्ष पेश गर्नु पर्नेछ ।

तर सरकारी निकाय बाहेकको संस्थाले लेखापरीक्षण सम्बन्धी त्यस्तो विवरण आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सचिवालय समक्ष पेश गर्नु पर्नेछ ।

[♠](१ख) आयोजना कार्यान्वयन गर्ने निकायले उपनियम (१) र (१क) मा उल्लिखित विवरण तथा प्रतिवेदनको अतिरिक्त आयोजनाको खरिद योजना र लेखापरीक्षण पश्चातको बेरुजु फस्र्यौट कार्ययोजना चौमासिक रुपमा सचिवालयमा पेश गर्नु पर्नेछ ।

(२) सचिवालयले कोषमा विभिन्न स्रोतबाट प्राप्त प्राविधिक, नगद तथा वस्तुगत सहायताको विवरण र त्यस्तो सहायताको खर्चको हिसाब समितिले निर्धारण गरेको ढाँचामा राखी प्रत्येक चार चार महिनामा सार्वजनिक गर्नु पर्नेछ ।

---

[♠] दोस्रो संशोधन २०७२ द्वारा थप

[♦] दोस्रो संशोधन २०७२ द्वारा संशोधित

२३. **<u>रकम फ्रिज नहुने</u>**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली बमोजिमको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन । <u>यो नियम प्रारम्भ भएपछि सञ्चालन हुने आयोजनाको लागि सचिवालयले उपलब्ध गराउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सञ्चालित र नियन्त्रित फ्रिज नहुने चालु खातामा जम्मा गर्नु पर्नेछ ।</u>♠

२४. **<u>लेखापरीक्षण</u>** : (१) आयोजनाको लेखाको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकाय बाहेकका संस्थाबाट सञ्चालन भएका आयोजनाको लेखाको आन्तरिक लेखापरीक्षण कोषले बाह्य विशेषज्ञ नियुक्त गरी लेखापरीक्षण गराउन सक्नेछ ।

(३) आयोजनाको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

<u>तर सरकारी निकाय बाहेकका संस्थाको अन्तिम लेखापरीक्षण प्राविधिक समितिले तोकेको लेखा परीक्षकबाट हुनेछ ।</u>♦

(४) उपनियम (१) बमोजिम लेखापरीक्षण गर्दा बेरुजु देखिएमा सो बेरुजुको लागि आयोजना कार्यान्वयन गर्ने निकायको प्रमुख र उपनियम (२) बमोजिम लेखापरीक्षण गर्दा बेरुजु देखिएमा सो बेरुजुको लागि त्यस्तो संस्थाको प्रमुख र सचिवालयको कार्यकारी निर्देशक जिम्मेवार हुनेछ ।

(५) कोषको आय व्ययको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

२५. **<u>कोषको सचिवालय</u>** : कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

२६. **<u>निर्देशक</u>** : (१) कोषको प्रशासकीय प्रमुखको रुपमा काम गर्न <u>एक कार्यकारी</u>♦ निर्देशक रहनेछ ।

(२) मन्त्रालयले तोकेको सो मन्त्रालयको <u>नेपाल प्रशासन सेवाको सहसचिवले</u>♦ कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ ।

(३) <u>कार्यकारी निर्देशक</u>♦को काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

२७. **<u>सचिवालयको कर्मचारी</u>** : ♣(१) सचिवालयमा <u>कार्यकारी निर्देशक सहित</u>♦ देहाय बमोजिमका कर्मचारीहरु रहने छन्:-

| | | |
|---|---|---|
| (क) | वित्तीय व्यवस्थापन अधिकृत (उपसचिव सरह) | -१ |
| (ख) | कार्यक्रम व्यवस्थापन अधिकृत (उपसचिव सरह) | -१ |
| (ग) | अनुगमन तथा मूल्याङ्कन अधिकृत (उपसचिव सरह) | -१ |
| (घ) | प्रशासकीय अधिकृत (शाखा अधिकृत सरह) | -१ |
| (ङ) | लैङ्गिक कार्यक्रम अधिकृत (शाखा अधिकृत सरह) | -१ |
| (च) | कम्प्युटर अपरेटर | -२ |
| (छ) | लेखापाल | -१ |
| (ज) | नायब सुब्बा | -१ |
| (झ) | हलुका सवारी चालक | -२ |
| (ञ) | कार्यालय सहयोगी | -३ |

(२) सचिवालयका कर्मचारीको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ ।

♠ दोस्रो संशोधन २०७२ द्वारा थप
♣ पहिलो संशोधन २०६८ द्वारा संशोधित
♦ दोस्रो संशोधन २०७२ द्वारा संशोधित

[▽]२७क. **समन्वय समिति**: (१) कोषको कामकारबाहीका सम्बन्धमा समितिलाई सुझाव दिने काम समेतको लागि समितिले सम्बन्धित सरकारी कर्मचारी तथा विदेशी दातृ निकायको प्रतिनिधि समेत रहेको एक समन्वय समिति गठन गर्नेछ ।

(२) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

[♦]२७ख. ..........................

२८. **स्वीकृति आवश्यक नपर्ने** : यस नियमावली बमोजिम समितिले स्वीकृत गरेको आयोजना सञ्चालन गर्नको लागि अन्य कुनै निकायको स्वीकृति आवश्यक पर्ने छैन ।

[♣]२९. **कोषको प्रशासकीय खर्च**: (१) नियम ५ बमोजिम कोषमा जम्मा भएको रकम कोषको प्रशासकीय कार्यको लागि खर्च गर्नुपर्ने भएमा सचिवालयले त्यस्तो खर्च गर्नुपर्ने कारण सहितको प्रस्ताव तयार गरी स्वीकृतिको लागि प्राविधिक समितिमा[♦] पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव प्राविधिक समिति[♦]बाट स्वीकृत भएपछि सचिवालयले प्रस्तावमा लेखिए बमोजिम रकम खर्च गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम खर्च गर्न पाउने रकमको हद प्राविधिक समिति[♦]ले तोक्न सक्नेछ ।

३०. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकतानुसार केही अधिकार प्राविधिक समिति, समितिको अध्यक्ष, सदस्य-सचिव वा यस नियमावली बमोजिम गठित उपसमिति[♣] वा सचिवालयको निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. **अभिलेख राख्नु पर्ने** : (१) कोषले आफूले गरेको काम कारबाहीको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राखेको अभिलेख कोष विघटन भएपछि सचिवालयले मन्त्रालयमा बुझाउनु पर्नेछ ।

३२. **कोषको कार्यावधि** : (१) कोषको कार्यावधि कोष स्थापना भएको मितिले तीन वर्षको हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो अवधिसम्म यस नियमावली बमोजिमको काम सम्पन्न नभएमा नेपाल सरकारले कोषको कार्यावधि सम्वत २०७४ असार मसान्तमा नबढाई थप गर्न सक्नेछ ।[♦]

(३) उपनियम (१) वा (२) बमोजिमको अवधि समाप्त भएपछि कोष स्वत: विघटन हुनेछ ।

३३. **खारेजी र बचाउ**: (१) शान्ति कोष सञ्चालन (कार्यविधि) नियमावली, २०६३ खारेज गरिएकोछ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

---

[▽] पहिलो संशोधन २०६८ द्वारा थप

[♦] दोस्रो संशोधन २०७२ द्वारा झिकिएको

[♣] पहिलो संशोधन २०६८ द्वारा संशोधित

[♦] दोस्रो संशोधन २०७२ द्वारा संशोधित

# मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन २०६८) निर्देशिका, २०६५

**१. पृष्ठभूमिः**

विक्रम सम्बत् २०५२ सालदेखि नेपालमा शुरु भएको सशस्त्र द्वन्द्वको कारण धेरै व्यक्तिहरु प्रभावित हुन पुगेका छन् । नेपाल सरकारबाट विभिन्न मितिमा विभिन्न प्रकारका निर्णयहरु भई द्वन्द्वपीडितहरुलाई राहत एवं आर्थिक सहायता उपलव्ध गराउँदै आएकोमा त्यस्ता राहत तथा आर्थिक सहायता सम्बन्धी विषयहरुलाई समेटी आवश्यक परिमार्जन एवं समसामयिक सुधारका साथ नयाँ मापदण्ड तयार गर्ने उद्देश्यले "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" स्वीकृतिको लागि प्रस्ताव पेश भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४।१०।२७ को बैठकबाट "मन्त्रिपरिषद, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने" भनी निर्णय गरेको र सो विषयमा मन्त्रिपरिषद्को राजनैतिक समितिबाट मिति ०६४।११।२७ मा मृतकका नजिकका हकदारलाई प्रति मृतक एक लाख रुपैयाँ राहतस्वरुप उपलव्ध गराउने निर्णय हुनुका साथै मिति २०६५।१।१३ मा "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" समेत स्वीकृत भएको छ । उपर्युक्त निर्णय एवं मापदण्ड अनुसार मृतकका परिवारलाई आर्थिक सहायता उपलव्ध गराउने प्रयोजनका लागि यो निर्देशिका बनाइएको छ ।

**२. उद्देश्यः**

सशस्त्र द्वन्द्वको कारणले मृत्यु भएका व्यक्तिका नजिकका हकदारलाई नेपाल सरकारको उपर्युक्त निर्णय अनुसार उपलव्ध हुने आर्थिक सहायता वितरण सम्बन्धी प्रक्रियालाई स्पष्ट गर्नुका साथै सो कार्यमा संलग्न हुने निकायहरुको कार्यसम्पादनमा सरलता ल्याई द्वन्द्वको कारण मृत्यू भएका व्यक्तिका हकदारलाई सरल, सहज र पारदर्शी रुपमा सहायता प्रदान गर्ने उद्देश्यले यो निर्देशिका निर्माण गरिएको छ ।

**३. नाम र प्रारम्भः**

यो निर्देशिकाको नाम "मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८" रहेको छ । यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति २०६८।६।१० देखि लागु हुनेछ ।

**४. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "मापदण्ड" भन्नाले "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ग) "कार्यदल" भन्नाले नेपाल सरकार (म.प.) को मिति २०६४।२।२७ को निर्णयानुसार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित "द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल" सम्झनु पर्छ ।

(घ) "मृतक" भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले जनयुद्ध घोषणा गरेको मिति २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मंसिर ५ गते सम्मको अवधिमा सशस्त्र द्वन्द्वको कारणले मृत्यु भएको व्यक्तिलाई जनाउँछ।

(ङ) "स्थानीय बैंक" भन्नाले मृतकका नजिकका हकदारलाई उपलव्ध गराइने यस निर्देशिका बमोजिमको आर्थिक सहायता सम्बन्धी कारोबार गर्न नेपाल सरकारले सम्झौता भएका नेपाल राष्ट्र बैंक, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका जिल्लास्थित कार्यालय सम्झनु पर्छ।

**५. नेपाल सरकारका निर्णयहरु:**

५.१ नेपाल सरकार (म.प.) को २०६४।१०।२७ को निर्णय अनुसार मन्त्रिपरिषद्को राजनैतिक समितिबाट २०६४।११।२७ मा भएको निर्णय (सो निर्णयमा भएको संशोधन समेत मिलाइएको रुपमा) अनुसूची-१ मा दिइएको छ।

५.२ नेपाल सरकार (म.प.) को २०६४।१०।२७ को निर्णय अनुसार मन्त्रिपरिषद्को राजनैतिक समितिबाट २०६५।१।१३ मा स्वीकृत "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" मा मृतकका नजिकका हकदारलाई आर्थिक सहायता उपलव्ध गराउने विषयसंग सम्बन्धित दफाहरु अनुसूची-२ मा दिइएको छ।

**६. मृतक यकिन गर्ने :**

६.१ कार्यदलले सशस्त्र द्वन्द्वको कारणले मृत्यु भएका व्यक्तिहरुको विवरण संकलन गरी मृतकको जिल्लागत विवरण समेतको प्रतिवेदन मन्त्रालयमा उपलव्ध गराउने व्यवस्था छ। मृतकका नजिकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा भएको मन्त्रिपरिषद् राजनैतिक समितिको ०६४।११।२७ को निर्णयको बुँदा नं २(इ) ले आर्थिक सहायता उपलव्धताको आधार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित कार्यदलको सिफारिश हुने भन्ने व्यवस्था गरेकोले मृतक यकिन गर्ने मुख्य आधार उक्त कार्यदलको सिफारिश बमोजिमको विवरणलाई मान्नु पर्दछ।

६.२ कार्यदलको प्रतिवेदन बमोजिमको मृतकको विवरण मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुमा उपलव्ध गराउनेछ।

६.३ उपदफा ६.२ अनुसारको विवरण प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमा रहेको मृतकको विवरणको अभिलेखसंग भिडाई मृतक र निजको परिवारका सदस्यहरुको नाम, थर, वतन, उमेर आदि विवरण यकिन गर्नु पर्नेछ। कार्यदलको प्रतिवेदनमा उल्लिखित विवरण र जिल्ला प्रशासन कार्यालयको अभिलेख अनुसारको विवरणमा सशस्त्र द्वन्द्वको कारणले मृत्यू भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमिन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैकठ आदि प्रक्रिया अपनाई मापदण्डको अनुसूची-१ अनुसारको सम्पूर्ण विवरणहरु खुल्ने गरी मृतकको यकिन विवरण तयार गर्नु पर्नेछ।

६.४ एक जिल्लामा स्थायी ठेगाना भएको व्यक्तिको मृत्यु अर्को जिल्लामा भएको र कार्यदलको प्रतिवेदनमा निजको मृत्युसम्बन्धी विवरण अपुरो भएको अवस्था रहेछ भने सो सम्बन्धमा मृतकको

स्थायी ठेगाना भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयले मृतकको मृत्यु भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयमा सोधी यकिन गर्नु पर्नेछ । त्यसरी सोधिएको विषयमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आफूसंग रहेको मृतकको अभिलेखबाट सबै कुरा खुल्ने भए सोही आधारमा र नखुल्ने भए सशस्त्र द्वन्द्वको कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमिन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदी प्रक्रिया अपनाई मृतकको सम्पूर्ण विवरण खुलाई यथाशीघ्र जबाफ पठाउनु पर्नेछ ।

**७. मृतकको नजिकको हकदार यकिन गर्ने :**

७.१ मृतकका नजिकका हकदारले देहायका कागजात संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा जिल्ला प्रशासन कार्यालयमा आर्थिक सहायताको लागि निवेदन दिनु पर्नेछ । नाबालकको हकमा निजको संरक्षकले निवेदन दिनु पर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र),

(ख) नाता प्रमाणित,

(ग) नाबालकको संरक्षकको हैसियतले निवेदन दिंदा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नाबालकको संरक्षक भएको प्रमाणित कागजात,

(घ) निवेदकको दुई प्रति पासपोर्ट साइजको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुबै जनाको दुई, दुई प्रति फोटो), र

(ङ) मृतकको मृत्यु दर्ता प्रमाणपत्र (उपलव्ध भएसम्म) ।

७.२ उपदफा ७.१ को खण्ड (घ) बमोजिम निवेदन साथ संलग्न दुई प्रति फोटो उपदफा ९.१ बमोजिम तयार हुने दुई प्रति विवरणमा एक, एक प्रति प्रयोग गर्नु पर्नेछ ।

७.३ उपदफा ७.१ बमोजिम प्राप्त निवेदनहरु छानविन गरी नजिकको हकदार तथा नाबालकको हकमा संरक्षक यकिन गर्न प्रमुख जिल्ला अधिकारीले मापदण्डको बुँदा नं. १.१.२ मा उल्लिखित प्रक्रिया अवलम्वन गर्न सक्नेछ ।

७.४ मृतकको परिवारका सदस्यमध्ये देहायको क्रमानुसार जो जीवित छ उसैलाई मृतकको नजिकको हकदार कायम गर्नु पर्छ ।

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, विधवा छोरा बुहारी, छोरा र छोरा बुहारी दुबैको मृत्यु भैसकेको अवस्थामा निजहरुबाट जन्मेको नाति, अविवाहित नातिनी,

(ग) सगोलको बाबु, आमा,

(घ) सगोलको बाजे, बज्यै, र विवाहित मृतक महिलाको हकमा सगोलको सासु, ससुरा

(ङ) भिन्न बसेको पति वा पत्नी,

(च) भिन्न बसेको छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री वा विधवा छोरा बुहारी,

(छ) भिन्न बसेको बाबु, आमा,
(ज) सगोलको दाजु, भाइ, अविवाहित दिदी, बहिनी,
(झ) सगोलको भतिजा, भतिजी, सौतेनी आमा,
(ञ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी, नातिनी बुहारी ।

एउटै क्रममा एकभन्दा बढी नातेदारहरु भएमा सो क्रममा तोकिएका सबै नातेदारहरुलाई नजिकको हकदार कायम गर्नु पर्छ ।

८. **नजिकको हकदार पत्ता नलागेको अवस्था:**

उपदफा ७.४ मा उल्लिखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थामा सो भन्दा बाहिरका अन्य कुनै व्यक्तिलाई आर्थिक सहायता उपलव्ध गराइने छैन ।

९. **मृतक र निजका नजिकका हकदारको विवरण पठाउने :**

९.१ दफा ६ र ७ बमोजिम मृतक र निजको नजिकको हकदार यकिन भए पछि प्रमुख जिल्ला अधिकारीले मापदण्डको अनुसूची-१ बमोजिमको २ प्रति विवरण तयार गरी मृतकका नजिकका हकदारलाई आर्थिक सहायता उपलव्ध गराउन रकम निकासा वा फुकुवाका लागि सो विवरणको एक प्रति शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुनःस्थापन एकाइमा पठाउनु पर्नेछ । यसरी विवरण पठाउँदा कार्यदलको प्रतिवेदनमा समावेश भएका जिल्लाभरका सवै मृतक तथा निजहरुका नजिकका हकदारको विवरण यथाशक्य एकैपटक पठाउनु पर्नेछ । मन्त्रालयद्वारा निर्धारित समयभित्र सबै विवरण तयार हुन नसकेमा सो समयभित्र यकिन भएका मृतक एवं निजका हकदारको विवरण पठाउने र बाँकी अन्य मृतक तथा हकदारको विवरण पछि पठाउनु पर्नेछ ।

९.२ जिल्ला प्रशासन कार्यालयबाट उपदफा ९.१ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयको राहत तथा पुनःस्थापन इकाइले सो विवरण र कार्यदलको विवरण अनुसारको मृतकको विवरण भिडाई कुनै कैफियत देखिए सो समेत उल्लेख गरी उक्त विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

९.३ मन्त्रालयको राहत तथा पुनःस्थापन इकाइबाट उपदफा ९.२ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रकम निकासा वा फुकुवाको आदेश पठाउनु पर्नेछ ।

१०. **कार्यदलको प्रतिवेदनमा नाम समावेश नभएका मृतक सम्बन्धी व्यवस्था:**

कार्यदलको प्रतिवेदनमा नाम समावेश हुन छुट भएका मृतकका हकदारलाई आर्थिक सहायता दिन प्रमुख जिल्ला अधिकारीले सशस्त्र द्वन्द्वको कारणले मृत्यू भएको हो होइन भन्ने यकिन गर्न आवश्यकता अनुसार स्थलगत सर्जमिन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रिया अपनाई मृतक यकिन गर्नुका साथै यसै निर्देशिका बमोजिम मृतकको नजिकको हकदार यकिन गरी आर्थिक सहायता उपलव्ध गराउन सिफारिश साथ अनुसूची-४ बमोजिमको छुट्टै विवरण सक्कल फाइलसाथ मन्त्रालयमा पठाउनु पर्नेछ । यस्तो विवरण बमोजिमका मृतकका नजिकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।

११. **बजेट निकासा प्रकिया:**

११.१ अर्थ मन्त्रालयबाट बजेट खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पत्र प्राप्त भएपछि मन्त्रालयले स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी पत्र जिल्ला प्रशासन कार्यालयमा पठाउनु पर्नेछ।

११.२ मन्त्रालयले उपदफा ११.१ बमोजिम अख्तियारी पठाउँदा यस निर्देशिकाको दफा ९.१ बमोजिमको विवरण प्राप्त नभएसम्मका लागि निकासा रोक्का राख्नु पर्नेछ।

११.३ मन्त्रालयबाट उपदफा ९.३ बमोजिमको आदेश प्राप्त भए पछि जिल्ला प्रशासन कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालमा बजेट निकासा माग गरी प्राप्त निकासा आम्दानी बाँध्नु पर्नेछ।

११.४ आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम जिल्ला प्रशासन कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ।

११.५ मृतकका नजिकका हकदारलाई आर्थिक सहायता दिने प्रयोजनका लागि स्वीकृत भएको खर्च शीर्षकको रकम अन्य शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

१२. भुक्तानी प्रक्रिया :

१२.१ उपदफा ९.३ बमोजिमको आदेश प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले मृतकको नजिकको हकदारको नाममा शून्य मौज्दात रकमको वचत खाता खोल्न खातावालाको विवरण संलग्न गरी अनुसूची-५ बमोजिमको ढाँचामा स्थानीय बैंकमा पत्र पठाउनु पर्नेछ।

१२.२ मृतकको नजिकको हकदार नाबालक रहेछ भने त्यस्तो नाबालकको नाममा खाता खोल्दा निजको संरक्षकको संरक्षकत्वमा बचत खाता खोल्नु पर्नेछ।

१२.३ कुनै मृतकको नजिकको हकदार एक जना भन्दा बढी भएको अवस्थामा ती सबै हकदारको नाममा खाता खोल्नु पर्नेछ।

१२.४ जिल्ला प्रशासन कार्यालयबाट उपदफा १२.१ बमोजिमको पत्र प्राप्त भएपछि स्थानीय बैंकले सम्बन्धित हकदारको नाममा खाता खोली बैंक खाता विवरण समेतको जानकारी जिल्ला प्रशासन कार्यालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

१२.५ उपदफा १२.४ बमोजिम मृतकको नजिकको हकदारको नाममा बैंक खाता खोलिएको जानकारी प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले नियमानुसार भौचर खडा गरी सम्बन्धित हकदारको खातामा रकम जम्मा हुने गरी एकाउण्ट पेयी चेक स्थानीय बैंकमा पठाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित खातावालालाई समेत दिनु पर्नेछ।

१२.६ यस निर्देशिका बमोजिम मृतकको नजिकको हकदारलाई आर्थिक सहायता प्रदान गर्दा मृतकको स्थायी ठेगाना भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट मात्र उपलव्ध गराइनेछ।

## १३. लेखा र लेखा परीक्षण :

१३.१ जिल्ला प्रशासन कार्यालयले विनियोजित रकम र खर्चको लेखा महालेखा परीक्षकको कार्यालयको स्वीकृत ढाँचामा राख्नु पर्नेछ।

१३.२ प्रमुख जिल्ला अधिकारीले उल्लेखित कारोबारको लेखा अद्यावधिक भए नभएको विषयमा बराबर जाँच गर्नु पर्नेछ।

१३.३ कार्यालयमा राख्नु पर्ने लेखा ठीक दुरुस्तसंग राखे नराखेको विषयमा महालेखा नियन्त्रकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आकस्मिक वा समय समयमा जाँच

गर्न सक्ने छ। यसरी जाँच गर्दा कैफियत देखिएमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

१३.४ यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

१३.५ यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ। लेखा परीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राखी फछ्र्यौट गराउने जिम्मेवारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ।

१४. **प्रतिवेदन**

१४.१ स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार भएको आम्दानी खर्चको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालयले अनिवार्य रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

१४.२ स्थानीय बैंकले जिल्ला प्रशासन कार्यालयबाट खातावालाहरुको नाममा जम्मा हुन आएको रकमको मासिक विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

१५. **उजुरी :**

यस निर्देशिका बमोजिम मृतकका नजिकका हकदारलाई आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट भएका निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो काम भए गरेको मितिले ३५ दिनभित्र आफ्नो व्यहोरा खुलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवसमक्ष उजुरी गर्न सक्नेछ।

१६. विविध :

१६.१ यस निर्देशिकामा उल्लेख नभएका आर्थिक प्रशासन सम्बन्धी अन्य विषयका हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

१६.२ सरोकारवालाहरुको जानकारीका लागि मन्त्रालयले यो निर्देशिकाका साथै यस निर्देशिका अनुसार रकम भुक्तानीको विवरण आफ्नो वेवसाइटमा राख्नेछ। सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आर्थिक सहायता भुक्तानीको विवरण आफ्नो सूचना पाटीमा टाँस गर्नेछ।

१६.३ यस निर्देशिका बमोजिम मृतकका नजिकका हकदारलाई वितरण हुने आर्थिक सहायता सम्बन्धमा आवश्यकतानुसार मन्त्रालयले अनुगमन, मूल्यांकन गर्नेछ। आर्थिक सहायता वितरण कार्यको अनुगमन मूल्यांकन गर्नका लागि मन्त्रालयले कुनै संघसंस्था नियुक्त गरी काम गराउन सक्नेछ।

१६.४ मन्त्रालयले यो निर्देशिका कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने छ।

१६.५ यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। सो सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

१७. **विशेष राहत सम्बन्धी व्यवस्थाः**

यो निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मृत्युवरण गरेका व्यक्तिका हकदारलाई जुनसुकै स्रोत वा निकायबाट आर्थिक राहत स्वरुप अधिकतम रु. दश लाख सम्म उपलब्ध गराईने छ। सो मध्ये हाल सम्म

जुनसुकै स्रोत वा निकायबाट रु. तीन लाख भन्दा बढी प्राप्त नगरेको तर रु. एक लाख सम्म प्राप्त गरिसकेका मृत्युवरण गरेका व्यक्तिका हकदारलाई रु. तीन लाख नपुगेसम्म बढीमा रु. दुई लाख सम्म थप आर्थिक सहायता उपलब्ध गराईनेछ।

यसमा विधवा वा एकल महिलाले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ बमोजिम बुझिलिएको रु. पच्चीस हजार गणना गरिने छैन।

**अनुसूची–१**
(उपदफा ५.१ सँग सम्बन्धित)

## मन्त्रिपरिषद् राजनैतिक समितिको मिति २०६४।११।२७ को निर्णय

नेपाल सरकार (म.प.) को मिति ०६४।१०।२७ को निर्णय अनुसार मन्त्रिपरिषद्, राजनैतिक समितिको मिति २०६४।११।२७ को बैठकबाट भएको निर्णय :-

"द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" स्वीकृत गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५४-०६४।१०।२ को प्रस्तावमा मं.प.बै.सं. ३८।०६४ मिति २०६४।१०।२७ को मन्त्रिपरिषद्को बैठकबाट "मन्त्रिपरिषद्, राजनैतिक समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने ।" निर्णय भएअनुसार आज मिति २०६४।११।२७ मा यस विषयमा छलफल हुँदा देहायबमोजिम गर्ने -

क) "सात दलका शीर्ष नेताहरुबीच मिति २०६४।९।८ मा भएको सहमति पत्र समेतका आधारमा प्रस्तावसाथ संलग्न द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" मा प्रस्ताव गरिएबमोजिम देहायका आधारमा सशस्त्रद्वन्द्वको कारणले मृत्यु भएका व्यक्तिका नजिकका हकदारलाई राहतस्वरुप प्रति मृतक एक लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने -

१. द्वन्द्वका कारणले मृत्यु भएका व्यक्तिहरु भन्नाले देहायका अवस्थामा मृत्यु भएका व्यक्तिहरुलाई जनाउनेछ :

अ) द्वन्द्वरत पक्षहरुबाट चलेको गोली लागी मृत्यु भएका व्यक्तिहरु,

आ) द्वन्द्वका सिलसिलामा विच्छ्याइएको बारुदी सुरुङ्ग (Mines), विद्युतीय धराप आदिमा परी मृत्यु भएका व्यक्तिहरु,

इ) द्वन्द्वका क्रममा भएको बम विस्फोटमा परी मृत्यु भएका व्यक्तिहरु,

ई) द्वन्द्वका सिलसिलामा द्वन्द्वरत पक्षको अपहरणमा परी मारिएको पुष्टि भएका व्यक्तिहरु,

उ) द्वन्द्वको समयमा द्वन्द्वरत पक्षबाट गोली वा अन्य हतियार प्रहार गरी वा कुटपिट गरी मृत्यु भएका व्यक्तिहरु,

ऊ) द्वन्द्वपछि पनि द्वन्द्वका समयमा छाडिएका बेवारिसे बम विष्फोटमा परी वा बारुदी सुरुङ्ग वा विद्युतीय धरापमा परी मृत्यु भएका व्यक्तिहरु,

ए) द्वन्द्वका क्रममा बेपत्ता पारिएकाहरुमध्ये मृत्यु भएको पुष्टि भएका व्यक्तिहरु,

ऐ) द्वन्द्वका समयमा आफ्नो कर्तव्य पालनामा खटिएको कुनै सुरक्षाकर्मी वा अन्य सरकारी कर्मचारी द्वन्द्वका कारणले मारिएको भनी पुष्टि भएमा त्यसरी मृत्यु भएका सुरक्षाकर्मी तथा सरकारी कर्मचारीहरु, र

ओ) द्वन्द्वका कारण घाइते भई अस्पतालमा उपचारको क्रममा मृत्यु भएका व्यक्तिहरु ।

२. राहत उपलब्ध गराउने तरिका :-

अ) द्वन्द्वको अवधिमा सोको कारणले मृत्यु भएका सर्वसाधारण मृतकका सवैभन्दा नजिकका हकदारलाई राहतस्वरुप उपलब्ध हुने एक मुष्ट एक लाख रुपैयाँ आर्थिक सहायता घटना घटेको जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिशमा उपलब्ध

हुनेछ। सो प्रयोजनका लागि प्रमुख जिल्ला अधिकारीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट तोकिएको ढाँचा बमोजिमको सिफारिश पत्र पठाउनु पर्नेछ।

आ) द्वन्द्वका कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमीन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रिया अपनाउन सक्नेछ।

इ) माथि बुँदा नं. अ) मा उल्लेख भएको सिफारिश पत्र प्रमुख जिल्ला अधिकारीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी प्रमुख जिल्ला अधिकारीबाट सिफारिश प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोकिए बमोजिमको आर्थिक सहायता सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछ। उपर्युक्त आर्थिक सहायता उपलब्धताको आधार द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित कार्यदलको सिफारिश हुनेछ। राहत उपलब्ध गराउने कार्य थप व्यवस्थि तगर्न अन्य पक्रिया निर्धारण गर्न आवश्यक देखिएमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्पष्ट गर्न सक्नेछ।

ई) माथि बुँदा नं. इ) अनुसार प्राप्त राहत प्रमुख जिल्ला अधिकारीले सम्बन्धित मृतकको नजिकको हकदारलाई उपलब्ध गराउनेछ।

उ) द्वन्द्वको अवधिमा सोको कारणले मृत्यु भएका सुरक्षाकर्मी र सरकारी कर्मचारीको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट तत्कालीन समयमा भएका निर्णयहरुको हकमा सो राहत समेत उपलब्ध हुनेछ।

ऊ) कर्तव्यपालनको सिलसिलामा हत्या गरिएका राष्ट्रसेवक (निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, शिक्षक आदि) का परिवारलाई उपलब्ध गराइने राहत सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिव रहेको समितिले गरेको निर्णय बमोजिम हुनेछ।

ख) उल्लिखित मापदण्डमा उल्लेख भएका अन्य विषयहरु अर्थ मन्त्रालय र गृह मन्त्रालयसंग समन्वय गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले परिमार्जन गर्ने र पुनः निर्णयका लागि यसै समिति समक्ष पेश गर्ने।"

**अनुसूची–२**

(उपदफा ५.२ सँग सम्बन्धित)

**'द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४' का सम्बन्धित दफाहरु**

**परिभाषा**

द्वन्द्वको अवधिः यस मापदण्डको प्रयोजनका लागि द्वन्द्वको अवधि भन्नाले ने.क.पा. (माओबादी) ले जनयुद्ध घोषणा गरेको मिति २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मंसिर ५ गतेसम्मको अवधिलाई बुझ्नु पर्दछ। द्वन्द्वको उक्त अवधिभित्र द्वन्द्वको कारणबाट पीडित भएका व्यक्ति तथा परिवार हरुलाई नेपाल सरकारको घोषित नीति अनुसार यस मापदण्डले निर्धारण गरेको आधार अनुरुप आर्थिक सहायता एवं राहत प्रदान गरिने छ।

द्वन्द्वरत पक्षः यस मापदण्डको प्रयोजनको लागि द्वन्द्वरत पक्ष भन्नाले द्वन्द्वको अवधिमा सशस्त्र द्वन्द्वमा रहेको ने.क.पा. (माओवादी) र तत्कालीन सरकारलाई बुझ्नु पर्दछ।

द्वन्द्वपीडितः यस मापदण्डको प्रयोजनको लागि द्वन्द्वपीडित भन्नले द्वन्द्वको अवधिमा सोका कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरु (पत्नी वा पति, छोराछोरी, बाबुआमा र सगोल परिवारका अन्य सदस्यहरु), द्वन्द्वको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरु, द्वन्द्वका कारणबाट आफ्नो ठाउँ छोडी देशभित्रकै अन्य ठाउँमा आन्तरिक रुपमा विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका वेपत्ता नागरिक तथा तिनका परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुको अपहरणमा परेका व्यक्तिहरु र द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुद्वारा सम्पत्ति क्षति पुऱ्याइएका व्यक्ति, परिवार तथा संस्थाहरुलाई बुझ्नुपर्छ।

**१ मृतकसम्बन्धी राहत**

१.१ मृतकका नजिकका हकदारलई राहतः

१.१.१ द्वन्द्वको कारण मृत्यु भएका मृतकका नजिकको हकदारलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४।१०।२७ को निर्णयका आधारमा मन्त्रिपरिषदको राजनैतिक समितिले मिति २०६४।११।२७ मा गरेको निर्णय अनुसार एकलाख रुपैयाँ राहत स्वरुप उपलब्ध गराइनेछ।

१.१.२ द्वन्द्वका कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमीन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रियाका आधारमा अनुसूची १ नमुना पत्र नं. १.१ अनुसार सिफारिश गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ।

१.१.३ प्रकरण १.१.२ अनुसारको सिफारिश प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोकिए बमोजिमको आर्थिक सहायता सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निकासा पठाउनेछ।

१.१.४ प्रकरण १.१.३ बमोजिम शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट निकासा भएको राहत रकम जिल्ला प्रशासन कार्यालयले मृतकका नजिकका हकदारलाई उपलब्ध गराउनेछ।

## ७. **विविध**

७.२ राहत उपलब्ध गराइने समयावधि : यस मापदण्ड बमोजिम उपलब्ध गराइने आर्थिक सहायता तथा राहत रकम "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" मन्त्रिपरिषद् बाट स्वीकृत भएको मितिले दुईवर्षसम्म उपलब्ध गराइने छ । तोकिएको अवधि समाप्त भएपछि प्रक्रियामा रहेकाहरुको सम्बन्धमा नेपाल सरकारले छुट्टै निर्णय गर्नेछ।

७.३ यसै मापदण्ड बमोजिम भएको मानिने : यो मापदण्ड लागू हुनुपूर्व तत्कालीन नीति, निर्देशिका तथा मापदण्डबमोजिम वितरण गरिएका आर्थिक सहायता एवं राहतहरु यसै निर्देशिका बमोजिम वितरण भएको मानिनेछ। त्यसरी आर्थिक सहायता एवं राहत पाइसकेको पीडितहरुलाई यस मापदण्ड बमोजिम पुनः राहत प्रदान गरिने छैन। तर मन्त्रिपरिषद् राजनैतिक समितिको मिति २०६४।११।२७ को निर्णयको हकमा सोही निर्णय बमोजिम हुनेछ।

# अनुसूची–१

(मापदण्डको बुँदा नं. १.१.२ सँग सम्बन्धित)

मृतकका नजिकका हकदारलाई आर्थिक सहायता उपलब्ध गराउन निकासा/फुकुवा माग गर्ने पत्रको नमूना

## **विषय** : **विवरण पठाएको ।**

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
राहत तथा पुनःस्थापन इकाइ,
बबरमहल, काठमाडौं ।

देहायका मृतकका नजिकका हकदार कायम भएका देहायका व्यक्तिलाई मापदण्डको बुँदा नं. १.१.१ बमोजिमको आर्थिक सहायता प्रदान गर्ने प्रयोजनका लागि रकम निकासा/फुकुवाको लागि अनुरोध छ।

| सि.नं. | मृतकको | | | | | | | | कार्यदलको प्रतिवेदनमा उल्लिखित क्र.स. | मृतकको नजिकको हकदारको | | | | | | | | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | उमेर | लिङ्ग | पेशा | ठेगाना (गा.वि.स./ न.पा./ वडा नं.) | मृत्यु भएको जिल्ला | मृत्यु भएको मिति | घटना कसले गराएको | | नाम, थर | उमेर | लिङ्ग | पेशा | मृतक संगको नाता | ठेगाना | | फोटो | | |
| | | | | | | | | | | | | | | | जिल्ला | गा.वि.स /न.पा./ वडा नं. | | | |
| | | | | | | | | | | | | | | | | | | | |

...............................
प्रमुख जिल्ला अधिकारी

द्रष्टव्यः नाबालक हकदारको हकमा संरक्षकको नाम, थर, ठेगाना कैफियत महलमा उल्लेख गर्ने ।

**अनुसूची ३**

(उपदफा ७.१ संग सम्बन्धित)

मृतकको नजिकको हकदारले आर्थिक सहायताका लागि दिने निवेदनको ढाँचा

मिति :

**विषयः आर्थिक सहायता उपलब्ध गराई पाउँ ।**

श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय
...................... ।

सशस्त्र द्वन्द्वको कारण मृत्यु भएका देहायको विवरण अनुसारका व्यक्तिको म नजिकको हकदार भएकोले निम्नलिखित कागजात संलग्न गरी नेपाल सरकारबाट उपलब्ध गराउने आर्थिक सहायता उपलव्ध गराइदिनुहुन निवेदन गर्दछु ।

मृतकको नाम, थरः
ठेगानाः
मृत्यु भएको मितिः
मृत्यु भएको स्थानः

निवेदकः
दस्तखत :
नाम, थरः
ठेगानाः
मृतकसँगको नाताः

नाबालक हकदारको हकमा संरक्षकले निवेदन दिँदा माथिको विवरणमा दस्तखत बाहेक अन्य विवरण सम्बन्धित नाबालकको उल्लेख गरी संरक्षकको विवरण तल उल्लेख गर्ने ।

संरक्षककोः
दस्तखतः
नाम,थरः
ठेगानाः
नाबालकसँगको नाताः

संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :

१. नेपाली नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र)
२. नाता प्रमाणित पत्र
३. सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नाबालकको संरक्षक भएको व्यहोरा प्रमाणित गरेको कागजात (नाबालकको हकमा संरक्षकले निवेदन गर्दा मात्र)
४. २ प्रति हालसालै खिचेको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुवैको २/२ प्रति)
५. मृतकको मृत्युदर्ता प्रमाणपत्र (उपलब्ध भएसम्म)

**अनुसूची–४**

(दफा १० सँग सम्बन्धित)

कार्यदलको प्रतिवेदनमा नाम समावेश हुन छुट भएका मृतकका हकदारलाई आर्थिक सहायता माग गर्ने पत्रको नमूना

**विषय : विवरण पठाएको ।**

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
राहत तथा पुनःस्थापन इकाइ,
बबरमहल, काठमाडौं ।

देहायका मृतकका नजिकका हकदार कायम भएका देहायका व्यक्तिलाई मापदण्डको बुँदा नं. १.१.१ बमोजिमको आर्थिक सहायता उपलव्ध गराइदिनुहुन सिफारिश गर्दछु । सम्बन्धित सक्कल फाइल यसैसाथ संलग्न छ ।

| सि.नं | मृतकको | | | | | | | | मृतकको नजिकको हकदारको | | | | | | | | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | ठेगाना | | | | |
| | नाम, थर | उमेर | लिङ्ग | पेशा | ठेगाना (गा.वि.स. /न.पा./ वडा नं.) | मृत्यु भएको जिल्ला | मृत्यु भएको मिति | घटना कसले गराएको | नाम, थर | उमेर | लिङ्ग | पेशा | मृतक संगको नाता | जिल्ला | गा.वि.स. /न.पा./ वडा नं. | फोटो | | |
| | | | | | | | | | | | | | | | | | | |

........................
**प्रमुख जिल्ला अधिकारी**

द्रष्टव्यः नाबालक हकदारको हकमा संरक्षकको नाम, थर, ठेगाना कैफियत महलमा उल्लेख गर्ने ।

**अनुसूची ५**

(दफा १२.१ संग सम्बन्धित)

मृतकका नजिकको हकदारको नाममा बचत खाता खोल्न बैंकलाई लेख्ने पत्रको नमूना

मिति :

**विषयः शून्य मौज्दातमा बचत खाता खोलिदिने बारे ।**

श्री ............................... बैंक
....................................कार्यालय
.................................. ।

सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका व्यक्ति तथा निजको नजिकको हकदारको विवरण यसैसाथ संलग्न छ। सो विवरणमा उल्लेख भए बमोजिमका नजिकका हकदारहरुको नाममा शून्य मौज्दातमा बचत खाता खोली बैंक खाताको विवरण सहितको जानकारी यस कार्यालयमा र शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा दिनुहुन अनुरोध छ।

.............................
प्रमुख जिल्ला अधिकारी

द्रष्टव्यः मापदण्डको अनुसूची १ बमोजिमको मृतकका नजिकका हकदारको विवरण संलग्न गर्ने ।

# वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन, २०६८) निर्देशिका, २०६५

**पृष्ठभूमिः**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६५।७।२० को बैठकबाट "वेपत्ता पारिएका व्यक्तिको परिवारलाई पनि द्वन्द्व पिडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४ को दफा १.१.१ बमोजिम प्रति परिवार एक लाख रुपैया राहत स्वरुप उपलब्ध गराउने भन्ने निर्णय (अनुसूची-१ मा दिईएको छ।) भएकोले बेपत्ता पारिएका व्यक्तिको पीडित परिवारलाई पनि सोही बमोजिम सरल र पारदर्शी तरिकाले राहत उपलब्ध गराउन आवश्यक भएकोले "वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका, २०६५", वनाइ लागू गरिएको छ।

१. **नाम र प्रारम्भः**

यो निर्देशिकाको नाम "वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८" रहेको छ। यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति २०६८।६।१० देखि लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "मापदण्ड" भन्नाले "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४" सम्भन्नु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्भन्नु पर्छ।

(ग) "सशस्त्र द्वन्द्व" भन्नाले सम्वृत २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र ने.क.पा. माओवादीबीच भएको सशस्त्र द्वन्द्व सम्भन्नु पर्छ।

(घ) "कार्यदल" भन्नाले नेपाल सरकार (म.प.) को मिति २०६४।२।२७ को निर्णयानुसार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित "द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल" सम्भन्नु पर्छ र सो शब्दले यस कार्यलाई निरन्तरता दिंदै थप कार्यक्षेत्र सहित पुनर्गठित "द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल, २०६५" लाई समेत जनाउने छ।

(ङ) "व्यक्ति वेपत्ता पार्ने कार्य" भन्नाले देहायको कार्यलाई बुझाउँछ-

(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउने अवधि व्यतित भए पछि पनि निजको परिवारलाई भेटघाट गर्न नदिएमा वा निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा कसैलाई जानकारी नदिने,

(२) कुनै संगठन वा संगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ गरी वा अन्य कुनै तरिकाले वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने र त्यसरी वञ्चित गर्नुको कारण तथा निजलाई

कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा कसैलाई जानकारी नदिने ।

(च) "वेपत्ता पारिएका व्यक्ति" भन्नाले सशस्त्र द्वन्द्वको अवधिमा खण्ड (ङ) बमोजिमको कार्यबाट वेपत्ता पारिएको व्यक्ति सम्झनुपर्छ ।

**३. बेपत्ता पारिएका व्यक्तिका हकदारलाई प्रदान गरिने राहत :**

३.१. बेपत्ता पारिएका व्यक्तिको स्थिति हालसम्म पत्ता नलागेको अवस्थामा निजको नजिकको हकदारलाई रु. १ लाख प्रदान गरिनेछ ।

३.२. बेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारले मापदण्डको दफा ५ को उपदफा ५.१ बमोजिम आर्थिक सहायता स्वरुप रु.२५ हजार प्राप्त गरिसकेको रहेछ भने दफा ३ को उपदफा ३.१ बमोजिम राहत प्रदान गर्दा मापदण्डको दफा ५ को उपदफा ५.१ बमोजिम आर्थिक सहायता स्वरुप प्राप्त गरेको रु.२५ हजार कट्टा गरी बाँकी रकम मात्र प्रदान गरिनेछ ।

३.३. बेपत्ता पारिएको व्यक्तिको बेपत्ता हुँदाकै अवस्थामा मृत्यु भैसकेको कुरा प्रमाणित हुन आएमा निजको नजिकको हकदारले प्राप्त गर्ने राहतका सम्बन्धमा मापदण्डको दफा १.१.१ बमोजिम हुनेछ । तर मापदण्डको दफा ५ को उपदफा ५.१ बमोजिमको आर्थिक सहायता तथा यस निर्देशिका बमोजिमको राहत प्रदान गरिने छैन ।

**४. वेपत्ता पारिएका व्यक्ति यकिन गर्ने :**

४.१. बेपत्ता पारिएका व्यक्ति यकिन गर्दा वेपत्ता पारिएका व्यक्ति भनी राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सिफारिश वा प्रतिवेदन र वेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा छानवीन वा जाँचबुझ गर्न नेपाल सरकारबाट गठित आयोग, कार्यदल वा समितिबाट सो सम्बन्धमा प्राप्त प्रतिवेदनलाई आधार मानिनेछ ।

४.२. उपदफा ४.१ बमोजिम प्राप्त विवरण यकिन गर्नका लागि मन्त्रालयले कार्यदलमा पठाउनु पर्नेछ ।

४.३. कार्यदलले बेपत्ता पारिएका व्यक्तिको विवरण यकिन गरी अनुसूची-२ को ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ ।

**५. कार्यदलबाट प्राप्त विवरण जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने:**

५.१. बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा दफा ४.३ बमोजिम कार्यदलबाट मन्त्रालयमा प्राप्त विवरण बेपत्ता पारिएको व्यक्तिको स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

५.२. दफा ५.१ बमोजिमको विवरण प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले राहत प्राप्त गर्ने प्रयोजनका लागि बेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई दफा ६ को विवरण सहित सम्पर्क राख्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

**६. वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदार यकिन गर्ने :**

६.१. जिल्ला प्रशासन कार्यालयबाट उपदफा ५.२ बमोजिम सूचना प्रकाशित भएपछि वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारले देहायका कागजात संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा

जिल्ला प्रशासन कार्यालयमा राहतको लागि निवेदन दिनु पर्नेछ । नाबालकको हकमा निजको संरक्षकले निवेदन दिनु पर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र),

(ख) नाता प्रमाणित,

(ग) नाबालकको संरक्षकको हैसियतले निवेदन दिंदा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नाबालकको संरक्षक भएको प्रमाणित कागजात र

(घ) निवेदकको दुई प्रति पासपोर्ट साइजको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुबै जनाको दुई/दुई प्रति फोटो) ।

६.२. उपदफा ६.१ को खण्ड (घ) बमोजिम निवेदन साथ संलग्न दुई प्रति फोटो उपदफा ८.१ बमोजिम तयार हुने दुई प्रति विवरणमा एक/एक प्रति प्रयोग गर्नु पर्नेछ ।

६.३. उपदफा ६.१ बमोजिम प्राप्त निवेदनहरु छानविन गरी नजिकको हकदार तथा नाबालकको हकमा संरक्षक यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमिन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रिया अवलम्वन गर्न सक्नेछ ।

६.४. वेपत्ता पारिएको व्यक्तिको परिवारका सदस्यमध्ये देहायको क्रमानुसार जो जीवित छ उसैलाई वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदार कायम गर्नु पर्छः-

(क) सगोलको पति वा पत्नी,

(ख) सगोलको छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, विधवा छोरा बुहारी, छोरा र छोरा बुहारी दुबैको मृत्यु भैसकेको अवस्थामा निजहरुबाट जन्मेको नाति, अविवाहित नातिनी,

(ग) सगोलको बाबु, आमा,

(घ) सगोलको बाजे, बज्यै, र विवाहित वेपत्ता पारिएको महिलाको हकमा सगोलको सासु, ससुरा

(ङ) भिन्न बसेको पति वा पत्नी,

(च) भिन्न बसेको छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री वा विधवा छोरा बुहारी,

(छ) भिन्न बसेको बाबु, आमा,

(ज) सगोलको दाजु, भाइ, अविवाहित दिदी, बहिनी,

(झ) सगोलको भतिजा, भतिजी, सौतेनी आमा,

(ञ) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी, नातिनी बुहारी ।

एउटै क्रममा एकभन्दा बढी नातेदारहरु भएमा सो क्रममा तोकिएका सबै नातेदारहरुलाई नजिकको हकदार कायम गर्नु पर्छ ।

**७. नजिकको हकदार पत्ता नलागेको अवस्थाः**

उपदफा ६.४ मा उल्लिखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थामा सो भन्दा बाहिरका अन्य कुनै व्यक्तिलाई राहत उपलव्ध गराइने छैन ।

**८. वेपत्ता पारिएका व्यक्ति र निजका नजिकका हकदारको विवरण पठाउने :**

८.१. दफा ६ बमोजिम वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदार यकिन भए पछि प्रमुख जिल्ला अधिकारीले अनुसूची-४ बमोजिमको २ प्रति विवरण तयार गरी वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारलाई राहत उपलव्ध गराउन सो विवरणको एक प्रति शान्ति तथा पुनर्निर्माण मन्त्रालयको राहत तथा पुनःस्थापन ईकाइमा पठाउनु पर्नेछ। यस्तो विवरण फ्याक्स मार्फत पनि पठाउन सकिने छ। यसरी फ्याक्स मार्फत विवरण पठाएको अवस्थामा सो विवरणको सक्कल प्रति हुलाक वा अन्य माध्यमबाट पनि पठाउन पर्नेछ।

८.२. जिल्ला प्रशासन कार्यालयबाट उपदफा ८.१ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयको राहत तथा पुनःस्थापन इकाइले सो विवरण र कार्यदलको विवरण भिडाई कुनै कैफियत देखिए सो समेत उल्लेख गरी उक्त विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

**९. बजेट निकासा प्रक्रियाः**

९.१. मन्त्रालयले दफा ५ को उपदफा ५.१ बमोजिम जिल्ला प्रसासन कार्यालयमा विवरण पठाउदा कार्यदलले सिफारिस गरेको बेपत्ता पारिएका व्यक्तिको संख्याको आधारमा खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पत्र समेत साथै पठाउनु पर्नेछ।

९.२. मन्त्रालयले उपदफा ९.१ बमोजिम खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पठाउदा दफा ८ को उपदफा ८.२ बमोजिमको विवरण प्राप्त नभएसम्मकालागि निकासा रोक्का राख्नु पर्नेछ।

९.३. मन्त्रालयको राहत तथा पुनःस्थापन इकाइबाट दफा ८ को उपदफा ८.२ बमोजिमको विवरण प्राप्त भएपछि मन्त्रालयले प्रक्रिया पुरा भएका वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई राहत प्रदान गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रकम निकासा वा फुकुवाको आदेश पठाउनु पर्नेछ।

९.४. मन्त्रालयबाट उपदफा ९.३ बमोजिमको आदेश प्राप्त भए पछि जिल्ला प्रशासन कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालमा बजेट निकासा माग गरी प्राप्त निकासा आम्दानी बाँध्नु पर्नेछ।

९.५. आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम जिल्ला प्रशासन कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ।

९.६. वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई आर्थिक सहायता दिने प्रयोजनका लागि स्वीकृत भएको खर्च शीर्षकको रकम अन्य शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

**१०. भुक्तानी प्रक्रिया :**

१०.१. उपदफा ९.३ बमोजिमको आदेश प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई सिधै चेकबाट भुक्तानी दिनुपर्नेछ।

**११. लेखा र लेखा परीक्षण :**

११.१. जिल्ला प्रशासन कार्यालयले विनियोजित रकम र खर्चको लेखा महालेखा परीक्षकको कार्यालयको स्वीकृत ढाँचामा राख्नु पर्नेछ।

११.२. प्रमुख जिल्ला अधिकारीले उल्लेखित कारोबारको लेखा अद्यावधिक भए नभएको विषयमा बराबर जाँच गर्नु पर्नेछ।

११.३. कार्यालयमा राख्नु पर्ने लेखा ठीक दुरुस्तसंग राखे नराखेको विषयमा महालेखा नियन्त्रकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आकस्मिक वा समय समयमा जाँच गर्न सक्ने छ। यसरी जाँच गर्दा कैफियत देखिएमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

११.४. यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

११.५. यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ। लेखा परीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राखी फछ्र्यौट गराउने जिम्मेवारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ।

**१२. प्रतिवेदन**

१२.१ स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार भएको आम्दानी खर्चको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालयले अनिवार्य रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

१२.२. स्थानीय बैंकले जिल्ला प्रशासन कार्यालयबाट खातावालाहरुको नाममा जम्मा हुन आएको रकमको मासिक विवरण मन्त्रालयमा पठाउनु पर्नेछ।

**१३. उजुरी :**

यस निर्देशिका बमोजिम वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई आर्थिक सहायता उपलव्ध गराउने सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट भएका निर्णय उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले त्यस्तो काम भए गरेको मितिले ३५ दिनभित्र आफ्नो व्यहोरा खुलाई शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सक्नेछ।

**१४. विविध :**

१४.१. यस निर्देशिकामा उल्लेख नभएका आर्थिक प्रशासन सम्बन्धी अन्य विषयका हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

१४.२. यस निर्देशिका बमोजिम वेपत्ता पारिएका व्यक्तिको नजिकको हकदारलाई वितरण हुने आर्थिक सहायता सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयले अनुगमन गर्नेछ।

१४.३. मन्त्रालयले यो निर्देशिका कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्ने छ।

१४.४. यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। सो सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

**१५. विशेष राहत सम्बन्धी व्यवस्था :**

यो निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वेपत्ता पारिएका व्यक्तिका हकदारलाई जुनसुकै स्रोत वा निकायबाट आर्थिक राहत स्वरुप अधिकतम रु. दश लाख सम्म उपलब्ध गाराईने  छ। सो मध्ये हाल सम्म

जुनसुकै श्रोत वा निकायबाट रु. तीन लाख भन्दा बढी प्राप्त नगरेको तर रु. एक लाख सम्म प्राप्त गरेका वेपत्ता पारिएका व्यक्तिका हकदारलाई रु. तीन लाख नपुगेसम्म बढीमा रु. दुई लाख सम्म थप आर्थिक सहायता उपलब्ध गराईनेछ।

वेपत्ता पारिएका व्यक्ति पत्नीले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०६६ बमोजिम बुझिलिएको रु. पच्चीस हजार गणना गरिने छैन।

**अनुसूची–१**
(पृष्ठभूमिसँग सम्बन्धित)

मन्त्रिपरिषद् राजनैतिक समितिको मिति २०६५।७।२० को निर्णय

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मन्त्रिपरिषद् बैठक
(.................................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या : मं.बै./०६५
च.न. : ७६४ मिति : २०६५।७।२०

श्री सचिव,
शान्ति तथा पुनर्निर्माण मन्त्रालय।

राहत उपलब्ध गराउने विषय मं.प.बै.सं. २९।०६५ मिति २०६५।७।२० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६५ को नियम २९ बमोजिम अनुरोध गरेको छु -

**नेपाल सरकारको निर्णय**

"शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मिति २०६५।७।१८ को पत्रानुसार वेपत्ता पारिएका व्यक्तिहरुको पीडित परिवारलाई पनि मं.प.रा.स. १।०६५ मिति २०६५।१।१३ को मन्त्रिपरिषद्, राजनैतिक समितिबाट स्वीकृत "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६५" को दफा १.१.१ बमोजिम प्रति परिवार एक लाख रुपैयाँ राहत स्वरुप उपलबध गराउने। उक्त रकम अर्थ मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई निकासा दिने।"

(डा. भोजराज घिमिरे)
मुख्य सचिव

बोधार्थ तथा कार्यार्थ-
श्री सचिव, अर्थ मन्त्रालय।

**अनुसूची–२**

(निर्देशिकाको दफा ४ को उपदफा ४.३ सँग सम्बन्धित)

द्वन्द्वका क्रममा वेपत्ता पारिएका व्यक्तिको विवरण

| क्र.सं. | वेपत्ता व्यक्तिको नाम, थर | बाबु वा आमाको नाम, थर | ठेगाना | | | उमेर | लिङ्ग | पेशा/ कार्यक्षेत्र | वेपत्ता पारिएको | | वेपत्ता को द्वारा ? | वेपत्तामा रहेको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | | | | मिति | स्थान | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

द्रष्टव्यः १) महल नं. ७ मा उमेर जनाउँदा पूरा गरेको उमेर वर्षमा लेख्नु पर्दछ।

२) महल नं. ९ मा वेपत्ता पारिएको व्यक्तिले गर्ने गरेको मुख्य कार्य वा पेशा वा व्यवसाय लेख्नु पर्दछ। जस्तैः शिक्षण, व्यापार, कृषि, कानून व्यवसाय, राजनीति आदि

३) महल नं. १२ मा कसले वेपत्ता पारेको हो खुलाउनु पर्दछ। जस्तैः राज्यपक्ष, विद्रोही पक्ष।

४) महल नं. १३ मा वेपत्ता भएको अवधिलाई दिनमा लेख्नु पर्दछ। जस्तै दुई महिना पन्ध्र दिन अपहरणमा परेको भए ७५ दिन लेख्ने। हाल सम्म पनि पत्ता नलागेको अवस्थामा सोही व्यहोरा जनाउने।

प्रमाणित गर्नेको,
दस्तखतः
नाम, थरः
पदः

**अनुसूची ३**

(निर्देशिकाको दफा ६ को उपदफा ६.१ संग सम्बन्धित)

**वेपत्ता पारिएको व्यक्तिका नजिकको हकदारले राहतका लागि दिने निवेदनको ढाँचा**

मिति : .....................

**विषयः राहत उपलब्ध गराई पाउ ।**

श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
....................... ।

सशस्त्र द्वन्द्वको कारण वेपत्ता पारिएको देहायको विवरण अनुसारका व्यक्तिको म नजिकको हकदार भएकोले निम्नलिखित कागजात संलग्न गरी नेपाल सरकारबाट उपलब्ध गराउने राहत उपलव्ध गराइदिनुहुन निवेदन गर्दछु ।

| | | |
|---|---|---|
| वेपत्ता पारिएको व्यक्तिकोः | | निवेदककोः |
| नाम, थरः | दस्तखत : | |
| ठेगानाः | | नाम, थरः |
| वेपत्ता भएको मितिः | | ठेगानाः |
| वेपत्ता भएको स्थानः | वेपत्ता पारिएको व्यक्तिसँगको नाताः | |

नाबालक हकदारको हकमा संरक्षकले निवेदन दिँदा माथिको विवरणमा दस्तखत बाहेक अन्य विवरण सम्बन्धित नाबालकको उल्लेख गरी संरक्षकको विवरण तल उल्लेख गर्ने ।

संरक्षककोः
दस्तखतः
नाम, थरः
ठेगानाः
नाबालकसँगको नाताः

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१. नेपाली नागरिकताको प्रमाणपत्र (नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र र निजको संरक्षकको नागरिकताको प्रमाणपत्र)
२. नाता प्रमाणित पत्र
३ सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट नाबालकको संरक्षक भएको व्यहोरा प्रमाणित गरेको कागजात (नाबालकको हकमा संरक्षकले निवेदन गर्दा मात्र)
४. २ प्रति हालसालै खिचेको फोटो (नाबालकको हकमा नाबालक र संरक्षक दुवैको २/२ प्रति)

**अनुसूची-४**

(निर्देशिकाको दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित)

वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदार यकिन गरी आर्थिक सहायता उपलब्ध गराउन निकासा माग गर्ने पत्रको नमूना

**विषय : विवरण पठाएको ।**

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
राहत तथा पुनःस्थापन इकाइ,
बबरमहल, काठमाडौं ।

देहायका वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदार कायम भएका देहायका व्यक्तिलाई नेपाल सरकार (मं.प.) को निर्णयानुसार रु १ लाखका दरले उपलब्ध गराइने राहत प्रदान गर्ने प्रयोजनका लागि रकम निकासा/फुकुवा हुन अनुरोध छ ।

| सि.नं | वेपत्ता पारिएको व्यक्तिको | | | | | | | | कार्यदलको प्रतिवेदनमा उल्लिखित क्र.स. | वेपत्ता परिएका व्यक्तिको नजिकको हकदारको | | | | | | | | पाउने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | उमेर | लिङ्ग | पेशा | ठेगाना (गा.वि.स. /न.पा./ वडा नं.) | वेपत्ता भएको जिल्ला | वेपत्ता भएको मिति | घटना कसले गराएको | | नाम, थर | उमेर | लिङ्ग | पेशा | वेपत्ता परिएको व्यक्ति संगको नाता | ठेगाना | | फोटो | | |
| | | | | | | | | | | | | | | | जिल्ला | गा.वि.स. /न.पा./ वडा नं. | | | |
| | | | | | | | | | | | | | | | | | | | |

..............................
**प्रमुख जिल्ला अधिकारी**

द्रष्टव्यः नाबालक हकदारको हकमा संरक्षकको नाम, थर, ठेगाना कैफियत महलमा उल्लेख गर्ने ।

# स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरु
# (Terms of Reference)

(मन्त्रीपरिषद्‌बाट स्वीकृत मिति २०६५ माघ २३ गते)

मुलुकमा एक दशक देखि विद्यमान द्वन्द्व समाधान गर्न संविधान सभाको निर्वाचन भैसकेको सन्दर्भमा विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गर्दै;

स्थानीय स्तरमा विद्यमान द्वन्द्वका प्रभावहरुलाई निर्मुल गर्दै शान्ति तथा पुनर्निर्माणका प्रकृयालाई आपसी सद्‌भाव र एकताका आधारमा व्यवस्थित रुपमा प्रवर्द्धन गर्दै दीगो शान्ति वहालीद्वारा संक्रमणकालिन अवस्थामा न्यायपूर्ण व्यवस्थाको लागि अनुकुल वातावरण तयार गर्न;

लोकतान्त्रिक मूल्य मान्यता र दिगो शान्तिका लागि स्थानीय सरोकारवालाहरुको चासो एवं गुनसोलाई सम्बोधन गर्न;

विस्तृत शान्ति सम्झौता र त्यसपछि भएका सम्झौता तथा मधेश आन्दोलन लगायत अन्य आन्दोलनमा गरिएका सहमती तथा समझदारीको स्थानीयस्तरमा अनुगमन गर्न मिति २०६९ पौष मसान्त सम्म[1] स्थानीय शान्ति समिति गठन गर्ने निर्णय गरिएको छ।

**१. नाम र प्रारम्भ :**

१.१ यी कार्यक्षेत्रगत शर्तहरुको नाम "स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरु, २०६५" रहेको छ।

१.२ यी कार्यक्षेत्रगत शर्तहरु तुरुन्त प्रारम्भ हुनेछन्।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी कार्यक्षेत्रगत शर्तहरुमा,

२.१ "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ।

२.२ "समिति" भन्नाले यी कार्यक्षेत्रगत शर्तहरु बमोजिम प्रत्येक जिल्लामा गठन हुने स्थानीय शान्ति समिति सम्झनु पर्छ।

२.३ "कार्यक्षेत्रगत शर्तहरु" भन्नाले स्थानीय शान्ति समितिको कार्य क्षेत्रगत शर्तहरु सम्झनु पर्छ।

२.४ "संक्रमणकालिन अवस्था" भन्नाले नयाँ संविधानको घोषणा नहुँदा सम्मको अवधिलाई सम्झनु पर्छ।

**३. स्थानीय शान्ति समितिको गठन :**

३.१ समिति गठन गर्दा सम्बन्धित जिल्लामा क्रियाशील रहेका संविधान सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि, द्वन्द्व प्रभावित पक्षका प्रतिनिधि तथा शान्ति प्रबर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याएका वा यस क्षेत्रमा अनुभव भएका व्यक्ति, नागरिक समाज, महिला, दलित, आदिवासी/जनजाती, मुस्लिम, मधेशी, उत्पीडित, उपेक्षित र पिछडिएका क्षेत्र, अल्पसंख्यक तथा उद्योग-व्यवसायका विभिन्न क्षेत्रका

---

१ * मिति २०६७।१२।२ को नेपाल सरकार (मन्त्री परिषद्) को निर्णयानुसार संशोधन।

प्रतिनिधि समेत सहभागी हुने गरी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी परामर्श बैठकको आयोजना गर्नेछ।

३.२ दफा ३.१ बमोजिमको परामर्श वैठकवाट यी कार्यक्षेत्रगत शर्तहरुको अधिनमा रही बढीमा २३ जना सम्म सदस्य रहेको स्थानीय शान्ति समिति गठन गरिनेछ। स्थानीय शान्ति समितिमा सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्नेछ। समितिको गठन विधि देहाय बमोजिम हुनेछ

क) सम्बन्धित जिल्लामा संबिधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुको जिल्ला कार्य समितिको एक एकजना प्रतिनिधि रहने गरी बढीमा १२ जना - सदस्य

ख) शान्ति प्रवर्द्धनमा योगदान पुऱ्याएका नागरिक समाज, स्थानीय संस्थाहरु, मानव अधिकारकर्मीहरु मध्येबाट ४ जना - सदस्य

ग) द्वन्द्व प्रभावित विभिन्न पक्षहरुको प्रतिनिधित्व हुने गरी ४ जना - सदस्य

घ) उद्योग वाणिज्य संघको प्रतिनिधि १ जना - सदस्य

ङ) खण्ड (क), (ख) र (ग) अनुसार छनौट गर्दा प्रतिनिधित्व छुट हुन गएका आदिवासी /जनजाति, मधेशी, दलित, मुस्लिम लगायतकासमुदायहरु मध्येबाट २ जना - सदस्य

३.३ स्थानीय शान्ति समितिले आवश्यक ठानेका गाउँ विकास समिति/ नगरपालिकामा वढीमा ९ जना सदस्य भएको गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति गठन गर्न सक्नेछ। यसरी गठन हुने गाउँ विकास समिति स्तरीय शान्ति समितिको सचिवका रुपमा सम्बन्धित गाउँ विकास समितिको सचिवले र नगरपालिका स्तरीय शान्ति समितिको सचिवका रुपमा सम्बन्धित नगर पालिकाको कार्यकारी अधिकृतले काम गर्नेछ। यस्ता समितिहरुको लागि सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाकै श्रोत परिचालन हुनेछ।

३.४ समितिले आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला प्रहरी कार्यालय र अन्य जिल्ला स्तरीय कार्यालयहरुका प्रतिनिधिहरुलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ।

३.५ समिति गठन भइसकेपछि सो समितिले आफ्नो कार्य सञ्चालनका लागि आपसी सहमतिको आधारमा सम्बन्धित सदस्यहरुमध्येबाट ६/६ महिनाको आलोपालो गरी संयोजकको चयन गर्नेछ।

३.६ समितिले आफ्नो काम कारवाहीलाई व्यवस्थित तुल्याउन आपसी सहमतिको आधारमा प्रमख राजनैतिक दल समेतको सहभागितामा समितिका सदस्यहरु मध्येबाट अधिकतम ९ जनाको एक स्थानीय शान्ति सचिवालय खडा गर्नेछ जसमा कम्तीमा दुई सदस्य महिला हुनुपर्नेछ। सचिवालयले आफुले गरेको काम कारवाहीको जानकारी समितिलाई गराउनेछ।

३.७ स्थानीय शान्ति सचिवालयले समितिको निर्देशन र निकट समन्वयमा रहि काम गर्ने छ र यस सचिवालयले गरेको प्रत्येक कार्यको जानकारी समितिलाई गराउनु पर्नेछ।

३.८ समितिले आवश्यक ठानेमा समितिको बैठकमा स्थानीयस्तरमा कार्यरत व्यक्ति तथा निकायहरुलाई आवश्यकतानुसार पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

३.९ समितिको सचिवको काम मन्त्रालयबाट खटिएको अधिकृत कर्मचारीले गर्नेछ।

३.१० स्थानीय शान्ति समितिले आवश्यकतानुसार विषयगत उपसमितिहरु गठन गर्न सक्नेछ।

**४. स्थानीय शान्ति समितिको काम र कर्तव्य :**

४.१ शान्ति निर्माण प्रक्रियाको प्रबर्द्धन गर्दै, स्थानीय तहमा नयाँ संवैधानिक व्यवस्था लागु नभए सम्मका लागि नेपालको संक्रमणकालीन अवस्थालाई ध्यानमा राख्दै, शान्ति प्रवर्द्धन र शान्ति निर्माण तथा द्वन्द्व रुपान्तरणका प्रक्रियालाई सहजीकरण गरी विस्तृत शान्ति सम्झौताको सवल कार्यान्वयनमा सघाउ पुऱ्याउने ।

४.२ मन्त्रालयका राहत तथा पुनर्निर्माण सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको अनुगमन गर्ने ।

४.३ द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्ने कार्यमा सो प्रयोजनको लागि नेपाल सरकारले गठन गरेको कार्यदललाई आवश्यक सहयोग गर्ने ।

४.४ राजनीतिक एवं सामाजिक द्वन्द्वको कारण उत्पन्न प्रतिकूल परिस्थितिमा पनि रचनात्मक एवं नविन ढङ्गले द्वन्द्व रुपान्तरणका प्रक्रियाहरुलाई अगाडि बढाउने ।

४.५ मेलमिलाप, पीडासमन (healing) र पारस्परिक विश्वास अभिवृद्धिमा जोड दिने ।

४.६ स्थानीय तहमा हुने राजनीतिक एवं सामाजिक विकासक्रमलाई निरन्तर पर्यवेक्षण गर्ने र राजनीतिक गतिरोध वा सम्भावित हिंसाको स्थिति आइपरेमा द्वन्द्व निवारणका प्रक्रियाहरु अवलम्बन गरी स्थितिलाई सामान्यीकरण तर्फ उन्मुख गराउन हरसम्भव प्रयत्न गर्ने ।

४.७ राष्ट्रिय वा स्थानीय स्तरमा शान्ति प्रक्रियालाई प्रभावित तुल्याउने विषयहरुमा प्राप्त जानकारीका बारेमा समितिका सदस्यहरुका साथै जनसाधारणलाई सुसूचित तुल्याउने ।

**५. स्थानीय शान्ति समितिको कार्य प्रक्रिया :**

५.१. समितिले आफ्नो कार्य सम्पादनको साथै शान्ति निर्माण प्रक्रियाका रणनीतिहरु कार्यान्वयनका लागि साझा सहमति निर्माण गर्नेछ ।

५.२ समितिमा हुने सबै निर्णयहरु सर्वसम्मत तरीकाले गरिनेछन् । सर्वसम्मत हुन नसकेमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतको आधारमा निर्णय गर्नुपर्नेछ ।

५.३ समितिले आवश्यकता अनुसार स्थानीय वा राष्ट्रियस्तरका मेलमिलापकर्ताहरुको सेवा प्राप्त गर्न सक्नेछ । यस्ता मेलमिलापकर्ताहरुले समितिले तोकिदिएको कार्यक्षेत्र भित्र रही समिति प्रति पूर्ण जवाफदेही बनी आफ्नो कार्य सम्पादन गर्नुपर्नेछ ।

५.४ हिंसा निरोध गर्न, विषम परिस्थिति सिर्जना हुन नदिन वा त्यस्तो परिस्थिति आउन सक्ने संभावनाको समयमै न्यूनीकरण गर्न स्थानीय शान्ति समितिहरुले राष्ट्रिय वा अन्तर्राष्ट्रिय अनुगमनकर्ताहरुसंग कार्यगत सम्बन्ध स्थापना गर्न सक्नेछन् ।

५.५ समिति र स्थानीय निकायहरु (जिल्ला विकास समिति, नगरपालिका वा गाउं विकास समिति) ले स्थानीय स्तरको द्वन्द्व निवारण गर्न आपसमा सहयोग आदान-प्रदान गर्न सक्नेछन् । यो प्रयोजनका लागि समितिले सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।

५.६ समिति समक्ष विचाराधीन कुनै विषयमा समितिको प्रयासका बाबजुद पनि गतिरोध कायमै रहेमा समितिले त्यस्तो विषयलाई परामर्शको निमित्त शान्ति तथा पुनस्थापन परामर्श समितिमा पठाउन सक्नेछ । परामर्श समितिले आवश्यक ठानेमा राष्ट्रियस्तरका निकायहरु समेतको सुझाव माग गरी विवादको टुङ्गो लगाउने प्रयास गर्नेछ ।

**६. स्थानीय शान्ति समितिको अधिकार :**

६.१ स्थानीय स्तरमा उत्पन्न हुने द्वन्द्वलाई न्यूनीकरण गर्नका लागि समितिले द्वन्दरत पक्षहरुबीचको छलफललाई सहज गराउन मध्यस्थता (Mediation) र सहजकर्ताको भूमिका निर्वाह गर्नेछ। तर समितिलाई न्यायिक मध्यस्थता (ब्चदष्तचबतष्यल) गर्ने अधिकार भने हुने छैन।

६.२ समितिलाई स्थानीय निकायहरुले गरेको निर्णयमा असर पार्ने गरी निर्णय गर्ने अधिकार हुने छैन।

६.३ समितिले सरकारी कार्यालयहरु, गैर-सरकारी संस्था वा नागरिक समाज वा आवश्यक ठानेका अन्य व्यक्ति एवं संघ संस्थाहरुसंग द्वन्द्व निवारणसंग सम्बन्धित कुनै विषयमा आवश्यक सहयोग लिन सक्नेछ। तर यस्तो सहयोग अन्तर्गत आर्थिक सहयोग पर्ने छैन।

६.४ समितिले शान्ति प्रकृयाको सिलसिलामा भएको विस्तृत शान्ति सम्झौता र त्यसपछि विभिन्न समयमा भएका सम्झौता तथा मधेश आन्दोलन लगायत अन्य आन्दोलनको क्रममा गरिएका सहमति तथा समझदारीको कार्यान्वयनका सम्बन्धमा भए गरेका काम कारवाहीहरुको प्रगति जिल्लास्थित सरकारी कार्यालयहरुसँग माग गर्न सक्नेछ। यसरी माग गरिएको जानकारी ततृतत् निकायहरुले समयमै समितिलाई उपलब्ध गराउनु पर्नेछ।

६.५ कुनै सम्भाव्य द्वन्द्वबाट जोगाउने वा त्यस्तो घटनालाई निस्तेज तुल्याउने सिलसिलामा प्रहरी एवं अन्य सुरक्षा निकायहरुले आफ्नो मूल दायित्वको पालनामा अन्यथा नहुने गरी समितिसंग सहकार्य गर्न सक्नेछन्।

६.६ समितिले संविधान निर्माण लगायत शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउने सन्दर्भमा गरिने कृयाकलापहरुको जिल्लास्तरमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

६.७ समितिहरुलाई विस्तृत शान्ति सम्झौता र त्यसपछि सम्पन्न सम्झौता, समझदारी र सहमतिहरुको अधीनमा रही काम गर्ने पूर्ण अधिकार हुनेछ।

**७. स्थानीय शान्ति समितिको सचिवको काम, कर्तव्य र अधिकार :**

७.१ मन्त्रालयसंग सम्बन्धित राहत तथा पुनर्निर्माण सम्बन्धी कार्यको अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।

७.२ मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा लिई प्रचलित कानुन वमोजिम रीत पुऱ्याई खर्च गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने र औंल्याईएका वेरुजुको लगत खडा गरी फछ्र्यौट गर्ने-गराउने।

७.३ मन्त्रालयबाट स्वीकृत दरबन्दी र बजेटभित्र रही कर्मचारी व्यवस्थापन गर्ने।

७.४ आवधिक प्रगति तथा वित्तीय प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायहरुमा पठाउने तथा सो को जानकारी कार्यालयको सूचना पाटीमा टाँस गर्ने।

७.५ नागरिक वडापत्रको व्यवस्था गर्ने।

**८. शान्ति तथा पुनर्निर्माण मन्त्रालयको काम, कर्तव्य र अधिकार:**

८.१ समितिहरुको स्थापना कार्यमा सघाउ पुऱ्याउने जिम्मेवारी शान्ति तथा पुनःर्निर्माण मन्त्रालयको हुनेछ।

८.२ प्रत्येक जिल्लामा समितिका कार्यालयहरु स्थापना गरी सो को काम कारवाही सञ्चालन गर्न आवश्यक पर्ने खर्च यकीन गरी मन्त्रालयले अर्थ मन्त्रालयसंग रकम निकासा माग गर्नेछ। यसरी माग गरिएको रकम अर्थ मन्त्रालयले मन्त्रालयको नाउंमा निकासा दिनेछ।

८.३ मन्त्रालयले अर्थ मन्त्रालयसंग सहमति लिई स्थानीय शान्ति समितिलाई सहयोग गर्न चाहने दातृराष्ट्र र

संस्थाहरुबाट आर्थिक, भौतिक एवं अन्य सहयोग प्राप्त गरी परिचालन गर्नेछ।

८.४ समितिको कार्यालय सचिवको रुपमा मन्त्रालयले नेपाल प्रशासन सेवाका एक जना राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई खटाउनेछ । निजामती सेवाबाट त्यस्ता अधिकृतहरु उपलब्ध हुन नसकेमा मन्त्रालयले करारमा नियुक्त गरी पठाउन सक्नेछ।

८.५ समितिको सचिवालयले आवश्यकता अनुसार रा.प.अनं.प्रथम श्रेणी सरहको कार्यालय सहायक एकजना र कार्यालय सहयोगी एकजना समेत मन्त्रालयको पूर्व स्वीकृति लिएर करारमा नियुक्त गर्न सक्नेछ । नियमानुसार करार सेवामा नियुक्त गरिने कर्मचारीहरु सम्बन्धित जिल्लाबासी नै हुनु पर्नेछ।

८.६ समितिलाई आवश्यक साधन र स्रोतहरु मन्त्रालयले उपलब्ध गराउनेछ। समितिवाट अनुरोध भई आएमा मन्त्रालयले सम्भव भएसम्म शीपयुक्त सहजकर्ता, प्रशिक्षक र मेलमिलापकर्ताको सेवा समेत उपलब्ध गराउनेछ।

८.७ समितिहरु प्रशासनिक विषयमा मन्त्रालयप्रति उत्तरदायी रहनेछन्।

८.८ यस कार्यक्षेत्रगत शर्तको कार्यान्वयन सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशिका बनाउन सक्नेछ।

**९. कार्यान्वयनका निर्देशक सिद्धान्तहरु :**

९.१ स्थानीय स्तरमा आवश्यक छलफल एवं परामर्शका आधारमा आपसी सहमतिले स्थानीय शान्ति समितिको गठन गरिनेछ।

९.२ समितिको स्थापना, प्रक्रिया तथा यसको कार्यसंचालनमा समावेशी सहभागिता र स्वामित्ववोधको अवधारणा प्रतिविम्बित हुनु पर्नेछ।

९.३ विस्तृत शान्ति सम्झौता एवं मधेश आन्दोलन लगायत अन्य आन्दोलनका क्रममा भएका सहमति र सम्झौतामा अन्तरनिहित मुल्य एवं मान्यता नै स्थानीय शान्ति समिति स्थापनाका आधार भएकाले ती सम्झौताको मर्म र भावना अनुकुल काम गर्ने सिद्धान्त अवलम्वन गरिनेछ।

**१०. खारेजी र बचाउ :**

१०.१ नेपाल सरकार (मन्त्रीपरिषद्) बाट २०६४ भाद्र २ गते र २०६५ असोज ३० गते स्वीकृत "स्थानीय शान्ति समितिको कार्य क्षेत्रगत शर्तहरु" (Terms of Reference) खारेज गरी सो को सट्टा यो कार्यक्षेत्रगत शर्तहरु अनुसार स्थानीय शान्ति समितिहरु पुनर्गठन हुने गरी लागू गरिएको छ।

# द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५

(स्विकृत मितिः २०६५।१०।१५)
(प्रथम संशोधन मिति २०६६।६।१८)

**१) पृष्ठभूमि**

नेपालमा बिगत एक दशकभन्दा लामो समयसम्म भएको सशस्त्र द्वन्द्वका कारण समस्त क्षेत्र प्रभावित भएको सन्दर्भमा पूर्वाधार निर्माणको कार्य पनि अछुतो रहेन। साथै निर्माण सम्पन्न भई प्रयोगमा आएका भौतिक संरचनाहरु समेत क्षतिग्रस्त हुन पुगे। नेपाल सरकार र ने.क.पा. माओवादीबीच २०६३।८।५ मा सम्पन्न बिस्तृत शान्ति संझौताबाट मुलुकमा बिद्यमान एक दशक लामो शसस्त्र एवं हिंसात्मक द्वन्द्वको बिधिवत अन्त्य इएको छ। तत्पश्चात नेपाल सरकारले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना गरेको छ। यस मन्त्रालयलाई देशमा दिगो शान्ति कायम गर्नुका अतिरिक्त द्वन्द्वबाट प्रभावित/क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण गर्ने जिम्मेवारी पनि सुम्पिएको छ।

यस मन्त्रालयलाई प्राप्त जिम्मेवारी अनुसार द्वन्द्व प्रभावित संरचनाहरुको पुनर्निर्माण गर्दै गम्भीर रुपमा प्रभावित सामाजिक परिवेशलाई सामान्य बनाई देशमा दिगो शान्ति बहाल गर्न दीर्घकालीन र अल्पकालीन योजना तथा रणनीति तयार गर्ने कार्य भइरहेका छन्। यी सवै कार्यहरु सम्पादन गर्न गराउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको भूमिका अत्यन्तै महत्वपूर्ण र जिम्मेवारीपूर्ण भएकोले द्वन्द्वबाट क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको पुनर्निर्माण तथा शान्तिका लागि विकासका कार्य अघि बढाउन मन्त्रालय तदारुकताका साथ लागि परेको छ। यही लक्ष्य परिपूर्ति गर्न मंत्रालयले मिति २०६३।८।५ पूर्व द्वन्द्वबाट क्षति भएका बिभिन्न भौतिक संरचनाहरुको पुननिर्माण तथा शान्तिका लागि विकास कार्यक्रमहरु सञ्चालनार्थ तयार गरिएको कार्यविधि प्रयोगमा ल्याएको छ।

**२) संक्षिप्त नाम र प्रारम्भ**

यो कार्यविधिको नाम "द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५" रहनेछ। यो कार्यविधि मिति २०६५/१०/१५ मा स्वीकृत भई तदनुरुप कार्यान्वयनमा ल्याइएको छ।

**३) परिभाषा**

यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई जनाउनेछ।

ख) "विभाग" भन्नाले द्वन्द्वको क्रममा क्षति भएका भौतिक पूर्वाधारका संरचनाहरुका तालुकवाला मन्त्रालयको विभागलाई जनाउनेछ।

ग) "परियोजना" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तरगत रहेको "द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना" लाई जनाउनेछ।

घ) "संरचना" भन्नाले द्वन्द्वको अवधि (मिति २०५२/११/१ देखी २०६३।८।५ सम्म) मा क्षति भएका बुँदा ५ बमोजिमका भौतिक पूर्वाधारका संरचनालाई जनाउनेछ।

ङ) "कार्यक्रम" भन्नाले यो कार्यविधिको बुँदा नं. ५ का कार्यक्रमहरुलाई जनाउनेछ।

च) "बजेट" भन्नाले पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रमका लागि प्राप्तहुने बजेटलाई जनाउनेछ।

छ) "समिति" भन्नाले द्वन्द्वबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गराउन गठित जिल्ला पुनर्निर्माण समितिलाई जनाउनेछ।

ज) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति सम्झनुपर्दछ।

## ४) कार्यक्रम तथा कार्यविधिको उद्देश्य

४.१ द्वन्द्वको क्रममा क्षति हुन पुगेका भौतिक पूर्वाधारहरु र स्थानीय स्तरमा सेवा प्रवाह गर्ने सरकारी/स्थानीय निकाय/समिति/प्राधिकरण/प्रतिष्ठान अन्तर्गतका कार्यालयहरुको संरचनाहरुको पुनर्निर्माण तथा पुनर्स्थापना गरी जनतालाई दिगो शान्ति र राहतको अनुभुति दिलाउनु तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन गरी राष्ट्रको नव निर्माण गर्नु यस कार्यक्रमको उद्देश्य हुनेछ।

४.२ भौतिक पूर्वाधार पुनर्निर्माण कार्यलाई व्यवस्थित र संस्थागत गर्दै द्वन्द्वबाट क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माण/पुनस्थापना गर्न र उपलब्ध श्रोत र साधनलाई ब्यवस्थित रुपमा परिचालन गर्दै निश्चित मापदण्ड अनुसार तोकिएको अवधिमा जनसहभागिता समेत परिचालन गरी योजना निर्माणमा सरलता, स्पष्टता र एकरुपता ल्याउनु यस कार्यविधिको उद्धेश्य हुनेछ।

## ५) कार्यक्रमका क्षेत्रहरु

५.१ यस कार्यक्रम अन्तरगत द्वन्दबाट क्षतिग्रस्त देहाय बमोजिमका भौतिक पूर्वाधार संरचनाहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकासका कार्य गरिनेछ।

क) सरकारी भवन तथा संरचनाहरु

ख) स्थानीय निकायका भवन एवं संरचनाहरु

ग) विद्यालय र वालमन्दिर एवं शैक्षिक संरचनाहरु

घ) बिभिन्न सेवा केन्द्रहरु र सामुदायिक भवनहरु

ङ) झोलुङ्गे पुल, खानेपानी, सिचाई का संरचनाहरु

च) बाटो तथा अन्य स-साना पुल पुलेसाहरु

छ) बिमानस्थल, विद्युत एवं संचारका भवन तथा संरचनाहरु

ज) ग्रामीण नमुना बस्तीहरु

झ) शहिदपार्क, स्मारक, मठ मन्दिर तथा पुरातात्विक ऐतिहासिक संरचनाहरु

ञ) सरकारी संस्थानका भवन एवं संरचनाहरु

ट) मन्त्रालयले तोकेका शान्तिका लागि विकास कार्यक्रमहरु

ठ) मन्त्रालयले तत्काल पुनर्निर्माण गर्न उपयुक्त ठानेका अन्य संरचनाहरु

५.२ यस कार्यक्रम अन्तर्गतको बिनियोजित रकम बुँदा ५.१ मा उल्लेखित कार्यक्रम सञ्चालन गर्न बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन।

## ६) योजना तर्जुमा, छनौट तथा स्वीकृतिको व्यवस्था

६.१ राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढांचामा जिल्ला पुनर्निर्माण समितिले क्षतिको विवरण अद्यावधिक गरी बहुसंख्यक जनताको प्राथमिकतामा परेका आयोजनालाई उच्च प्राथमिकतामा राखी निर्धारित समयभित्रै परियोजनामा पठाउनु पर्नेछ।

६.२ सरोकारवाला सबै मन्त्रालय/विभागहरुले द्वन्द्वबाट क्षतिग्रस्त भएका र क्षतिको विवरणमा परेका भौतिक पूर्वाधारका संरचनाहरुको पुनर्निर्माण तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन गर्न चाहिने अनुमानित लागत सहित राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढाँचामा समितिको सिफारिससहित परियोजनामा पठाउनु पर्नेछ।

६.३ बुँदा ६.२ बमोजिम माग भएका आयोजनाहरुमध्ये श्रोतको उपलब्धताका आधारमा परियोजनाले मन्त्रालयको आयोजनाहरुमध्येका छनौट गरी बार्षिक कार्यक्रमको रुपमा स्वीकृतिका लागि राष्ट्रिय योजना आयोगमा पठाउनेछ।

६.४ राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएका कार्यक्रमहरु यस कार्यविधि बमोजिम कार्यान्वयन गरिनेछ।

६.५ बुँदा ६.४ बमोजिम स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्नुपूर्व सर्भे, डिजाइन, नाप-नक्सा, लगत इष्टिमेट, दर विश्लेषण र कार्यतालिका तयार र स्वीकृत गरी परियोजनामा पठाउने जिम्मेवारी सम्बन्धित मन्त्रालय/विभागको हुनेछ।

६.६ जिल्ला विकास समितिबाट सञ्चालन हुने कार्यक्रमको हकमा यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा तत्सम्बन्धी नियमावलीहरु (स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४) बमोजिम हुनेछ।

## ७) जिल्ला पुनर्निर्माण समिति सम्बन्धी व्यवस्था

☛७.१ जिल्ला पुनर्निर्माण समितिको गठनः

प्रत्येक जिल्लामा द्वन्द्वबाट क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन देहाय बमोजिमको जिल्ला पुनर्निर्माण समिति रहनेछ।

| | | |
|---|---|---|
| क. | प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| ख. | स्थानीय विकास अधिकारी | -सदस्य |
| ग. | प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| घ. | डिभिजन प्रमुख वा प्रतिनिधि, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | -सदस्य |
| ङ. | प्रमुख, पुनर्निर्माणसंग संबन्धित निकाय | -सदस्य |
| च. | प्रमुख, द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना इकाइ कार्यालय | -सदस्य |
| छ. | समितिले तोकेको एकजना नागरिक समाजका प्रतिनिधि | -सदस्य |
| ज. | प्रमुख, जिल्ला प्राबिधिक कार्यालय | -सदस्य |
| झ. | स्थानीय शान्ति समितिको संयोजक | -सदस्य |

ञ. द्वन्द्वोत्तर शान्ति तथा पुननिर्माण परियोजनाको इकाई रहेको जिल्लामा सोही इकाईका प्रमुख र सो इकाई नभएको जिल्लामा प्राविधिक कार्यालयका प्रमुख सदस्य सचिव हुनेछन् ।

७.२ संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

७.२.१ आवश्यकता अनुसार जिल्लास्थित अन्य व्यक्ति/संस्थालाई समितिको बैठकमा आमन्त्रण गर्ने ।

७.२.२ आवश्यकता अनुसारको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

७.२.३ समितिको निर्णय कार्यान्वयनको अनुगमन गर्ने ।

७.२.४ बैठकमा प्रस्तावहरु पेश गर्ने गराउने ।

७.३ समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७.४ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

७.४.१ क्षतिग्रस्त भौतिक संरचनाहरुको अध्यावधिक विवरण तयार गरी मन्त्रालय/विभाग/जिल्ला विकास समिति/परियोजनामा पठाउने ।

७.४.२ कार्यक्रम सञ्चालनका लागि प्राथमिकताक्रम निर्धारण गरी सिफारिससहित जिल्ला विकास समिति/परियोजना कार्यालयमा पठाउने ।

७.४.३ पुनर्निर्माण कार्यको नियमित अनुगमन सुपरिवेक्षण गर्ने ।

७.४.४ कार्यान्वयनको चरणमा देखापरेका समस्याहरुको समाधान गर्ने गराउने ।

७.४.५ पुनर्निर्माण गर्न लाग्ने अनुमानित लागतमा हेरफेर, प्राथमिकता निर्धारणमा संशोधन तथा स्थल सम्बन्धी उपयुक्त सिफारिस गरी सम्बन्धित निकाय/विभाग/जिल्ला विकास समिति/परियोजनामा पठाउने ।

७.४.६ राष्ट्रिय महत्वका बिषयलाई दृष्टिगत गरी तत्काल पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएका कार्यक्रमहरु सिफारिस सहित सम्बन्धित विभाग/जिल्ला विकास समिति/परियोजनामा फाल्गुण मसान्त भित्रमा पठाई सक्नुपर्नेछ ।

७.४.७ सम्पन्न कार्यको समीक्षा, बिश्लेषण सहितको प्रतिवेदन सुझावसहित विभाग/जिल्ला विकास समिति/परियोजनामा पठाउने ।

७.४.८ कार्यक्रमको प्रगति, आम्दानी र खर्च सार्वजनिक गर्ने गराउने ।

७.४.९ सम्पन्न योजनाहरुको मर्मत सम्भार तथा दीगोपनका लागि आवश्यक मार्गदर्शन दिने ।

७.४.१० जिल्ला स्थित पुनर्निर्माण आयोजनाहरुको बजेट निकाशा, खर्च लगायत वित्तिय एवं भौतिक प्रगति विवरण प्राप्त गर्ने ।

७.५ सदस्य-सचिवको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

७.५.१ समितिको संयोजकको निर्देशनमा समितिको बैठक बोलाउने ।

७.५.२ बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने ।

७.५.३ समितिको सचिवालय द्वन्द्वोत्तर शान्ति तथा पुननिर्माण परियोजनाको इकाई कार्यालय भएको जिल्लामा सोही कार्यालय र त्यस्तो इकाई नभएको जिल्लामा जिल्ला प्राविधिक कार्यालयमा रहनेछ ।

☛८) **कार्यान्वयन सम्बन्धी व्यवस्था**

८.१ आर्थिक वर्ष २०६५।०६६ र सोभन्दा अघिदेखि चालु रहेका जिल्ला स्थित सरकारी कार्यालय भवनहरु तथा अन्य भौतिक पूर्वाधारहरुको पुननिर्माण सम्बन्धी कार्य पहिलेदेखि नै सञ्चालन गर्दै आएका निकायहरु (स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, जिल्ला विकास समितिको कार्यालय आदि) बाट नै सञ्चालन गर्न मन्त्रालयले साविक बमोजिम अख्तियारी दिनेछ।

८.२ बुँदा नं. ८.१ बाहेकका जिल्ला सदरमुकामस्थित सरकारी भवनहरुको पुनर्निर्माण तथा तोकिएको अन्य स्थानमा विशेषरुपमा विकसित/निर्माण गरिने शहिद पार्क, स्मृति पार्क, ग्रामीण नमूना वस्ती विकास तथा निर्माणका लागि कामको प्रकृति, परिमाण तथा उपलव्ध जनशक्तिका आधारमा मन्त्रालय अन्तरगत रहेको परियोजना वा मन्त्रालयले तोकेको अन्य उपयुक्त निकायलाई मन्त्रालयले अख्तियारी दिनेछ।

८.३ पुरातात्विक तथा ऐतिहासिक महत्वका जुनसुकै भवनहरु पुननिर्माणका लागि मंत्रालयले शहरी विकास तथा भवन निर्माण विभागलाई अख्तियारी दिनेछ।

८.४ टेलिभिजन टावर, बिमान स्थल, रेडियो प्रसारण केन्द्र, बिद्युत सम्बन्धी संरचना जस्ता बिशेष प्रकृतिका योजनाहरुको पुननिर्माणका लागि मन्त्रालयले तत् तत् मन्त्रालयलाई अख्तियारी दिनेछ।

८.५ जिल्ला सदरमुकाम बाहिरका नयां पुनर्निर्माणका आयोजनाहरु, स्थानीय निकाय र जिल्ला प्राविधिक कार्यालय भवन समेत सम्पूर्ण संरचनाहरु पुननिर्माणका लागि मन्त्रालयले डोलिडारलाई अख्तियारी दिनेछ।

८.६ जिल्ला विकास समिति मार्फत संचालन हुने योजना/कार्यक्रमहरु प्रचलित कानूनका अधिनमा रही उपभोक्ता समितिमार्फत जनसहभागिता समेत जुटाई सञ्चालन गर्न पहिलो प्राथमिकता दिनुपर्नेछ। योजना सम्पन्न भै हस्तान्तरण गर्दा मर्मतसम्भार तथा योजनाको दिगोपनका लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ। विद्यालय भवन पुनर्निर्माण गर्दा विद्यालय व्यवस्थापन समितिमार्फत जनसहभागिता समेत जुटाई कार्य सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ।

८.७ "शान्तिका लागि विकास" कार्यक्रम सञ्चालन मन्त्रालयले तोके बमोजिम हुनेछ।

९) **रकम प्रवाह, खर्च, एवं लेखापरीक्षण गर्ने व्यवस्था**

९.१ जिल्लास्थित अख्तियारी प्राप्त गर्ने कार्यालयले प्राप्त कार्यक्रम, अख्तियारी र अख्तियारीपत्रमा प्राप्त निर्देशन समितिमा जानकारी गराउनु पर्नेछ।

९.२ अख्तियारी बमोजिमको रकम संबन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिने, छुट्टै खाता/श्रेस्ता राखी कार्यान्वयन गर्ने गराउनु पर्नेछ।

९.३ भौतिक र बित्तीय प्रगति आवश्यकता अनुरुप मासिक/चौमासिक/बार्षिक रुपमा विभाग/मन्त्रालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

९.४ आर्थिक वर्षभित्रमा खर्च नभई बाँकी हुन आएको रकम आर्थिक कार्यविधि नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता/फ्रिज गर्नुपर्नेछ।

९.५ सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ। तर जिल्ला विकास समितिबाट भएको

खर्चको आन्तरिक लेखापरीक्षण प्रचलित स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ बमोजिम हुनेछ।

१०) **कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था**

☛१०.१ द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण तथा शान्तिका लागि विकास कार्यको अनुगमन तथा संचालनका लागि देहाय बमोजिमको केन्द्रीय निर्देशन तथा अनुगमन समिति रहनेछ।

| | | |
|---|---|---|
| क) | मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -अध्यक्ष |
| ख) | राज्यमन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -सह अध्यक्ष |
| ग) | मा.सदस्य, शान्ति तथा पुनर्निर्माण मन्त्रालय हेर्ने, राष्ट्रिय योजना आयोग | -सदस्य |
| घ) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| ङ) | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | -सदस्य |
| च) | सचिव, स्थानीय विकास मन्त्रालय | -सदस्य |
| छ) | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -सदस्य |
| ज) | सचिव, राष्ट्रिय योजना आयोग | -सदस्य |
| झ) | महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | -सदस्य |
| ञ) | सह-सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | -सदस्य |
| ट) | महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | -सदस्य |
| ठ) | महानिर्देशक, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | -सदस्य |
| ड) | अध्यक्ष, जि.वि.स महासंघ | -सदस्य |
| ढ) | अध्यक्ष, गा.वि.स महासंघ | -सदस्य |
| ण) | अध्यक्ष, नगरपालिका संघ | -सदस्य |
| त) | परियोजना प्रमुख, द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना | -सदस्य सचिव |

१०.२ केन्द्रीय निर्देशन तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण तथा शान्तिका लागि विकास कार्यका लागि आवश्यक कार्यनीति, रणनीति तय गर्ने।

ख) पुनर्निर्माण कार्यको नियमित सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने र निर्देशन पठाउने।

ग) पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाउन राय सुझाव दिने।

घ) निर्माण कार्यको अनुगमनका आधारमा आवश्यक देखिए खर्च गर्ने अख्तियारी फेरबदल गर्न सुझाव दिने।

ङ) केन्द्रीय निर्देशन समितिले आवश्यकता अनुरुप उप-समितिहरु बनाउन सक्नेछ।

च) जिल्ला स्तरीय अनुगमन जिल्ला पुनर्निर्माण समितिले गर्नेछ र यसको प्रतिवेदन परियोजनामा पठाउनु पर्नेछ।

१०.३ प्रगति समीक्षा

१०.३.१ कार्यक्रम कार्यान्वयन गर्ने निकायले राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढांचामा एवं परियोजनाले तोकेको ढांचामा प्रगति प्रतिवेदन एवं अन्य श्रेस्ताहरु तोकिएकै समयावधिमा परियोजनामा पठाउनु पर्नेछ।

१०.३.२ कार्यक्रम कार्यान्वयन गर्ने निकायले जिल्ला स्तरीय समिक्षा गोष्ठीमा आ-आफनो प्रगति प्रस्तुत गरी समीक्षा गराउनु पर्नेछ र सो को जानकारी परियोजना र समितिलाई दिनुपर्नेछ।

१०.३.३ परियोजनाले क्षेत्रीयस्तर/केन्द्रीयस्तरमा समीक्षा गोष्ठी एवं कार्यक्रम प्रभाव मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

**११) जिम्मेवारी तथा उत्तरदायित्व**

११.१ योजना संचालन गर्ने, सम्पन्न गराउने, हस्तान्तरण गर्ने, लेखा परीक्षण लगायत विभिन्न भौतिक तथा वित्तीय प्रतिवेदन गर्ने जिम्मेवारी, कर्तव्य र दायित्व अख्तियारी प्राप्त गर्ने अधिकारीमा हुनेछ। साथै यस सम्बन्धी व्यवस्था अनुसूची-१ मा रहेको छ।

११.२ योजना सम्पन्न भए पश्चात सम्बन्धित निकायले कार्य सम्पन्न प्रतिवेदन सहित उक्त योजना परियोजना वा समितिबाट हस्तान्तरण गरी बुझिलिनु पर्नेछ।

११.३ योजना सम्पन्न भए पश्चात सो को मर्मत संभार गरी सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रयोगकर्ता निकायको हुनेछ।

११.४ द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण तथा शान्तिका लागि विकास कार्यक्रम सम्बन्धमा मन्त्रालयले समय-समयमा दिएका निर्देशनहरुको पालना गर्नु संबन्धित सबैको कर्तव्य हुनेछ।

**१२) विविध**

१२.१ यस कार्यविधिमा उल्लेख भएको ब्यवस्था बाहेक मन्त्रालय/परियोजना/समितिले आवश्यक परेमा निर्देशन एवं सुझाव दिन सक्नेछ।

१२.२ यस कार्यविधिको व्याख्या एवं परिमार्जन केन्द्रीय निर्देशन तथा अनुगमन समितिको स्वीकृति लिई शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्नेछ।

१२.३ परियोजनाको इकाई कार्यालय रहने स्थान केन्द्रीय निर्देशन समितिले तोक्नेछ।

१२.४ नेपाल सरकारबाट २०६४।९।१३ मा स्वीकृत द्वन्द्वबाट क्षतिभएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०६४ खारेज गरिएको छ। नेपाल सरकारबाट २०६४।९।१३ मा स्वीकृत द्वन्द्वबाट क्षतिभएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि, २०६४ अनुसार भए गरेका कार्यहरु "द्वन्द्वबाट क्षतिभएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यबिधि, २०६५" अनुसार भएको मानिनेछ।

---

☛ प्रथम संशोधनद्वारा संशोधित

# नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६

नेपाल सरकारले नागरिकलाई निश्चित अवस्थामा प्रदान गर्ने राहत, क्षतिपूर्ति तथा आर्थिक सहायताको व्यवस्थालाई पारदर्शी र न्यायोचित तुल्याउन आवश्यक भएकाले नेपाल सरकारले यो कार्यविधि बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन, २०६८) कार्यविधि, २०६६" रहेको छ।

(२) यो कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति २०६८ साल आश्विन १० देखि प्रारम्भ भएको मानिनेछ।

## परिच्छेद– १
## द्वन्द्वपीडितहरूका लागि राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता

**परिभाषा**

(क) द्वन्द्वको अवधिः यस कार्यविधिको प्रयोजनका लागि द्वन्द्वको अवधि भन्नाले २०५२ फागुन १ गतेदेखि विस्तृत शान्ति सम्झौता हुँदाको मिति अर्थात् २०६३ मंसिर ५ गतेसम्मको अवधिलाई बुझ्नु पर्दछ।

(ख) द्वन्द्वरत पक्षः यस कार्यविधिको प्रयोजनका लागि द्वन्द्वरत पक्ष भन्नाले द्वन्द्वको अवधिमा सशस्त्र द्वन्द्वमा रहेको एकीकृत ने.क.पा. (माओवादी) र तत्कालीन सरकारलाई बुझ्नु पर्दछ।

(ग) द्वन्द्वपीडितः यस कार्यविधिको प्रयोजनका लागि द्वन्द्वपीडित भन्नाले द्वन्द्वको अवधिमा सोका कारणबाट मृत्यु भएका व्यक्तिका आश्रितहरु (पत्नी वा पति, छोराछोरी, बाबुआमा र सगोल परिवारका अन्य सदस्यहरु), द्वन्द्वको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाइते भएका व्यक्तिहरु, द्वन्द्वका कारणबाट आफ्नो ठाउँ छोडी देशभित्रकै अन्य ठाउँमा आन्तरिक रुपमा विस्थापित भई बसेका व्यक्ति तथा परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुले नियन्त्रणमा लिई हालसम्म पत्ता नलागेका वेपत्ता नागरिक तथा तिनका परिवारहरु, द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुको अपहरणमा परेका व्यक्तिहरु र द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुद्वारा सम्पति क्षति पुऱ्याइएका व्यक्ति, परिवार तथा संस्थाहरुलाई बुझ्नुपर्छ।

**१. मृत्यु भएकोमा मृतकका हकदारलाई राहत**

१.१ मृतकका नजिकका हकदारलाई राहतः

१.१.१. द्वन्द्वको कारण मृत्यु भएका मृतकका नजिकको हकदारलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४।१०।२७ को निर्णयका आधारमा मन्त्रिपरिषद्को राजनैतिक समितिले मिति २०६४।११।२७ मा गरेको निर्णय अनुसार एकलाख रुपैयाँ राहत स्वरुप उपलब्ध गराइनेछ।

१.१.२. द्वन्द्वका कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमीन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक

आदि प्रक्रियाका आधारमा अनुसूची १ अनुसार सिफारिश गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ।

१.१.३. प्रकरण १.१.२ अनुसारको सिफारिश प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोकिए बमोजिमको राहत सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निकासा पठाउनेछ।

१.१.४. प्रकरण १.१.३ बमोजिम शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट निकासा भएको राहत रकम जिल्ला प्रशासन कार्यालयले मृतकका नजिकका हकदारलाई उपलब्ध गराउनेछ।

१.२. मृतकका सन्ततिहरुलाई उपलब्ध गराइने छात्रबृत्तिः

१.२.१. द्वन्द्वका अवधिमा सोका कारण मृत्यु भई राज्यका तर्फबाट निजका हकदारलाई राहत उपलब्ध गराइएको भएमा मृतकका बढीमा तीनजना सन्तानहरु (छोरा वा छोरी) लाई राज्यद्वारा निःशुल्क छात्रवृत्तिको व्यवस्था मिलाइनेछ। द्वन्द्वका अवधिमा बेपत्ता भएका नागरिकका बढीमा तीनजना सन्तानहरु (छोरा वा छोरी) लाई समेत बेपत्ता अवधिभर यस्तो छात्रवृत्ति उपलब्ध गराइनेछ।

तर राज्यद्वारा यस प्रकारको निःशुल्क छात्रवृत्तिको व्यवस्था नभएसम्मको लागि मृतकका बढीमा ३ जनासम्म सन्तानलाई प्रत्येक वर्ष एकमुष्टरुपमा दोहोरो नपर्ने गरी देहायबमोजिमको रकम छात्रवृत्ति स्वरुप प्रदान गरिनेछः-

- प्राथमिक विद्यालय तह..............रु. १०,०००।- (दश हजार रुपैंया मात्र)
- निम्नमाध्यमिक तह............रु. १२,०००।- (बाह्र हजार रुपैंया मात्र)
- माध्यमिक विद्यालय तह......रु. १४,०००।- (चौध हजार रुपैंया मात्र)
- प्रमाणपत्र तह वा उच्च माध्यमिक तह...........रु. १६,०००।- (सोह्र हजार रुपैंया मात्र)

१.२.२. उमेरको हदवन्दीः

यस्तो छात्रवृत्ति १८ (अठार) वर्षको उमेरसम्मका छात्र छात्रालाई मात्र उपलब्ध गराइनेछ।

१.२.३. छात्रवृत्ति उपलब्ध हुने तरिकाः

- छात्रवृत्तिको रकम शिक्षा मन्त्रालयले सम्बन्धित छात्र-छात्रा अध्ययनरत जिल्लाको जिल्ला शिक्षा कार्यालमार्फत प्रत्येक वर्ष उपलब्ध गराउनेछ।
- छात्रवृत्ति रकम एकमुष्ट रुपमा उपलब्ध हुनेछ।
- छात्रवृत्ति रकम विद्यालय वा विश्वविद्यालयको औपचारिक शिक्षा बाहेक अन्य कुनै प्रकारको तालिम वा प्रशिक्षणका लागि उपलब्ध हुनेछैन।

१.२.४. द्वन्द्वका कारण मृत्यु भएका र वेपत्ता पारिएका व्यक्तिका छोरा छोरीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि देहाय अनुसारको सिफारिस समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष
(ख) जिल्ला शिक्षा अधिकारी - सदस्य
(ग) स्थानीय शान्ति समितिका अध्यक्ष वा

निजले तोकेका समितिका सदस्य - सदस्य

(घ) स्थानीय शान्ति समितिका महिला सदस्य - सदस्य

(ङ) जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत - सदस्य सचिव

यस समितिले जिल्लामा द्वन्द्वका कारण मृत्यु भई राज्यका तर्फबाट निजका हकदारलाई राहत उपलब्ध गराई सकिएको भएमा निज मृतकका बढीमा तीनजना छोराछोरीलाई छात्रवृत्ति उपलब्ध गराउन सिफारिश गरी शिक्षा मन्त्रालयमा पठाउनु पर्नेछ । शिक्षा मन्त्रालयले सबै जिल्लास्थित जिल्ला शिक्षा कार्यालयहरुमा मृतकका बालबालिकाहरुले छात्रवृत्ति बापत प्राप्त गर्ने रकम वार्षिक एकमुष्ट रुपमा निकासा पठाउनेछ। जिल्ला शिक्षा कार्यालयले सम्बन्धित छात्रछात्रा वा निजका अभिभावकलाई उक्त छात्रवृत्ति उपलब्ध गराउनेछ।

यस प्रयोजनका लागि जिल्ला शिक्षा अधिकारीले जिल्ला प्रशासन कार्यालयबाट द्वन्द्वका कारण मृत्यु भइ नजिकको हकदारलाई राहत उपलब्ध गराइएका मृतकको विवरण लिनु पर्नेछ। त्यसरी नै छात्रछात्राको नाता प्रमाणित, जन्म दर्ता र अध्ययनरत विद्यालयको सिफारिस समेत लिई माथि उल्लिखित समितिले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने हो होइन एकीन गरी सिफारिस गर्नुपर्नेछ।

१.२.५. छात्रवृत्तिको लागि रकम माग गर्दा जिल्ला शिक्षा अधिकारीले विचार गर्नुपर्ने विषयहरुः

(क) हरेक वर्ष असार मसान्तसम्म जिल्ला शिक्षा अधिकारीले अनुसूची २ अनुसार मृतकका सन्तान (छोरा/छोरी) हरुको छात्रवृत्ति रकम निकासाको लागि सिफारिश सहित माग गरी पठाउनु पर्दछ । छात्रवृत्ति पाउने विद्यार्थी अन्य जिल्लाहरुमा अध्ययनरत भए ती विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रवृत्ति रकम पठाउनु पर्ने जिल्ला र विद्यार्थीको नाम तोकी पठाउनु पर्नेछ।

(ख) मृतकका हकदारले राहत प्राप्त गरेको विवरण जिल्ला प्रशासन कार्यालयबाट लिई सोही आधारमा मात्र रकम मागको सिफारिश गर्नु पर्नेछ।

(ग) छात्रवृत्तिको लागि रकम माग गर्दा छात्र-छात्राले अध्ययनलाई निरन्तरता दिए नदिएको विषयमा अध्ययनरत शैक्षिक संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र माग गर्नु पर्दछ । अघिल्लो वर्ष अध्ययन गरेको आधारमा माग गर्नु हुँदैन । यसैगरी तह दोहोऱ्याएको भए उक्त छात्र वा छात्राको लागि छात्रवृत्ति माग गर्नु हुँदैन।

(घ) उमेरको लागि जन्मदर्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रलाई प्रमाणका रुपमा लिई सिफारिस गर्नु पर्दछ।

(ङ) जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति पाउने विद्यार्थीको जिल्लागत लगत राखी कुन व्यक्तिले कहिले देखि कहिलेसम्म सो रकम पाउने हो विवरण तयार गरी राख्नुपर्नेछ।

(च) सर्वसाधारण (सरकारी कोषबाट तलब सुविधा प्राप्त गर्ने व्यक्ति बाहेक) मृतकका छोराछोरी बाहेक अन्यको लागि छात्रवृत्ति रकमको निकासा माग गर्नु हुँदैन । मृतकका हकदारले प्रकरण १.१.१ अनुसार राहत पाए नपाएको यकिन गरी साथै यस अघि राहत पाउने निर्णय भएका मृतकका छोराछोरीको लागि मात्र छात्रवृत्ति रकमको निकासा माग गर्नुपर्दछ।

१.२.६. विदेशमा अध्ययन गर्ने छात्रछात्राको हकमा यस्तो छात्रवृत्ति उपलब्ध गराइने छैन।

१.२.७. यस प्रकरण बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको व्यवस्था २०६५ साल बैशाख महिनादेखि

लागु भएको छ। सो अवधिभन्दा अघि प्रकृयामा रही भुक्तानी लिन बाँकी भएको हकमा द्वन्द्व पीडितहरुलाई राहत प्रदान गर्ने निर्देशिका, २०६१ बमोजिम छात्रवृत्ति उपलब्ध गराइनेछ।

१.२.८. द्वन्द्वको कारण अपाङ्ग भएका छात्रछात्राहरु र द्वन्द्वको समयमा अपाङ्ग भएका व्यक्तिका छोराछोरीलाई समेत प्रकरण १.२.१ बमोजिमको छात्रवृत्ति उपलब्ध गराइने छ । अपाङ्ग छात्रछात्राको लागि छात्रवृत्तिको सिफारिश गर्न निम्नानुसारको एक समिति रहनेछ :-

| | | |
|---|---|---|
| क) | प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| ख) | जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| ग) | जिल्ला प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| घ) | जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख | - सदस्य |
| ङ) | स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य | - सदस्य |
| च) | स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |
| छ) | महिला विकास अधिकृत | - सदस्य सचिव |

माथिको समितिले अपाङ्गताको प्रतिशत ५०% भन्दा माथि भएकाको हकमा मात्र छात्रवृत्तिको लागि सिफारिश गर्नेछ। अपाङ्गताको प्रतिशतको हकमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको परिचय पत्रमा उल्लेखित प्रतिशतलाई आधार मानिनेछ। समितिले सिफारिश गर्दा प्रकरण १.२.७ बमोजिम गर्नेछ।

अपाङ्ग छात्रछात्राहरुलाई उपलब्ध गराइने यस्तो छात्रवृत्ति मृतकका सन्ततिहरुले पाउने छात्रबृत्तिकै प्रक्रिया र आधारमा उपलब्ध गराइनेछ। यस्तो छात्रवृत्तिको व्यवस्था २०६५ बैशाख महिनादेखि लागु भएको मानिनेछ।

१.२.९. द्वन्द्वको समयमा अपाङ्ग भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति व्यवस्थाः

सशस्त्र द्वन्द्वको समयमा अपाङ्ग भएको भनी द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका र अपाङ्गता ५० प्रतिशत भन्दा बढी भएका व्यक्तिका छोराछोरीलाई प्रकरण १.२.८ अनुसार द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका व्यक्तिका छोराछोरीलाई उपलब्ध गराइने छात्रवृत्ति सरहकै रकम उपलब्ध गराइनेछ।

यस प्रकारको छात्रवृत्ति रकम उपलब्ध गराउने प्रक्रिया, आधार, निकाय सम्बन्धी सम्पूर्ण व्यवस्था द्वन्द्वका कारण मृत्यु भएका व्यक्तिका छोराछोरीलाई उपलब्ध गराए बमोजिम हुनेछ।

१.२.१०. कुनै छात्रछात्राले सरकारी वा गैरसरकारी संस्थाबाट छात्रवृत्ति रकम पाइरहेको भए त्यस्तो छात्रछात्रालाई दोहोरो पर्ने गरी सिफारिश गर्न वा छात्रवृत्ति उपलब्ध गराउन सकिने छैन।

१.३. विधवा र वेपत्ता पारिएका व्यक्तिका पत्नीका लागि आर्थिक सहायताः

१.३.१. द्वन्द्वको अवधिमा द्वन्द्वको कारण मृत्यु एवं वेपत्ता भई राज्यका तर्फबाट राहत उपलब्ध गराइएका सर्वसाधारण मृतकका विधवा पत्नीलाई र वेपत्ता पारिएका व्यक्तिका पत्नीलाई जीवन निर्वाहका लागि आर्थिक सहायता स्वरुप एकपटक एकमुष्ट रु. २५,०००।- (पच्चिस हजार मात्र) उपलब्ध गराइनेछ।

मृतकका विधवाले पाउने यस्तो आर्थिक सहायता शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पठाउनेछ र जिल्ला विकास समितिको कार्यालयले यसरी प्राप्त भएको आर्थिक सहायता वापतको रकम सम्बन्धित विधवालाई उपलब्ध गराउनेछ।

वेपत्ता पारिएका व्यक्तिका पत्नीको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयले आवश्यक छानविन गरी त्यस्तो आर्थिक सहायता बैंक मार्फत् उपलब्ध गराईने छ। यो रकम जिल्ला प्रशासन कार्यालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयले पठाएको अख्तियारीबाट प्रदान गरिने छ।

१.३.२. यस्तो रकम निकासा माग गर्दा देहाय बमोजिमको समितिको निर्णयका आधारमा स्थानीय विकास अधिकारीले अनुसूची ३ अनुसारको सिफारिश गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ।

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| ख) जिल्ला प्रहरी कार्यालयको प्रमुख | - सदस्य |
| ग) स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य | - सदस्य |
| घ) स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |
| ङ) स्थानीय विकास अधिकारी | - सदस्य सचिव |

१.३.३. बजेट निकास प्रक्रिया :

(क) अर्थ मन्त्रालयबाट विधवाले पाउने आर्थिक सहायताको लागि बजेट खर्च गर्ने गराउने सम्बन्धी अख्तियारी पत्र प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी पत्र जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ।

(ख) शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट खण्ड (क) बमोजिमको अख्तियारी प्राप्त भए पछि जिल्ला विकास समितिको कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बजेट निकासा माग गरी प्राप्त निकासा आम्दानी बाँध्नु पर्नेछ।

(ग) आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम जिल्ला विकास समितिको कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ।

(घ) विधवाका लागि आर्थिक सहायता दिने प्रयोजनका लागि स्वीकृत भएका शिर्षकको रकम अन्य शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

१.३.४. भुक्तानी प्रक्रिया :

(क) उपदफा १.३.३ को खण्ड (क) बमोजिमको अख्तियारी प्राप्त भएपछि जिल्ला विकास समितिको कार्यालयले द्वन्द्वको क्रममा मृत्यु भएका व्यक्तिका विधवा पत्नीलाई निजको नाममा रहेको स्थानीय बैंकमा रहेको खातामा र सो नभएमा शून्य मौज्दात रकमको बचत खाता खोल्ने व्यवस्था मिलाई नियमानुसार भौचर खडा गरी सम्बन्धित व्यक्तिको

खातामा रकम जम्मा हुने गरी एकाउण्ट पेयी चेक स्थानीय बैंकमा पठाउनु पर्ने छ। र सो को जानकारी सम्बन्धित खातावालालाई समेत दिनु पर्नेछ।

(ख) कुनै मृतकको एक जना भन्दा बढी विधवा पत्नी भएमा सबै विधवा पत्नीले दामासाहीले रकम भुक्तानी पाउने व्यवस्था गर्नु पर्नेछ।

(ग) सरोकारवालाहरुको जानकारीका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यो निर्देशिका बमोजिम विधवालाई प्रदान गरिएको आर्थिक सहायताको विवरण आफ्नो वेवसाइटमा र सम्बन्धित जिल्ला विकास समितिको कार्यालयले आफ्नो सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ।

१.३.५. लेखा र लेखा परीक्षण ः

(क) जिल्ला विकास समितिको कार्यालयले विनियोजित रकम र खर्चको लेखा महालेखा परीक्षकको कार्यालयको स्वीकृत ढाँचामा राख्नु पर्नेछ।

(ख) स्थानीय विकास अधिकारीले उल्लेखित कारोबारको लेखा अद्यावधिक भए नभएको विषयमा बराबर जाँच गर्नु पर्नेछ।

(ग) कार्यालयमा राख्नु पर्ने लेखा ठीक दुरुस्तसंग राखे नराखेको विषयमा महालेखा नियन्त्रकको कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आकस्मिक वा समय समयमा जाँच गर्न सक्ने छ। यसरी जाँच गर्दा कैफियत देखिएमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

(घ) यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको आन्तरिक लेखा परीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(ङ) यस निर्देशिका बमोजिम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ। लेखा परीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राखी फछ्र्यौट गराउने जिम्मेवारी सम्बन्धित स्थानीय विकास अधिकारीको हुनेछ।

१.३.६. प्रतिवेदन

(क) स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार भएको आम्दानी खर्चको मासिक प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयले अनिवार्य रुपमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ।

(ख) स्थानीय बैंकले जिल्ला विकास समितिको कार्यालयबाट खातावालाहरुको नाममा जम्मा हुन आएको रकमको मासिक विवरण शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ।

**आर्थिक सहायता उपलब्ध गराउादा ध्यान दिनुपर्ने कुराहरुः**

- मृतकका हकदारलाई राहत उपलब्ध गराएको आधारमा मात्र यस्तो आर्थिक सहायता उपलब्ध गराइनेछ। मृतकका हकदारले राहत प्राप्त गरेको जानकारी जिल्ला प्रशासन कार्यालयले जिल्ला विकास समितिको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।
- मृतकका एकभन्दा बढी पत्नी भएको अवस्थामा उक्त सहायता रकम बराबर भागबन्डा गरी सबैलाई दामासाहीले वितरण गर्नुपर्नेछ।

- मृतकका पत्नीले पुनर्विवाह गरिसकेको भएमा यस्तो सहायता रकम उपलब्ध गराइने छैन । यस्तो आर्थिक सहायताको लागि सिफारिश गर्दा उक्त व्यक्तिले पुनः विवाह गरे नगरेको एकिन गरेर मात्र सिफारिश गर्नुपर्नेछ।
- स्थानीय विकास अधिकारीले मृतकका पत्नीको उमेर, पुनर्विवाह, मृत्यु, आदिको अवस्थाबारे यकिन गरी सोका आधारमा आफ्नो जिल्लामा वितरण गर्नुपर्ने विधवा वापतको रकम निकासा माग गर्नु पर्नेछ।
- सर्वसाधारण (सरकारी कोषबाट तलब सुविधा प्राप्त गर्ने व्यक्ति बाहेक) मृतकको पत्नी बाहेक अन्य व्यक्तिलाई यस्तो आर्थिक सहायता उपलब्ध गराइने छैन।

२. **घाइतेहरुको औषधि उपचार**

२.१. द्वन्द्वको अवधिमा द्वन्द्वका कारण घाइते भई उपचार गराई आर्थिक सहायता प्राप्त गर्न निवेदन दिई प्रक्रियामा रहेका घाइतेहरुलाई प्रमुख जिल्ला अधिकारीको सिफारिशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत् देहायबमोजिम औषधोपचारको व्यवस्था गरिनेछः-

(क) सरकारी वा सामुदायिक अस्पतालको विल भौचर बमोजिमको सम्पूर्ण खर्च,

(ख) बिरामी र कुरुवा गरी २ जनाको आतेजाते खर्च,

(ग) चिकित्सकको सिफारिश बमोजिम किनिएको औषधिको खर्च,

(घ) भर्ना भएकोमा अस्पतालमा बस्दासम्मको दैनिक रु. ७५।- का दरले एकजना कुरुवालाई कुरुवा खर्च,

२.२ औषधोपचार सिफारिश समिति :

२.२.१ औषधोपचार तथा आर्थिक सहायता प्रदान गर्ने र घाइते, अङ्गभङ्ग वा अपाङ्गताको अवस्था वा प्रतिशत निर्धारण गर्ने प्रयोजनको लागि जिल्लास्तरमा देहाय बमोजिमको एक औषधोपचार सिफारिश समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| (ख) | जिल्ला अस्पतालको वरिष्ठ चिकित्सक | - सदस्य |
| (ग) | जिल्ला प्रहरी प्रमुख | - सदस्य |
| (घ) | स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य | - सदस्य |
| (ङ) | स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |
| (च) | जिल्ला जनस्वास्थ्य अधिकृत | - सदस्य सचिव |

समितिको सचिवालयको काम जिल्ला जनस्वास्थ्य कार्यालयले गर्नेछ।

२.३. निम्न अवस्थामा मात्र उल्लिखित सुविधाको सिफारिश गरिनेछः-

(क) नेपालमा रहेका गैरनाफामूलक सामुदायिक र सरकारी अस्पताल वा स्वास्थ्य संस्थाहरुमा उपचार गरेको भएमा मात्र यस्तो सुविधाको सिफारिश गरिनेछ।

(ख) द्वन्द्वको समयमा घाइते भई हालसम्म पनि उपचार गराइ रहेकाहरुको हकमा स्थानीय तहमा उक्त समितिको सिफारिशमा उपचारसम्बन्धी व्यवस्था मिलाइनेछ। स्थानीयस्तरमा उपचार हुन नसकी केन्द्रमा उपचार गर्नुपर्ने भएमा समितिको सिफारिशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट उपचारसम्बन्धी व्यवस्था गरिनेछ।

(ग) यो कार्यविधि लागु हुनु पूर्व साविकको प्रक्रिया अनुसार पेश भईसकेका तर विल अनुसारको उपचारको भुक्तानी लिन बाँकीको हकमा साविक बमोजिम नै मान्यता दिइनेछ।

२.४. औषधि उपचार सुविधा प्राप्त गर्ने तरिका :-

घाइतेको अवस्था हेरी स्थानीय तहमा समितिले र केन्द्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइतेको औषधोपचारको व्यवस्था मिलाउने कार्य गर्नेछ।

२.४.१. समितिको निर्णयका आधारमा स्थानीयस्तरमा उपचारको सुविधा मिलाउँदा देहायबमोजिम गर्नु पर्दछः-

(क) द्वन्द्वका कारणले घाइते भएको हो होइन यकिन गरी स्थानीयस्तरमा उपचार हुन सक्ने भएमा अनुसूची ४ बमोजिम स्वास्थ्य संस्थालाई उपचार गराइदिने व्यवस्थाको लागि पत्र लेख्नु पर्नेछ।

(ख) केन्द्रमा पठाउनु पर्ने घाइतेको हकमा अनुसूची ५ बमोजिम सिफारिश गरी पठाउनु पर्नेछ।

(ग) स्थानीयस्तरमा उपचार भैसकेपछि निम्न कागजात सहित अनुसूची ६ बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधि उपचार वापतको रकम माग गरी पठाउनु पर्नेछः-

(१) स्वास्थ्य संस्थालाई उपचार गराउनको लागि लेखिएको पत्रको प्रतिलिपि,

(२) चिकित्सकको प्रेस्क्रिप्सन/भर्ना र डिस्चार्जको कागजात,

(३) चिकित्सकको प्रेस्क्रिप्सन अनुसार खरिद गरेका औषधिका विलहरु । यस्ता विलहरुको पछाडि सम्बन्धित अस्पतालबाट प्रमाणित गरिएको हुनुपर्नेछ।

(४) अस्पतालका विलहरु।

२.४.२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट औषधिउपचार सुविधा पाउन सम्बन्धित पक्षले देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) केन्द्रबाट औषधि उपचार सुविधा प्राप्त गर्न सम्बन्धित जिल्लाबाट प्राप्त सिफारिस सहित अनुसूची ७ बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(ख) नं. (क) अनुसार निवेदन प्राप्त भएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित स्वास्थ्य संस्थामा उपचारको व्यवस्था मिलाइ दिन अनुसूची ८ बमोजिमको पत्र लेख्नु पर्नेछ।

(ग) यसरी उपचार गराइसकेपछि सो बापत आर्थिक सहायता माग गर्दा चिकित्सकको परामर्श बमोजिम खरिद गरिएका औषधिका विलहरु सम्बन्धित अस्पतालबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(घ) आउँदा छिटो साधनद्वारा आएको २ जनाको भ्रमण खर्च देखिने प्रमाण, हवाई टिकट, बस टिकट आदि पेश गर्नुपर्नेछ।

(ङ) जाँदा सतह मार्गबाट २ जनालाई जान लाग्ने खर्चको अनुमान सहित निवेदन दिनु पर्नेछ।

(च) कुरुवा खर्च प्राप्त गर्न भर्ना भई डिस्चार्ज भएको देखिने स्वास्थ्य संस्थाको प्रमाण पेश गर्नुपर्नेछ।

२.५. प्रमुख जिल्ला अधिकारीहरुले घाइतेको उपचार सम्बन्धमा सिफारिस गर्दा विचार पुऱ्याउनु पर्ने विषयहरुः-

- माथि नं. २.३ (क) मा उल्लेख भएका स्वास्थ्य संस्थाहरुमा मात्र उपचारको लागि सिफारिस गर्नु पर्नेछ।
- औषधि उपचार वापत रकम माग गर्दा बुँदा नं. २.४.१. (ग) बमोजिमका सम्पूर्ण कागजातहरु प्रमाणित गरेर मात्र पठाउनु पर्नेछ।
- घटना द्वन्द्वरत पक्षबाट भएको हो होइन यकिन गरी द्वन्द्वमा परी घाइते भएकाहरुलाई मात्र औषधि उपचारको सुविधा उपलब्ध गराउन सिफारिश गर्नुपर्नेछ।

२.६. यो कार्यविधि लागु हुनु पूर्व साविकको प्रक्रिया अनुसार पेश भईसकेका कागजातहरुको प्रक्रिया पूरा गरेको भएमा यसै कार्यविधि बमोजिम मान्यता दिइनेछ।

२.७. औषधि उपचारको लागि भुक्तानी दिन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निकासा उपलब्ध गराउनेछ।

२.८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित व्यक्तिले भुक्तानी पाउने गरी निकासा पठाउनेछ।

२.९. अपाङ्गलाई आर्थिक सहायता सम्बन्धी व्यवस्था ः

द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट अपाङ्ग भएको प्रमाणित भई द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका व्यक्तिहरुलाई सरकारको तर्फबाट निम्नानुसारको आर्थिक सहायता उपलब्ध गराइनेछः-

२.९.१ पूर्णरुपमा अपाङ्ग भएका व्यक्तिलाई एकपटक एकमुष्ट रु. २ लाख।

२.९.२. अन्यको हकमा अपाङ्गताको प्रतिशतको आधारमा रु. २ लाखलाई पूर्णाङ्क मानी सोही अनुपातमा आर्थिक सहायता उपलब्ध गराइनेछ। विस्तृत शान्ति सम्झौता पछि पनि विगत सशस्त्र द्वन्द्वको समयमा विछ्याइएका बारुदी सुरुङ्ग वा अन्य विष्फोटक पदार्थ विष्फोटन भई अपाङ्ग भएको प्रमाणित भई आएमा प्रकरण २.९.१ बमोजिमको आर्थिक सहायता उपलब्ध गराउन बाधा पर्ने छैन। यस्तो घटनामा परी घाइते हुनेलाई माथि प्रकरण २.१ मा उल्लेख भए अनुसारकै उपचार खर्च उपलब्ध गराइनेछ।

२.९.३. प्रकरण २.९.१ र २.९.२ अनुसार अपाङ्गलाई आर्थिक सहायता उपलब्ध गराउन अपाङ्ग व्यक्तिको अपाङ्गतासम्बन्धी परिचय पत्रमा उल्लेख भएको अपाङ्गताको प्रतिशतको आधारमा प्रमुख जिल्ला अधिकारीले सिफारिश गरी पठाउनु पर्नेछ। प्राप्त सिफारिशको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सो वापतको रकम निकासा पठाइनेछ। जिल्ला प्रशासन कार्यालयले यस्तो आर्थिक सहायता सम्बन्धित अपाङ्ग व्यक्तिलाई उपलब्ध गराउनेछ।

२.९.४ विस्तृत शान्ति सम्झौता पछि पनि सशस्त्र द्वन्द्वको समयमा विछ्याइएका बारुदी सुरुङ्ग वा अन्य विष्फोटक पदार्थ विष्फोट भई घाइते भएका व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीले घटना र कारण प्रमाणित गरी माथि प्रकरण २.१ मा उल्लेख भए अनुसार हुन आउने रकम जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ।

२.९.५ यस परिच्छेदको प्रयोजनका लागि अपाङ्गगताको प्रतिशत निर्धारण गर्दा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइएको परिचयपत्रमा उल्लेखित प्रतिशतलाई आधार मानिनेछ।

यस प्रयोजनको लागि स्वीकृत मापदण्ड बमोजिम जिल्ला औषधोपचार सिफारिश समितिले अपाङ्गगताको प्रकृति स्पष्ट खुलाई कार्यदलमा पठाउने छ। उल्लेखित प्रकृतिको आधारमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गठन गर्ने तीन सदस्यीय विशेषज्ञ चिकित्सक सम्मिलित अपाङ्गताको प्रतिशत निर्धारण समितिले अपाङ्गताको प्रतिशत निर्धारण गर्ने छ र उल्लेखित निर्धारित प्रतिशतको आधारमा जिल्ला प्रशासन कार्यालयले प्रतिशत निर्धारण भएको परिचय पत्र उपलब्ध गराउनेछ।

३. **सम्पत्ति क्षतिवापत क्षतिपूर्तिः**

द्वन्द्वको अवधिमा सोका कारण व्यक्तिगत सम्पत्ति क्षति भएकोमा नेपाल सरकारले निम्न बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनेछः-

३.१. सरकारी कार्यालयहरुले भाडामा लिएको घर क्षति भएकोमा क्षतिपूर्ति

सरकारी कार्यालयहरुले भाडामा लिएको घर द्वन्द्वरत पक्षबाट क्षति भएकोमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले क्षतिपूर्ति स्वरुप क्षति बराबरको रकम उपलब्ध गराउनेछ।

३.१.१. यस्तो क्षति मूल्याङ्कन गर्न जिल्लामा देहाय बमोजिमको क्षति मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| (ख) स्थानीय विकास अधिकारी | - सदस्य |
| (ग) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | - सदस्य |
| (घ) शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयका इन्जिनियर वा जिल्लास्थित प्राविधिक कार्यालयको इन्जिनियर | - सदस्य |
| (ङ) स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य | - सदस्य |
| (च) स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |
| (छ) घर भाडामा लिने कार्यालयको कार्यालय प्रमुख | - सदस्य सचिव |

३.१.२. उल्लिखित समितिले देहाय बमोजिमको आधार र प्रक्रिया पुऱ्याएर क्षतिको मूल्याङ्कन गर्नु पर्दछः-

(क) जिल्लास्थित शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय वा जिल्ला प्राविधिक कार्यालयका प्राविधिकबाट क्षतिको मूल्याङ्कन प्रतिवेदन लिनु पर्दछ। प्राविधिकले प्रतिवेदन तयार गर्दा मर्मत गर्न लाग्ने खर्चको मूल्याङ्कन गर्नु हुँदैन। भएको क्षतिको मात्र मूल्याङ्कन गर्नु पर्दछ। मूल्याङ्कन गर्दा अवशेष बचेको भएमा अवशेष मूल्य अनिवार्य रुपमा कटाई मूल्यांकन गर्नु पर्दछ।

(ख) माथि (क) अनुसार गरिएको मूल्याङ्कनमा घर बनेको वर्षको आधारमा वार्षिक ५% को दरले ह्रास कट्टी गर्नु पर्दछ। घर निर्माण वर्ष यकिन गर्न शहरी क्षेत्रमा नक्सा पासलाई आधार मानेर र अन्य अवस्थामा स्थानीय रुपमा बुझेर यकिन गर्नु पर्दछ।

(ग) क्षति भएको घर ज्यादै पुरानो भई ह्रास कट्टी गर्दा र अवशेष मूल्य घटाउँदा क्षति अङ्कको १५% भन्दा कम क्षति अङ्क कायम हुने भएमा विमा भएको अवस्थामा विमित मूल्यलाई

क्षति अङ्क कायम गर्ने र विमा नभएको अवस्थामा प्राविधिकले मूल्याङ्कन गरेको क्षतिको १५% रकम खुद क्षति अङ्क कायम गरी पठाउनु पर्नेछ।

३.१.३. प्राविधिकले मूल्यांकन गर्दा निम्नानुसार मूल्यांकन गर्नु पर्नेछः-

(क) क्षतिग्रस्त भएको घरको क्षति अङ्क रु. ..................

(ख) क्षतिको अवशेष मूल्य रु. .............

(ग) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम **(P)** . रु..............

(घ) वार्षिक ५% का दरले ह्रासकट्टी गरेपछि हुनआउने रकम रु.................

ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्रः $\mathbf{P \times (1\text{-}RD/100)^n}$

जहाँ, **P** = नं. (ग) अनुसार हुन आउने हालको मूल्याङ्कन रुपैयामा,

**RD** = नं. (घ) अनुसारको ह्रास कट्टी दर (५%)

**n** = घर क्षति भएको वर्षबाट घर निर्माण भएको वर्ष घटाउँने (क्षति भएको वर्ष - बनेको वर्ष)

(ग) विमा भए नभएको एकिन गर्नु पर्दछ। विमा भएको अवस्थामा विमाबाट क्षति वापत रकम प्राप्त हुने हुनाले केन्द्रमा मूल्याङ्कनको जानकारी मात्र गराउनु पर्दछ। क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउन सिफारिश गर्नु हुदैन।

(घ) सम्भव भएसम्म क्षतिग्रस्त घरको सबै भाग देखिने फोटो संलग्न गर्नु पर्दछ।

(ङ) क्षतिपूर्तिका लागि सिफारिश गर्दा घर निर्माण भएको वर्ष अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्दछ।

३.१.४ माथि उल्लेख भए अनुसारको प्रक्रियाबाट क्षति मूल्याङ्कन समितिले मूल्याङ्कन गरिसकेपछि अनुसूची ९ वमोजिमको फाराममा समितिका सबै पदाधिकारीहरुले हस्ताक्षर गरी सो फारामको सक्कलै प्रति, समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि र प्राविधिक मूल्यांकनको सक्कलै प्रति समेत संलग्न राखी प्रमुख जिल्ला अधिकारीले घर भाडामा लिने कार्यालयको केन्द्रीय निकायमा सिफारिश गरी पठाउनु पर्नेछ।

३.१.५ यसरी क्षति मूल्याङ्कन भई आएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले मापदण्डअनुरुप उपलब्ध गराउनुपर्ने क्षतिपूर्ति रकम एकिन गरेर जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित घरधनीलाई उपलब्ध गराउनुपर्नेछ।

३.२. अन्य व्यक्तिगत सम्पत्ति क्षति वापत क्षतिपूर्तिः

द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षबाट व्यक्तिगत चल, अचल सम्पत्ति क्षति पुऱ्याइएकोमा निर्धारित मापदण्ड बमोजिम क्षतिपूर्ति उपलब्ध हुनेछ।

३.२.१. व्यक्तिगत सम्पत्ति क्षतिको मूल्याङ्कन गर्न जिल्लास्तरमा देहाय बमोजिमको स्थानीय क्षति मूल्याङ्कन समिति रहनेछ-

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख - सदस्य

(ग) शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयका इन्जिनियर वा जिल्लास्थित प्राविधिक कार्यालयको इन्जिनियर - सदस्य

(घ) जिल्ला प्रहरी कार्यालयका प्रमुख - सदस्य

(ङ) स्थानीय विकास अधिकारी - सदस्य

(च) स्थानीय शान्ति समितिका अध्यक्ष

वा निजले तोकेका समितिका सदस्य - सदस्य

(छ) स्थानीय शान्ति समितिका महिला सदस्य - सदस्य

३.२.२. स्थानीय क्षति मूल्याङ्कन समितिले निम्नलिखित आधार र प्रक्रिया पुऱ्याएर क्षतिको मूल्यांकन गर्नु पर्नेछः-

(क) व्यक्तिगत सम्पत्तिको क्षति द्वन्द्वरत पक्षबाट भएको हो होइन यकिन गर्ने। द्वन्द्वरत पक्षबाट क्षति पुगेको अवस्थामा मात्र मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउनु पर्दछ।

(ख) घर क्षति भएको अवस्थामा घरको माथि उल्लिखित प्रकरण ३.१.२. र प्रकरण ३.१.३ अनुसारकै सम्पूर्ण आधार र प्रक्रियाहरु पुरा गरी क्षतिको मूल्याङ्कन गर्नुपर्दछ।

(ग) चल सम्पत्तिको मूल्याङ्कन गर्दा अनुसूची १० बमोजिम फाराम भरी क्षति भएका सामानहरुको विस्तृत विवरण तयार गर्नु पर्दछ।

(घ) चल सम्पत्तिको मूल्याङ्कन गर्दा सम्बन्धित पीडितको सामाजिक र आर्थिक अवस्थालाई समेत राम्ररी विचार गर्नु पर्दछ।

(ङ) उक्त सम्पत्तिहरु विमा भए नभएको र विमाबाट रकम प्राप्त गरे नगरेको कुरा यकिन गरी विमा भएको भए जानकारीको लागि र विमा नभएको भए मात्र क्षतिपूर्तिको लागि सिफारिश गरी पठाउनु पर्नेछ।

(च) स्थानीय क्षति मूल्यांकन समितिले मूल्याङ्कन गरी क्षतिको यकिन गरी सकेपछि व्यक्तिगत घर क्षतिको मूल्याङ्कन भए अनुसूची ९ बमोजिम फाराम र अन्य व्यक्तिगत सम्पत्ति आदिको मूल्याङ्कन भए अनुसूची १० बमोजिम फाराम भरी क्षति मूल्यांकन समितिका सम्पूर्ण पदाधिकारीहरुले हस्ताक्षर गरी उक्त फारामको सक्कलै प्रति संलग्न राखी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा क्षतिपूर्ति उपलब्ध गराउन लेखी पठाउनु पर्नेछ। फाराम साथ समितिबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि, स्थलगत सर्जमिन मुचुल्काको प्रमाणित प्रतिलिपी र प्राविधिक मूल्यांकनको सक्कलै प्रति समेत संलग्न गर्नुपर्नेछ।

(छ) स्थानीय क्षति मूल्याङ्कन समितिबाट सिफारिस प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अनुसूची १४ बमोजिमको मापदण्ड अनुरुप क्षति अङ्क निर्धारण गरी जिल्ला प्रशासन कार्यालय मार्फत क्षतिपूर्ति उपलब्ध गराउनेछ।

(ज) व्यक्तिगत घर तथा सम्पत्ति क्षति वापत कुनै एक पटकको घटना वापत यस अघि क्षति मूल्यांकन भई राज्यको तर्फबाट क्षतिपूर्ति उपलब्ध गराइ सकेको भएमा पुनः सोही घटना वापत कुनै क्षतिपूर्ति उपलब्ध गराइने छैन। तर पहिले भुक्तानी पाइसकेको भए तापनि अनुसूची १४ अनुसार बृद्धि हुन गएको रकमको फरक रकम उपलब्ध गराउन बाधा पर्ने छैन।

३.३. सुरक्षा व्यवस्थापनको क्रममा कृषि गतिविधि गर्न नपाएर भएको क्षतिपूर्तिः

द्वन्द्वको अवधिमा सुरक्षा व्यवस्थापनका लागि राखिएका सुरक्षा निकायहरुले कायम गरेको सुरक्षा क्षेत्रभित्र

कृषि गतिविधि सञ्चालन गर्न नपाई क्षति भएकोमा स्थानीय सुरक्षा समितिको निर्णयका आधारमा प्रमुख जिल्ला अधिकारीको सिफारिशमा सम्बन्धित जग्गाधनीलाई क्षति बराबरको रकम क्षतिपूर्तिको रुपमा जग्गा प्रयोग गर्ने सुरक्षा इकाइको केन्द्रीय निकायले उपलब्ध गराउनेछ।

**द्रष्टव्यः-** यहाँ केन्द्रीय निकाय भन्नाले सम्बन्धित सुरक्षा निकायको केन्द्रीय संगठनलाई सम्झनु पर्दछ। यदि यस्तो जग्गा संयुक्त सुरक्षा फौजले उपयोग गरेको रहेछ भने त्यस बापतको क्षतिपूर्ति उक्त संयुक्त सुरक्षा फौजको नेतृत्व गर्ने सुरक्षा निकायको केन्द्रीय संगठनले उपलब्ध गराउनेछ।

३.३.१. उल्लिखित क्षतिको मूल्याङ्कन गर्दा जिल्ला सुरक्षा समितिले कृषि प्राविधिकको लिखित राय लिएर मात्र गर्ने व्यवस्था गर्नु पर्दछ।

३.३.२. जिल्ला सुरक्षा समितिले मूल्याङ्कन गर्दा निम्न आधार र प्रक्रिया पुऱ्याएर गर्नु पर्दछः-

(क) कुन सुरक्षा इकाई राखिएको कारणले गर्दा कृषि गतिविधि सञ्चालन गर्न नपाएको हो र कहिलेदेखि कहिलेसम्म खेतीपाती गर्न निषेध गरिएको हो यकिन गर्नु पर्दछ।

(ख) निषेध गरिएको जग्गा सार्वजनिक वा व्यक्तिगत के हो यकिन गरी व्यक्तिगत जग्गाको क्षतिको मात्र क्षतिपूर्तिका लागि सिफारिश गर्नुपर्दछ। सार्वजनिक जग्गामा खेती गर्न नपाएको कारणबाट भएको क्षतिबापत क्षतिपूर्तिको सिफारिश गर्न मिल्दैन।

(ग) जग्गाको किसिम अब्बल, दोयम, सीम, चाहार के हो यकिन गरी प्रति इकाई उत्पादनको मूल्यबाट उत्पादनको लागि लाग्ने लागत कटाई खुद क्षति यकिन गर्नुपर्दछ।

(घ) उपरोक्त बमोजिम यकिन गरेपछि अनुसूची-११ बमोजिमको फाराम भरी समितिको निर्णय संलग्न राखी जग्गा प्रयोग गर्ने सुरक्षा निकायको केन्द्रीय निकायमा आर्थिक सहायताको लागि सिफारिश गरी पठाउनु पर्नेछ।

३.३.३. यसरी क्षति अङ्क निर्धारण भई आएकोमा जग्गा प्रयोग गर्ने सुरक्षा निकायको केन्द्रीय निकायबाट मापदण्ड अनुरुप क्षति अङ्क कायम भएको छ छैन अध्ययन गरेर मापदण्ड अनुरुप क्षति अङ्क निर्धारण गरी जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित जग्गाधनीहरुलाई क्षति बराबरको रकम उपलब्ध गराउनु पर्नेछ।

३.३.४ यसरी उपलब्ध गराइने क्षतिपूर्तिको लागि आवश्यक पर्ने रकम सम्बन्धित सुरक्षा सम्बन्धी केन्द्रीय निकायले वार्षिक बजेट र कार्यक्रममा समावेश गर्नुपर्नेछ।

## ४. सवारी साधन क्षतिबापत क्षतिपूर्ति

४.१. सुरक्षा निकायले प्रयोग गरेको भाडाका सवारी साधनको क्षतिपूर्तिः

द्वन्द्वको अवधिमा शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा सुरक्षा निकायले प्रयोग गरेको भाडाका सवारी साधन द्वन्द्वरत पक्षबाट क्षति पुऱ्याइएकोमा श्रम तथा यातयात व्यवस्था मन्त्रालयले सवारी साधन प्रयोग गर्ने सुरक्षा इकाइको केन्द्रीय निकायको राय लिई क्षति भएको स्थानको जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिशमा क्षति बराबरको रकम क्षतिपूर्ति स्वरुप सवारी धनीलाई उपलब्ध गराउनेछ।

४.१.१. यस प्रयोजनको लागि क्षति मूल्याङ्कन गर्न जिल्लामा देहाय बमोजिमको स्थानीय क्षति मूल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक
(ख) जिल्ला प्रहरी कार्यालयका प्रमुख - सदस्य
(ग) सवारी साधन प्रयोग गर्ने सुरक्षा निकायको प्रमुख वा निजको प्रतिनिधि - सदस्य
(घ) जिल्लामा उपलब्ध मेकानिकल इन्जिनियर वा मेकानिकल सुपरभाइजर - सदस्य
(ङ) स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य - सदस्य
(च) स्थानीय शान्ति समितिका महिला सदस्य - सदस्य
(छ) स्थानीय यातायात व्यवसायीको प्रतिनिधि - सदस्य

४.१.२. उल्लिखित समितिले देहाय बमोजिमको प्रक्रिया र आधारमा क्षतिको मूल्याङ्कन गर्नु पर्दछः-

(क) सवारी साधनको क्षतिको मूल्याङ्कन प्राविधिकबाट गराउनु पर्दछ। क्षतिको मूल्याङ्कन गर्दा मर्मत गर्न लाग्ने खर्चलाई क्षतिको रुपमा लिनु हुँदैन। भएको क्षतिलाई मात्र मूल्याङ्कनमा समावेश गर्नु पर्दछ। यस्तो मूल्यांकन अंक सम्बन्धित सवारी साधनको वा सम्बन्धित पार्टपुर्जाको तत्कालिन अवस्थामा खरीद गर्दाको समयको मूल्यभन्दा बढी हुनु हुँदैन। त्यस्तो विक्रेता वा डिलर उपलव्ध नभई मूल्यांकन प्राप्त हुन नसकेमा सम्बन्धित अंचलको यातायात व्यवस्था कार्यालयको राय लिई मूल्यांकन अंक किटानी गर्नुपर्नेछ।

(ख) क्षति भएको सवारी साधनको अवशेष मूल्यलाई नं. (क) बाट घटाउनु पर्दछ।

(ग) सवारी साधन बनेको वर्ष ब्लूबुकबाट यकिन गरेर नं. (ख) अनुसार हुन आएको रकमबाट वार्षिक ५% का दरले ह्रास कट्टी गरी मूल्याङ्कनको अन्तिम अङ्क किटान गर्नु पर्दछ।

४.१.३ प्राविधिक मूल्याङ्कनको तरिकाः

(क) क्षतिग्रस्त भएको सवारी साधनको क्षति अङ्क रु. .....................
(ख) क्षतिको अवशेष मूल्य रु. .............
(ग) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम (P) = रु.........
(घ) वार्षिक ५% का दरले ह्रास कट्टी गरेपछि हुन आउने रकम रु. .............
ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्र $= \mathbf{P \times (1\text{-}RD/100)^n}$
जहाँ, **P** = नं. (ग) अनुसार हुन आउने हालको मूल्याङ्कन रुपैयामा,
**RD** = नं. (घ) अनुसारको ह्रासकट्टी दर (५%)
**n** = सवारी क्षति भएको वर्षबाट - सवारी बनेको वर्ष घटाउँदा हुने (क्षति भएको वर्ष - बनेको वर्ष)

४.१.४ क्षति भएको सवारी साधन ज्यादै पुरानो भई ह्रास कट्टी गर्दा र अवशेष मूल्य घटाउँदा क्षति अङ्कको १५% भन्दा कम क्षति अङ्क कायम हुने भएमा विमा भएको अवस्थामा विमित मूल्यलाई क्षति अङ्क कायम गर्ने र विमा नभएको अवस्थामा प्राविधिकले मूल्याङ्कन गरेको क्षतिको १५% रकम खुद क्षति अङ्क कायम गरी पठाउनु पर्नेछ।

४.१.५. सवारी साधन विमा भए नभएको यकिन गरी विमा भएको अवस्थामा क्षतिको जानकारीको लागि र विमा नभएको अवस्थामा क्षति वापत क्षतिपूर्ति उपलब्ध गराउन अनुसूची १२ बमोजिमको फाराम भरी प्राविधिक मूल्याङ्कनको सक्कलै प्रति, समितिको निर्णयको प्रमाणित प्रतिलिपि, ब्लुबुकको प्रमाणित प्रतिलिपि, क्षतिग्रस्त सवारी साधनको फोटो र सवारी साधन भाडामा लिएको प्रमाणित कागजात संलग्न राखी क्षतिपूर्ति उपलब्ध गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी क्षति मूल्याङ्कन भई आएपछि श्रम तथा यातायात व्यवस्था मन्त्रालयले निर्धारित प्रक्रिया पुगेको छ छैन हेरेर क्षति वापत पाउनुपर्ने रकम निर्धारण गरी जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित सवारी धनीलाई उपलब्ध गराउनु पर्नेछ।

४.२. बन्द वा नाकावन्दीको समयमा भएका सवारी साधन क्षति वापत क्षतिपूर्तिः

४.२.१. द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आयोजना गरेको वन्द वा नाकावन्दीको बेला सरकारले गरेको आव्हानअनुरुप सञ्चालन गरिएका सार्वजनिक प्रयोगका यात्रुवाहक तथा मालवाहक सवारी साधनहरु द्वन्द्वरत पक्षबाट क्षति पुऱ्याइएकोमा देहायबमोजिमको वर्गीकरण र मापदण्डअनुसार प्रमुख जिल्ला अधिकारीले वन्द वा नाकावन्दीको समयमा तत्कालीन सरकारले आव्हान गरेअनुरुप सञ्चालन गर्दा क्षति भएको भनी स्पष्ट किटान गरी पठाएको सिफरिशका आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सम्बन्धित सवारी धनीलाई क्षतिपूर्ति उपलब्ध गराउनेछ।

४.२.२. सवारी साधनको इन्जिन, च्यासिससमेत काम नलाग्ने भई पूर्णरुपले क्षति भएको अवस्थामा क्षतिको ९०% रकम क्षतिपूर्ति वापत उपलब्ध गराइनेछ।

४.२.३. इन्जिन र च्यासिस नविग्रिएको तर बडी ध्वस्त भएको अवस्थामा खुद क्षतिको ७५% रकम क्षतिपूर्ति उपलब्ध गराइनेछ।

४.२.४. सामान्य वा आंशिक क्षति भएको अवस्थामा प्राविधिकबाट मूल्याङ्कन गराएको आधारमा कूल क्षतिको ५०% रकम क्षतिपूर्ति वापत उपलब्ध गराइनेछ। यसमा विमा बुझ्नु जरुरी हुनेछैन।

४.२.५. क्षति अंक निर्धारण गर्ने तरिका र प्राविधिक मूल्यांकनको तरिका

यस प्रकरण वमोजिम क्षतिपूर्ति दिने प्रयोजनका लागि क्षति अंक निर्धारण गर्ने तरिका र प्राविधिक मूल्यांकनको तरिका प्रकरण ४.१ वमोजिम हुनेछ ।

४.२.६. स्थानीय क्षति मूल्याङ्कन समिति

बन्द वा नाकावन्दीको समयमा सञ्चालन गरेका कारणबाट भएको सवारी साधनको क्षतिको मूल्याङ्कन गरी सिफारिस गर्न देहायबमोजिमको स्थानीय क्षति मूल्याङ्कन समिति रहनेछः-

क) प्रमुख जिल्ला अधिकारी - संयोजक
ख) जिल्ला प्रहरी प्रमुख - सदस्य
ग) कोष तथा लेखा नियन्त्रक - सदस्य
घ) मेकानिकल इन्जिनियर/प्राविधिक - सदस्य
ङ) स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य - सदस्य
च) स्थानीय शान्ति समितिका महिला सदस्य - सदस्य
ङ) स्थानीय यातायात व्यवसायीको प्रतिनिधि - सदस्य

समितिले आफ्नो सीमाभित्र घटेको घटनामा भएको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति रकम निर्धारण गर्ने कार्य गर्नेछ। समितिले मेकानिकल इन्जिनियर वा यस विषयसंग सम्बन्धित प्राविधिक यातायात व्यवस्था कार्यालयबाट प्राप्त गर्नेछ। प्राविधिक उपलब्ध हुने व्यवस्था श्रम तथा यातायात व्यवस्था मन्त्रालयद्वारा मिलाइनेछ। तत्काल यातायात व्यवस्था कार्यालयबाट प्राविधिक उपलब्ध हुन नसकेमा नेपाल सरकारका कार्यालयहरु वा संस्थानमा कार्यरत सम्बन्धित विषयको प्राविधिकबाट पनि समितिले मूल्याङ्कनको काम गर्न गराउन सक्नेछ।

क्षतिपूर्ति वितरणको लागि समितिबाट निर्णय भैसकेपछि अनुसूची १२ फाराम भरी समितिको निर्णयको प्रमाणित प्रतिलिपि, प्राविधिकको मूल्याङ्कनको सक्कलै प्रति, ब्लुबुकको प्रमाणित प्रतिलिपि लगायतका कागजात समेत संलग्न राखी श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा पठाउनु पर्नेछ।

४.२.७. क्षतिपूर्ति वितरणको व्यवस्था

जिल्लाको स्थानीय क्षति मूल्यांकन समितिले क्षतिपूर्ति रकम निर्धारण गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा रकम माग गर्नु पर्नेछ। यस्तो रकम यकिन गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयले जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित सवारी धनीलाई उपलब्ध गराउनेछ। यस प्रयोजनको लागि अर्थ मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई आवश्यक रकम उपलब्ध गराउनेछ।

४.२.८. स्थानीय क्षति मूल्यांकन समितिले ध्यान दिनुपर्ने विषयहरुः-

यस्तो क्षतिपूर्ति वितरण गर्दा स्थानीय क्षति मूल्यांकन समितिको निर्णय अनुसार गरिने हुनाले यस सम्बन्धी सम्पूर्ण जिम्मेवारी समितिमा रहने हुँदा यो कुरालाई विचार गरेर सबै प्रक्रिया पुऱ्याएर मात्र सहायताको निकासा माग गर्नु पर्दछ। यस व्यवस्था बमोजिम श्रम तथा यातायात व्यवस्था मन्त्रालयले रकम निकासामा मात्र सहयोग गर्नेछ। स्थानीय स्तरमा गरिएका निर्णय र कार्यहरुको सम्पूर्ण जिम्मेवारी स्थानीय क्षति मूल्यांकन समितिमा रहनेछ। अतः सहायता रकम सिफारिश गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउनुपर्नेछः-

(क) द्वन्द्वरत पक्षबाट बन्दको कार्यक्रम राखिएको अवस्थामा सरकारको आव्हान अनुरुप सवारी साधन सञ्चालन गर्दा क्षति भएको सवारी साधनहरुको मात्र यस अनुसार मूल्याङ्कन गर्नु पर्नेछ।

(ख) द्वन्द्वरत पक्षबाट बन्दको आव्हान भएको हो होइन र सरकारी पक्षबाट उक्त दिन सवारी साधन सञ्चालन गर्न आव्हान भएको थियो, थिएन यकिन गरेर मात्र यस अनुसारको क्षतिको मूल्याङ्कन गर्नु पर्दछ।

(ग) बन्दको आव्हान भएको र सरकारी पक्षबाट उक्त दिन सवारी साधन सञ्चालन गर्न आव्हान भएको पुष्टि नभएमा अन्य अवस्थामा सवारी साधन क्षति भएको मापदण्ड अनुरुप क्षतिको मूल्याङ्कन गर्नु पर्दछ।

४.३. अन्य अवस्थामा सवारी साधनहरु क्षति भएकोमा क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः

द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षले आव्हान गरेको बन्द वा नाकाबन्दीको अवस्था बाहेक अन्य अवस्थामा द्वन्द्वरत पक्षबाट सवारी साधन क्षति पुऱ्याइएकोमा अन्य व्यक्तिगत सम्पत्ति क्षति सरह क्षतिपूर्ति उपलब्ध हुनेछ।

४.३.१. सवारी साधनको क्षतिको मूल्याङ्कन प्रकरण ४.२.६. मा उल्लेख भएको स्थानीय क्षति मूल्याङ्कन समितिबाट गराउनु पर्नेछ।

४.३.२. क्षति अंक निर्धारण गर्ने तरिका र प्राविधिक मूल्यांकनको तरिका प्रकरण ४.१ वमोजिम हुनेछ।

४.३.३ क्षतिग्रस्त सवारी साधन विमा भएको नभएको यकिन गरी विमा भएको अवस्थामा जानकारीको लागि र विमा नभएको अवस्थामा अनुसूची १२ बमोजिम फाराम भरी क्षतिपूर्ति उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारीले श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

४.३.४ यसरी क्षतिमूल्याङ्कन भई आएपछि श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट मापदण्डअनुरुप क्षतिमूल्याङ्कन भएको छ छैन हेरी अनुसूची १२ बमोजिमको मापदण्ड अनुसार गर्दा हुन आउने रकम क्षतिपूर्ति स्वरुप जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धित सवारी धनीलाई उपलब्ध गराउनु पर्नेछ। यस प्रयोजनको लागि अर्थ मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई आवश्यक रकम उपलब्ध गराउनेछ।

४.४ सुरक्षा कायम गर्ने सिलसिलामा सुरक्षा निकायले कसैको सवारी साधनलाई देहाय बमोजिमको समयसम्म भाडा नदिई प्रयोग गरेको भएमा सम्बन्धित सवारी धनीलाई देहाय बमोजिमको क्षतिपूर्ति उपलब्ध गराइनेछ :-

| | |
|---|---|
| (क) ६ महिनासम्मको लागि एकमुष्ट | रु. १५,०००।- |
| (ख) ६ महिनादेखि १ वर्षसम्मको लागि एकमुष्ट | रु. ३०,०००।- |
| (ग) १ वर्षभन्दा बढी समयको लागि एकमुष्ट | रु. ४०,०००।- |

तर, यो मापदण्ड प्रारम्भ भएपछि कसैको निजी स्वामित्वको सवारी साधन सवारी धनीको मञ्जुरी बेगर प्रयोग गर्न वा गराउन सकिने छैन।

४.४.१. यस प्रयोजनको लागि क्षतिपूर्ति प्रदान गर्ने सिफारिश गर्न जिल्लास्तरमा देहाय बमोजिमको स्थानीय सिफारिश समिति रहनेछः-

| | |
|---|---|
| क) प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| ख) सवारी साधन प्रयोग गर्ने सुरक्षा निकायको प्रमुख वा निजको प्रतिनिधि | - सदस्य |
| ग) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | - सदस्य |
| घ) स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य | - सदस्य |
| ङ) स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |

उक्त समितिले श्रम तथा यातायात व्यवस्था मन्त्रलायमा सिफारिश गर्ने छ। सोको लागि आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले श्रम तथा यातायात व्यवस्था मन्त्रालयका नाममा निकासा पठाउनेछ। श्रम तथा यातायात व्यवस्था मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित व्यक्तिले भुक्तानी पाउने गरी निकासा पठाउनेछ।

**५. अपहरण वा वेपत्ता भएका व्यक्ति वा निजका हकदारहरुलाई राहत**

५.१. द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुले कुनैपनि निर्दोष नागरिकलाई अपहरण गरी वा वेपत्ता पारी ३० दिनभन्दा बढी अवधिसम्म आफन्त तथा आम सञ्चार समेतको सम्पर्कभन्दा बाहिर अज्ञात स्थलमा राखेको भनी प्रहरी

प्रतिवेदनबाट प्रमाणित हुन आएमा अपहरण वा वेपत्ता भएको त्यस्तो व्यक्ति वा निजका नजिकको हकदारलाई राज्यको तर्फबाट राहत स्वरुप एकमुष्ट रु. २५ हजार राहत उपलब्ध गराइनेछ

५.२. राहत उपलब्ध गराउने आधारहरुः

५.२.१. सिफारिशको व्यवस्था

द्वन्द्वको अवधिमा द्वन्द्वरत पक्षहरुबाट अपहरण वा वेपत्ता पारिएको कारणले राहत पाउँन कुनैपनि सर्वसाधारण नागरिकले निवेदन दिएमा निज अपहरण वा वेपत्ता भए नभएको यकिन गरी राहतको सिफरिश गर्न स्थानीय स्तरमा निम्नअनुसारको एक समिति रहनेछः-

| | | |
|---|---|---|
| क) | प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| ख) | जिल्ला प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| ग) | स्थानीय मानव अधिकारकर्मी संगठनहरुको प्रतिनिधि | - सदस्य |
| घ) | स्थानीय सञ्चारकर्मीहरुका संगठनको प्रतिनिधि | - सदस्य |
| ङ) | स्थानीय नागरिक समाजका अगुवाहरुको प्रतिनिधि | - सदस्य |
| च) | स्थानीय शान्ति समितिका अध्यक्ष वा निजले तोकेका समितिका सदस्य | - सदस्य |
| छ) | स्थानीय शान्ति समितिका महिला सदस्य | - सदस्य |
| ज) | कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | - सदस्य-सचिव |

उल्लिखित समितिले अपहरण वा वेपत्ता भएको ठोस र यथेष्ट प्रमाणको आधारमा वास्तविक पीडितलाई राहत उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्नेछ । प्रमुख जिल्ला अधिकारीले उक्त समितिले निर्णय गरे बमोजिमको राहत रकम सिफारिश गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनुपर्नेछ । जिल्ला प्रशासन कार्यालयले यस्तो राहतका लागि सिफारिश गरी पठाउँदा सम्भव भएसम्म आफ्नो जिल्ला भरीका द्वन्द्वको अवधिमा अपहरणमा परेका सबै पीडितहरुको एकैपटक सिफारिश गरी पठाउनु पर्नेछ। शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यसरी प्राप्त सिफारिशको प्रक्रिया, आधार एवं प्रमाणहरुलाई अध्ययन गरी राहत उपलब्ध गराउनुपर्ने ठहरिएमा मापदण्ड अनुसारको राहत रकम जिल्ला प्रशासन कार्यालयमार्फत् सम्बन्धित पीडितलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

५.२.२. प्रमाणित फाराम संलग्न हुनुपर्ने

अपहरण वा वेपत्ता भएका व्यक्तिहरुका लागि राहतको सिफारिश गर्दा माथि उल्लेख गरिए बमोजिमको समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहित अनुसूची १३ मा उल्लिखित फाराम भरी प्रमुख जिल्ला अधिकारी स्वयंले उक्त फाराम प्रमाणित गरेर सिफारिस गरी पठाउनुपर्नेछ। सिफारिसका साथ अपहरण वा वेपत्ता भएको कुराको पुष्ट्याईं गर्ने प्रमाणहरुसमेत संलग्न राखी पठाउनुपर्नेछ।

**६. द्वन्द्वपीडित व्यक्ति तथा परिवारका सदस्यहरुका लागि सीपमूलक तालिम तथा वैदेशिक रोजगारसम्बन्धी व्यवस्था**

६.१. सीपमूलक तालिमको व्यवस्थाः

द्वन्द्वपीडित तथा विस्थापित र उनीहरुका परिवारका सदस्यहरुलाई आय आर्जन हुनसक्ने, रोजगार/स्वरोजगार एवं वैदेशिक रोजगारमूलक अल्पकालीन तालिमको व्यवस्था मिलाइनेछ। यसको लागि उद्योग मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका प्रतिनिधि रहेको एक संयन्त्रले स्पष्ट

धारणा, आधार र प्रक्रिया एवं तालिमका विषयहरु यकिन गरी आ-आफ्नो निकायबाट व्यवस्थित र प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउनेछन् । यस कार्यको अनुगमन शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट समेत हुनेछ ।

६.२. वैदेशिक रोजगारसम्बन्धी व्यवस्थाः

वैदेशिक रोजगारमा द्वन्द्वपीडित तथा विस्थापितहरु र तिनका परिवारका सदस्यहरुको सहज पहुँच पुऱ्याउन निम्नानुसारको व्यवस्था मिलाइनेछः-

६.२.१. वैदेशिक रोजगरमा द्वन्द्वपीडित तथा विस्थापितहरु र तिनीहरुका परिवारका सदस्यहरुको लागि निश्चित सीट सुरक्षित गरिनेछ ।

६.२.२. सुरक्षित सीटमा द्वन्द्वपीडित तथा विस्थापितहरु र तिनीहरुका परिवारका सदस्यहरुलाई उनीहरुमा भएको योग्यता, सीप, दक्षता एवं क्षमताका आधारमा वैदेशिक रोजगारमा पठाउन प्राथमिकता दिइनेछ ।

६.२.३. वैदेशिक रोजगारको लागि प्राप्त मागका आधारमा के कति सीट सुरक्षित राख्ने र सुरक्षित सीटमा कसरी, कुन प्रक्रिया, सेवा, शर्त एवं सिफारिस अनुरुप वैदेशिक रोजगार व्यवसायी कम्पनीहरुबाट सहज ढङ्गले रोजगारीको लागि विदेशमा पठाउन सकिन्छ भन्ने सम्बन्धमा श्रम तथा यातायात व्यवस्था मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, वैदेशिक रोजगार व्यवसायी संघ एवं आवश्यकता अनुसार अन्य निकायका प्रतिनिधि समेत रहेको संयन्त्रले गृहकार्य गरी कार्ययोजना बनाउनेछ । श्रम तथा यातायात व्यवस्था मन्त्रालयले उक्त कार्ययोजनालाई प्रभावकारी र व्यवस्थित ढङ्गले कार्यान्वयनमा ल्याउनेछ । यस कार्यको अनुगमन शान्ति तथा पुनर्निर्माण मन्त्रालय एवं श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेतले गर्नेछन् ।

## ७. राहत सम्बन्धी अन्य व्यवस्था

७.१ राहत उपलब्ध गराइने समयावधिः

यस परिच्छेद बमोजिम उपलब्ध गराइने राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता २०६७ असार मसान्तसम्म उपलब्ध गराइने छ । तोकिएको अवधि समाप्त भएपछि तोकिएको समय भन्दा अगाडी देखिनै प्रक्रियामा रहेकाहरुको सम्बन्धमा नेपाल सरकारले छुट्टै निर्णय गर्न सक्नेछ ।

७.२ कार्य सरलीकरणका लागि विशेष व्यवस्थाः

७.२.१ पीडितहरुलाई छिटो छरितो सेवा उपलब्ध गराउन यस परिच्छेदमा उल्लिखित आधार, प्रक्रिया र कागजातहरु पूरा भएका विषयहरुमा निर्णय गर्ने अन्तिम अधिकार नेपाल सरकार (मा. मन्त्रीस्तर) मा निहित रहनेछ । सो स्तरबाट मातहतका अधिकृतलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

७.२.२ यो मापदण्ड प्रारम्भ हुनु अघि नै द्वन्द्वको क्रममा मृत्यु भएका सुरक्षाकर्मीको हकमा तत्काल प्रचलित मापदण्ड वा नेपाल सरकारको निर्णय बमोजिम राहत सुविधा उपलब्ध गराइसकिएको वा उपलब्ध गराउने निर्णय भएकोमा त्यस्तो सुविधा यसै मापदण्ड बमोजिम उपलब्ध गराइएको मानिने छ । त्यस्तो सुविधा उपलब्ध गराउन बाँकी भएका मृतक सुरक्षाकर्मीको हकमा तत्काल प्रचलित मापदण्ड वा नेपाल सरकारको तत्कालीन निर्णय अनुसारको राहत रकम उपलब्ध गराइने छ ।

## परिच्छेद- २

# विस्तृत शान्ति सम्झौता पछिको अवधिमा भएका घटनाको राहत तथा आर्थिक सहायता

८. **मृत्यु वरण गरेका तथा शहिद र वेपत्ता पारिएका व्यक्तिको हकदारलाई प्रदान गरिने राहत :**

८.१. विस्तृत शान्ति सम्झौता भन्दा पछिको अबधिका नागरिक आन्दोलनका क्रममा भएका बन्द, हडताल, नागरिक उपद्रव (अनियन्त्रित भीड वा हुलदंगा), सशस्त्र द्वन्द्व वा सोसँग सम्बन्धित घटनाका क्रममा कुनै व्यक्तिको हत्या वा मृत्यु वा कुनै व्यक्तिलाई वेपत्ता पारिएमा नेपाल सरकारले देहाय बमोजिमको रकममा नबढ्ने गरी त्यसरी मारिएको वा वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारलाई राहत प्रदान गर्न सक्नेछ :-

(क) सुरक्षाकर्मीको कारवाहीमा परी सर्वसाधारणको मृत्यु भएमा- एक लाख पचास हजार रुपैयाँसम्म तर, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने क्रममा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएमा यस्तो राहत दिइनेछैन ।

(ख) द्वन्द्वरत सशस्त्र समूह वा व्यक्तिको कारवाहीमा परी सर्वसाधारणको मृत्यु भएमा वा सुरक्षाकर्मी र सशस्त्र समूहबीचको भिडन्त वा झडप हुँदा निर्दोष सर्वसाधारणको मृत्यु भएमा वा बम विस्फोटन, बारुदी सुरुङ्ग वा विद्युतीय धरापमा परी सर्वसाधारणको मृत्यु भएमा वा बन्द, हडताल, मधेस/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलन, नागरिक उपद्रव वा राजनैतिक झडपमा परी सर्वसाधारणको मृत्यु भएमा- एक लाख पचास हजार रुपैयाँसम्म ।

(ग) खण्ड (क) र (ख) वमोजिमको घटनाको क्रममा वेपत्ता पारिएकोमा एक लाख पचास हजार रुपैंया सम्म ।

(घ) यस अघि राहत स्वरुप रकम प्राप्त गरिसकेका व्यक्तिका हकदारलाई माथि उल्लेख भए वमोजिमको रकम उपलब्ध गराइने छैन ।

८.२. मृतकका परिवारले अन्य प्रचलित कानून, मापदण्ड वा नीति अनुरुप कुनै राहत, आर्थिक सहायता वा क्षतिपूर्ति पाइसकेको भए त्यसरी प्राप्त गरेको कटाई बाँकी रकम मात्र यस कार्यविधि बमोजिम सम्बन्धित हकदारलाई राहत उपलब्ध गराइनेछ ।

८.३. राहत प्रदान गर्ने प्रक्रिया र तरिका देहाय बमोजिम हुनेछ :-

(क) प्रकरण ८.१ को अवस्थाको क्रममा हत्या भएको वा मारिएका तथा शहिद र वेपत्ता पारिएको व्यक्तिको हकमा त्यस्तो व्यक्तिको हकदारमध्ये सबैभन्दा नजिकका हकदारले यस कार्यविधि बमोजिम राहत प्राप्त गर्नका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष आफूसँग भएको प्रमाणहरु संलग्न राखी निवेदन दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्राप्त भएको निवेदन र तत्सम्बन्धी घटनाको अभिलेख समेत अध्ययन गरी प्रमुख जिल्ला अधिकारीले जिल्ला सुरक्षा समितिको बैठकबाट प्रकरण ८.१ बमोजिमको कारणले मारिएका तथा शहिद र वेपत्ता पारिएको हो वा होइन भन्ने सम्बन्धमा पुनः जाँच गरी तथ्यगत छानविनका आधारमा किटानी निर्णय गराई सिफारिश साथ शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(ग) प्रकरण ८.१ मा उल्लेख भएबमोजिमको कारणको क्रममा हत्या भएको वा मारिएको व्यक्तिको हकदारले यस प्रकरण बमोजिमको प्रक्रिया पुऱ्याई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा

दिएको निवेदन, सो निवेदनको तथ्यगत छानविन तथा प्रमुख जिल्ला अधिकारीको सिफारिश र पेश भएका अन्य प्रमाणहरु समेतको आधारमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा प्राप्त भएको निवेदन उपर मन्त्रालयस्तरमा थप परीक्षण तथा प्रक्रिया यकीन गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवको अध्यक्षतामा एक स्थायी प्रकृतिको 'परीक्षण समिति' गठन गर्न सकिनेछ।

(घ) खण्ड (ग) बमोजिमको समितिमा अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सह-सचिव तहका प्रतिनिधि सदस्य रहने छन् र शान्ति तथा पुनर्निर्माण मन्त्रालयको उप-सचिवलाई सदस्य सचिव तोकिनेछ।

(ङ) खण्ड (ग) र (घ) बमोजिम गठन भएको परीक्षण समितिले छानविन गर्दा कुनै थप प्रमाण, कागजात वा पुष्ट्याइको आवश्यकता देखेमा त्यस्ता कागजात प्रमाण वा पुष्ट्याइहरु माग गर्नेछ।

(च) खण्ड (ङ) बमोजिम प्राप्त प्रमाण, कागजात वा पुष्ट्याईं समेतको आधारमा परीक्षण समितिले छानविन गर्दा राहत दिन उपयुक्त देखेमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत मृत्युवरण गरेका तथा शहिद र वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारलाई राहत उपलव्ध गराउनेछ। यस्तो रकम अर्थ मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयका नाममा निकासा दिनेछ।

८.४. प्रकरण ८.१ मा उल्लिखित घटना बाहेक शान्ति सुरक्षा कायम गर्ने कार्यसँग सम्बन्धित अन्य कुनै घटनाका क्रममा कुनै व्यक्तिको हत्या वा मृत्यु भएमा प्रकरण ८.१ बमोजिमको रकम प्रकरण ८.३ वमोजिमको प्रकृया र तरिका अपनाई गृह मन्त्रालयले उपलव्ध गराउने छ। सो प्रयोजनका लागि प्रकरण ८.३ को खण्ड (ग) मा उल्लिखित परीक्षण समिति शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सचिवको सट्टा गृह मन्त्रालयको सचिवको अध्यक्षतामा र खण्ड (घ) मा उल्लिखित गृह मन्त्रालयको सह सचिव तहका प्रतिनिधिको सट्टा शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सह सचिवतहका प्रतिनिधि सदस्य रहनेछन्। यसको लागि आवश्यक रकम गृह मन्त्रालयले अर्थ मन्त्रालयबाट प्राप्त गर्नेछ।

८.५. आफ्नो कर्तव्य पालनको सिलसिलामा खटिएको सरकारी कर्मचारीको प्रकरण ८.१ बमोजिमको अवस्था परी मृत्यु भएमा त्यस्तो कर्मचारीको नजिकको हकदारलाई नेपाल सरकारले तत्काल कार्यरत निकाय मार्फत सात लाख रुपैयाँ राहत उपलव्ध गराउनेछ।

**स्पष्टीकरण** : (क) यस कार्यविधिको प्रयोजनका लागि "सरकारी कर्मचारी" भन्नाले स्वीकृत दरवन्दीका पदमा सरकारी कोषबाट तलव भत्ता पाउने गरी नियुक्त भएको कर्मचारी सम्भनु पर्छ।

(ख) खण्ड (क) मा उल्लेख भएदेखि वाहेक अन्य कर्मचारी भए त्यस्तो कर्मचारी बहाल रहेको संस्थालाई प्रकरण ८.५ बमोजिमको रकम उपलव्ध गराउन सम्बन्धित संस्थालाई निर्देशन दिनेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

८.६. नेपाल सरकारको निर्णयबाट कुनै सरकारी कर्मचारीलाई शहीद घोषणा गरिएको रहेछ भने त्यस्तो कर्मचारीको परिवारले शहीदका परिवारले पाउने राहत तथा अन्य सुविधा प्राप्त गर्नबाट बञ्चित गरिने छैन।

तर शहीद घोषणा गर्दा पाउने राहतको रकम प्रकरण ८.५ मा उल्लेख भएको राहत रकमभन्दा बढी हुने रहेछ भने सोही बराबरको रकम राहत स्वरूप दिन सकिनेछ।

८.७ प्रकरण ८.५ बमोजिमको अवस्था परी मृत्यु वा हत्या भएको हो वा होइन सो यकीन गरी रकम उपलब्ध गराउने सम्बन्धमा निर्णय गर्न देहाय बमोजिमको एक समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, गृह मन्त्रालय | - संयोजक |
| (ख) सचिव, सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (ग) सचिव, सम्बन्धित मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | - सदस्य |
| (च) सहसचिव, शान्ति सुरक्षा महाशाखा, गृह मन्त्रालय | -सदस्य सचिव |

९. **शहीदका परिवारलाई दिइने राहत तथा सुविधा :**

नेपाल सरकारले शहीद घोषणा गरेका व्यक्तिको परिवारलाई दिइने राहत तथा अन्य सुविधा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेबमोजिम हुनेछ। एक पटक निर्धारण भएको राहतको रकम तथा अन्य सुविधामा हेरफेर गर्नु परेमा नेपाल सरकारले गर्न सक्नेछ।

तर, यस्तो हेरफेर दुई वर्षमा एक पटकभन्दा बढी गर्न सकिने छैन।

१०. **घाइतेलाई राहत :**

१०.१. तराई र मधेश आन्दोलन, जनजाती आन्दोलन, थरुहट आन्दोलन, दलित र पिछडा वर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलन, बन्द, हडताल, नागरिक उपद्रव वा सोसँग सम्बन्धित घटनाको क्रममा घाइते भई अपाङ्ग वा अशक्त भएको व्यक्तिलाई देहाय बमोजिमको राहत प्रदान गर्न सकिनेछ :-

(क) पूर्ण रुपमा अपाङ्ग भएको व्यक्तिलाई एकमुष्ट दुई लाख रुपैयाँ,

(ख) आंशिक रुपमा अपाङ्ग भएका व्यक्तिलाई अपाङ्गताको स्वीकृत मापदण्ड बमोजिमको प्रतिशत वर्गीकरणका आधारमा सोही अनुपातमा खण्ड (क) बमोजिमको रकमलाई शत प्रतिशत मानी सोही आधारमा कम्तीमा २० प्रतिशतसम्मका लागि समानुपातिक आधारमा हुन आउने एकमुष्ट रकम,

(ग) विरामी भई औषधोपचार गराई रहेकाहरुलाई अस्पतालको बील बमोजिम लागेको औषधोपचारको खर्च र विरामी कुरुवाका हकमा एक जनासम्मलाई दैनिक एक सय पचास रुपैयाँका दरले बढीमा पैंतालिस दिनसम्मको रकम दिइनेछ। तर यस्तो रकम खण्ड (क) मा उल्लेख भए भन्दा बढी हुने छैन।

१०.२. घाइते व्यक्तिले प्रचलित कानून, मापदण्ड वा नीति अनुरुप कुनै राहत वा क्षतिपूर्ति पाइसकेको भए त्यसरी प्राप्त गरेको रकम कटाई बाँकी रकम मात्र यस कार्यविधि बमोजिम राहत उपलब्ध गराइनेछ।

१०.३ यस प्रकरण बमोजिमको उपचार खर्च नेपालको गैरनाफामूलक सामुदायिक स्तरमा सञ्चालित वा सरकारी अस्पतालमा उपचार गराएको बील बमोजिमको खर्चको आधारमा प्रदान गरिनेछ।

तर सरकारी वा सामुदायिक अस्पतालले आफूकहाँ उपचार हुन नसकी सिफारिश गरेको अवस्थामा नेपाल सरकारको पूर्व स्वीकृति लिई उपचार गराएको हकमा भने निजी अस्पताल वा नर्सिङ्ग होममा गरिएको उपचार खर्चको ७५ प्रतिशतसम्म १०.१ को खण्ड (क), (ख) र (ग) को सीमाभित्र रही दिनलाई बाधा पर्ने छैन।

१०.४ यस प्रकरण बमोजिम उपचार खर्च प्रदान गर्ने प्रयोजनका लागि जिल्लास्तरमा रहने औषधोपचार सिफारिश समितिको व्यवस्था, सिफारिश गर्दा विचार पुऱ्याउनु पर्ने विषयहरु, औषधि उपचार सुविधा

प्राप्त गर्ने तरिका र पुऱ्याउनु पर्ने प्रक्रिया प्रकरण २ वमोजिम हुनेछ।

१०.५ प्रकरण १०.४ बमोजिमको समितिको सिफारिश बमोजिम जिल्लास्तरमा औषधोपचार गर्न जिल्ला जनस्वास्थ्य कार्यालयले र केन्द्रीयस्तरमा औषधोपचारको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अर्थ मन्त्रालयबाट एकमुष्ट बजेट प्राप्त गर्नेछ। यस कार्यविधि बमोजिमको औषधोपचारका लागि जिल्लास्तरमा जिल्ला जनस्वास्थ्य कार्यालयबाट बील बमोजिम भुक्तानी हुने र केन्द्रीयस्तरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरको निर्णयबाट राहत वितरण गरिनेछ।

१०.६ यस प्रकरणमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सुरक्षाकर्मीको कुटपीट वा गोली प्रहारको कारण घाइते भई अपाङ्ग वा अशक्त भएको व्यक्तिलाई देहाय बमोजिमको राहत प्रदान गर्न सकिनेछः-

(क) पूर्ण रुपमा अपाङ्ग भएको व्यक्तिलाई एकमुष्ट तीन लाख रुपैयाँ,

(ख) आंशिक रुपमा अपाङ्ग भएका व्यक्तिलाई अपाङ्गताको स्वीकृत मापदण्ड बमोजिमको प्रतिशत वर्गीकरणका आधारमा सोही अनुपातमा खण्ड (क) बमोजिमको रकमलाई शत प्रतिशत मानी सोही आधारमा कम्तीमा २० प्रतिशतसम्मका लागि समानुपातिक आधारमा हुन आउने एकमुष्ट रकम,

१०.७. यस परिच्छेदको प्रयोजनका लागि अपाङ्गगताको प्रतिशत निर्धारण गर्दा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराइएको परिचयपत्रमा उल्लेखित प्रतिशतलाई आधार मानिनेछ। यस प्रयोजनको लागि स्वीकृत मापदण्ड बमोजिम जिल्ला औषधोपचार सिफारिश समितिले अपाङ्गगताको प्रतिशत निर्धारण गर्नेछ र उल्लेखित निर्धारित प्रतिशतको आधारमा जिल्ला प्रशासन कार्यालयले प्रतिशत निर्धारण भएको परिचय पत्र उपलब्ध गराउनेछ।

१०.८ प्रकरण १०.१ र १०.६ वमोजिम राहत प्रदान गर्न आवश्यक रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उपलब्ध गराउने छ।

११. **जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाइतेहरुलाई उपचारको विशेष व्यवस्था :**
यो कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलन र यस प्रकृतिका आन्दोलनको क्रममा घाइते भई अपाङ्ग वा अशक्त भएका व्यक्तिको उपचार गराउँदा लागेको बिल बमोजिमको उपचार खर्च बिरामी र कुरुवा गरी २ जनाको आतेजाते खर्च र भर्ना भएकोमा अस्पतालमा वस्दासम्मको दैनिक रु.७५ का दरले एक जना कुरुवालाई कुरुवा खर्च नेपाल सरकारले व्यहोर्नेछ। यसको लागि आवश्यक रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसँख्या मन्त्रालयलाई उपलव्ध गराउनेछ।

परिच्छेद ३

# राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति र विपन्न नागरिकलाई उपचार खर्च तथा आर्थिक सहायता

१२. **राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिलाई औषधोपचारको आर्थिक सहायता :**

१२.१. राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति तथा मुलुकलाई उल्लेख्य योगदान पुऱ्याएका व्यक्ति वा आर्थिक रुपले अति विपन्न व्यक्तिलाई क्यान्सर, हृदय रोग, एल्जाइमर, पार्किन्सन्स वा मृगौला आदि जस्ता कडा रोग लागी आर्थिक अवस्था कमजोर भई आफै उपचार गराउन नसक्ने अवस्था भएमा स्वदेशमा वा विदेशमा गई उपचार गराउँदा मेडिकल बोर्डको सिफारिश बमोजिम देहायका व्यक्तिलाई सामान्यतया देहाय बमोजिमको रकममा नबढ्ने गरी औषधोपचार बापतको रकम स्वदेशको हकमा सम्बन्धित अस्पताललाई र विदेशको हकमा दुतावास मार्फत सम्बन्धित अस्पताललाई सोझै प्रदान गर्न सकिनेछ :-

(क) पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति तथा पूर्व प्रधानमन्त्रीलाई १५ लाख रुपैयांसम्म,

(ख) पूर्व प्रधान न्यायाधीश, पूर्व सभामुखका लागि दश लाख रुपैयाँसम्म,

(ग) साहित्य, सङ्गीत, कला, राजनीति, सार्वजनिक प्रशासन लगायत राष्ट्रिय जीवनका अन्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका महत्वपूर्ण व्यक्तिलाई रोगको प्रकृति हेरी पाँच लाख रुपैयाँसम्म,

तर राष्ट्रिय जीवनमा अत्यन्तै उल्लेखनीय योगदान पुऱ्याएको महत्वपूर्ण व्यक्तिलाई विशिष्ट अवस्थामा नेपाल सरकारले उचित ठाने बमोजिम उपचार खर्च थप गर्न सक्नेछ।

१२.२. प्रकरण १२.१ को खण्ड (ग) बमोजिमको औषधि उपचार खर्च उपलब्ध गराउन रकम निर्धारण गरी निर्णय गर्नका लागि स्वास्थ्य तथा जनसँख्या मन्त्रालयले मन्त्रिपरिषद्मा सिफारिश सहितको प्रस्ताव पेश गर्नेछ र यस्तो प्रस्ताव उपर अर्थमन्त्री, गृहमन्त्री र स्वास्थ्य तथा जनसँख्या मन्त्री रहेको एक समितिले निर्णय गर्नेछ।

१२.३. औषधी उपचार वापतको रकम उपलब्ध गराउंदा स्वेदशमा उपचार गराएको भए सम्बन्धित अस्पतालको बील बमोजिमको रकमको आधारमा सम्बन्धित अस्पताललाई सोझै उपलब्ध गराउनु पर्नेछ। तर यस्तो रकम प्रकरण १२.१ को सीमाभित्र मात्र उपलब्ध गराइनेछ।

त्यस्तै, विदेशमा उपचार गराएको भए प्रकरण १२.१ वमोजिमको सीमा भित्रको रकम मात्र सम्बन्धित अस्पतालको बील बमोजिमको रकम सम्बन्धित देशमा रहेको नेपाली दुतावास मार्फत उपलव्ध गराइनेछ।

१२.४. प्रकरण १२.१ बमोजिमको औषधी उपचार वापत सुविधा प्राप्त गर्न सरकारी वा गैरनाफामूलक सामुदायिक अस्पतालमा उपचार गराएको हुनुपर्नेछ। सरकारी वा सामुदायिक अस्पतालमा उपचार हुन नसक्ने भएमा सम्बन्धित सरकारी अस्पतालले कारण समेत खोली रिफर गरेमा नीजि अस्पतालमा उपचार गर्न सकिनेछ।

१२.५. प्रकरण १२.१ बमोजिमको रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत उपलबध गराउनेछ।

१३. **विपन्न नागरिकलाई औषधोपचार वापत आर्थिक सहायता**

१३.१. आर्थिक रुपले विपन्न नागरिकलाई क्यान्सर, हृदयरोग, एल्जाइमर, पार्केन्सन्स वा मृगौला आदि जस्ता कडा रोग लागि नेपाल वा विदेशमा गई उपचार गराउंदा मेडिकल बोर्डको सिफारिशमा बढीमा १ लाख रुपैयांसम्म औषधि उपचार खर्च प्रदान गर्न सकिनेछ।

१३.२. नेपालमा उपचार गराउंदा सामुदायिक वा सरकारी अस्पतालमा उपचार गराएको बिलको आधारमा मात्र सम्बन्धित अस्पतालको नाममा सोझै यस्तो रकम उपलब्ध गराइनेछ।

१३.३. आर्थिक रुपले विपन्न नागरिकलाई औषधोपचार खर्च उपलब्ध गराउने प्रयोजनका लागि सिफारिश गर्न जिल्लास्तरमा देहायको समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | जिल्ला विकास समितिका सभापति वा निज नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारी | –अध्यक्ष |
| (ख) | स्थानीय विकास अधिकारी | –सदस्य |
| (ग) | जिल्ला अस्पतालका चिकित्सक | –सदस्य |
| (घ) | कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख | –सदस्य |
| (घ) | जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख | –सदस्य सचिव |

१३.४. प्रकरण १३.१ बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा प्रकरण १३.३ वमोजिमको समितिको सिफारिसको आधारमा उपचार खर्च उपलव्ध गराउने सम्बन्धमा रकम निर्धारण गरी निर्णय गर्न देहाय वमोजिम एक समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | स्वास्थ्य तथा जनसंख्या मन्त्री | – अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ग) | सचिव, गृह मन्त्रलाय | – सदस्य |
| (घ) | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | –सदस्य सचिव |

१३.५. प्रकरण १३.१ बमोजिम आर्थिक रुपले विपन्न व्यक्तिलाई दिइने औषधि उपचार खर्चका लागि नेपाल सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत एउटा छुट्टै कोष स्थापना गर्न सक्नेछ। यस्तो कोष स्थापना नहुन्जेलसम्म स्वीकृत भएको रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत उपलब्ध गराइनेछ।

१३.६. प्रकरण १३.१ बमोजिमको रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत उपलब्ध गराउनेछ।

१४. **विपन्न नागरिकलाई आर्थिक सहायता :**

१४.१. विभिन्न जिल्लाबाट काठमाण्डौं आई वेखर्ची भई घर फर्किन समस्या परेका, आकस्मिक सानो तिनो उपचार गराउन नसक्ने भई समस्यामा परेका व्यक्तिहरुले सक्कल नागरिकता तथा जनप्रतिनिधि वा अन्य कुनै सिफारीश भए सो समेत राखी निवेदन दिनु पर्नेछ। उपर्युक्त कागजातका आधारमा प्रधानमन्त्रीले तोकेको पदाधिकारीले गृह मन्त्रालयमा सिफारीश गरी पठाउनेछ। यसरी प्राप्त सिफारीशका आधारमा व्यक्तिको हकमा प्रति निवेदक रु. ५,०००।- र संस्थाको हकमा रु. १०,०००।- मा नबढ्ने गरी आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था मिलाउनेछ। यस प्रयोजनका लागि अर्थ मन्त्रालयले निश्चित रकम

विनियोजन गर्नेछ।

१४.२. प्रकरण १४.१ को प्रयोजनको लागि देहाय बमोजिमको छानबिन समिति रहेनछ :

| | |
|---|---|
| (क) सहसचिव, गृह मन्त्रालय | - संयोजक |
| (ख) उपसचिव (लेखा), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) उपसचिव (बजेट), अर्थ मन्त्रालय | - सदस्य |
| (घ) उपसचिव, शान्ति सुरक्षा शाखा, गृह मन्त्रालय | - सदस्य-सचिव |

## परिच्छेद- ४
## वृहत शान्ति सम्झौता पछि भएको सम्पत्तिको क्षतिवापत क्षतिपूर्ति

१५. **बृहत शान्ति सम्झौता पछि नागरिक आन्दोलनका क्रममा भएका बन्द, हडताल, नागरिक उपद्रव (सिभिल रायोट्स), सशस्त्र द्वन्द्व वा सो सँग सम्वन्धित घटनाका क्रममा कसैको निजी वा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी भएमा सो बापत आर्थिक सहायता दिने प्रक्रिया र मापदण्ड यस परिच्छेद वमोजिम हुनेछ।**

१६. **सवारी साधनको क्षतिपूर्ति :**

१६.१. प्रकरण १५ मा उल्लेखित कारणबाट सार्वजनिक प्रयोगका यात्रुवाहक सवारीसाधन तथा मालवाहक सवारीसाधन र निजी वा भाडाका सवारी साधनहरु (कृषि कार्यमा प्रयोग हुने ट्र्याक्टर, मोटरसाईकल आदि समेत) क्षति हुन पुगेका अवस्थामा क्षतिबापत क्षतिपूर्ति दिने प्रक्रिया र मापदण्ड देहाय वमोजिम हुनेछ।

१६.१.१. सवारी साधनको क्षति अंक निर्धारण गर्ने तरिका र प्राविधिक मूल्यांकन गर्ने तरिका प्रकरण ४.१ वमोजिम हुनेछ।

१६.२. सवारी साधनको इन्जिन, च्यासिस समेत काम नलाग्ने भई पूर्ण क्षति भएको अवस्थामा मेकानिकल इन्जिनियर उपलव्ध भएको अवस्थामा निजवाट र निज उपलव्ध नभएको अवस्थामा मेकानिकल सुपरभाइजरबाट मूल्यांकन गराएको आधार र स्थानीय क्षति मूल्याकंन समितिको सिफारीसको आधारमा देहाय वमोजिमको रकम क्षतिपूर्ति वापत उपलव्ध गराइने छ।

(क) रु ५०,०००।- (पचासहजार) सम्मको क्षति भएको अवस्थामा कूल क्षतिको ३०% क्षतिपूर्ति वापत दिने।

(ख) रु ५०,०००।- (पचासहजार) भन्दा माथी १,०००००।- (एकलाख) सम्मको क्षति भएको अवस्थामा कूल क्षतिको २०% वा रु.१५,०००।- (पन्ध्र हजार) जुन बढी हुन्छ सोही रकम क्षतिपूर्ति दिइनेछ।

(ग) रु १,०००००।- (एकलाख) भन्दा माथी रु. ५,०००००।- (पाँचलाख) सम्मको क्षति भएको अवस्थामा कूल क्षतिको १५% वा रु.२०,०००।- (वीस हजार) जुन बढी हुन्छ सोही रकम क्षतिपूर्ति दिइनेछ।

(घ) रु. ५,०००००।- (पाँचलाख) भन्दा माथिको क्षति भएको अवस्थामा कूल क्षतिको १०% वा

रु.७५,०००।- (पचहत्तर हजार) जुन बढी हुन्छ सोही रकम क्षतिपूर्ति वापत दिइनेछ।

(ङ) यसमा रु २५०००।- (पच्चिसहजार) सम्मको सवारी साधन क्षतिको हकमा विमा समितिसँग विमा गरे नगरेको बुझिरहन नपर्ने र सो भन्दा माथिको क्षति भएको अवस्थामा स्थानीय क्षति मूल्यांकन समितिले विमा समितिसँग वुझेर निर्णय गर्नुपर्नेछ।

१६.३. सवारी साधनको इन्जिन र च्यासिस नविग्रिएको तर वडि ध्वस्तभएको अवस्थामा मेकानिकल इन्जिनियर उपलव्ध भएको अवस्थामा निजवाट र निज उपलव्ध नभएको अवस्थामा मेकानिकल सुपरभाइजरवाट मूल्यांकन गराएको आधार र स्थानीय क्षति मूल्याकंन समितिको सिफारीसको आधारमा क्षतिको देहाय वमोजिम रकम उपलव्ध गराइने छ।

(क) क्षतिको अंकको निर्धारण प्रकरण १६.१ मा उल्लेख भए अनुसार नै गराइनेछ।

(ख) प्रकरण १६.१ को (ग) अनुसार ह्रासकट्टी गर्दा कूल क्षतिको १०% भन्दा कम नहुने गरी क्षति अंक कायम गर्ने।

(ग) रु. १०,०००।- (दशहजार) सम्मको सामान्य क्षति भएकोमा कूल क्षतिको पुरै रकम क्षतिपूर्ति दिइनेछ।

(घ) सामान्य वा आंशिक क्षति रु. ५०,०००।- (पचासहजार) भन्दा बढी रु.५,००,०००।- (पांचलाख) सम्मको क्षति भएको अवस्थामा कूल क्षतिको ३०% वा रु.१५,०००।- (पन्ध्र हजार) जुन बढी हुन्छ सोही रकम क्षतिपूर्ति वापत दिइनेछ।

(ङ) यसमा रु २५०००।- (पच्चिसहजार) सम्मको सवारी साधन क्षतिको हकमा विमा समितिसँग विमा गरे नगरेको बुझिरहन नपर्ने र सो भन्दा माथिको क्षति भएको अवस्थामा स्थानीय क्षति मूल्यांकन समितिले विमा समितिसँग वुझेर निर्णय गर्नुपर्नेछ।

(च) सवारी साधनको क्षतिका सम्वन्धमा क्षति मूल्याङ्कन गर्दा अनुसूची-१२ बमोजिम हिसाव गरि सिफारिश गर्नुपर्नेछ।

**१७. प्रकरण १५ मा उल्लेखित कारणबाट कसैको नीजी वा सार्वजनिक घर एवं चल अचल सम्पत्तिको हानी नोक्सानी भई क्षति भएमा सो क्षति वापत क्षतिपूर्ति दिने प्रक्रिया र मापदण्ड देहाय बमोजिम हुनेछ।**

१७.१. चल अचल सम्पत्तिको क्षति अंक निर्धारण देहाय वमोजिम गरिनेछ।

प्रकरण १५ मा उल्लेखित कारणबाट कसैको निजी वा सार्वजनिक घर एवं चल अचल सम्पत्तिमा हानी नोक्सानी भएमा क्षति पुग्न गएका अवस्थामा स्थानिय क्षति मूल्याकंन समितिको सिफारिशको आधारमा क्षतिको देहाय वमोजिम रकम क्षतिपूर्ति उपलव्ध गराइनेछ।

(क) रु १० हजार सम्म क्षति भएका व्यक्तिहरुको हकमा पुरै रकम,

(ख) रु १० हजार भन्दा वढी रु २५ हजार सम्म क्षति भएका व्यक्तिहरुको हकमा रु १० हजार एकमुष्ट दिने र त्यस पछिको बाँकी रकममा ३० % का हिसावले दिने,

(ग) रु २५ हजार भन्दा वढी रु ५० हजार सम्म क्षति भएका व्यक्तिहरुको हकमा रु १० हजार एकमुष्ट दिने र त्यस पछिको बाँकी रकममा २५ % का हिसावले दिने,

(घ) रु ५० हजार भन्दा वढी रु १ लाख सम्म क्षति भएका व्यक्तिहरुको हकमा रु १० हजार एकमुष्ट दिने र त्यस पछिको बाँकी रकममा २० % का हिसावले दिने,

(ङ) रु १ लाख भन्दा वढी रु ५ लाख सम्म क्षति भएका व्यक्तिहरुको हकमा १५ % वा रु.३०,०००।- (तीस हजार) मा जुन बढी हुन्छ सोही रकम का हिसावले दिने,

(च) रु ५ लाख भन्दा वढी रु ५० लाख सम्म क्षति भएका व्यक्तिहरुको हकमा १०% वा रु.७५,०००।- (पचहत्तर हजार) जुन बढी हुन्छ सोही रकम का हिसावले दिने,

(छ) रु ५० लाख भन्दा माथिको जतिसुकै क्षति भएपनि १० % वा रु.१०,००,०००।- (दशलाख) मध्ये जुन घटी हुन्छ सोही रकमका हिसावले उपलव्ध गराउने,

(ज) यसमा रु. २५०००।- सम्मको भवन क्षतिको हकमा विमा समितिसँग विमा गरे नगरेको बुझिरहन नपर्ने र सो भन्दा माथिको क्षति भएको अवस्थामा स्थानीय क्षति मूल्यांकन समितिले विमा समितिसँग वुझेर निर्णय गर्ने ।

१७.२. सरकारी निकायले निजि वा सार्वजनिक सवारी साधन र घर भाडामा लिँदा उक्त कार्यालयले सम्भव भएसम्म सम्बन्धित धनीबाट सवारी साधन वा घरको विमा गराइएको सवारी साधन वा घर भाडामा लिने व्यवस्था गर्नुपर्नेछ ।

१८. सम्पति क्षतिका सम्वन्धमा क्षति मूल्याङ्कन गर्दा अनुसूची १५ को मापदण्ड बमोजिम हिसाव गरिनेछ र अनुसूचि १० वमोजिम रकम सिफारिश गर्नुपर्नेछ । तर अनुसूची १५ मा उल्लेख भए वाहेकका अन्य सामानहरुका हकमा क्षति अंक निर्धारण गर्दा समावेश गरिने छैन ।

१९. कसैको घर क्षति भएकोमा शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय वा जिल्ला प्राविधिक कार्यालयका प्राविधिकबाट क्षतिको मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ । सो मूल्याङ्कन गर्दा मर्मत गर्न लाग्ने खर्चको मूल्याङ्कन नगर्ने र घर वनेको वर्षको आधारमा ५% दरले ह्रासकट्टी गरेर हिसाव गर्नुपर्नेछ । साथै बीमा भए नभएको यकीन गरी वीमा भएको भए सो वापत प्राप्त रकम कट्टा गरेर मात्र हिसाव गर्नुपर्नेछ । प्राविधिकले मूल्याङ्कन गर्दा अनुसूची ९ को फाराम वमोजिम गर्नुपर्नेछ ।

२०. **कसैले सवारी साधन तथा चल अचल सम्पत्ती क्षतिका सम्वन्धमा आर्थिक सहायता माग गरी निवेदन दिएमा यस कार्यविधि वमोजिम मूल्यात्तन गरी क्षतिपूर्ति रकम सिफारिश गर्नका लागि जिल्लामा देहाय वमोजिमको एक स्थानीय क्षति मूल्यात्तन समिति रहनेछ :**

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| (ख) स्थानीय विकास अधिकारी (सवारी साधन क्षतिको मुल्याङ्कन समितिमा आवश्यक नपर्ने) | - सदस्य |
| (ग) कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख | - सदस्य |
| (घ) जिल्ला प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| (ङ) जिल्ला प्राविधिक कार्यालय वा भवनकार्यालयको इन्जिनियर(सवारी साधन क्षतिको मूल्याङ्कन समितिमा आवश्यक नपर्ने) | - सदस्य |
| (च) नेपाल सरकारबाट मान्यता प्राप्त मेकानिकल इन्जिनियर वा मेकानिकल सुपरभाइजर (सवारी साधन क्षति मूल्याङ्कनका लागि मात्र) | - सदस्य |
| (छ) स्थानिय यातायात व्यावसायी संस्थाको प्रतिनिधि (सवारी साधन क्षतिको हकमा) | - सदस्य |
| (ज) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत | - सदस्य सचिव |

२१. सार्वजनिक प्रयोगका यात्रुवाहक सवारीसाधन तथा मालवाहक सवारीसाधन र सुरक्षा निकायले प्रयोग गरेका निजी वा भाडाका सवारी साधनहरु क्षति हुन पुगेका अवस्थामा उपरोक्त स्थानीय क्षति मुल्याकंन समितिको सिफारिसका आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट निर्णय भएको क्षतिपूर्तिको रकम अर्थ मन्त्रालयले उपलव्ध गराउनेछ । यसरी उपलव्ध गराइएको रकम श्रम तथा यातायात व्यवस्था मन्त्रालयले जिल्ला प्रशासन कार्यालय मार्फत सवारी धनीलाई उपलव्ध गराइनेछ ।

२२. निजी तथा सार्वजनिक घर एवं चल अचल सम्पत्तिमा क्षति पुग्न गएका बखत स्थानिय क्षति मूल्याकंन समितिको सिफारिशका आधारमा गृह मन्त्रालयबाट निर्णय भएको क्षतिपूर्ति वापतको रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलव्ध गराउनेछ । यसरी उपलव्ध गराइएको रकम जिल्ला प्रशासन कार्यालय मार्फत पिडितलाई उपलव्ध गराइनेछ ।

## परिच्छेद–५
## विविध

२३. **क्षतिपूर्तिको दावी र अवधि**

यो कार्यविधि कार्यान्वयन भएपछि घटना घटेको हकमा घटना घटेको मितिले ३० दिनभित्र जिल्ला प्रशासन कार्यालय क्षतिपूर्ति दावी गरिसक्नुपर्नेछ। तत्पश्चात्को दावी उपर कारवाही हुनेछैन। सवारी साधन वा सम्पत्तिको धनि वा प्रयोगकर्ताले पर्याप्त सावधानी नअपनाएको कारणले क्षति हुन गएको तथा निजको लापर्वाहीको कारणले क्षति हुन पुगेको सवारी साधन वा सम्पत्तिको क्षति वापत आर्थिक सहायता दावी गर्न पाइने छैन र त्यसरी हुन गएको क्षति वापत क्षतिपूर्ति उपलव्ध गराइनेछैन ।

२४. **बीमाको रकम घटाइने :**

यो कार्यविधि वमोजिम सवारी साधन तथा चल अचल सम्पत्तिको क्षतिपूर्ति उपलव्ध गराउँदा सवारी साधन वा चल अचल सम्पत्तिको विमा गरिएको हकमा विमा कम्पनीबाट विमा रकम भुक्तानी लिइसकेको भए सो विमा रकम कटाई बाँकी रकम मात्र क्षतिपूर्ति दिइनेछ ।

२५. **वार्ता गर्दा ध्यान दिनु पर्ने :**

कुनै पनि दुर्घटनाको सिलसिलामा वा अन्य घटनाका कारण आर्थिक सहायता लगायत अन्य विषयमा वार्ता गर्न खटाइएका व्यक्ति वा समितिले वार्ता गर्दा यो कार्यविधिको सीमा भित्र रहेर मात्र वार्ता गर्नु पर्नेछ। उल्लिखित सीमाभन्दा बढी रकम दिने गरी कुनै पनि सम्झौता वा सहमति गर्न सकिने छैन ।

२६. **कर्मचारीहरुलाई दिइने थप आर्थिक सहायताः**

कर्मचारीहरुलाई उपलव्ध गराइने थप आर्थिक सहायताको हकमा सम्बन्धित ऐन, नियममा व्यवस्था भए बमोजिम गर्न सम्बन्धित मन्त्रालयले कारवाही चलाउने छ ।

२७. **आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकमको सीमाः**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकम विनियोजित रकमको सीमा भित्र रहेर उपलव्ध गराइनेछ। यस्तो सहायताको रकम नेपाल सरकारको बार्षिक बजेटको चालु खर्चतर्फ छुट्याइएको कूल रकमको ०.०५ प्रतिशत भन्दा बढी हुने छैन ।

२८. **अन्य कुरामा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने :**

यस कार्यविधिमा उल्लेखित अवस्था परी कुनै व्यक्तिको मृत्यु वा हत्या भएकोमा त्यस्तो व्यक्तिको नजिकको

हकदारलाई नेपाल सरकारले निर्धारण गरेको यसै कार्यविधि बमोजिमको आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकम मात्र प्रदान गर्न सकिनेछ।

२९. **प्रचलित कानून बमोजिमको सुविधामा असर नपर्ने :**
यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम उपलब्ध हुने सुविधा वा सहुलियत प्राप्त गर्नमा यस कार्यविधिको कुनै कुराले बाधा पुऱ्याउने छैन।

३०. **कानूनी कारवाई गर्न बाधा नपुग्ने :**
यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिको हत्या गर्ने, बेपत्ता पार्ने, अपहरण गर्ने, घाइते बनाउने वा सार्वजनिक वा निजी सम्पत्तिको हानि नोक्सानी गराउने व्यक्ति उपर कानून बमोजिम कारवाही चलाउन र निजबाट कानून बमोजिमको क्षतिपूर्ति भराउन यस कार्यविधिमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

३१. **दोहोरो क्षतिपुर्ति स्वीकार गर्न नपाइने :**
मन्त्रीपरिषदबाट वा अन्य निकायबाट यस्तै प्रकृतिमा आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकम दिने निर्णय भइसकेकोमा पुनः दिइने छैन। स्थानीय निकाय वा अन्य कुनै संस्थाले क्षतिपूर्ति दिएको हकमा सो उल्लेख गर्नुपर्नेछ। विवरण लुकाउन पाइने छैन र सो रकम कट्टा गरिसकेपछि हुन आउँने बांकी रकम मात्र आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकम स्वरुप उपलव्ध गराइनेछ।

३२. **अनुसूची फाराम अनुसार गर्नुपर्ने :**
यस कार्यविधि अनुसारको कार्य सम्पादन गर्दा संलग्न अनुसूचिहरु बमोजिमको फाराम प्रयोग गर्नुपर्नेछ। प्रत्येक निवेदकको र विषयको निर्णय प्रति र निर्णय फाराम अलग अलग पठाउनु पर्नेछ।

३३. **झुठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारबाही :**
झुठो विवरण वा यथार्थ क्षतिभन्दा बढी क्षती देखाई स्वीकृत मापदण्डभन्दा बढी रकम क्षतिपूर्ति वा आर्थिक सहायता लिएको पाईएमा सम्बन्धित सहायता रकम लिने व्यक्तिबाट बढी बुझी लगेको रकम सरकारी बाँकीसरह असूल उपर गरिनेछ।

३४. **मापदण्ड भन्दा बढी राहत, क्षतिपूर्ति र आर्थिक सहायता दिने निर्णय गर्ने र खर्च गर्नेलाई सजायः**
कुनै पनि पदाधिकारिले यो कार्यविधिमा उल्लेखित सीमा भन्दा बढी हुने गरी कुनै व्यक्तिलाई राहत, क्षतिपूर्ति र आर्थिक सहायता दिने निर्णय गर्न वा खर्च गर्ने आदेश दिनु हुदैन। यदि कसैले मापदण्ड भन्दा बढी हुने गरी निर्णय गरेको वा खर्च गरेको पाइएमा त्यसरी बढी हुने रकम निजबाट सरकारी वाँकि सरह असुल उपर गरिनेछ।

३५. **यसै कार्यविधि बमोजिम भएको मानिने :**
यो कार्यविधि लागू हुनुपूर्व तत्कालीन नीति, निर्देशिका तथा मापदण्ड बमोजिम वितरण गरिएका आर्थिक सहायता एवं राहतहरु यसै कार्यविधि बमोजिम वितरण भएको मानिनेछ। त्यसरी आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकम पाइसकेको पीडितहरुलाई यस कार्यविधि बमोजिम पुनः आर्थिक सहायता, क्षतिपूर्ति, औषधि उपचार खर्च तथा राहत रकम प्रदान गरिने छैन। तर मन्त्रिपरिषद् राजनैतिक समितिको मिति २०६४।११।२७ को निर्णयको हकमा सोही निर्णय बमोजिम हुनेछ।

३६. **संशोधन गर्न सकिने :**
यस कार्यविधिको कार्यान्वयनको क्रममा आउने जटिलताहरुलाई फुकाउन तथा कार्य प्रक्रियालाई सरल तुल्याउन सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयले आपसी समन्वयमा यस कार्यविधिमा सामान्य थपघट, संशोधन तथा परिवर्तन गर्न सक्नेछ। साथै यो

'कार्यविधि' कार्यान्वयनका लागि आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय/निकायका प्रतिनिधिहरु सम्मिलित विभिन्न संयन्त्रको निर्माण समेत गर्न सकिनेछ।

३७. **खारेजी** :

द्वन्द्वपिडितहरुलाई आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४ र नेपाल सरकारबाट प्रदान हुने आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०६५ खारेज गरिएको छ।

## अनुसूची १

**(मृतकका नजिको हकदारलाई राहतका लागि सिफारिश गर्न प्रयोग गर्ने पत्रको नमूना)**

मिति : २० / /

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
राहत तथा पुनस्थापन शाखा,
बबरमहल, काठमाडौं ।

### विषयः आर्थिक सहायतता उपलब्ध गराउने बारे ।

...................... जिल्ला.............. गा.वि.स.वडा नं. ................ बस्ने श्री .............................. मिति २० / / गते द्वन्द्वमा परी मृत्यु हुने .......................... का नजिकका हकदार भएकोले निजलाई राहत उपलब्ध गराइ दिन सिफारिश गर्दछु ।

.....................................
(प्रमुख जिल्ला अधिकारी)

## अनुसूची २

### मृतक वा बेपत्ता पारिएका व्यक्ति वा अपाङ्गता भएका व्यक्ति वा शहीद, जनआन्दोलनका घाईतेका छोरा/छोरीहरुलाई छात्रवृत्ति प्रदान गर्न रकम मागको सिफारिस गर्दा प्रयोग गर्ने नमुना फाराम

| सि.नं. | मृतकको नाम | मृतकका हकदारले आर्थिक सहायता पाएको मिति | मृतकको छोरा/छोरीको नामथर | उमेर (वर्ष) | कक्षा/ तह | शिक्षण संस्थाको नाम | शिक्षण संस्थाको ठेगाना | सिफारिस गरिएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |

..................................

जिल्ला शिक्षा अधिकारी

अनुसूची ३

**(विधवाको लागि आर्थिक सहायताको सिफारिश गर्ने फारामको नमूना)**

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

जिल्ला विकास समितिको कार्यालय, ........................

| सि.नं. | मृतकको नामथर | मृतकका हकदारले राहत प्राप्त गरेको मिति | विधुवाको नामथर | उमेर | सिफारिश गरिएको आर्थिक सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

................................

स्थानीय विकास अधिकारी

## अनुसूची ४

(द्वन्द्वबाट घाइते हुनेलाई स्थानीय स्वास्थ्य संस्थामा उपचारका लागि सिफारिश गर्ने पत्रको नमूना)

मिति : २०  /   /

श्री ............................... अस्पताल
............................ ।

**विषय : घाइतेको औषधि उपचार गरिदिने बारे ।**

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................. बस्ने श्री ........................... मिति २०  /  /  गते द्वन्द्वमा परी घाइते भएकोले निजको उपचारको व्यवस्था मिलाउनु हुन सिफारिश गर्दछु ।

बोधार्थः
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
काठमाडौं ।

.......................................
(प्रमुख जिल्ला अधिकारी)

अनुसूची ५

(द्वन्द्वका कारण भएका घाइतेहरुको स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा उपचारको व्यवस्था मिलाउन सिफारिश गर्ने पत्रको नमूना)

मिति : २०  /   /

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
काठमाडौं ।

**विषयः औषधि उपचारको लागि पठाइएको बारे ।**

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................. बस्ने श्री ........................... मिति २०  /   /   गते द्वन्द्वमा परी घाइते भएको र स्थानीय अस्पतालमा उपचार हुन नसक्ने भनी चिकित्सकहरुबाट सिफारिस भई आएकोले निजको उपचारको व्यवस्था हुन सिफारिससाथ अनुरोध गर्दछु।

......................................
(प्रमुख जिल्ला अधिकारी)

**अनुसूची ६**

(द्वन्द्वको क्रममा घाइते भई स्थानीय स्तरमा उपचार भएकोमा खर्च उपलब्ध गराइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिश गर्दा प्रयोग गर्ने पत्रको ढाँचा)

मिति : २०  /    /

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
काठमाडौं ।

**विषयः औषधि उपचारको खर्च उपलब्ध गराइ दिने बारे ।**

...................... जिल्ला .............. गा.वि.स. वडा नं. ................ बस्ने श्री ......................... लाई यस कार्यालयको मिति २०  /   /  को सिफारिश अनुसार ................. अस्पतालमा उपचार गराइएको थियो । उपचारको क्रममा रु. ................ खर्च भएको भनी सम्बन्धित पक्षबाट निवेदन प्राप्त हुन आएकोले निम्न कागजात सहित रु. ................ सम्बन्धित व्यक्ति/कार्यालयलाई निकासा गरिदिन सिफारिश गर्दछु ।

....................................
(प्रमुख जिल्ला अधिकारी)

क) चिकित्सकको सिफारिश प्रेस्क्रिप्सन
ख) नं. (क) अनुसार खरिद गरिएका औषधिका विल थान ...... ।
ग) घटनास्थलबाट अस्पतालमा पुर्‍याउँदाको खर्च प्राप्त गर्ने कागजात ।
घ) अस्पतालको विल ।

**द्रष्टव्यः** चिकित्सकको प्रेस्क्रिप्सन अनुसार खरिद गरिएका औषधिको हरेक विल पछाडि सम्बन्धित अस्पतालबाट प्रमाणित गरेको हुनुपर्दछ ।

**अनुसूची ७**

(द्वन्द्वका क्रममा भएका घाइतेहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा औषधि उपचारको लागि माग गर्ने निवेदन ढाँचा)

मिति : २०  /    /

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
काठमाडौं ।

**विषयः औषधि उपचारको व्यवस्था गरी पाउा ।**

........................ जिल्ला ............... गा.वि.स. वडा नं. ................ बस्ने श्री ........................... मिति २०   /   /   गते द्वन्द्वमा परी घाइते भएकोले प्रमुख जिल्ला अधिकारी .............................को मिति २०  /   /   को पत्र सहित औषधि उपचारको व्यवस्था हुन यो निवेदन पेश गरेको छु ।

निवेदक
नामः .......................................
ठेगानाः ...................... जिल्ला ..........................
न.पा./गा.वि.स. वडा नं. .............
घाइतेसंगको नाता : ..............................................
..

**अनुसूची ८**

(स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले द्वन्द्वका घाइतेहरुलाई उपचार गरिदिन अनुरोध गर्दा लेख्ने पत्रको ढाँचा)

मिति : २०  /  /

श्री ............................ अस्पताल

............................................... ।

**विषयः घाइतेको औषधि उपचारको व्यवस्था मिलाउने बारे ।**

........................ जिल्ला .............. गा.वि.स. वडा नं. ................ बस्ने श्री .......................... मिति २०  /  /  गते द्वन्द्वमा परी घाइते भएकोले निजको औषधि उपचारको व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

बोधार्थः

श्री जिल्ला प्रशासन कार्यालय

................................ ।

................................

(शाखा अधिकृत)

## अनुसूची ९

# घर क्षति भएको अवस्थामा मूल्यांकन गर्ने फाराम

क. प्राविधिकले मूल्यांकन गर्दा निम्नानुसार मूल्यांकन गर्नु पर्नेछ :-

(I) क्षतिग्रस्त भएको घरको क्षति अङ्क रु .............

(II) क्षतिको अवशेष मूल्य रु ...........................

(III) क्षति अङ्कबाट अवशेष मूल्य घटाउँदा हुन आउने रकम (P) रु ............

(IV) वार्षिक ५% का दरले ह्रासकट्टी गरेपछि हुनआउने रकम रु ...................

(ख) ह्रास कट्टी गरेपछि हुन आउने रकम निकाल्ने सूत्र = $P(1-RD/100)^n$

जहाँ P= नं. (iii) अनुसार हुन आउने हालको मूल्याङ्कन रुपैयामा, RD = नं. (iv) अनुसारको ह्रास कट्टी दर (५%)

n = घर क्षति भएको बर्षबाट घर निर्माण भएको बर्ष घटाउने (क्षति भएको बर्ष ( बनेको वर्ष)

(ग) सम्भव भएसम्म क्षतिग्रस्त घरको सवै भाग देखिने फोटो संलग्न गर्नु पर्दछ ।

(घ) क्षतिपूर्तिका लागि सिफारिश गर्दा घर निर्माण भएको वर्ष अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्दछ ।

क्षतिको विस्तृत विवरण देहाय वमोजिम उल्लेख गर्ने :-

१. घर धनीको नाम :...............................................................................

२. घर धनीको ठेगाना : ..................................................................

३. घर रहेको ठेगाना र जग्गाको कित्ता नं. ..................................................

(कुनै सरकारी निकाय वा संघ संस्थाले भाडामा लिएको घर (अचल सम्पत्ति) मा क्षति पुग्न गएको हकमा

(क) भाडामा लिएको घर रहेको ठेगाना र जग्गा कित्ता नं ............

(ख) भाडामा लिने कार्यालयको नाम.................................

(ग) भाडामा बस्न थालेको वर्ष..................................

(घ) मासिक भाडा रकम..........................................

४. घरमा वस्न थालेको बर्ष ...................................

५. घटना घटेको मिति ..........................................................................

६. क्षतिको प्राविधिक मूल्यांकन रु ............................................................

७. प्राविधिकको नाम ..............................................................................

८. पदः.............................कार्यालयः .......................................

९. घरको संक्षिप्त विवरण : कच्ची पक्की १ तले २ तले ३ तले अन्य

कोठा संख्या : ................. ट्वाइलेट/बाथरुमको संख्या : ..........

१०. विमा भएका/नभएकोः भएको भए विमा कम्पनीको नाम र ठेगानाः ........................................

११. विमा भएको भए विमाबाट प्राप्त रकम .......................

१२. अवशेष मूल्य रु : ......................

१३. घर निर्माण भएको वर्ष :.............................

१४. नं. ६ बाट नं. १२ अङ्क घटाएर आएको खुद क्षति अङ्कमा वार्षिक ५% को दरले ह्रासकट्टी गर्दा हुन आउने रकम रु : ............................

घरधनी श्री ................................ लाई क्षति वापत रु ................. क्षतिपूर्ति उपलव्ध गराइ दिन सिफारिश गर्दछौ ।

__________ __________ __________ __________ __________

(माथिको खाली ठाउँमा मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी पद र समितिको हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., अध्यक्ष आदि )

संलग्न : (क) प्राविधिकको मूल्यांकन,
(ख) घर निर्माण वर्ष खुल्ने कागज,
(ग) विमा भए नभएको यकिन गर्न सकिने प्रमाण,
(घ) सम्भव भएमा क्षतिग्रस्त घरको फोटो थान .................।

अनुसूची १०

## चल सम्पत्ति क्षतिको मूल्यांकन गर्ने फाराम

१. पीडितको नाम, थर : ..............................................................................

२. पीडितको ठेगाना : ..............................................................................

३. घटना घटेको मिति : ........................................................................

| क्र. सं. | सामानको नाम | सामानको विवरण | इकाई | परिमाण | पीडितको दावी रकम रु | समितिको मूल्याकंन र सिफारिस अङ्क रु |
|---|---|---|---|---|---|---|
| १ | सुन र सुनका गहना | | | | | |
| २ | चांदी र चांदीका गहना | | | | | |
| ३ | नगद | | | | | |
| ४. | भण्डारण गरेको खाद्यान्न | | | | | |
| ५ | लत्ता कपडा | | | | | |
| ६ | फर्निचर | | | | | |
| ७ | पशु-चौपाया/हाँस कुखुरा | | | | | |
| ८. | धातुका सामानहरु | | | | | |
| ९. | इलेक्ट्रोनिक्स सामानहरु | | | | | |
| १० | डेकोरेसनका सामान | | | | | |
| ११. | भाँडाकुँडा | | | | | |
| १२. | मेशीनरी औजारहरु | | | | | |
| १० | विविध | (.................) | | | | |
| जम्मा | | | | | | |

श्री ...............................................................को मूल्य रु ................................
बरावरको सम्पत्ति  क्षति भएकोले क्षतिपूर्ति उपलव्ध गराउन सिफारिश गरिएको छ।

__________  __________  __________  __________  __________

(माथिको खाली ठाउँमा मूल्याङ्कन समितिका पदाधिकारीहरुले दस्तखत गरी नाम थर पद हैसियत उल्लेख गर्ने। जस्तै प्र.जि.अ., अध्यक्ष आदि )

नोट : १. "सामानको विवरण" भन्ने महलमा सि.नं.१ को लागि सुन निर्मित सामान (जस्तैः तिलहरी, औंठी, सिक्री आदि), सि.नं.४ मा भण्डारण गरिएको खाद्यान्न (जस्तैः धान, मकैं, गहुँ आदि), सि.नं.५ मा प्रयोगमा आएका लत्ता कपडा (जस्तैः ओड्ने, ओछ्याउने, सर्ट, पेन्ट आदि), सि.नं.६ मा फर्निचर (जस्तैः टेबुल,

कुर्सी, सोफा आदि), सि.नं.७ मा पशुपन्छी (जस्तैः गाई, भैंसी, भेंडा, च्याङग्रा, हाँस, कुखुरा आदि), सि.नं.८ मा धानुका सामान (जस्तैः फलाम, पित्तल, काँस, निर्मित सामान), सि.नं.९ मा इलेक्ट्रोनिक्स सामान (जस्तैः कम्प्यूटर, फ्रिज, रेडियो, टी.भी., सोलार प्यानल आदि), सि.नं.११ मा भाँडाकुँडा (जस्तैः घ्याम्पा, गाग्री, खंड्कुला, थाल, कसौंडी आदि), सि.नं.१२ मा घरेलु प्रयोगमा आउने मेशिनरी (जस्तैः मिक्सचर, पानी तान्ने पम्प, पानी तताउने मेशीन आदि) र सि.नं.१३ को विविधको महलमा नगदे-वाली (जस्तैः तोरी, अलैंची, अदुवा आदि), काठपात, किताब, पराल आदि जस्ता अन्य महलमा नपर्ने सामानहरुलाई समावेश गरी सामानको नाम उल्लेख गर्नुपर्नेछ।

२. **मूल्याकंन समावेश नहुने चिज वस्तुहरु :-**

(क) तमसुक, भर्पाई।

(ख) पुरातात्विक महत्वका किताव, मूर्ति, पूजाका सामान आदि।

(ग) बहुमुल्य वस्तुहरु हिरा, मुगा आदि।

(घ) नथन्क्याइएको बाली (जग्गाको आयस्ता)।

अनुसूची ११

## कृषि गतिविधि गर्न नपाएर भएको क्षतिको मूल्यांकन फाराम

१. सुरक्षा इकाई रहेको स्थान : ........................................

२. सुरक्षा इकाईले कृषि गतिविधि गर्न निषेध गरेको मिति : ....................................

३. कृषि गतिविधि गर्न निषेध गरिएको जग्गाको जम्मा क्षेत्रफल :

| कृषकको नाम | क्षेत्रफल | उब्जनीको किसिम | प्रति इकाई उत्पादन मूल्य | प्रति इकाई उत्पादन लागत | खुद क्षति | जग्गाको किसिम |
|---|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७. | | | | | | |

(माथिको खाली ठाउँमा मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी सोभन्दा मुनि नामथर, पद र समितिको हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., संयोजक आदि)

**अनुसूची १२**

<u>सवारी साधन क्षतिको मूल्यांकन गर्ने फाराम</u>

(सुरक्षा निकायले प्रयोग गरेको अवस्थामा/बन्द वा नाकाबन्दीको बेलामा/अन्य अवस्थामा सवारी साधन क्षति भएमा मूल्यांकनको लागि भर्ने फाराम)

१. सवारी साधनको नम्बर : ..............................

२. धनीको नाम र ठेगाना : ..........................................

३. सवारी साधन बनेको वर्षः......................

४. क्षति भएको मितिः .............

५. अवस्था : .......................... (सुरक्षा निकायले प्रयोग गरेको/बन्द वा नाकाबन्दी/अन्य अवस्था)

६. क्षतिको प्राविधिक मुल्यांकन रु. : .................

७. प्राविधिकको नामः..........................

८. पद................................

९. कार्यालयः ..............................

१०. अवशेष मुल्य (क्अचबउभख्बगिभ) रु...................

११. नं ६ बाटनं १० को अवशेष मुल्य घटाउदा हुने रकम रु : ..................

१२. वार्षिक ५ % का दरले ह्रासकटी गरेपछि हुन आउने रकम रु.: ..............

१३. विमा भएको/नभएकोः भएको भए विमा कम्पनीको नाम,
ठेगाना : ................................................................................

१४. विमा भएको भए विमाबाट प्राप्त रकम रु. : ...................................

श्री .................................... को नं.........................को सवारी साधन (सुरक्षा निकायले प्रयोग गरेको अवस्थामा/बन्द वा नाकाबन्दीमा चलाएको अवस्थामा/अन्य अवस्था मा)................................. (इन्जिन चेसिस सहित नस्ट भई पूर्णरुपमा/इन्जिन चेसिस बाहेक बडीमात्र पूर्णरुपमा/आंशिक रुपमा) क्षति पुऱ्याएकोले रु............................क्षतिपूर्ति, राहत उपलब्ध गराइदिन सिफारिस गर्दछौं ।

___________ __________ __________ __________ __________

(माथिको खाली ठाउँमा स्थानीय क्षति मूल्यांकन समितिका पदाधिकारीहरुले दस्तखत गरी पद र समितिको हैसियत उल्लेख गर्ने । जस्तै प्र.जि.अ., अध्यक्ष आदि)

संलग्न : (क) क्षति मूल्यांकन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,
(ख) सवारी साधनको ब्लु बुकको प्रमाणित प्रतिलिपि,
(ग) प्राविधिकको मूल्यांकनकोप्रमाणित प्रतिलिपि,
(घ) विमा भए नभएको यकिन गर्न सकिने प्रमाण,
(ड.) सुरक्षा निकायले प्रयोग गरेको भए सोको आधार,
(च) सम्भव भएमा क्षतिग्रस्त सवारी साधनको फोटो,

## अनुसूची १३

(अपहरण वा वेपत्ता भएका व्यक्तिहरुलाई राहतको सिफारिश गर्न प्रयोग गर्ने नमुना फाराम)

द्वन्द्वका क्रममा अपहरण वा वेपत्ता भएका व्यक्तिको विवरण

| क्र.सं. | अपहरित वा वेपत्ता व्यक्तिको नाम, थर | बाबु वा आमाको नाम, थर | ठेगाना | | | उमेर | लिङ्ग | पेशा/कार्यक्षेत्र | अपहरण वा वेपत्ता भएको | | अपहरण वा वेपत्ता को द्वारा ? | अपहरण वा वेपत्तामा रहेको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जिल्ला | गा.वि.स. /न.पा. | वडा नं. | | | | मिति | स्थान | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

द्रष्टव्यः १) महल नं. ७ मा उमेर जनाउँदा पूरा गरेको उमेर वर्षमा लेख्नु पर्दछ।

२) महल नं. ९ मा अपहरण वा वेपत्ता भएको व्यक्तिले गर्ने गरेको मुख्य कार्य वा पेशा वा व्यवसाय लेख्नु पर्दछ। जस्तैः शिक्षण, व्यापार, कृषि, कानून व्यवसाय, राजनीति आदि

३) महल नं. १२ मा कसले अपहरण वा वेपत्ता पारेको हो खुलाउनु पर्दछ। जस्तैः राज्यपक्ष, विद्रोही पक्ष।

४) महल नं. १३ मा अपहरण वा वेपत्ता भएको अवधिलाई दिनमा लेख्नु पर्दछ। जस्तै दुई महिना पन्ध्र दिन अपहरणमा परेको भए ७५ दिन लेख्ने।

..............................

प्रमुख जिल्ला अधिकार

## अनुसूची १४

# व्यक्तिगत सम्पत्ति क्षति बापत क्षतिपूर्ति दिन क्षति अङ्क निर्धारण गर्दा अपनाइने मापदण्ड

**क) वस्तुगत सम्पत्ति मूल्यांकन सम्बन्धी मापदण्ड**

| सि.नं. | क्षति भएको वस्तु | मापदण्डको निर्धारित अधि( कतम अङ्क रु. |
|---|---|---|
| १. | सुन र सुनका गहनाहरु | ८०,०००।- |
| २. | चाँदी र चाँदीका गहनाहरु | २५,०००।- |
| ३. | नगद | १०,०००।- |
| ४. | भण्डारण गरेको खाद्यान्न (धान, गहुँ, मकै आदि) | ७०,०००।- |
| ५. | लत्ता कपडा (ओड्ने ओछ्याउने, लगाउने लुगा आदि) | २५,०००।- |
| ६. | फर्निचर (टेबुल, कुर्सी, सोफा जस्ता काठका र अन्य सामानहरु आदि) | ५०,०००।- |
| ७. | पशुपंक्षी (गाई, भैंसी, भेडा, च्याङ्ग्रा, पंक्षीः कुखुरा, हाँस आदि) | २५,०००।- |
| ८. | अन्य धातु (फलाम, पित्तल, काँस आदि) | २५,०००।- |
| ९. | इलेक्ट्रोनिक्स सामानहरु (कम्प्युटर, फ्रिज, रेडियो, स्टेरियो, डेक, सोलार प्यानल आदि) | ५०,०००।- |
| १०. | डेकोरेशनका सामानहरु (विभिन्न किसिमका डेकोरेशनका सामानहरु) | १०,०००।- |
| ११. | भाँडाकुँडा (थाल, कचौरा, कसौंडी, डिक्ची आदि) | २०,०००।- |
| १२. | मेशिनरी औजारहरु | २०,०००।- |
| १३. | विविध | सिफारिस अङ्कको ४०% कायम गर्ने |

**नोटः क्षति कायम नहुने विषयहरुः**

१. भरपाई, तमसुक, जग्गा धनी दर्ता प्रमाणपुर्जा वा यस्तै अन्य कागजातहरु
२. कितावहरु
३. बहुमूल्य पुरातात्विक वस्तुहरु, हिरा, मोती, मुगा आदि
४. मूर्तिहरु/पुजाका सामानहरु
५. जग्गाको आयस्ता व्यापारिक प्रयोजनका लागि सञ्चय गरिएका तर कुनै आधिकारिक निकायबाट प्रमाणित नभएको

**ख) कूल रकममा अपनाइने मापदण्ड**

१. रु. १० हजारसम्म क्षति भएका व्यक्तिहरुको हकमा पूरै रकम उपलब्ध गराउने ।
२. रु. १० हजारभन्दा बढी रु. २५ हजारसम्म क्षति भएका व्यक्तिहरुको हकमा रु. १० हजार पूरै उपलब्ध गराउने र त्यसपछिको बाँकी रकममा ५० प्रतिशतको हिसावले उपलब्ध गराउने ।
३. रु. २५ हजारभन्दा बढी रु. ५० हजारसम्म क्षति भएका व्यक्तिहरुको हकमा रु. १५ हजार पूरै उपलब्ध

गराउने र त्यसपछिको बाँकी रकममा ४० प्रतिशतको हिसावले उपलब्ध गराउने ।

४. रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्म क्षति भएका व्यक्तिहरुको हकमा रु. २० हजार पूरै उपलब्ध गराउने र बाँकी रकममा ३० प्रतिशतको हिसावले उपलब्ध गराउने ।

५. रु. १ लाखभन्दा बढी रु. ५० लाखसम्म क्षति भएका व्यक्तिहरुको हकमा २५ प्रतिशतको हिसावले उपलब्ध गराउने ।

६. रु. ५० लाखभन्दा बढी रु. १ करोडसम्म क्षति भएका व्यक्तिहरुको हकमा २० प्रतिशतका हिसावले उपलब्ध गराउने ।

७. रु. १ करोडभन्दा बढीको जतिसुकै क्षति भएको भए पनि १५ प्रतिशतको हिसावले उपलब्ध गराउने ।

८. क्र.सं. १ देखि ७ सम्मको मापदण्ड अनुसार रकम उपलब्ध गराउँदा लगत्तै माथिल्लो क्र.सं. को हदभन्दा बढी रकमको हकमा मात्र पछिल्लो प्रतिशतबाट हिसाव गरिनेछ ।

अनुसूची १५

## व्यक्तिगत सम्पत्ति क्षति बापत क्षतिपूर्ति दिन क्षति अङ्क निर्धारण गर्दा अपनाईने मापदण्ड

**(क) वस्तुगत सम्पत्ति मूल्याङ्कन सम्वन्धी मापदण्ड**

| सि.नं. | क्षति भएको वस्तु | मापदण्डको निर्धारित अधिकतम अङ्क रु. |
|---|---|---|
| १ | सुन र सुनका गहना | ४०,०००।- |
| २ | चांदी र चांदीका गहना | २०,०००।- |
| ३ | नगद | १०,०००।- |
| ४. | भण्डारण गरेको खाधान्न (धान, गँहु, मकै, तोरी, अलैची आदि | २५,०००।- |
| ५. | लत्ता कपडा ( ओड्ने ओछ्याउने, लगाउने लुगा आदि | २५,०००।- |
| ६. | पशुपंक्षी ( गाई, भैसी, भेडा, च्याङग्रा, पंक्षी, कुखुरा, हाँस आदि ) | २५,०००।- |
| ७. | डेकोरेशनका सामानहरु ( बिभिन्न किसिमका डेकोरेशनका सामानहरु | १०,०००।- |
| ८. | भाँडाकुँडा ( थाल, कचौरा, कसौंडी, डिक्ची आदि) | २०,०००।- |
| ९ | मेशिनरी औजारहरु | २०,०००।- |
| १० | विविध | सिफारिस अङ्कको २५ % कायम गर्ने |

मेशिनरी औजारहरु घटना घटेको अघिल्लो आ.व. सम्म नेपाल सरकारको अभिलेखमा आवधिक तथा नवीकृत रही राजस्व तिरो वुझाइ आएका उधोग व्यापारिक फर्म वा संख्याको हकमा माथि उल्लेखित मापदण्डको दोव्वर रकम आर्थिक सहायताको लागि मापदण्ड तोकिएको छ।

नोट - क. मेकानिकल इन्जिनियर उपलव्ध नभएको अवस्थामा मेकानिकल सुपरभाइजरले सिफारिस गरेको मूल्यांकलनालाई पनि आधार मानिनेछ।

ख. क्षति कायम नहुने बिषयहरु :

१. भरपाई, तमसुक, जग्गा धनी दर्ता प्रमाणपुर्जा वा यस्तै अन्य कागजातहरु

२. कितावहरु

३. बहुमूल्य पुरातात्विक वस्तुहरु, हिरा, मोती, मुगा आदि

४. मूर्तिहरु/पुजाका सामानहरु

५. जग्गाको आयस्ता

६. व्यापारिक प्रयोजनका लागि सञ्चय गरिएका तर कुनै आधिकारिक निकायबाट प्रमाणित नभएका माल वस्तुहरु।

अनुसूची १६

## सवारी साधन र घर र अन्य चल अचल सम्पति क्षति भएको अवस्थामा सम्वन्धित व्यक्तिले भर्ने निवेदन फाराम

श्रीमान अध्यक्षज्यू,
स्थानीय क्षति मुल्यांकन समिति ।
जिल्ला प्रशासन कार्यालय…………

**विषय :- सवारी साधन र घर र अन्य चल अचल सम्पति क्षतिको आर्थिक सहायता पांउ ।**

प्रस्तुत विषयमा ……………………जिल्ला…………………गा.वि.स र न.पा …………….स्थित …………..स्थानमा मेरो सवारी साधन र घर र चल अचल सम्पत्ति क्षति भएको हुदा निम्नानुसारका कागजातहरु संलग्न राखी क्षतिपूर्तिको लागि यो निवेदन पेश गरेको छु ।

**आवश्यक कागजातहरु** :–
(१) नागरिकताको प्रमाणपत्र
(२) घटना घटेको पुष्टि हुने प्रहरी र स्थानीय गा.वि.स र न.पा.को सिफारिस
(३) घटना घटेको स्थानमा क्षति भएको फोटो
(४) सवारी साधन भए सो को ब्लुबुक
(५) स्थानीय क्षति मुल्याकंन समितिले माग गरेका कागजातहरु

निवेदकको दस्तखत

निवेदकको नाम थर :-
जिल्ला :
गा.वि.स./न. पा र गांउ, टोल

अनुसूची १७

## मिति २०६४।१०।२७ को मं.प. को निर्णयका आधारमा मिति २०६४।११।२७ मा मं.प., राजनीतिक समितिबाट भएको निर्णयः

क) सात दलका शीर्ष नेताहरुबीच मिति २०६४।९।८ मा भएको सहमति पत्र समेतका आधारमा प्रस्तावसाथ संलग्न 'द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६४' मा प्रस्ताव गरिए बमोजिम देहायका आधारमा सशस्त्र द्वन्द्वको कारणले मृत्यु भएका व्यक्तिका नजिकका हकदारलाई राहतस्वरुप प्रति मृतक एक लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने-

१. द्वन्द्वका कारणले मृत्यु भएका व्यक्तिहरु भन्नाले देहायका अवस्थामा मृत्यु भएको व्यक्तिहरुलाई जनाउनेछः-

अ) द्वन्द्वरत पक्षहरुबाट चलेको गोली लागी मृत्यु भएका व्यक्तिहरु,

आ) द्वन्द्वका सिलसिलामा विच्छ्याइएको बारुदी सुरुङ्ग ९ःष्लभक०, विद्युतीय धराप आदिमा परी मृत्यु भएका व्यक्तिहरु,

इ) द्वन्द्वका क्रममा भएको बम विष्फोटमा परी मृत्यु भएका व्यक्तिहरु,

ई) द्वन्द्वका सिलसिलामा द्वन्द्वरत पक्षको अपहरणमा परी मारिएको पुष्टि भएका व्यक्तिहरु,

उ) द्वन्द्वको समयमा द्वन्द्वरत पक्षबाट गोली वा अन्य हतियार प्रहार गरी वा कुटपिट गरी मृत्यु भएका व्यक्तिहरु,

ऊ) द्वन्द्वपछि पनि द्वन्द्वका समयमा छाडिएका बेवारिसे बम विष्फोटमा परी वा बारुदी सुरुङ्ग वा विद्युतीय धरापमा परी मृत्यु भएका व्यक्तिहरु,

ए) द्वन्द्वका क्रममा वेपत्ता पारिएकाहरु मध्ये मृत्यु भएको भनी पुष्टि भएका व्यक्तिहरु,

ऐ) द्वन्द्वका समयमा आफ्नो कर्तव्य पालनामा खटिएको कुनै सुरक्षाकर्मी वा अन्य सरकारी कर्मचारी द्वन्द्वका कारणले मारिएको भनी पुष्टि भएमा त्यसरी मृत्यु भएका सुरक्षाकर्मी तथा सरकारी कर्मचारीहरु र

ओ) द्वन्द्वका कारण घाइते भई अस्पतालमा उपचारको क्रममा मृत्यु भएका व्यक्तिहरु ।

**२. राहत उपलब्ध गराउने तरिकाः-**

अ) द्वन्द्वको अवधिमा सोको कारणले मृत्यु भएका सर्वसाधारण मृतकका सबैभन्दा नजिकका हकदारलाई राहतस्वरुप उपलब्ध हुने एकमुष्ट एकलाख रुपैयाँ आर्थिक सहायता घटना घटेको जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिशमा उपलब्ध हुनेछ । सो प्रयोजनका लागि प्रमुख जिल्ला अधिकारीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट तोकिएको ढाँचा बमोजिमको सिफारिश पत्र पठाउनु पर्नेछ ।

आ) द्वन्द्वका कारणले मृत्यु भएको हो होइन भन्ने यकिन गर्न प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार स्थलगत सर्जमीन, जिल्ला सुरक्षा समितिको बैठक, सर्वदलीय वा सर्वपक्षीय बैठक आदि प्रक्रिया अपनाउन सक्नेछ ।

इ) माथि बुँदा नं. अ) मा उल्लेख भएको सिफारिश पत्र प्रमुख जिल्ला अधिकारीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी प्रमुख जिल्ला अधिकारीबाट सिफारिश प्राप्त भएपछि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोकिए बमोजिमको आर्थिक सहायता सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउनेछ । उपर्युक्त आर्थिक सहायता उपलब्धताको आधार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा

संरचनाको लगत संकलन विशेष कार्यक्रम, २०६४ अन्तर्गत गठित कार्यदलको सिफारिश हुनेछ। राहत उपलब्ध गराउने कार्य थप व्यवस्थित गर्न अन्य प्रक्रिया निर्धारण गर्न आवश्यक देखिएमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले स्पष्ट गर्न सक्नेछ।

ई) माथि बुँदा नं. इ) अनुसार प्राप्त राहत प्रमुख जिल्ला अधिकारीले सम्बन्धित मृतकको नजिकको हकदारलाई उपलब्ध गराउनेछ।

उ) द्वन्द्वको अवधिमा सोको कारण मृत्यु भएका सुरक्षाकर्मी र सरकारी कर्मचारीको लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट तत्कालीन समयमा भएका निर्णयहरुको हकमा सो राहत समेत उपलब्ध हुनेछ।

ऊ) कर्तव्य पालनको सिलसिलामा हत्या गरिएका राष्ट्रसेवक (निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, शिक्षक आदि) का परिवारलाई उपलब्ध गराइने राहत सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका सचिव रहेको समितिले गरेको निर्णय बमोजिम हुनेछ।

ख) उल्लिखित मापदण्डमा उल्लेख भएका अन्य विषयहरु अर्थ मन्त्रालय र गृह मन्त्रालयसंग समन्वय गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयले परिमार्जन गर्ने र पुनः निर्णयका लागि यसै समिति समक्ष पेश गर्ने।

# स्थानीय शान्ति समिति निर्देशिका, २०६६

**पृष्ठभूमि**

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५ माघ २३ गतेको निर्णयबाट स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरु स्वीकृत भई लागु भएको र सो कार्यक्षेत्रगत शर्तहरुको दफा ८.८ मा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था भएकोले शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यो निर्देशिका वनाई लागु गरेको छ।

**१. नाम र प्रारम्भ**

यस निर्देशिकाको नाम "स्थानीय शान्ति समिति निर्देशिका, २०६६" रहेको छ। यो निर्देशिका नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्तालय सम्झनु पर्छ।

(ख) "कार्यक्षेत्रगत शर्तहरु" भन्नाले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५।१०।२३ को निर्णय बमोजिम स्विकृत स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरु, २०६५ सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले कार्यक्षेत्रगत शर्तहरु वमोजिम प्रत्येक जिल्लामा गठन हुने स्थानीय शान्ति समितिलाई सम्झनु पर्छ।

(घ) "गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति" भन्नाले कार्यक्षेत्रगत शर्तहरुको दफा ३.३ अनुसार गठित गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले कार्यक्षेत्रगत शर्तहरुको दफा ३.६ वमोजिम समितिले खडा गरेको स्थानीय शान्ति सचिवलाई सम्झनु पर्छ।

(च) "संयोजक" भन्नाले समिति वा गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको संयोजकलाई सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समिति वा गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको सदस्यलाई सम्झनु पर्छ

(ज) "सचिव" भन्नाले समितिको सचिवलाई सम्झनु पर्छ। सो शब्दले गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको सचिवको हैसियतले काम गर्ने कर्मचारीलाई समेत जनाउनेछ।

**३. परामर्श बैठकको लागि सूचना गर्नु पर्ने :**

३.१. कार्यक्षेत्रगत शर्तहरुको दफा ३.१ वमोजिम प्रमुख जिल्ला अधिकारीले समिति गठनको लागि परामर्श बैठक आयोजना गर्दा सो बैठकका सहभागिहरुलाई यस्तो परामर्श बैठक वस्ने स्थान, समय र मिति समेत उल्लेख गरी बैठक वस्नु भन्दा कम्तिमा ३ दिन अगावै जानकारी दिनु पर्नेछ।

३.२. प्रमुख जिल्ला अधिकारीले यस निर्देशिकाको वुँदा नं. ३.१ वमोजिम सहभागिहरुलाई बैठकको सूचना गर्दा स्थानीय संचार माध्यमबाट समेत जानकारी गराउन सक्नेछ।

३.३. प्रमुख जिल्ला अधिकारीले परामर्श बैठकका सहभागिहरुलाई समितिको सैद्धान्तिक पक्ष, गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार र मन्त्रालयसंग यसको सम्वन्धको वारेमा जानकारी गराउनु पर्नेछ।

३.४. यस निर्देशिकाको बुँदा नं. ३.१ वमोजिम तोकिएको मिति, समय र स्थानमा सहभागीहरुको उपस्थिति समितिको गठनको लागि पर्याप्त भएको नलागेमा वा अन्य कारणले समिति गठन हुन नसकेमा प्रमुख जिल्ला अधिकारीले यस निर्देशिकाको बुँदा नं. ३.१ को प्रक्रिया पूरा गरी १५ दिन भित्र पुनः अर्को परामर्श बैठकको आयोजना गर्नु पर्नेछ। यसरी थप समयमा समेत समिति गठन हुन नसकेमा सवै पक्षसंग छलफल गरी पुनः अर्को परामर्श बैठक वोलाउनु पर्नेछ।

३.५. समिति गठन गर्ने प्रयोजनको लागि आवश्यक देखेमा प्रमुख जिल्ला अधिकारीले सहजकर्ताको सेव उपलब्ध गराउन मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ।

**४. समितिको गठन**

४.१. कार्यक्षेत्रगत शर्तहरुको दफा ३.२ को खण्ड (क) वमोजिम राजनैतिक दलहरुबाट समितिमा प्रतिनिधित्व गराउँदा संविधान सभामा प्रत्यक्ष निर्वाचन वा समानुपातिक तर्फबाट प्रतिनिधित्व भएका दलहरुका जिल्लाका जिल्ला कार्य समितिका सदस्यहरु मध्येबाट एक राजनैतिक दलबाट एक जना मात्र प्रतिनिधित्व गराइनेछ।

४.२. कार्यक्षेत्रगत शर्तहरुको दफा ३.५ वमोजिम समितिले ६/६ महिनाको आलोपालो हुने गरी आफू मध्येबाट संयोजकको चयन गर्नु पर्ने व्यवस्था भए वमोजिम चयन भएका संयोजकको कार्यकाल ६ महिना पुग्नु भन्दा कम्तिमा एक महिना अगावै समितिले अर्को ६ महिनाको लागि संयोजक चयन गरिसक्नु पर्नेछ । आफ्नो ६ महिनाको कार्यकाल पूरा भएपछि नयाँ आउने संयोजकलाई सम्पूर्ण जिम्मेवारी सुम्पिनु निजको कर्तव्य हुनेछ।

४.३. समितिको निर्णय कार्यान्वयन तथा समितिले प्रत्यायोजन गरी तोकेको कार्यहरु सम्पन्न गर्ने कर्तव्य स्थानीय शान्ति सचिवालयको हुनेछ । सचिवालयले आफुले गरेको काम कारवाहीको जानकारी नियमित रुपमा समितिलाई उपलब्ध गराउनु पर्नेछ।

४.४. कार्यक्षेत्रगत शर्तहरुको दफा ३.१० वमोजिम विषयगत उपसमिति गठन गर्दा समितिको कुनै सदस्यको संयोजकत्वमा गठन गर्नु पर्नेछ। सो उपसमितिका सदस्य अतिरिक्त सम्वन्धित विषयका विज्ञ एवं कार्य अनुभव भएका अन्य व्यक्तिहरु समेत रहन सक्नेछन् । यसरी गठन हुने उपसमितिमा संयोजक सहित बढिमा पाँचजना सम्म सदस्य रहनेछन् ।

४.५. समितिले विषयगत उपसमिति गठन गर्दा त्यस्तो उपसमितिको काम, कर्तव्य, अधिकार र कार्य सम्पन्न गर्ने अवधि समेत तोक्नु पर्नेछ।

**५. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति**

५.१. कार्यक्षेत्रगत शर्तहरुको दफा ३.३ वमोजिम स्थानीय शान्ति समितिले आवश्यक ठानेका गाउँ विकास समिति वा नगरपालिकाहरुमा गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति गठन गर्न समितिले आफ्ना सदस्यहरु मध्येबाट एक वा एक भन्दा बढी सदस्यहरुलाई खटाउने। यसरी खटाईएका सदस्यले सम्वन्धित गाउँ विकास समितिका सचिव वा नगरपालिकाका कार्यकारी अधिकृतसंग समन्वय गरी सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकामा सक्रिय रहेका प्रमुख राजनीतिक दलहरु, महिला, दलित, आदिवासी/जनजाती,

मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्र तथा द्वन्द्व प्रभावित विभिन्न पक्षहरुका प्रतिनिधिहरु, गाउँ वा नगरपालिकाका प्रमुख व्यक्तित्वहरु, शिक्षक, समाजसेवी, धार्मिक संस्थाका प्रमुखहरु आदिलाई आमन्त्रण गरी परामर्श बैठकको आयोजना गर्नु पर्नेछ।

५.२. यस निर्देशिकाको वुंदा नं. ५.१ वमोजिमको परामर्श बैठक आयोजना गर्दा सो बैठकका सहभागिहरुलाई यस्तोपरामर्श बैठक वस्ने स्थान, समय र मिति समेत उल्लेख गरी बैठक वस्नु भन्दा कम्तिमा ३ दिन अगावै सहभागिताको लागि आमन्त्रण गर्नु पर्नेछ । यस्तो सूचनाको जानकारी सार्वजनिक संचार माध्यमद्वारा पनि दिन सकिनेछ।

५.३. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति गठन गर्न खटिएका समितिका सदस्यले बैठकका सहभागिहरुलाई समितिको सैद्धान्तिक पक्ष, गठन प्रक्रिया, काम, कर्तव्य, अधिकार र स्थानीय शान्ति समितिसंग यसको सम्वन्धको बारे जानकारी गराउनु पर्नेछ।

५.४. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति गठन गर्न तोकिएको मिति, समय र स्थानमा सहभागीहरुको उपस्थिति समिति गठनको लागि पर्याप्त भएको नलागेमा वा अन्य कारणले समिति गठन हुन नसकेमा यस कामका लागि खटिएका समितिका सदस्यले ७ दिन भित्र पुनः अर्को बैठकको आयोजना गर्नु पर्नेछ।

५.५. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति गठन गर्न आवश्यक अन्य सहयोग समितिबाटट उपलब्ध गराइने छ। सो कार्यका लागि समितिले आवश्यक देखेमा सहजकर्ताको सेवा उपलब्ध गराउन सक्नेछ।

५.६. परामर्श बैठकका सहभागिहरुले आपसी सहमतिका आधारमा प्रमुख राजनीतिक दल, गाउँका प्रमुख व्यक्तित्वको साथै महिला, जनजाती, अल्पसंख्यक, दलितजस्ता समुदायका प्रतिनिधि समेतको सहभागिता हुन सक्ने गरी वढीमा ९ जना सम्म सदस्यहरु रहेको गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति गठन गर्नेछन्।

५.७. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफूहरु मध्येबाट ६/६ महिनाको आलोपालो गरी संयोजक चयन गर्नेछ। संयोजकको कार्यकाल ६ महिना पुग्नु भन्दा कम्तिमा एक महिना अगावै अर्को ६ महिनाको लागि संयोजक चयन गरिसक्नु पर्नेछ। आफ्नो ६ महिनाको कार्यकाल पूरा भएपछि नयाँ आउने संयोजकलाई सम्पूर्ण जिम्मेवारी सुम्पिनु निजको कर्तव्य हुनेछ।

५.८. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिमा गाउँ विकास समिति/नगरपालिकाका प्रत्येक वडाबाट गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिबाट तोकिएका एक एक जना प्रतिनिधि आमन्त्रित सदस्य रहन सक्ने छन्।

५.९. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको प्रमुख कार्य

कार्यक्षेत्रगत शर्तहरुमा उल्लेख भएका स्थानीय शान्ति समितिका कार्यहरुलाई गाउँ/नगर स्तर सम्म पुऱ्याई सम्पादन गर्न सहयोग गर्नु गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिहरुको कर्तव्य हुनेछ। समितिका देहायका कार्यमा गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले सहयोग पुऱ्याउनु पर्नेछ।

(क) स्थानीय स्तरमा शान्ति प्रवर्द्धन र शान्ति निर्माण तथा द्वन्द्व रुपान्तरणका प्रक्रियालाई सहजीकरण गरी विस्तृत शान्ति सम्झौताको सवल कार्यान्वयनमा सघाउ पुऱ्याउने।

(ख) आफ्नो क्षेत्रमा मन्त्रालयबाट संचालन भएका कार्यक्रमहरुको अनुगमन गरी समितिलाई जानकारी गराउने।

(ग) द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्ने कार्यमा समितिलाइ सहयोग गर्ने।

(घ) रचनात्मक एवं नविन ढङ्गले द्वन्द्व रुपान्तरणका प्रक्रियाहरुलाई अगाडी बढाउने कार्यमा समितिलाई सहयोग गर्ने ।

(ङ) स्थानीय स्तरमा मेलमिलाप, पीडासनमन र पारस्परिक विश्वास अभिबृद्धिमा जोड दिने ।

(च) स्थानयि तहमा हुने राजनीतिक एवं सामाजिक विकासक्रमलाई निरन्तर पर्यवेक्षण गर्ने र राजनीतिक गतिरोध वा सम्भावित हिंसाको स्थिति आईपरेमा स्थितिलाई सामान्यीकरण तर्फ उन्मुख गराउन हर सम्भव प्रयत्न गर्ने र समितिलाई समय मै जानकारी गराउने ।

(छ) राष्ट्रिय वा स्थानीय स्तरमा शान्ति प्रक्रियालाई प्रभावित तुल्याउने विषयहरुमा प्राप्त जानकारीका वारेमा आफ्ना सदस्यहरु, जनसाधारणम तथा समितिलाई सुसूचित गर्ने ।

५.१०. गाउँ विकास मिति/नगरपालिकामा आइपर्ने द्वन्द्व, हिंसा, मतभेद आदि घटनाहरुलाई तुरुन्त सम्बोधन गर्न गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफ्नो सदस्यहरुमध्ये बाट आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

५.११. यस निर्देशिकाको वुँदा नं. ५.१० वमोजिम गठीत कार्यदलको काम, कर्तव्य, अधिकार र कार्यविधि गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले तोक्नेछ । कार्यदलले आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ । प्रतिवेदनको नमूना अनुसूची १ मा उल्लेख गरिएकोछ ।

५.१२. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफ्ना क्रियाकलापहरुको मासिक प्रतिवेदन अनुसूची २ को ढाँचामा समितिमा पठाउनु पर्नेछ ।

५.१३. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफ्नो कार्य सम्पादन गर्न गाउँ विकास समिति/नगरपालिकाको मद्दत लिन सक्नेछ । यस कार्यमा सहयोग पुऱ्याउनु सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाको कर्तव्य हुनेछ ।

५.१४. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको कार्यकाल एवं कर्मचारी व्यवस्था सम्वन्धित गाउँ विकास समिति/नगरपालिकामा गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको कार्यालय रहनेछ । स्रोतको प्राप्यता र उपलब्धता हेरी प्रत्येक गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिहरुमा एक जना सहायक कर्मचारी (नगर स्तरमा नायव सुव्वा स्तरको र गाउँ स्तरमा खरीदार स्तरको) को व्यवस्था मन्त्रालयले गर्न सक्नेछ । यी कर्मचारीहरुले गाउँ विकास समितिहरुमा गाउँ विकास समितिको सचिवको अन्तरगत र नगरपालिकाहरुमा नगरपालिकाको कार्यकारी अधिकृत अन्तर्गत रही शान्ति समिति सम्वन्धी कार्य गर्ने छन् ।

५.१५. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको लेखा व्यवस्था गाउँ विकास समिति/नगरपालिकाले गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको लागि भएको खर्चको बेग्लै विवरण राख्नु पर्नेछ । गाउँ विकास समिति/नगरपालिकाबाट प्राप्त हुने स्रोत गाउँ विकास समिति/नगरपालिकाबाट प्राप्त हुने स्रोत गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको शान्ति प्रक्रियाका लागि पर्याप्त भएको छ भन्ने मन्त्रालयलाई लागेमा थप वजेट तथा कार्यक्रमको व्यवस्था गर्न सक्नेछ ।

५.१६. यस निर्देशिकाको वुँदा नं. ५.१५ बमोजिम कुनै गाउँ विकास समति/नगरपालिका स्तरीय शान्ति समितिलाई मन्त्रालयबाट वजेट तथा कार्यक्रमको व्यवस्था गरिएकोमा त्यस्तो वजेट तथा कार्यक्रमको लेखा छुट्टै राख्नु पर्नेछ र त्यस्तो वजेट कार्यक्रमको खर्चको विवरण समिति मार्फत् मन्त्रालयमा पठाउनु पर्नेछ । यसको लेखा परीक्षण गराउने कर्तव्य गाउँ विकास समिति/नगरपालिकाको हुनेछ ।

५.१७. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति सम्वन्धी अन्य व्यवस्था :

गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिहरु स्थानीय शान्ति समितिको एक अंगको रुपमा रहने भएकोले गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको बैठक गर्ने तरिका लगायतका विषयहरु स्थानीय शान्ति समितिमा लागु भए सरह लागु हुनेछन् ।

**६. समितिको काम र कर्तव्य**

समितिले कार्यक्षेत्रगत शर्तहरुको दफा ४ मा तोकिएका कार्यहरुका अतिरिक्त देहायका कार्यहरु समेत गर्नेछ ।

६.१. विस्तृत शान्ति सम्झौता एवं त्यस पछि विभिन्न पक्षसंग भएका सम्झौता एवं समझदारीको कार्यान्वयनमा सघाउ पुऱ्याउनुका साथै त्यस्ता सम्झौता एवं समझदारीका कार्यान्वयन स्थितिका वारेमा समय समयमा मन्त्रालयलाई जानकारी उपलब्ध गराउने ।

६.२. द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्ने कार्यको लागि नेपाल सरकारले गठन गरेको तथा द्वन्द्व समाधानको प्रयोजनका लागि नेपाल सरकारबाट गठन हुने कार्यदल/आयोग/समितिलाई आवश्यक सहयोग गर्ने ।

६.३. राष्ट्रिय तथा स्थानीय स्तरमा शान्ति प्रक्रियालाई प्रभावित तुल्याउने विषयहरुमा प्राप्त जानकारी मन्त्रालयलाई समयमै उपलब्ध गराउने ।

६.४. समितिको काम कर्तव्य सम्पादनको लागि आवश्यक परेमा विषेशज्ञ तथा सहजकर्ताहरुको सेवा लिने । आवश्यकता अनुसार यस्ता सेवाको लागि मन्त्रालयमा अनुरोध गर्ने ।

६.५. मन्त्रालयले समितिबाट संचालन गरिने कार्यक्रमको लागि उपलब्ध गराउने रकमको सीमा भित्र रही द्वन्द्व निवारण एवं शान्ति स्थापनाको कार्यमा सघाउ पुग्ने कार्यक्रमहरु तय गरी स्वीकृतिको लागि मन्त्रालयमा पठाउने र मन्त्रालयबाट स्वीकृत भए वमोजिम कार्यान्वयन गर्ने ।

**७. समितिको कार्य प्रक्रिया**

७.१. समितिले आफ्नो बैठक सम्वन्धी अन्य कार्यविधि आफैले निर्धारण गरे वमोजिम हुनेछ । बैठक सम्वन्धी कार्यविधि निर्धारण गर्दा कम्तिमा महिनाको एक पटक समितिको बैठक वस्ने गरि निर्धारण गर्नु पर्नेछ । समस्याको गाम्भिर्यता हेरी छोटो अवधिको सूचना द्वारा आकस्मिक रुपमा बैठक वस्न सक्नेछ ।

७.२. समितिको बैठक समितिका संयोजकले वोलाउने छन् ।

७.३. समितिको सचिवले संयोजकसंग परामर्श गरी बैठकको एजेण्डा तयार गरी संभव भए सम्म बैठक हुने दिनभन्दा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

७.४. समितिमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत उपस्थित नभई समितिको बैठक वस्ने छैन ।

७.५. समितिका प्रत्येक सदस्यहरुलाई समितिको बैठकमा आफुलाई उचित लागेका विचार/सुझाव राख्ने तथा प्रतिक्रिया दिने मौका प्रदान गर्नु पर्दछ । संभव भएसम्म समस्या समाधानका उपायहरु समेत समितिमा प्रस्तुत गर्नु पर्नेछ ।

७.६. महिला/दलित/अपाङ्ग र द्वन्द्व पीडित, अल्पसंख्यक समुहवाट प्रतिनिधित्व गर्ने सदस्यहरुलाई समितिका क्रियाकलापहरुमा वढि भन्दा बढि संलग्न गराउनु पर्नेछ ।

७.७. समितिले गर्ने निर्णय सर्बसम्मत तरिकाले हुनेछ । सर्वसम्मत हुन नसकेमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको वहुमतको आधारमा निर्णय गर्नु पर्दछ । मत वरावर भएमा संयोजकलाई निर्णायक मत

दिने अधिकार हुनेछ।

७.८. समितिको प्रत्येक बैठकको अभिलेख राख्नु पर्नेछ। बैठकका निर्णयहरु निर्णय पुस्तिकामा लेखि समितिको संयोजकबाट प्रमाणित गराउनु पर्नेछ। निर्णय पुस्तिका समितिका प्रत्येक सदस्यहरुलाई समितिको निर्णय पुस्तिका हेर्ने अधिकार हुनेछ।

७.९. समितिको निर्णयको कार्यान्वयन सचिवालयबाट हुनेछ। सचिवालयबाट मात्र निर्णय कार्यान्वयन हुन नसक्ने स्थिति देखिएमा समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी सो मार्फत निर्णय कार्यान्वयन गर्न गराउन सक्नेछ।

७.१०. समिति र स्थानीय निकायहरुले स्थानीय स्तरको द्वन्द्व निवारण गर्न आपसमा सहयोग आदान प्रदान गर्न सक्ने छन्। स्थानीय स्तरमा उत्पन्न विवाद/द्वन्द्वलाई समितिले आफ्नो अभिन्न कार्यको रुपमा लिई मध्यस्थता तथा सहजकर्ताको भूमिका निर्वाह गरी समाधान गर्ने प्रयास गर्नेछ।

## ८. समितिको संयोजकको काम कर्तव्य

कार्यक्षेत्रगत शर्तहरुकसो दफा ३.५ वमोजिम चयन भएका समितिका संयोजकको काम कर्तव्य देहाय वमोजिम हुनेछ :

८.१. समितिको वैठकको अध्यक्षता गर्ने।

८.२. जिल्ला भित्र शान्ति खलल हुने, द्वन्द्व एवं हिंसा उत्पन्न हुने परिस्थिति विचार गरी सो को निराकरण गर्न समय मै मध्यस्थता वा सहजकर्ताको भूमिका निर्वाह गरी मेलमिलाप एवं शान्ति स्थापनाको वातावरण स्थापित गर्न प्रयास गर्ने।

८.३. कार्यक्षेत्रगत शर्तहरुको मर्म र भावना वमोजिम समितिको संचालनमा नेतृत्व प्रदान गर्ने।

८.४. स्थानीय शान्ति सचिवालयको गठन गरी काम कर्तव्य तोकि अधिकार प्रत्यायोजन गर्ने।

८.५. समितिका सदस्यहरु र अन्य सरोकारवालाहरु वीच वसमन्वय गरी शान्ति स्थापना एवं द्वन्द्व निवारणका कार्यहरु अगाडी वढाउने।

८.६. महिला, दलित एवं पिछडिएका समूहबाट प्रतिनिधित्व गर्ने सदस्यहरुलाई समितिका क्रियाकलापहरुमा सके सम्म वढि सहभागि गराउने र उनीहरुलाई आफ्ना विचार सुझाव समितिमा राख्न प्रोत्साहन गर्ने।

८.७. समितिको लागि आवश्यक पर्ने क्षमता विकास एवं प्राविधिक विषयहरु र समितिले संचालन गर्ने कार्यक्रम तथा वजेट माग गर्ने विषय समितिको वैठकवाट स्वीकृति गराई प्रमाणित गरी पठाउने।

८.८. मन्त्रालयबाट संचालित द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्ने कार्य एवं समय समयमा मन्त्रालयबाट अनुरोध भई आएका विषयहरुमा सहयोग गर्ने।

## ९. समितिका सदस्यहरुको काम कर्तव्य

९.१. जिल्लामा शान्ति प्रवर्द्धन तथा मेलमिलाप कायम गर्न वार्ताको वातावरण निर्माण गर्ने।

९.२. जिल्लामा शान्ति खलल हुने वा हिंसा वा संभावित हिंसाको अवस्था देखि स्थितिलाई सहज वनाउन समितिले जिम्मेवारी प्रदान गरेमा मध्यस्थकर्ता एवं सहजकर्ताको भूमिका निर्वाह गर्ने।

९.३. आफूले प्रतिनिधित्व गरेको समूह/संस्था/राजनैतिक दलको र समिति बीच पुलको काम गर्ने।

## १०. सूचना/जानकारी दर्ताको व्यवस्था :

१०.१. कुनै पनि व्यक्ति वा संस्थाले आफ्नो क्षेत्रमा घटेका घटना, संभावित दुर्घटना/द्वन्द्व र सो वाट हुन सक्ने

क्षतीका वारेमा लिखित वा मौखिक सूचना समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिलाई दिन सक्नेछ। यस्तो सूचना वा जानकारी दिने फारामको नमूना अनुसूची ३ मा उल्लेख गरे वमोजिम हुनेछ।

१०.२. यस निर्देशिकाको वुंदा नं. १०.१ वमोजिम समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले कुनै पनि द्वन्द्व वा घटना वा द्वन्द्वका कारणबाट हुन सक्ने संभावित घटना वा चासोका बारेमा समितिलाई सूचना वा जानकारी प्राप्त हुने व्यवस्था मिलाउने छ।

१०.३. यस निर्देशिकाको वुंदा नं. १०.२ वमोजिम सूचना गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राख्नु चाहेमा निजको नाम गोप्य राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

१०.४. यस निर्देशिकाको वुँदा नं. १०.१ को अतिरिक्त समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफ्नो सदस्य वा अन्य कुनै पनि व्यक्ति, संस्था वा समूह मार्फत् सूचना संकलन गर्न सक्नेछ।

१०.५. समितिको सचिवले गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिबाट प्राप्त मासिक प्रतिवेदन समेतलाई समितिको बैठकमा जानकारीको लागि प्रस्तुत गर्नु पर्दछ।

१०.६. समितिले गरेको कामको विवरण अनुसूची ४ को ढाँचामा मासिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ। यसरी मासिक प्रतिवेदन पठाउँदा यस निर्देशिकाको बुँदा नं. १०.५ बमोजिम समितिमा पेश भएका गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको प्रतिवेदनमा औल्याइएका मुख्य-मुख्य विषयहरुलाई समेत समावेश गर्नु पर्नेछ।

## ११. समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको लोगो, छाप र लेटरप्याड :

११.१. समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफ्नो कार्य संचालनका लागि अनुसूची ५ वमोजिमको लोगो प्रयोग गर्नेछन्।

११.२. समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले आफ्नो कार्य संचालनका लागि अनुसूची ६ वमोजिमको छाप प्रयोग गर्नेछन्।

११.३. स्थानीय शान्ति समिति, गाउँ विकास समिति स्तरीय शान्ति समिति र नगरपालिका स्तरीय शान्ति समितिले क्रमशः अनुसूची ७, ८ र ९ वमोजिमको लेटर प्याडको प्रयोग गर्नेछन्।

## १२. समितिको सचिवको काम, कर्तव्य र अधिकार

१२.१. समितिको आर्थिक क्रियाकलाप सम्वन्धी सम्पूर्ण जिम्मेवारी सचिवको हुनेछ। मन्त्रालयबाट खर्च गर्ने अख्तियारी पत्र प्राप्त गर्ने, समयमा नै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा प्राप्त गर्ने, प्रचलित कानुनको रीत पुऱ्याई खर्च गर्ने, खर्चको लेखा राख्ने, निर्धारित समयमा आर्थिक विवरण तयार गरी पेश गर्ने, लेखा परीक्षण गराउने, लेखा परीक्षणबाट औंल्याइएको बेरुजुको लगत खडा गरी फछ्र्यौट गर्ने गराउने, जिन्सी खाता लगायतको व्यवस्था गरी भण्डार दुरुस्त राख्ने जिम्मेवारी सचिवको हुनेछ।

तर, मन्त्रालयले समितिको आर्थिक कारोवारका सम्वन्धमा वैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो अवस्थामा खर्चको लेखा राख्ने एवं आन्तरिक एवं अन्तिम लेखा परिक्षण गराउने कर्तव्य त्यसरी अख्तियारी पाउने पदाधिकारीको हुनेछ।

१२.२. कार्यक्षेत्रगत शर्तहरुको दफा ७.३ बमोजिम मन्त्रालयको निर्देशनमा प्रचलित ऐन, नियम, स्वीकृत दरवन्दी र वजेटको परिधि भित्र रही कार्य सम्पन्न गर्ने दायित्व सचिवको हुनेछ। समितिलाई जिल्लाका अन्य सरकारी निकायहरुसंग समन्वय गर्ने कार्यमा सचिवले मद्दत गर्नेछ। समितिको लागि केन्द्रीय

स्तरबाट हुने अभिमुखिकरण, तालिम, कार्यशाला, स्थलगत भ्रमण, अनुगमन जस्ता क्रियाकलापहरुको कार्यान्वयनमा सचिवले सहयोग गर्नेछन् ।

१२.३. संयोजकको निकट सम्पर्कमा रहीं समितिको बैठकको एजेण्डा तयार गर्नु र त्यस्ता एजेण्डाहर सबै सदस्यहरुलाई समय मै पुऱ्याउनु, बैठक हुने समय र स्थानका बारेमा जानकारी गराउनु सचिवको कर्तव्य हुनेछ । बैठकको निर्णय पुस्तिका तथा कार्यालयका कागजातहरु व्यवस्थित तथा त्यसलाई सुरक्षित राख्ने कार्य सचिवको हुनेछ ।

१२.४. सचिवले मन्त्रालय र सम्वन्धित निकायहरुमा आवधिक/मासिक रुपमा प्रगति तथा वित्तिय प्रतिवेदनहरु पेश गर्नु पर्नेछ तथा सो को जानकारी कार्यालयको सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ । निजले पेश गर्नु पर्ने प्रतिवेदनहरु अनुसूची १० मा उल्लेख गरिएको छ ।

१२.५. मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयको लगत संकलन गर्ने, द्वन्द्व पीडितलाई राहत उपलब्ध गराउने जस्ता कार्यमा प्रमुख जिल्ला अधिकारी लाई सहयोग पुऱ्याउनु पर्नेछ ।

१२.६. सचिवले निजामती सेवा ऐन, २०४९ र निजामति सेवा नियमावली, २०५० वमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

### १३. कार्यान्वयनका निर्देशक सिद्धान्तहरु

कार्यक्षेत्रगत शर्तहरुको दफा ९ वमोजिमका सिद्धान्तहरु अवलम्वन गरी आफ्नो कार्य सम्पन्न गर्ने दायित्व समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको हुनेछ ।

### १४. कार्यक्रम कार्यान्वयन इकाईको गठन

स्थानीय स्तरमा गठन हुने शान्ति समितिहरुको कार्यक्रम तर्जुमा, संचालन, अनुगमन, क्षमता विकास, सरोकारवालाहरुसंग समन्वय तथा जनशक्ति एवं साधन स्रोतको व्यवस्थामा सहयोग पुऱ्याउन मन्त्रालयमा एक कार्यक्रम कार्यान्वयन इकाई गठन गर्न सकिनेछ ।

### १५. प्रतिवेदन

समितिले यस निर्देशिकामा तोकिएको अनुसूची ४ को ढाँचामा मासिक प्रतिवेदन र अनुसूची १० मा उल्लिखित विवरण/प्रतिवेदन नियमित रुपमा तयार गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा सम्वन्धित निकायमा पठाउनु पर्ने छ । प्रतिवेदन अवधिमा सम्पन्न भएका कार्यहरुको लागत- उपलब्धी तथा परिमाण उल्लेख गुर्नको साथै सामना गर्नु परेका समस्या र चुनौती एवं आगामी दिनमा गर्नुपर्ने कामका बारेमा सुझावहरु समेत समावेश गर्नु पर्नेछ । यसै गरी गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले अनुसूची २ को ढाँचामा मासिक रुपमा समितिलाई प्रतिवेदन पठाउनु पर्नेछ ।

### १६. व्याख्या गर्ने अधिकार :

कार्यक्षेत्रगत शर्तहरु वा यो निर्देशिका कर्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो विषयमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

### १७. वचाउ :

यो निर्देशिका स्वीकृत हुनु अघि भए गरेका कार्यहरु समेत यसै निर्देशिका अनुसार भएको मानिनेछ ।

**अनुसूची १**

(निर्देशिकाको बुँदा नं. ५.११ संग सम्बन्धित)

गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिबाट गठित कार्यदलले कार्य सम्पन्न गरी प्रतिवेदन गर्ने नमुना

स्थनीय शान्ति समिति

गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति

गाउँ विकास समिति/नगरपालिकाको नाम, जिल्ला

गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको कार्यदल :

क) नाम :

कार्यदलका संयोजक :

ख) नाम : सदस्य

सहजकर्ताको नाम (कुनै भए) :

१. विषय :

२. द्वन्द्व वा घटनाको स्थान :

क) वार्ड नं. :

ख) गाउँ वा बस्ती/टोलको नाम :

३. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिबाट अधिकार प्रदान गरिएको मिति :

४. कार्य/अध्ययन सुरु गरेको मिति :

५. कार्य/अध्ययन पूरा भएको मिति :

६. घटनाको विवरण (कृपया विस्तृत रुपमा व्याख्या गर्नु होस्; द्वन्द्वमा संलग्न पक्षहरु, (महिला एवं पुरुषको संख्या उल्लेख गर्नुहोस्) उनीहरुको सम्बन्ध, घटनाको पृष्ठभूमि, द्वन्द्वरत पक्षका मागहरु (कुनै भए) र भएको घटना) :

७. अन्तरवार्ता लिइएका वा सोधपुछ गरिएका व्यक्तिहरुको विवरण :

क) नाम, ठेगाना र पेशा :

ख) नाम, ठेगाना र पेशा :

८. कार्यदल/अध्ययनकर्ताको समस्या सम्बन्धमा धारणा :

९. समस्या समाधानको लागि चालिएका कदमहरु (महिला एवं पुरुषको संख्या उल्लेख गर्नुहोस्) :

१०. कार्य/अध्ययनको परिणाम

११. अध्ययनको निष्कर्ष र अर्को चरणको लागि सिफारिस

**अनुसूची २**

(निर्देशिकाको बुँदा नं. ५.१२ संग सम्बन्धित)

## गाउा विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको सूचना जानकारीको व्यवस्था/प्रतिवेदन

स्थानीय शान्ति समिति

गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति

गाउँ विकास समिति/नगरपालिकाको नाम, जिल्ला

श्री स्थानीय शान्ति समिति,

................ जिल्ला।

प्रगति प्रतिवेदन अवधि महिना ..................

१. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको बैठक बसेको संख्या ....................

२. बैठक भएको मिति : बैठक नं. १ ....................

   बैठक नं. २ ....................

   बैठक नं. ३ ....................

३. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिमा दर्ता भएको द्वन्द्व/हिंसा/घटनाको संख्या ...

४. घटनामा संलग्न महिलाको संख्या :

| सि.नं. | विवादको किसिम | घटना घटेको स्थान | घटना भएको मिति | कैफियत | महिलाको संलग्नता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

५. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले गरेका प्रमुख निर्णयहरु

| सि.नं. | विवादको किसिम | गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको निर्णय | गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको निर्णयको कार्यान्वयन अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |

६. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले प्रतिवेदन अवधिमा गरेका प्रमुख गतिविधिहरु

| सि.नं. | विवादको किसिम/कार्य विवरण | गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिले सम्पादन गरेका कार्यहरु | परिणाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. गाउँ विका समिति/नगरपालिका स्तरीय शान्ति समितिले भोग्नु परेको समस्या र चुनौतीहरु

   क) समस्याहरु

   ख) चुनौतिहरु

८. कार्य सम्पन्न गर्न लागेको खर्च कुनै भए रु ..............

९. खर्चको स्रोत

क) नेपाल सरकार रु

ख) स्थानीय निकाय रु

ग) नागरिक समाज रु

घ) विकासका सहयोगी (वैदेशिक) रु

१०. सहजकर्ताको प्राविधिक सहयोग प्राप्त गरेको भए व्याख्या गर्नुहोस् ।

११. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिलाई बढी प्रभावकारी बनाउन कुनै सुझाव भए दिनुहोस् ।

नाम

(संयोजक)

गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति

मिति :

**अनुसूची ३**

(निर्देशिकाको बुँदा नं. १०.१ सूचना/जानकारी दर्ताको व्यवस्थासंग सम्वन्धीत)

सूचना/जानकारी दर्ता फाराम

**स्थानीय शान्ति समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति**

............ जिल्ला, गाउँ विकास समिति/नगरपालिका (कुनै पनि द्वन्द्व, घटना वा चासोका विषयमा यो फारम भरी सम्वन्धित स्थानीय शान्ति समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिमा बुझाउन/रेकर्ड गर्न सकिने छ)

१. द्वन्द्व/घटना घटेको स्थान :

क) गाउँ विकास समिति/नगरपालिकाको नाम :

ख) वार्ड नं. :

ग) गाउँ वा बस्ती/टोलको नाम :

२. द्वन्द्व/घटनामा संलग्न पक्षहरु/व्यक्तिहरु/समूहहरुको नाम (संभव भएसम्म महिला एवं पुरुषको संख्या उल्लेख गर्नुहोस्) :

३. घटनाको समय तथा मिति :

४. द्वन्द्व/घटना/चासोको विस्तृत विवरण :

५. द्वन्द्व/चासो/घटनाको परिणाम वा प्रभाव :

६. यसबारे विस्तृत जानकारीको लागि आवश्यक भएमा सम्पर्क व्यक्ति :

७. उजुरीकर्ता वा सूचनाकर्ताको विस्तृत विवरण (स्वेच्छिक) :

क) नाम :

ख) ठेगाना :

ग) फोन नं.

घ) उजुरीकर्ता वा सूचनाकर्ताको घटनासंगको सम्वन्ध (कुनै भए) :

## अनुसूची ४

(निर्देशिकाको बुँदा नं. १०.६ सँग सम्बन्धित)

**स्थानीय शान्ति समितिको सुचना/जानकारीको व्यवस्था/प्रतिवेदन स्थानीय शान्ति समिति**
........................... जिल्ला

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदरवार ।

१ स्थानीय शान्ति समितिको बैठक बसेको संख्या ............

२ बैठक भएको मिति : बैठक नं. १ ............
बैठक नं. २ ............
बैठक नं. ३ ............
अन्य .....................

३. स्थानीय शान्ति समितिमा दर्ता भएको द्वन्द्व/हिंसा/घटनाको उजुरी संख्या .............

४. घटनामा संलग्न महिलाको संख्या :

| सि.नं. | विवादको किसिम | घटना घटेको स्थान | घटना भएको मिति | कैफियत | महिला संलग्नता |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

५. स्थानीय शान्ति समितिले गरेका प्रमुख निर्णयहरु :

| सि.नं. | विवादको किसिम | स्थानीय शान्ति समितिको निर्णय | स्थानीय शान्ति समितिको निर्णयको कार्यान्वयन अवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |

६. स्थानीय शान्ति समितिले प्रतिवेदन अवधिमा गरेका प्रमुख गतिविधिहरु

| सि.नं. | विवादको किसिम/कामको विवरण | स्थानीय शान्ति समितिले सम्पादन गरेका कार्यहरु | परिणाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. स्थानीय शान्ति समितिले भोग्नु परेको समस्या र चुनौतीहरु
क) समस्याहरु
ख) चुनौतीहरु

८. कार्य सम्पन्न गर्न लागेको खर्च कुनै भए रु. ................

| | | |
|---|---|---|
| ९. खर्चको श्रोत | (क) नेपाल सरकार | रु. |
| | (ख) स्थानीय निकाय | रु. |
| | (ग) नागरिक समाज | रु. |
| | (घ) विकासका सहयोगी (वैदेशिक) | रु. |

१०. सहजकर्ताको प्राविधिक सहयोग प्राप्त गरेको भए व्याख्या गर्नुहोस् ।

११. स्थानीय शान्ति समितिलाई बढी प्रभावकारी बनाउन कुने सुझाव भए दिनुहोस् ।

नाम

(संयोजक)
स्थानयि शान्ति समिति
मिति ः

## अनुसूची ५

(निर्देशिका बुंदा नं. ११.१ समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको लोगोसँग सम्बन्धित)

स्थानीय शान्ति समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको लोगो

**अनुसूची ६**

(निर्देशिका वुंदा नं. ११.२ समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको छापसँग सम्बन्धित)

स्थानीय शान्ति समिति, गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समितिको छाप

स्थानीय शान्ति समिति, ......................... जिल्ला, .............................. गाउँ विकास समिति/नगरपालिका स्तरीय शान्ति समिति

**अनुसूची ७**

(निर्देशिका वुँदा नं. ११.३ समितिको लेटर प्याडसँग सम्बन्धित)

स्थानीय शान्ति समितिको लेटर प्याड

स्थानीय शान्ति समिति

............. जिल्ला

स्थान ः

मिति ः

पत्रसंख्या ः

**अनुसूची ८**

(निर्देशिका वुँदा नं. ११.३ गाउँ विकास समिति स्तरीय शान्ति समितिको लेटर प्याडसँग सम्बन्धित)

## गाउा विकास समिति स्तरीय शान्ति समितिको लेर प्याड

स्थानीय शान्ति समिति

गाउँ विकास समिति/स्थानीय शान्ति समिति

............ गा.वि.स./............. जिल्ला

स्थान :

मिति :

पत्रसंख्या :

अनुसूची ९

(निर्देशिका वुँदा नं. ११.३ नगरपालिका स्तरीय शान्ति समितिको लेटर प्याडसँग सम्बन्धित)

## नगरपालिका स्तरीय शान्ति समितिको लेर प्याड

स्थानीय शान्ति समिति

नगरपालिका स्तरीय शान्ति समिति

............ नगरपालिका ............. जिल्ला

स्थान :

मिति :

पत्रसंख्या :

## अनुसूची १०

(निर्देशिकाको बुँदा नं. १२.४ सँग सम्बन्धित)

## समितिका सचिवले प्रस्तुत गर्नु पर्ने आवधिक प्रगति प्रतिवेदनहरू (प्रशासनिक एवं वित्तीय/आर्थिक)

१. कार्यक्रमको प्रगति विवरण।

२. समितिको मासिक प्रगति विवरण।

३. खर्चको विवरण।

४. अन्य विवरण।

# शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८

**१. पृष्ठभूमि :**

नेपालमा विगत एक दशकभन्दा लामो समयसम्म भएको सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन एवं तत्पश्चात्का मधेश आन्दोलन लगायत विभिन्न घटनाहरुका कारण राजनैतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रहरु प्रभावित हुन पुगे। नेपाल सरकार र ने.क.पा. माओवादी बीच २०६३।८।५ मा सम्पन्न विस्तृत शान्ति सम्झौता पश्चात् एक दशक लामो हिंसात्मक द्वन्द्वको विधिवत अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रका रुपमा रुपान्तरित नेपाल अहिले संविधानसभा मार्फत संविधान लेखनको प्रकृयामा रहेको छ। संक्रमणकालिन यस समयमा विगतका द्वन्द्वका घाउहरुमा मलमपट्टी लगाउँदै मेलमिलाप र आपसी सद्भावको वातावरण निर्माण गर्नु आजको प्रमुख चुनौतीहरु मध्ये एक हो। देशमा दिगो शान्ति स्थापनार्थ द्वन्द्व व्यवस्थापन, द्वन्द्वपीडितहरुको राहत तथा पुनर्स्थापना, शान्ति संयन्त्रहरुको निर्माण एवं व्यवस्थापन, पुर्वाधार पुनर्निर्माण, संक्रमणकालिन न्याय, शान्ति अभियान एवं स्रोत परिचालन जस्ता महत्वपूर्ण कार्यहरु सम्पन्न गर्न शीन्त तथा पुनर्निर्माण मन्त्रालयको स्थापना भएको छ। मन्त्रालयले नेपाल सरकारबाट प्राप्त स्रोत एवं वैदेशिक सहायता समेत परिचालन गरी शान्ति प्रक्रिया सम्बद्ध विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ।

तिव्र आर्थिक विकासबाट दिगो शान्ति हासिल गर्न सकिने भएकोले गाउँ स्तर सम्म विकास निर्माण संचालन गर्ने उद्देश्य सहित आ.व. ०६८/०६९ को वजेट मार्फत शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत नयाँ कार्यक्रमका रुपमा शान्तिका लागि विकास कार्यक्रम प्रशताव गरिएको छ। यस कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्यांकन प्रकृयाहरुलाई सरल एवं व्यवस्थित बनाई कार्यक्रमको प्रतिफललाई नतिजामूलक बनाउन यो निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

**२.संक्षिप्त नाम र प्रारम्भ :**

यस निर्देशिकाको नाम “शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८” रहेको छ। यो निर्देशिका मिति ०६८/८/१५ मा शान्ति तथा पुनर्निर्माण मंत्रालयबाट स्वीकृत भई तदनुरुप कार्यान्वयनमा ल्याईएको छ।

**३. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) “मन्त्रालय” भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई जनाउनेछ।

ख) “महाशाखा” भन्नाले मन्त्रालय अन्तर्गतको पूर्वाधार पुनर्निर्माण महाशाखालाई जनाउनेछ।

ग) “विभाग” भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई जनाउनेछ।

घ) “परियोजना” भन्नाले मन्त्रालय अन्तर्गतको द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनालाई जनाउने छ।

ङ) “कार्यक्रम” भन्नाले “शान्तिको लागि विकास कार्यक्रमलाई जनाउनेछ।

च) “आयोजना” भन्नाले कार्यक्रम अन्तर्गत संचालन हुने यस निर्देशिकाको बूँदा नं. ५.१ मा उल्लेखित आयोजनाहरुलाई जनाउनेछ।

छ) “बजेट” भन्नाले “शान्तिको लागि विकास कार्यक्रमका लागि प्राप्त हुने बजेटलाई जनाउनेछ।

ज) “जिल्ला पुनर्निर्माण समिति” भन्नाले द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम संचालन कार्यविधि, २०६५ बमोजिम गठित समितिलाई जनाउनेछ।

झ) “स्थानीय शान्ति समिति” भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५ माघ २३ गतेको निर्णयले स्वीकृत कार्य क्षेत्रगत शर्त बमोजिमका समितिहरुलाई जनाउनेछ।

ञ) “जि.वि.स.” भन्नाले जिल्ला विकास समितिलाई जनाउनेछ।

ट) “जि.प्रा.का.” भन्नाले जिल्ला प्राविधिक कार्यालयलाई जनाउनेछ।

ठ) “द्वन्द्व प्रभावित” भन्नाले सशस्त्र द्वन्द्वको अवधिका शहिद परिवार, मृतक र वेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते, अपांग एवं द्वन्द्वको कारणले आफ्नो थातथलामा बस्न जोखिममा परेका व्यक्ति तथा तिनका परिवारलाई सम्झनु पर्छ।

ड) “सशस्त्र द्वन्द्व” भन्नाले मिति २०५२।११।१ देखि २०६३।८।५ सम्मको द्वन्द्वको अवधिलाई जनाउने छ।

**४. कार्यक्रम तथा निर्देशिकाको उद्देश्य**

४.१. तिव्र आर्थिक विकासको माध्यमबाट दिगो शान्ति हासिल गर्न सकिने भएकोले गाउँस्तर सम्म विकास निर्माणका कार्यहरु संचालन गर्नु /गराउनु यस कार्यक्रमको मुल उद्देश्य हुने छ।

४.२. “शान्तिको लागि विकास कार्यक्रम” का योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन प्रकृयाहरुलाई सरल एवं व्यवस्थित बनाई कार्यक्रमको प्रतिफललाई नतिजामूलक बनाउनु यस निर्देशिकाको मूल उद्देश्य हुनेछ।

**५. कार्यक्रमका क्षेत्रहरु :**

५.१. यस कार्यक्रम अन्तर्गत तिव्र आर्थिक विकासको माध्यमबाट दिगो शान्ति प्रवर्धन गर्ने खालको निम्न प्रकारका भौतिक संरचनाहरु आयोजनाका रुपमा विकास गरी कार्यान्वयन गरिनेछ।

- क) सडक, झोलुङ्गे पुल, पुलपुलेसा निर्माण तथा मर्मत संभार सम्वन्धि आयोजना।
- ख) विभिन्न सेवाकेन्द्रहरु र सामुदायीक भवन निर्माण तथा मर्मत सम्भार सम्बन्धि आयोजना।
- ग) विभिन्न खानेपानी तथा सिचाईका संरचनाहरु निर्माण तथा मर्मत सम्भार सम्वन्धि आयोजना।
- घ) ग्रामिण विद्युतिकरण सम्वन्धि आयोजना।
- ङ) विमानस्थल एवं संचारका भवन तथा संरचनाहरुको निर्माण तथा मर्मत संभार सम्वन्धि आयोजना।
- च) द्वन्द्व प्रभावित क्षेत्रमा संचालन गरिने वाटिका, पार्क, उद्यान जस्ता वातावरणसँग सम्बन्धी कार्यक्रम/आयोजना।
- छ) मंत्रालयले तिव्र आर्थिक विकासवाट दिगो शान्ति प्रवर्धन गर्न आवश्यक ठानेका अन्य भौतिक संरचना सम्वन्धि आयोजनाहरु।

५.२. यस कार्यक्रम अन्तर्गतको विनियोजित बजेट रकम बुँदा नं. ५.१ मा उल्लेखित आयोजना संचालन गर्न बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन।

**६. योजना तर्जुमा, छनौट तथा स्वीकृतिको व्यवस्था**

६.१. यस कार्यक्रम अन्तर्गत आयोजनाको माग गर्दा जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समिति, जिल्ला पुनर्निर्माण समिति वा सम्बन्धित जिल्लाका जनप्रतिनिधिको सिफारिश सहित मन्त्रालयमा मागपत्र पेश गर्नुपर्नेछ।

६.२. सिफारिस गर्ने निकाय वा जनप्रतिनिधिले समाजमा शान्ति, सद्भाव एवं मेलमिलाप प्रबर्द्धन गर्ने यस निर्देशिकाको बुँदा ५.१ मा उल्लेखित प्रकृतिका आयोजना मात्र सिफारिस गर्नुपर्नेछ।

६.३. माग भएका आयोजनाहरुमध्ये महाशाखाले निम्न आधारमा प्राथमिकताक्रम निर्धारण गरी वार्षिक कार्यक्रम तयार गर्नेछ।

क) द्वन्द्वको प्रभाव बढी परेका क्षेत्रमा प्रस्तावित आयोजना।

ख) द्वन्द्वका क्रममा विशेष घटना घटी मानवीय/भौतिक क्षति भएका स्थानविशेषमा प्रस्तावित आयोजना।

ग) शहीद एवं राष्ट्रिय विभूति सम्बन्धी आयोजना।

घ) द्वन्द्वपीडितका परिवार र खासगरी बालबालिका र महिलालाई प्रत्यक्ष सहयोग पुऱ्याउने प्रकृतिका आयोजना।

ङ) कम लगानीमा बढी शान्तिको प्रबर्द्धन गर्न सहयोग पुऱ्याउने प्रकृतिका आयोजना।

च) निजी, सहकारी, NGO/INGO, स्थानीय निकाय र अन्य सरकारी निकाय संग मिलेर संचालन हुने आयोजनाहरु।

६.४. बुँदा ६.३ बमोजिम तयार भएको वार्षिक कार्यक्रम मन्त्रालयले राष्ट्रिय योजना आयोगवाट स्वीकृत गराई यस निर्देशिका बमोजिम कार्यान्वयन गरिनेछ।

**७. कार्यान्वयन सम्बन्धी व्यवस्था**

७.१. यस कार्यक्रम अन्तर्गत स्वीकृत आयोजनाहरुको कार्यान्वयनका लागि मन्त्रालयले स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागलाई अख्तियारी दिनेछ।

७.२. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले सम्बन्धित जिल्ला प्राविधिक कार्यालयलाई अख्तियारी दिई कार्यान्वयन गराउनेछ।

७.३. यस कार्यक्रम अन्तर्गतका सम्पूर्ण आयोजनाहरु लागत सहभागिता सहित उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नुपर्नेछ।

७.४. आयोजनाको कूल लागतको १०% व्यहोर्ने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ।

७.५. उपभोक्ता समितिको गठन, सम्झौता लगायतका कार्यहरु प्रचलित कानुन बमोजिम हुनेछ।

७.६. सम्बन्धित जि.प्रा.का. ले कूल लागत अनुमानको ५% मा नबढ्ने गरी कन्टिन्जेन्सी वापत रकम कट्टा गरी सो रकमबाट प्रचलित कानुन बमोजम थप प्राविधिक जनशक्तिको खटनपटन गर्न सक्नेछ।

**८. रकम प्रवाह, खर्च एवं लेखापरीक्षण गर्ने व्यवस्था**

८.१. जिल्लास्थित अख्तियारी प्राप्त गर्ने कार्यालयले प्राप्त कार्यक्रम, अख्तियारी र अख्तियारीपत्रमा प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

८.२. अख्तियारी बमोजिमको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिने, छुट्टै श्रेस्ता राखी कार्यान्वयन गर्ने गराउनुपर्नेछ।

८.३. भौतिक एवं वित्तिय प्रगति नियमानुसार मासिक/चौमासिक/वार्षिक रुपमा विभाग मार्फत मन्त्रालयमा पठाउनुपर्नेछ।

८.४. आर्थिक वर्षभित्र खर्च नभई बाँकी हुन आएको रकम आर्थिक कार्यविधि नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी फ्रिज गराउनुपर्नेछ।

८.५. सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

८.६. रकम प्रवाह, खर्च एवं लेखा परीक्षणसम्बन्धी अन्य व्यवस्था आर्थिक कार्यविधि ऐन २०५६ तथा नियमावली, २०६४ र सार्वजनिक खरीद ऐन, २०६३ एवं सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम हुनेछ।

## ९. कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था

९.१. द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम संचालन कार्यविधि, २०६५ को बुँदा १०.१ मा प्रावधान भए बमोजिमको केन्द्रिय निर्देशन तथा अनुगमन समितिले यस कार्यक्रमको समेत केन्द्र स्तरीय अनुगमन एवं समीक्षा गरी निर्देशन दिनेछ।

९.२. शान्ति तथा पुनर्निर्माण मन्त्रालयले प्रत्येक विकास क्षेत्रमा एकजना सहसचिवको नेतृत्वमा अनुगमन टोली गठन गरी यस कार्यक्रमको अनुगमन गर्नेछ।

९.३. जिल्ला स्तरीय अनुगमन सम्बन्धित जिल्ला विकास समिति, स्थानीय शान्ति समिति र जिल्ला पुननिर्माण समितिले गर्नेछन्।

९.४. कार्यक्रम कार्यान्वयन गर्ने निकायले राष्ट्रिय योजना आयोगको निर्दिष्ट ढाँचामा एवं मन्त्रालयले तोकेको ढाँचामा प्रगति प्रतिवेदन तथा अन्य श्रेस्ताहरु तोकिएकै समयावधिमा मन्त्रालयमा पठाउनु पर्नेछ।

९.५. कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले जिल्ला स्तरीय समीक्षा गोष्ठीमा प्रगति प्रस्तुत गरी समीक्षा गराउनुपर्नेछ र सोको जानकारी सम्बन्धित निकाय मार्फत मन्त्रालयलाई दिनुपर्नेछ।

९.६. कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले यस कार्याक्रम अन्तर्गतका योजना सम्पन्न भए पछि सार्वजनिक सुनुवाई गराउने व्यवस्था मिलाउनु पर्नेछ।

९.७. मन्त्रालयले क्षेत्रिय/केन्द्रियस्तरमा आवश्यकतानुसार समीक्षा गोष्ठी एवं कार्यक्रम प्रभाव मूल्यांकन गर्न/गराउन सक्नेछ।

## १०. जिम्मेवारी तथा उत्तरदायित्व

१०.१. योजना संचालन गर्ने, सम्पन्न गराउने, हस्तान्तरण गर्ने, लेखापरीक्षण लगायत विभिन्न भौतिक तथा

वित्तिय प्रतिवेदन गर्ने जिम्मेवारी, कर्तव्य र दायित्व अख्तियारी प्राप्त गर्ने अधिकारीमा हुनेछ।

१०.२. आयोजना सम्पन्न भइसकेपछि जिल्ला प्राविधिक कार्यालयले उक्त आयोजना मर्मत सम्भार एवं संचालनको जिम्मेवारीसहित उपभोक्ता समिति, स्थानीय निकाय वा अन्य उपयुक्त निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

११. **विविध**

११.१. यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या आई परेमा त्यसको व्याख्या एवं परिमार्जन शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्नेछ।

११.२. यस निर्देशिकाको ब्यवस्था प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ।

# आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८

(नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।०२।११ को निर्णय बमोजिम)
(मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०६८।०३।२६ को बैठकबाट पारित)

**प्रस्तावना :**

द्वन्द्वको क्रममा आमाबाबु दुबै गुमाएका बालबालिका(टुहुरा)को पुनःस्थापन सम्बन्धी कार्यक्रम व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्न आवश्यक भएकोले, "आमाबाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०६८" बनाई लागू गरिएको छ।

१. **नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि,२०६८" रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "बालबालिका" भन्नाले दफा ३ बमोजिमको अवस्थाका १८ वर्ष उमेर पुरा नगरेको बालबालिकालाई सम्झनु पर्छ।

ख) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ।

ग) "राहत तथा पुनःस्थापन इकाई" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको राहत तथा पुनःस्थापन इकाई सम्झनु पर्छ।

घ) "पुनःस्थापन समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित समिति सम्झनु पर्छ।

ङ) "स्थानीय अनुगमन समिति" भन्नाले दफा ६ बमोजिम गठित गाउँ/नगर स्तरको समिति सम्झनु पर्छ।

३. **पुनःस्थापन कार्यक्रममा सेवा पाउने बालबालिका :**

संवत् २०५२ साल फागुन १ गते देखि २०६३ साल मंसीर ५ गते सम्मको सशस्त्र द्वन्द्वका क्रममा आमाबाबु दुवैको मृत्यु भई टुहुरा भएका, बेपत्ता पारिएका वा द्वन्द्वको क्रममा बाबु वा आमामध्ये कुनै एकको मृत्यु भएको वा बेपत्ता पारिएको र बाबु वा आमामध्ये एकको अन्य कुनै कारणले मृत्यु वा बेपत्ता भई दुवै नभएको वा बाबुको द्वन्द्वको क्रममा मृत्यु वा बेपत्ता पारिएको र आमाले अर्को विवाह गरी आमा बाबु दुवै नभएको अवस्थाको १८ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई लक्षित गरी यो पुनःस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

४. **बालबालिकालाई प्रदान गरिने आर्थिक सहायता :**

पुनःस्थापनको लागि संचालन हुने संरक्षण कार्यक्रम अन्तरगत आवास, खाद्यान्न भरणपोषण, औषधोपचार,

लत्ताकपडा, स्टेशनरी र आकस्मिक खर्च जस्ता प्रयोजनका लागि यस्ता प्रत्येक बालबालिकालाई मासिक रु.५,०००।- (पाँच हजार रुपैंया) का दरले आर्थिक सहायता प्रदान गरिनेछ।

**५. बालबालिका पुनःस्थापन समिति :**

(१) बालबालिकाको पुनःस्थापनको लागि एक जिल्लास्तरीय पुनःस्थापन समिति रहनेछ।

(२) बालबालिका र निजका संरक्षकको यकिन गरी बालबालिका संरक्षण कार्यक्रम संचालन गर्न देहाय बमोजिमको पुनःस्थापन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी | सदस्य |
| (ग) | जिल्ला शिक्षा अधिकारी | सदस्य |
| (घ) | जिल्ला बालकल्याण समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य | सदस्य |
| (ङ) | स्थानीय शान्ति समितिको संयोजक वा निजले तोकेको स्थानीय शान्ति समितिको सदस्य | सदस्य |
| (च) | स्थानीय शान्ति समितिको महिला सदस्य | सदस्य |
| (छ) | महिला तथा बालबालिका अधिकृत | सदस्य |
| (ज) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | सदस्य सचिव |

(३) यस समितिले पुनःस्थापन कार्यक्रम संचालन, व्यवस्थापन, समन्वय, अनुगमन र मूल्याङ्कन लगायतका कार्य गर्नेछ।

**६. स्थानीय अनुगमन समिति :**

(१) बालबालिका पुनःस्थापन सम्बन्धी कार्यक्रमको कार्यान्वयन स्थितिको स्थानीयस्तरको अनुगमन गरी बालबालिका पुनःस्थापन समितिमा पेश गर्न यस्ता बालबालिका पुनःस्थापन हुने गाउँ विकास समिति/नगरपालिकामा देहाय बमोजिमको स्थानीय अनुगमन समिति रहने छ।

(क) सम्बन्धित गाउँ विकास समितिका अध्यक्ष वा नगरपालिकाका प्रमुख -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था/व्यक्ति वा समाजसेवी मध्येबाट एक जना - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारीले तोकेको स्थानीय शान्ति समिति (गाउँ/नगर), स्थानीय गैह्रसरकारी संस्था, वा नागरिक समाजको प्रतिनिधि मध्येबाट एकजना - सदस्य

(२) यस समितिले दफा ४ अनुसारको संरक्षण कार्यक्रम अन्तर्गतको बालबालिकाले सेवा प्राप्त गरे नगरेको बारे अनुगमन गरी पुनःस्थापन समितिमा समय समयमा विवरण सहित प्रतिवेदन पेश गर्नेछ।

**७. स्थानीय अनुगमन समितिको काम कर्तब्य :**

(क) बालबालिकाले संरक्षण कार्यक्रम अन्तरगतको सेवा प्राप्त गरे नगरेको नियमित अनुगमन गर्ने।

(ख) खण्ड (क) बमोजिम सेवा प्राप्त गरे नगरेको यकिन गरी चौमासिक रुपमा बालबालिका पुनःस्थापन

समितिमा प्रतिवेदन गर्ने ।

(ग) अनुगमन समितिले नियमित अनुगमन गर्दा सम्बन्धित बालबालिका, छरछिमेकी, बालबालिका अध्ययनरत विद्यालयका शिक्षक समेत संग सोधपूछ गर्नेछ ।

**८. बालबालिकाको लगत तयार गर्ने :**

जिल्ला प्रशासन कार्यालयले संलग्न अनुसूची १ बमोजिम बालबालिकाहरुको विस्तृत विवरण तयार गरी पुनःस्थापन समितिबाट यकिन गराई शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनेछ । यसरी प्राप्त लगतका आधारमा मन्त्रालयले विवरण तयार गरी कार्यान्वयन गर्नेछ ।

**९. बालबालिका र संरक्षक यकिन गर्ने :**

आमा बाबु गुमाएका बालबालिका र निजको संरक्षक पहिचान एवं यकिन गर्न (प्राप्त निवेदनहरुको छानबिन गर्न) प्रमुख जिल्ला अधिकारीले आवश्यकतानुसार स्थलगत सर्जमिन, सर्वपक्षीय वा सर्वदलीय बैठक आदि प्रकृया अबलम्बन गर्न सक्नेछ ।

**१०. बजेट निकासा प्रकृया :**

(१) राहत तथा पुनःस्थापन इकाईले उल्लेखित कार्यक्रम संचालनका लागि प्रति बालबालिका मासिक रु.५०००।- (पाँच हजार रुपैंया) को दरले बाह्र महिनाको हुन आउने आर्थिक सहायता रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा अख्तियारी पठाउने छ ।

(२) मन्त्रालयले तयार गरेको दफा ८ बमोजिमको विवरणलाई आधारमानी बालबालिका र निजका संरक्षक यकिन भइसकेपछि निजहरुलाई रकम उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयले अनुसूची-२ बमोजिम को ढाँचामा फुकुवाको लागि राहत तथा पुनःस्थापन इकाईमा अनुरोध गर्नु पर्नेछ । यसरी प्राप्त विवरणका आधारमा राहत तथा पुनःस्थापन इकाईले रकम निकासा फुकुवा पठाउने छ ।

(३) यस कार्यक्रमलाई व्यवस्थित ढंगले संचालन गर्ने कार्यको लागि संचार, मसलन्द, ईन्धन, बैठक, अनुगमन तथा विविध खर्च समेतको निमित्त कूल बजेटको पाँच प्रतिशतले हुने रकम व्यवस्थापन खर्चको रुपमा छुट्याइनेछ ।

(४) अख्तियारी पठाउँदा कार्यक्रम संचालन हुने प्रत्येक जिल्ला प्रशासन कार्यालयलाई यस प्रकारको व्यवस्थापन खर्च वापत (मसलन्द, इन्धन, बैठक, अनुगमन, संचार तथा विविध खर्च आदि) कार्य बोझको आधारमा रकम निकासा पठाइनेछ, बाँकी रकम राहत तथा पुनःस्थापन इकाईबाट यस सम्बन्धी व्यवस्थापन कार्यमा खर्च गरिनेछ ।

**११. भुक्तानी प्रकृया :**

बालबालिका पुनःस्थापन समितिबाट संलग्न अनुसूची-२ बमोजिम यकिन भएका बालबालिकाहरुका निमित्त निजका संरक्षकका नाममा जिल्ला प्रशासन कार्यालयले यस प्रयोजनका निमित्त शुन्य मौज्दातमा बैङ्क खाता खोली मासिक रुपमा रकम /आर्थिक सहायता उपलब्ध गराउने छ । यस प्रकारको कार्यक्रम संचालन गर्दा कुनै बालबालिकाले दोहोरो सुविधा प्राप्त नगर्ने गरी संचालन गर्नुपर्नेछ ।

१२. **लेखा र लेखा परीक्षण :**

स्वीकृत कार्यक्रम तथा अख्तियारी बमोजिम भएको आम्दानी खर्चको आन्तरिक र अन्तिम लेखापरीक्षण जिल्ला प्रशासन कार्यालयले सम्बन्धित निकायहरुबाट गराउने छ।

१३. **विविध :**

(१) स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार भएको खर्चको मासिक प्रतिवेदन र सम्पादित कार्यको मासिक प्रगति जिल्ला प्रशासन कार्यालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा नियमित रुपमा पठाउने छ।

(२) यस कार्यक्रममा विनियोजित बजेट अन्य उपशीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) यस कार्यविधिमा उल्लेख नभएका आर्थिक प्रशासन सम्बन्धी अन्य विषयका हकमा प्रचलित आर्थिक ऐन, नियम बमोजिम हुनेछ।

(४) उल्लेखित कार्यक्रम संचालन व्यवस्थापन सम्बन्धमा कुनै द्विविधा परेमा सो को स्पष्ट निर्देशन शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट प्राप्त गर्न सकिनेछ।

## अनुसूची १

(कार्यविधिको दफा ८ संग सम्बन्धित)

# द्वन्द्वका क्रममा आमा बाबु गुमाएका बालबालिकाका परिवारको लगत विवरण ।

| क्र.सं. | आमा बाबु गुमाएका बालबालिकाको नाम थर | ठेगाना | | | उमेर | लिङ्ग | द्वन्द्वका कारण मृत्यु वा बेपत्ता हुने आमा वा बाबु वा दुवैको नाम थर | कसद्वारा मृत्यु वा बेपत्ता भएको<br>१) राज्य पक्ष<br>२) विद्रोहिपक्ष | मृत्यु वा बेपत्ता भएको स्थान | मृत्यु वा बेपत्ता मिति | द्वन्द्वका कारण बाहेक मृत्यु वा बेपत्ता हुने बाबु वा आमाको नामथर | हाल संरक्षकत्व कसले गरेको छ ।<br>(व्यक्ति वा संस्था) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स./ न.पा | वडा नं. | | | | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोट : यस फारम बमोजिमको विवरण बालबालिका पुनःस्थापन समितिबाट स्वीकृत गरी प्रविष्ट गर्नुपर्नेछ ।

तयार गर्ने

प्रमाणित गर्ने

अनुसूची - २

(कार्यविधिको दफा १०.२ संग सम्बन्धित)

आमा बाबु गुमाएका बालबालिका र निजका  नजिकको संरक्षक यकिन गरी पुनस्थापन कार्यक्रम संचालन गर्न तयार गरिएको अद्यावधिक विवरण

विषयः- विवरण पठाएको ।
श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय
राहत तथा पुनस्थापन इकाई,
ववरमहल,काठमाण्डौ ।

आमा बाबु दुवै गुमाएका बालबालिका पुनःस्थापनाका लागि संचालित संरक्षण कार्यक्रम अनुसारको सुविधा प्रदान गर्ने प्रयोजनका लागि यकिन भएका बालबालिका र संरक्षकको विवरण देहाय बमोजिम तयार गरी पठाइएको हुँदा रकम निकासा/फुकुवाको लागि अनुरोध गर्दछु ।

| आमा बाबु गुमाएका बालबालिकाको | | | | | | | | | आमा बाबु गुमाएका बालबालिकाको संरक्षकको | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | नाम,थर | उमेर | लिङ्ग | पेशा | ठेगाना | | फोटो | आमा बाबु गुमाएको मिति | नाम,थर | उमेर | लिङ्ग | पेशा | बा( लबालिका संगको नाता | ठेगाना | | फोटो | पाउने रकम जम्मा | कैफियत |
| | | | | | जिल्ला | गा.वि.स./ न.पा.वडा नं | | | | | | | | जिल्ला | गा.वि.स./ न.पा.वडा नं | | | |
| | | | | | | | | | | | | | | | | | | |

नोट : यस फारम बमोजिमको विवरण बालबालिका पुनःस्थापन समितिबाट स्वीकृत गरी प्रविष्ट गर्नुपर्नेछ ।

..............................
प्रमुख जिल्ला अधिकारी

तयार गर्ने

# राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका २०६९

१. **नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका २०६९" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकार बाट स्वीकृत भएको मिति देखी लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "राजनीतिक द्वन्द्व" भन्नाले माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन, चुरेभावर आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनलाई जनाउनेछ।

(ख) "परिचय पत्र" भन्नाले यस निर्देशिका बमोजिम माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन, चुरेभावर आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई उपलब्ध गराइने परिचय पत्रलाई जनाउनेछ।

(ग) "कार्यदल" भन्नाले नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय मातहतमा गठित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदललाई जनाउनेछ।

(घ) "आर्थिक सहयोग तथा राहत" भन्नाले माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन, चुरेभावर आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनमा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारलाई "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ (संशोधन सहित)" अनुरुप प्राप्त रकमलाई जनाउनेछ।

३. **परिचय पत्र प्रदान गरिने**

(१) माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन, चुरेभावर आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनका क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका सबैभन्दा नजिकका हकदारलाई नेपाल सरकारले सम्बधित जिल्ला प्रशासन कार्यालय मार्फत अनुसूची-१ मा तोकिएको ढाँचा बमोजिम परिचय पत्र उपलब्ध गराइने छ।

(२) उपदफा (१) बमोजिमको परिचय पत्र प्राप्त गर्न कार्यदलको प्रतिवेदनमा नाम समावेश भई "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ (संशोधन सहित)" अनुसार जिल्ला प्रशासन कार्यालयबाट आर्थिक सहायता वा राहत प्राप्त गरेको हुनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मधेश/तराई आन्दोलनको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका हकदारलाई नेपाल सरकार गृह मन्त्रालयबाट उपलब्ध गराइएको आर्थिक सहयोगको विवरणको आधारमा परिचय पत्र उपलब्ध गराइने छ। यस्तो विवरण नेपाल सरकार गृह मन्त्रालयबाट सम्बन्धित जिल्ला प्रशासन कार्यलयलाई उपलब्ध गराइनेछ।

४. **परिचय पत्र प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यस निर्देशिका बमोजिम परिचय पत्र प्राप्त गर्न राजनीतिक आन्दोलनको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका सबैभन्दा नजिकको ईच्छुक हकदार सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा स्वयं उपस्थित भई अनसूची-२ बमोजिमको निवेदनको ढाँचामा नेपाली नागरिकताको प्रमाण पत्र र तीन प्रति फोटो संलग्न राखी निवेदन दिनुपर्नेछ।

(२) जिल्ला प्रशासन कार्यालयले उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यदलको प्रतिवेदनमा नाम उल्लेख भई मृत्युवरण वा वेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारले आर्थिक सहयोग वा राहत प्राप्त गरे नगरेको विवरण यकिन गरी आर्थिक सहयोग तथा राहत प्राप्त गरेको व्यक्तिलाई मात्र यस निर्देशिका बमोजिम परिचय पत्र उपलब्ध गराउने छ।

(३) जिल्ला प्रशासन कार्यालयले माथि दफा (२) बमोजिम उपलब्ध गराईएको परिचय पत्रको अभिलेख राख्नुपर्नेछ। अभिलेखको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ।

५. **राजनीतिक द्वन्द्वसंग भएको मानिने :** यस निर्देशिका बमोजिम उपलब्ध गराइएको परिचय पत्र राजनीतिक द्वन्द्वसंग मात्र सम्बन्धित भएको मानिने छ।

६. **परिचय पत्रको उपादयता :**

(१) यो परिचय पत्र माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन, चुरेभावर आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनका क्रममा मृत्युवरण गरेका व्यक्तिका वा वेपत्ता पारिएका व्यक्तिको सम्मान तथा निजको सबैभन्दा नजिकका हकदारको पहिचान गर्दै निजका परिवारहरुलाई नेपाल सरकारबाट उपलब्ध हुने विभिन्न सेवा सुविधा प्राप्त गर्न सहज होस भन्ने उद्देश्यले वितरण गरिएको छ।

७. **परिचय पत्र भर्ने कार्यविधिः**

(१) यस निर्देशिका बमोजिम वितरण गरिने परिचय पत्रमा भरिने कार्यविधि यसै निर्देशिकाको अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **वाधा अड्काउ फुकाउ :**

(१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधाअड्चन परेमा वा द्विविधा भएमा त्यस्तो वाधा अड्चन र द्विविधा फुकाउने कार्य शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्नेछ।

**अनुसूची–१**

(निर्देशिकाको दफा ३ संग सम्बन्धित) परिचय पत्रको नमूना

नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

परिचय पत्र

**(राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवार)**

परिचय पत्र नं ............

१. मृत्युवरण गरेका /वेपत्ता पारिएका व्यक्तिको

(क) नाम थर ...........................................................................

२. राजनीतिक आन्दोलनको विवरण : ..........................................................

३. घटना मिति : ......................................................................

४. परिचय पत्र वाहकको :

(क) नाम थरः ............................................................

(ख) ठेगानाः

अञ्चलः ................. जिल्लाः .......................

नगरपालिका/गा.वि.स.ः ...............................वडा नं.ः....................

(ग) नाता सम्बन्धः ......................................................

(घ) नागरिकता नंः ......................................

५. परिचय पत्र प्राप्त गर्नेको हस्ताक्षर : ............................

परिचय पत्र वाहकको फोटो

कार्यालयको छाप

परिचय पत्र प्रदान गर्ने,

हस्ताक्षरः .......................

मिति :.........................

नाम थरः ..................................

दर्जाः प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, .......

**अनुसूची २**

(निर्देशिकाको दफा ४(१) संग सम्बन्धित) निवेदनको ढाँचा

मिति :....................

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय ........................... ।

विषय : परिचय पत्र उपलब्ध गराई पाउँ ।

महोदय,

| पासपोर्ट साईजको फोटो |
|---|

नेपल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचय पत्र प्राप्त गर्न मेरो नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुईप्रति फोटो संलग्न गरी निम्न विवरण भरी निवेदन गर्दछु ।

१. मृत्युवरण गरेका / वेपत्ता पारिएका व्यक्तिको
नाम थर ..........................................................................................

२. राजनीतिक आन्दोलनको विवरण (सम्बन्धित आन्दोलनमा मात्र चिन्ह (√) लगाउने)
(क माओवादी जनयुद्ध, (ख)ऐतिहासिक जनआन्दोलन,
(ग) मधेश/तराई आन्दोलन, (घ)जनजाति आन्दोलन,
(ङ) थरुहट आन्दोलन (च) दलित तथा पिछडावर्ग आन्दोलन
(छ) चुरेभावर आन्दोलन (ज) अन्य
३. घटना मिति : .............................
४. निवेदकको नाम थर ........................................................................................
(माथि प्रकरण नं १ मा उल्लिखित व्यक्तिको सबैभन्दा नजिकको आर्थिक सहयोग तथा राहत प्राप्त गरिसकेको व्यक्ति)
५. ठेगाना :
अंचल ...................................... जिल्ला ................................................
नगरपालिका/गा.वि.स. ...................................................... वडा नं..................
६. नाता सम्बन्ध : .............................................................................
(माथि बुदां नं १ मा उल्लिखित व्यक्तिसंगको नाता सम्बन्ध उल्लेख गर्ने )
७. नागरिकता नं. ..........................................
८. माथि लेखिएको व्यहोरा ठीक छ झुठा ठहरे कानुन बमोजिम सजाय भोग्न तयार छु ।

निवेदकको हस्ताक्षर .....................................

अनुसूची–३

## (निर्देशिकाको दफा ४(३) संग सम्बन्धित) परिचय पत्र वितरणको अभिलेख

| परिचय पत्र वितरण नं | मृत्युवरण/ वेपत्ता पारिएका व्यक्तिको नाम थर | राजनीतिक आन्दोलनको नाम | घटना मिति | परिचय पत्र वाहकको नाम, थर | ठेगाना | नाता सम्बन्ध | परिचय पत्र वाहकको ना.प्र. नं. | परिचय पत्र वाहकको फोटो | परिचय पत्र प्रदान गर्ने अधिकारीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ४
## (निर्देशिकाको दफा ७(१) संग सम्बन्धित) परिचय पत्र भर्ने कार्यविधि

यस निर्देशिका बमोजिम वितरण गरिने परिचय पत्रको कार्यविधि देहाय बमोजिम हुनेछ।

१. परिचय पत्र नं .............यस महलमा वितरण गरिने परिचय पत्रको सिलसिलेवार नं १ देखि क्रमशः अगाडिका संख्याहरु लेख्दै जानुपर्नेछ।

२. मृत्युवरण गरेका /वेपत्ता पारिएका व्यक्तिको नाम थरको महलमा मृत्युवरण गरेको वा वेपत्ता पारिएको के हो सम्बन्धित वाक्यशंमा चिन्ह लगाई मृत्युवरण वा वेपत्ता पारिएको व्यक्तिको नाम थर लेख्ने। उदाहरणको लागि मृत्युवरण भएकोमा मुत्युवरणमा √ चिन्ह लगाउने। यसै गरी वेपत्ता पारिएको भए वेपत्ता शब्दमा √ चिन्ह लगाउने

३. राजनीतिक आन्दोलनको विवरण यस महलमा माओवादी जनयुद्व / ऐतिहासिक जनआन्दोलन/ मधेश/तराई आन्दोलन/जनजाति आन्दोलन/ थरुहट आन्दोलन/ दलित तथा पिछडावर्ग आन्दोलन/ चुरेभावर आन्दोलन र अन्य आन्दोलनका मध्ये कुन आन्दोलनसंग सम्बन्धित हो सो आन्दोलनको नाम लेख्ने। जस्तै कुनै व्यक्ति माओवादी जनयुद्वसंग सम्बन्धित भए माओवादी जनयुद्वको नाम मात्र लेख्ने।

४. घटना मिति : यस महलमा संभव भएसम्म घटना घटेको साल महिना र गते उल्लेख गर्ने। महिना र गते उल्लेख गर्न नसकिने भएमा साल मात्र उल्लेख गर्ने। जस्तै २०५८ साल

५. परिचय पत्र वाहकको परिचय पत्र वाहकको नाम, थर र ठेगानाको महलमा निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित नाम, थर र ठेगाना लेख्ने

६. नाता सम्बन्ध : यस महलमा मृत्युवरण गरेका/वेपत्ता पारिएका व्यक्ति र परिचय पत्र पाउँ भनी निवेदन दिएका व्यक्ति विच के नाता सम्बन्ध पर्छ सो उल्लेख गर्ने। जस्तै राम प्रसाद भन्ने व्यक्तिको मृत्यु भएको रहेछ र निजको श्रीमतिले परिचय पत्र पाउनको लागि निवेदन दिएको अवस्थामा निजको नाता पति लेख्ने ।

७. नागरिकता नंः यस महलमा परिचय पत्र पदान गरिने व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रमा उल्लिखित नागरिकता नं लेख्ने।

# मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७०

**प्रस्तावना**

सशस्त्र द्वन्द्वका कारण सर्वसाधारणमा पर्न गएको मनोसामाजिक असरलाई पुनर्स्थापनको माध्यमवाट न्यूनीकरण गर्ने उद्देश्यले मानसिक रुपमा प्रभावित भएका व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्न नेपाल सरकारले यो निर्देशिका तयार गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "मनोसामाजिक परामर्श सेवा सञ्चालन निर्देशिका, २०७०" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "सशस्त्र द्वन्द्व" भन्नाले विक्रम सम्वत् २०५२ साल फाल्गुण १ गतेदेखि २०६३ साल मङ्गसिर ५ गतेसम्म तत्कालीन राज्य पक्ष र नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वलाई सम्झनु पर्छ।

(ख) "पीडित व्यक्ति" भन्नाले सशस्त्र द्वन्द्वका कारण सिर्जना भएका विभिन्न प्रकृतिका पीडा, चिन्ता, भय, त्रास आदि कारणले मानसिक रुपमा असर पुगेका कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका व्यक्ति वा निजका परिवारका सदस्य समेतलाई सम्झनु पर्छ।

(ग) "मनोसामाजिक परामर्श सेवा" भन्नाले यस निर्देशिकाको दफा ५, ६ र ७ मा उल्लेख भए बमोजिमको सेवा सम्झनु पर्छ।

(घ) "कार्यदल" भन्नाले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६४/२/२७ को निर्णयानुसार द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन गर्न गठित कार्यदल सम्झनु पर्छ र सो शब्दले यसै प्रयोजनका लागि नेपाल सरकारबाट समय-समयमा गठन हुने अन्य कार्यदललाई समेत जनाउनेछ।

(ङ) "आयोजना" भन्नाले मन्त्रालयको शान्ति प्रकृया सहयोग आयोजना (IDA Grant H367–NEP) लाई सम्झनु पर्छ। यस आयोजना अन्तर्गत राहत, रोजगार/स्वरोजगार तथा मनोसामाजिक परामर्श सेवा आदि पर्दछन्।

(च) "परिवार" भन्नाले द्वन्द्वपीडित व्यक्तिका संगोलका पति/पत्नी, छोरा/छोरी, धर्मपुत्र/पुत्री, आमा/वावु, सौतेनी आमा, झङ्केलो वावु/छोरा/छोरी, बाजे/बज्यै, सासु/ससुरा, दाजु/भाई/दिदी/बहिनी, भाउजु, बुहारी र भिन्न बसेका पति/पत्नी समेतलाई सम्झनु पर्छ।

(छ) "सेवा प्रदायक" भन्नाले मनोसामजिक परामर्श सेवा संचालन गर्नका लागि छनौट भई कार्यादेश प्राप्त गरेका सरकारी, गैह्रसरकारी वा निजी संस्थाहरुलाई समेत सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा १० बमोजिमको सिफारिस एवं अनुगमन समितिलाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ।

३. **द्वन्द्वपीडित व्यक्तिको पहिचान** : (१) द्वन्द्वका कारण मनोसामाजिक अवस्थामा आघात पुगेका पीडित व्यक्तिको पहिचानका लागि तथ्यांक संकलन गरिने छ।

(२) उपदफा (१) बमोजिम तथ्यांक संकलन गर्दा सरकारबाट गठित द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा

संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका व्यक्ति वा निजका परिवारका सदस्यहरु मध्येबाट पीडित व्यक्तिको छनौट गरिने छ।

४. **मनोसामाजिक परार्मश सेवाको संचालन**: (१) मनोसामजिक परामर्श सेवा आवश्यक पर्ने द्वन्द्वपीडित व्यक्तिहरुका लागि देहाय बमोजिमका सेवा संचालन गरिने छ।

(क) सामान्य सेवा,

(ख) मध्यम सेवा,

(ग) विशेष सेवा,

(२) समायोजन सम्बन्धी समस्या (Adjustment Problem) बाट पीडित भएको व्यक्तिलाई सामान्य सेवा उपलब्ध गराइने छ।

**स्पष्टिकरण:-** समायोजन सम्बन्धी समस्या भन्नाले कुनै व्यक्ति असान्दर्भिक झै-झगडा गर्ने, बास्तविकताको अर्थपूर्ण प्रयोग गर्न वा मूल्याङ्कन गर्न नसक्ने आदि समस्याबाट पीडित भएमा समायोजन सम्बन्धी समस्या भएको सम्झनु पर्छ।

(३) कुनै पीडित व्यक्तिलाई उपदफा (२) बमोजिमको सामान्य सेवा मात्र पर्याप्त नभई मध्यम सेवा वा विशेष सेवा उपलब्ध गराउनु पर्ने भनी समितिबाट सिफारिस भई आएमा उक्त सेवा उपलब्ध गराउन मन्त्रालयले तोकेको सेवा प्रदायक निकाय वा संस्थामा पठाउन सकिनेछ।

(४) समितिबाट उपदफा (३) बमोजिम मध्यम सेवा वा विशेष सेवाको लागि सिफारिस गर्दा देहायको अवस्थाको व्यक्तिलाई देहाय बमोजिमको सेवाको लागि सिफारिस गर्न सकिने छः

(क) अतार्किक डर (Phobia), दुश्चिन्ता (Anxiety), अवसाद (Mild Depression), तथा आत्महत्या (Suicide) का सोंच आदिबाट पीडित भएको व्यक्तिलाई मध्यम सेवा।

(ख) Schizophrenia, Paranoid, Severe Depression, Obsession, Compulsion, Manic depressive dis-order भएका वा Suicidal Attempt गरेका आदि पीडित व्यक्तिलाई विशेष सेवा।

५. **पीडित व्यक्तिलाई उपलब्ध हुने सामान्य सेवा**: सामान्य सेवाको आवश्यकता पर्ने पीडित व्यक्तिलाई आवश्यकतानुसार देहायका सबै वा कुनै सेवा उपलब्ध गराउन सकिने छ।

(क) प्रारम्भिक तहको मनोसामाजिक परामर्श सेवा,

(ख) मनोसामाजिक परामर्शदाताद्वारा प्रदान गरिने विभिन्न चक्रमा आधारित परामर्श सेवा,

(ग) विशेषज्ञको सिफारिसमा दिइने सामान्य उपचार सेवा।

६. **पीडित व्यक्तिलाई उपलब्ध हुने मध्यम सेवा**: दफा ४ को उपदफा (३) बमोजिम मध्यम सेवा आवश्यकता पर्ने भनी सिफारिस भएका पीडित व्यक्तिहरुका लागि आवश्यकता अनुसार देहायका सबै वा कुनै सेवा उपलब्ध गराउन सकिने छ।

(क) मनोसामाजिक परामर्श विज्ञद्वारा प्रदान गरिने चक्रमा आधारित परामर्श सेवा,

(ख) औषधी उपचार सेवा,

(ग) फिजीयोथेरापी लगायतका व्यायामका सेवा,

(घ) पीडासमन सम्बन्धी विभिन्न क्रियाकलापका सेवा,

(ङ) रोजगार/स्वरोजगार लगायतका अन्य पुनर्स्थापना सेवाहरु।

७. **<u>पीडित व्यक्तिलाई उपलब्ध हुने विशेष सेवा</u>**ः दफा ४ को उपदफा (३) बमोजिम विशेष सेवाको आवश्यकता पर्ने भनी सिफारिस भएका पीडित व्यक्तिहरुका लागि आवश्यकता अनुसार देहायका सबै वा कुनै सेवा उपलब्ध गराउन सकिने छ।

(क) मनोसामाजिक परामर्श विज्ञद्वारा प्रदान गरिने चक्रमा आधारित सेवा,

(ख) औषधी उपचार सेवा,

(ग) फिजियोथेरापी लगायतका व्यायामका सेवा,

(घ) पीडासमन सम्बन्धी सघन एवं विस्तारित क्रियाकलापका सेवा,

(च) शल्यक्रिया लगायतका चिकित्सा सेवा,

(ङ) मानसिक उपचार सेवा।

८. **<u>सेवा खरिद गर्न सकिने</u>:** (१) यस निर्देशिका बमोजिम सेवा सञ्चालन गर्न गराउनका लागि आयोजनाले सेवा प्रदायक संस्थाको सेवा खरिद गर्न सक्नेछ।

(२) सेवा प्रदायक संस्थाको छनौट र संस्थाको कार्य क्षेत्रगत शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा विश्व बैंक र नेपाल सरकारका बीच शान्ति प्रक्रिया सहयोग आयोजना सम्बन्धमा भएको सम्झौतामा ब्यबस्था भए बमोजिम हुनेछ।

९. **<u>पीडित व्यक्तिले प्राप्त गर्ने सुविधा</u>**ः (१) दफा ६ बमोजिमको मध्यम सेवा उपलब्ध गराउंदा पीडित व्यक्तिलाई आवश्यकता अनुसार देहाय बमोजिम सुविधा प्रदान गरिनेछ।

(क) सेवा उपलब्ध हुने स्थान सम्म जाँदा आउँदा लाग्ने यातायात खर्च बापत जिल्ला भित्र भएमा एकमुष्ट रु ५००।- र जिल्ला बाहिर भएमा एकमुष्ट रु १५००।-,

(ख) दैनिक खाना र खाजा खर्च बापत प्रतिदिन रु ३००।- का दरले एकपटकमा बढिमा ५ दिन सम्मको लागि बढीमा रु.१५००।-,

(ग) सेवा उपलब्ध हुने स्थानमा बसोवासको सुविधा उपलब्ध नभएको अवस्थामा बासखर्च बापत प्रतिदिन रु ३००।- का दरले एकपटकमा बढीमा ४ दिन सम्मको लागि जम्मा रु. १२००।-,

(घ) मनोसामाजिक परामर्श विज्ञ (Psychiatrist) वा चिकित्सक को सिफारिस बमोजिमको औषधी उपचार खर्च बढीमा रु. ५०००।-

(२) दफा ७ बमोजिमको विशेष सेवा उपलब्ध गराउदा पीडत व्यक्तिलाई आवश्यकतानुसार देहाय बमोजिम सुविधा प्रदान गरिनेछः

(क) सेवा उपलब्ध हुने स्थान सम्म जाँदा आउँदा लाग्ने यातायात खर्च बापत जिल्ला भित्र भएमा एकमुष्ट रु ५००।- र जिल्ला बाहिर भएमा एकमुष्ट रु १५००।-,

(ख) दैनिक खाना र खाजा खर्च बापत प्रतिदिन रु ३०० का दरले एकपटकमा बढिमा ५ दिनसम्मको लागि, रु. १५००।-,

(ग) सेवा उपलब्ध हुने स्थानमा बसोवासको सुविधा उपलब्ध नभएको अवस्थामा बास खर्च बापत प्रतिदिन रु ३००।- का दरले एकपटकमा वढीमा ४ दिन सम्मको लागि रु. १२००।-,

(घ) मनोसामाजिक परामर्श विज्ञ (Psychiatrist) वा चिकित्सकको सिफारिस बमोजिमको औषधी उपचार खर्च,

(ङ) चिकित्सकको सिफारीस बमोजिम सरकारी वा सामुदायिक अस्पतालमा औषधी उपचार तथा शल्यक्रिया गर्दा लाग्ने खर्च ।

(३) विशेष सेवा प्राप्त गर्ने पीडित व्यक्तिले एक जना सहयोगी राख्न पाउनेछन् । त्यस्तो सहयोगका लागि समेत उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको सुविधा प्रदान गरिनेछ ।

१०. **सिफारिस एवं अनुगमन समितिको व्यवस्थाः** (१) मनोसामाजिक परामर्श सेवा संचालन हुने जिल्लामा देहाय बमोजिमको सिफारिस एवं अनुगमन समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | – संयोजक |
| (ख) | स्थानीय विकास अधिकारी | – सदस्य |
| (ग) | संयोजक, स्थानीय शान्ति समिति | – सदस्य |
| (घ) | प्रमुख, जिल्ला अस्पताल वा निजले तोकेको चिकित्सक प्रतिनिधि | – सदस्य |
| (ङ) | प्रमुख, जिल्ला प्रहरी कार्यालय | – सदस्य |
| (च) | महिला विकास अधिकृत | – सदस्य |
| (छ) | प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत | –सदस्यसचिव |

(२) उपदफा (१) बमोजिमको सिफारिस एव अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तथ्यांक संकलनबाट प्राप्त विवरणका आधारमा पीडित व्यक्तिहरुलाइ आवश्यक पर्ने सेवाका लागि सिफारिस गर्ने,

(ख) मनोसामाजिक परामर्श सेवा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) जिल्लामा सञ्चालित मनोसामाजिक परामर्श सेवा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिने ।

(३) समितिले पीडित व्यक्तिलाई उपदफा (२) को खण्ड (क) बमोजिम सेवाको लागि सिफारिस गर्दा मनोसामाजिक परामर्शदाताको परामर्श लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक संयोजकले उपयुक्त ठानेको मिति, समय र स्थानमा बोलाउन सक्नेछन् । वैठकमा समितिले आवश्यक ठानेका व्यक्ति वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिको बैठक महिनामा कम्तीमा एक पटक र आवश्यकतानुसार थप बैठक राख्न सकिनेछ । तर यस्तो बैठक बर्षभरीमा १८ वटा भन्दा बढि हुने छैन ।

(६) कुनैपनि बैठकमा पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको गणपुरक संख्या पुगेको मानिनेछ ।

(७) बैठकमा उपस्थित सदस्यहरुलाई प्रचलित मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध गराईने छ ।

११. **निर्देशक समितिः** (१) यस निर्देशिका वमोजिम संचालन हुने सेवाको समन्वय एवं नीतिगत व्यवस्था गर्न देहाय बमोजिमको निर्देशक समिति रहने छ ।

| | |
|---|---|
| (क) सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | –संयोजक |
| (ख) सह सचिव/प्रतिनिधि, गृह मन्त्रालय | –सदस्य |
| (ग) सह सचिव/प्रतिनिधि, अर्थ मन्त्रालय | –सदस्य |

(घ) सह सचिव/प्रतिनिधि, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय –सदस्य

(ङ) सह सचिव/प्रतिनिधि, शिक्षा मन्त्रालय –सदस्य

(च) सह सचिव/प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय –सदस्य

(छ) सह सचिव/प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय –सदस्य

(ज) सह सचिव/प्रतिनिधि, राष्ट्रिय योजना आयोग –सदस्य

(झ) प्रोजेक्ट कोअर्डिनेटर, शान्ति प्रकृया सहयोग आयोजना, शान्ति तथा पुनर्निर्माण मन्त्रालय –सदस्य सचिव

(२) उप-दफा (१) बमोजिमको निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सेवा संचालन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरु बिच समन्वय गर्ने,

(ख) सेवा सम्बन्धी क्रियाकलापको कार्य प्रगतिको समीक्षा गरी आवश्यक सुझाव दिने,

(ग) सेवा संचालनमा कुनै वाधा अड्चन आई परेमा सो को समाधानका लागि सिफारिस गर्ने ।

(३) निर्देशक समितिको वैठकमा आवश्यकतानुसार मन्त्रालयको अधिकृत वा कुनै विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) निर्देशक समितिको वैठक आवश्यकतानुसार बस्नेछ ।

(५) समितिको बैठकमा उपस्थित सदस्यहरुलाई प्रचलित मापदण्ड बमोजिम भत्ता उपलब्ध गराईने छ ।

१२. **रकम प्रवाह, खर्च तथा लेखा परीक्षण गराउनु पर्नेः** (१) यस निर्देशिका बमोजिमको सेवा प्रदान गर्दा सेवाग्राहीले प्राप्त गर्ने सुविधा बापतको खर्चको अख्तियारी सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराइने छ । आफूले प्राप्त गरेको अख्तियारी बमोजिमको कार्यक्रमको नगदी तथा जिन्सीको लेखा राख्ने र कानून बमोजिम खर्च गरी लेखापरीक्षण गराउने जिम्मेवारी अख्तियार प्राप्त गर्ने अधिकारीको हुनेछ ।

(२) यस निर्देशिका बमोजिमको सेवा संचालन गर्दा सेवा प्रदायकले प्राप्त गर्ने सेवा खर्च रकमको भुक्तानी आयोजनाले सेवा प्रदायकसंग गरेको संझौता बमोजिम हुनेछ ।

१३. **प्रतिवेदन पठाउनु पर्नेः** (१) यस कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने सरकारी निकायले सञ्चालित गतिविधिहरुको प्रचलित व्यवस्था अनुसार मासिक, चौमासिक, अर्धवार्षिक, अष्टमासिक तथा वार्षिक समीक्षा गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) सेवा सञ्चालन गर्ने सेवा प्रदायकले आफूले सञ्चालन गरेको कार्यको मासिक प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सेवा सञ्चालन गर्ने सेवा प्रदायकले सम्झौता बमोजिम सम्पन्न गरिएको कार्यको प्रतिवेदन र कार्य प्रगति विवरण कार्य सम्पन्न भएको एक महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदनमा त्यस्तो सेवा प्रदायकले मन्त्रालयबाट प्राप्त गरेको रकम, सञ्चालन गरेको सेवाको प्रकार, सेवा प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना, सेवा सञ्चालनको लागि लागेको खर्च समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

१४. **अनुगमन तथा मुल्याङकन सम्बन्धी व्यवस्थाः** यस निर्देशिका बमोजिम संचालन भएका सेवा सम्बन्धी कार्यक्रमको अनुगमन तथा मुल्यांकन मन्त्रालयबाट समेत हुनेछ । स्थानीय स्तरमा यस्तो कार्यको अनुगमन दफा १० बमोजिमको समितिले गर्नेछ । साथै उक्त कार्यक्रमको अनुगमन तथा मुल्यांकन कार्यमा तेश्रो पक्षलाई समेत संलग्न गराउन सकिनेछ ।

१५. **कार्यक्रम कार्यान्वयन कार्यविधि (Field Implementation Manual) बनाउन सकिने**ः यस निर्देशिकालाई थप प्रभावकारी बनाउन तथा व्यवस्थित र सेवामा एकरुपकता ल्याउन यसै निर्देशिका अन्तर्गत कार्यक्रम कार्यान्वयन कार्यविधि (Training Manual/Field Implementation Manual) बनाउन सकिने छ।

१६. **बैठक भत्ता**ः यस निर्देशिकामा व्यवस्था भएका कुराहरुको कार्यान्वयन गर्ने सन्दर्भमा आयोजना व्यवस्थापन समूह (Project management team) को वैठक कार्यालय समय भन्दा अघि पछि बसेको अवस्थामा प्रति बैठक बैठकमा सहभागि प्रत्येक सदस्यलाई प्रचलित मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध गराइने छ।

१७. **गोपनियता**ः यस सम्वन्धी सेवा उपभोग गर्ने सेवाग्राहीले सेवा प्रदायकसंग परामर्शका क्रममा उपलब्ध गराएका तथ्यांक तथा अन्य विवरणहरु सम्वन्धित सेवाग्राहीको सहमति बिना सेवासंग सम्वन्धित ब्यक्ति बाहेक अरुलाइ उपलब्ध गराइने छैन्।

१८. **विविध**ः सेवा सञ्चालनको अवधि आयोजना रहुन्जेल आयोजना अवधि भर र आयोजना सम्पन्न भएपछि मन्त्रालयले तोकेबमोजिम हुनेछ।

१९. **उजुरी**ः यस निर्देशिका बमोजिमका सेवा प्रदान गर्ने क्रममा विभिन्न निकायवाट भएका निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो काम भए गरेको मितिले ३५ दिन भित्र आफ्नो व्यहोरा खुलाई सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सक्नेछ। मन्त्रालयले उक्त उजुरीको टुङ्गो १५ दिन भित्र लगाउनेछ।

२०. **बाधा अड्काउ फुकाउन सक्ने**ः यस निर्देशिका कार्यान्वयनको सन्दर्भमा कुनै द्विविधा/अस्पष्टता भएमा प्रचलित कानून प्रतिकुल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

# स्थानीयस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन, २०७०

**प्रस्तावना**

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र बमोजिम स्थानीयस्तरबाट शान्ति प्रवर्द्धनका कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन नेपाल सरकारले स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्त एंव स्थानीय शान्ति समिति निर्देशिकाबमोजिम स्थानीय शान्ति समिति गठन गरी ती समिति क्रियाशिल रहँदै आएका छन् ।

स्थानीयस्तरमा संचालन हुने कार्यक्रमलाई पारदर्शी, व्यवस्थित, जवाफदेही, गुणस्तरयुक्त बनाउन र दिगो शान्ति प्रवर्द्धनमा सहयोग पुऱ्याउनसमेत आवश्यक भएकोले स्थानीय शान्ति समिति निर्देशिका, २०६६ को बुँदा नं. १२.१ को अधिनमा रही मन्त्रालयले यो मार्गदर्शन बनाई लागू गरेको छ ।

१. **नाम र प्रारम्भः** (१) यी मार्गदर्शनको नाम "स्थानीयस्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन, २०७०" रहेको छ ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमाः-

(क) "कार्यक्षेत्रगत शर्त" भन्नाले स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्तहरु, २०६५ सम्झनु पर्छ ।

(ख) "निर्देशिका " भन्नाले स्थानीय शान्ति समिति निर्देशिका, २०६६ सम्झनु पर्छ ।

(ग) "आर्थिक कार्यविधि नियमावली" भन्नाले आर्थिक कार्यविधि नियमाबली, २०६४ सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "स्थानीयस्तर शान्ति समिति" भन्नाले कार्यक्षेत्रगत शर्तहरुको दफा ३.३ अनुसार गठित जिल्लास्तरीय, नगरपालिकास्तरीय र गाउँ विकास स्तरीय शान्ति समिति सम्झनु पर्छ ।

(च) "अख्तियारी प्राप्त निकाय" भन्नाले जिल्लास्तरीय शान्ति समितिको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी, गाउँ विकासस्तरीय शान्ति समितिको हकमा सम्बन्धित जिल्लाको स्थानीय विकास अधिकारी र नगरपालिकास्तरीय शान्ति समितिको हकमा सम्बन्धित नगरपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(छ) "योजना" भन्नाले स्थानीयस्तरका शान्ति समितिबाट शान्ति प्रबर्द्धन सम्बन्धी तयार पारिएको आवधिक वा वार्षिक योजना सम्झनु पर्छ ।

(ज) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको कार्यक्रम सम्झनु पर्छ ।

३. **स्थानीयस्तरका शान्ति समितिको कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-**

(क) शान्ति स्थापना कार्यमा सहजीकरण गर्ने;

(ख) समाजमा मेलमिलाप, पिडासमन तथा सामाजिक सद्भाव कायम राख्ने;

(ग) समाजमा द्वन्द्व न्यूनीकरण तथा सहअस्तित्वको वातावरण स्थापना गर्नमा टेवा पुऱ्याउने;

(घ) मन्त्रालयका कार्यक्रम संचालनमा सहयोग गर्ने;

(ङ) द्वन्द्व पीडितहरुलाई राहतको महशुस हुने गरी कार्यक्रम संचालन गर्न गराउन सहयोग पुऱ्याउने ।

**४. जिल्लास्तरीय शान्ति समितिको कार्यक्रम संचालन सम्बन्धी व्यबस्थाः**

(क) निर्देशिकाको बुँदा नं. १२ मा उल्लेख भए वमोजिम प्रशासनिक कार्यको लागि मन्त्रालयबाट विभिन्न शीर्षकमा रकम विनियोजन गरी अख्तियारी पठाईनेछ । कार्यक्रमको अख्तियारी प्राप्त हुनासाथ सोको जानकारी सम्बन्धित जिल्लास्तरीय शान्ति समितिलाई दिने कर्तव्य अख्तियारी प्राप्त गर्ने अधिकारीको हुनेछ । प्रशासनिक बजेटको व्यबस्थापन एंव कार्यान्वयन जिल्लास्तरीय शान्ति समितिसँगको समन्वयमा हुनेछ। कार्यक्रम बजेटको हकमा जिल्लास्तरीय शान्ति समितिबाट वार्षिक कार्यक्रम प्रस्ताव भै मन्त्रालयबाट स्वीकृत भईसकेपछि जिल्लास्तरीय शान्ति समितिले अख्तियारी प्राप्त निकायसँग समन्वय गरी कार्यान्वयन कार्यतालिका अनुसार कार्यान्वयन गर्नुपर्नेछ।

(ख) उल्लिखित कार्यक्रम सम्पन्न भएपछि सोको वील भरपाई समेत अख्तियारी प्राप्त निकायमा पेश गर्नु जिल्लास्तरीय शान्ति समितिको कर्तव्य हुनेछ। यस प्रयोजनको लागि अर्को व्यबस्था नभएसम्म मन्त्रालयले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई अख्तियारी प्रदान गर्न सक्नेछ।

**५. नगरपालिका/गाउँ विकास स्तरीय शान्ति समितिको कार्यक्रम संचालन सम्बन्धी व्यवस्थाः**

मन्त्रालयबाट प्राप्त रकमबाट गाउँ विकास स्तरीय तथा नगरपालिका स्तरीय शान्ति समितिले देहाय वमोजिमको कार्यक्रम संचालन गर्न सक्नेछनः-

(अ) शान्ति समितिले शान्ति प्रवर्द्धनका क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी निकायसँगको सहकार्यमा संचालन गर्ने कार्यक्रम;

(आ) गाउँ विकास स्तरीय/नगरपालिका स्तरीय शान्ति समितिका सदस्यहरुको क्षमता अभिवृद्धि, गोष्ठी, सेमिनार र तालिम सम्बन्धी कार्यक्रम;

(इ) गाउँ तथा नगरपालिकास्तरमा शान्ति प्रवर्द्धनका क्षेत्रमा भए गरेका कार्यको संचार माध्यमबाट प्रचार प्रसार सम्बन्धी कार्यक्रम;

(ई) द्वन्द्वपीडित सम्बन्धित लक्षित कार्यक्रम;

(उ) मन्त्रालयबाट स्थानीयस्तरमा संचालित कार्यक्रमको अनुगमन;

(ऊ) शान्ति प्रवर्द्धनका क्षेत्रमा समितिले आवश्यक ठानेका अन्य कार्यहरु।

**६. नगरपालिका/गाउँ विकास स्तरीय शान्ति समितिको प्रशासनिक तथा लेखा संचालन सम्बन्धी व्यवस्थाः**

(क) मन्त्रालयबाट गाउँ विकासस्तरीय शान्ति समितिको लागि प्रशासनिक तथा कार्यक्रमको खर्च गर्ने अख्तियारी सम्बन्धित जिल्लाको स्थानीय विकास अधिकारीलाई पठाईनेछ । अख्तियारी प्राप्त हुनासाथ सोको जानकारी सम्बन्धित जिल्लास्तरीय शान्ति समिति र गाउँ विकासस्तरीय शान्ति समितिलाई अख्तियारी प्राप्त गर्ने अधिकारीले दिनुपर्नेछ। गाउँ विकासस्तरीय शान्ति समितिले प्राप्त अख्तियारीको ५० प्रतिशत सम्म रकम प्रशासनिक कार्यको लागि खर्च गर्न सक्नेछन्।

(ख) अख्तियारी प्राप्त हुनासाथ सम्बन्धित गाउँ विकासस्तरीय शान्ति समितिले वार्षिक कार्यक्रम प्रस्ताव गरी समितिको बैठकबाट निर्णय गराई सोको प्रतिलिपि सहित स्वीकृतिका लागि अख्तियारी प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सोको जानकारी जिल्लास्तरीय शान्ति समितिलाई समेत दिनुपर्नेछ।

(ग) अख्तियारी प्राप्त अधिकारीबाट वार्षिक कार्यक्रम स्वीकृत भईसकेपछि कार्यान्वयन कार्यतालिका अनुसार कार्यान्वयन गर्नुपर्नेछ।

(घ) गाउँ विकासस्तरीय शान्ति समितिका लागि मन्त्रालयबाट पठाईएको रकम अख्तियारी प्राप्त अधिकारीबाट सिधै गाउँ विकास समितिको खातामा रकम जम्मा गर्नुपर्नेछ। त्यस्तो कार्यक्रम तथा बजेटको लेखा व्यवस्थापन निर्देशिकाको बुँदा नं. ५.१६ वमोजिम हुनेछ।

(ङ) नगरपालिका स्तरीय शान्ति समितिको लागि प्रशासनिक तथा कार्यक्रम खर्चको अख्तियारी मन्त्रालयले सम्बन्धित नगरपालिकाको कार्यकारी अधिकृतलाई पठाउनेछ। नगरपालिका स्तरीय शान्ति समितिले प्राप्त अख्तियारीको ४० प्रतिशत सम्म रकम प्रशासनिक कार्यको लागि खर्च गर्न सक्नेछ। नगरपालिका स्तरीय शान्ति समितिले कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यकता अनुसार जिल्लास्तरीय शान्ति समितिको सहयोग लिन सक्नेछ।

(च) गाउँ विकासस्तरीय तथा नगरपालिकास्तरीय शान्ति समितिको लागि प्रशासनिक खर्च अन्तरगत आवश्यक पर्ने स्टेशनरी, मसलन्द, समितिको बैठक बस्दा लाग्ने चियापान खर्च समेत समावेश हुनेछन्। मन्त्रालयबाट व्यवस्था गरिएको बजेट कार्यक्रमको लेखा व्यवस्थापन निर्देशिकाको बुँदा नं. ५.१६ वमोजिम हुनेछ।

७. **प्रतिवेदन :-**

कार्यक्रम सम्पन्न भईसकेपछि स्थानीयस्तरका शान्ति समितिले निर्धारित ढाँचामा कार्य सम्पन्न गरेको प्रतिवेदन तयार गरी देहायको निकायमा पेश गर्नुपर्नेछ :-

(क) गाउँ विकासस्तरीय शान्ति समितिले जिल्लास्तरीय शान्ति समिति र जिल्ला विकास समितिको कार्यालय;

(ख) नगरपालिकास्तरीय शान्ति समितिले जिल्लास्तरीय शान्ति समिति र मन्त्रालय;

(ग) जिल्लास्तरीय शान्ति समितिले शान्ति समितिबाट प्राप्त प्रगति प्रतिवेदनको बिश्लेषण सहित समष्टिगत प्रतिवेदन मन्त्रालय;

(घ) अख्तियारी प्राप्त निकायले प्राप्त अख्तियारी अनुसार भएको खर्च एवं सम्पन्न भएको कार्यक्रमको भौतिक तथा वित्तीय प्रतिवेदन समय-समयमा मन्त्रालयमा पठाउनु पर्नेछ।

(ङ) स्थानीयस्तरका शान्ति समितिलाई प्राप्त कार्यक्रमको प्रगति विवरण जिल्ला विकास समितिको कार्यालयले आयोजना गर्ने प्रगति समिक्षामा जिल्लास्तरीय शान्ति समितिले प्रस्तुत गर्नु पर्नेछ।

८. ***अन्य ब्यबस्था:-***

(क) जिल्लास्तरीय शान्ति समितिले गाउँ विकासस्तरीय/नगरपालिकास्तरीय शान्ति समितिको कार्यक्रममा आवश्यक सहयोग, समन्वय तथा अनुगमन गर्न सक्नेछ।

(ख) स्थानीयस्तरका शान्ति समितिले कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा लागत साझेदारीमा गर्ने गरी योजना बनाउन सक्नेछन्।

(ग) अख्तियारी प्राप्त निकायबाट कार्यक्रम सन्चालनको लागि पेश्की प्राप्त गरी सम्बन्धित शीर्षकमा खर्च गरेको अवस्थामा सोको विल भरपाई समेत सम्बन्धित निकायमा पठाउने र अख्तियारी प्राप्त निकायले दिएको पेश्की समयमा नै फर्छ्यौट गराउनु पेश्की प्राप्त गर्ने निकायको कर्तव्य हुनेछ।

(घ) मन्त्रालयबाट प्राप्त अख्तियारी वमोजिमको प्रशासनिक तथा कार्यक्रम बजेट प्रचलित कानूनको रीत पुऱ्याई खर्च गर्ने, खर्चको लेखा राख्ने, निर्धारित समयमा आर्थिक विवरण तयार गरी पेश गर्ने, लेखा परीक्षण गराउने, लेखा परीक्षणबाट औल्याइएको बेरुजुको लगत खडा गरी फछ्र्यौट गर्ने गराउने समेतको कर्तव्य अख्तियारी प्राप्त अधिकारीको हुनेछ।

९. **व्याख्या गर्ने अधिकार** : मार्गदर्शनमा उल्लेख गरिएका व्यवस्था कार्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा सो विषयमा मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

१०. **बचाउ** : यो मार्गदर्शन स्वीकृत हुनु अघि भए गरेका कार्यहरु समेत यसै मार्गदर्शन अनुसार भएको मानिनेछ।

# खण्ड ख

## लेख तथा रचनाहरू

# सूचनाको हक र यससँग जोडिएका केही महत्वपूर्ण पक्षहरू

**डा.रामकृष्ण तिमल्सेना**

### १ सन्दर्भ

आजको संसार सूचनाको संसार हो। सूचनामा आधारित अर्थतन्त्र बिश्व अर्थतन्त्र हो । विचारको वजारमा एक्काइसौ शताब्दिको प्रजातन्त्र मुखरित भएको छ । विज्ञान र प्रविधिको अत्याधुनिक चमत्कार र नवउदारवादको अन्तराष्ट्रिय दादागिरी सूचनाको संस्कृतिसंग जोडिएका छन् । ब्यक्तिको जीउ, स्वतन्त्रता र संपत्तिमा सूचनाले ऐतिहासिक चलखेल शुरु गरेको छ । राजनीति शास्त्र आज सूचनाको संस्कृति विना अगाडी बढ्न नसक्ने भएको छ । इतिहासको मुल्याङ्कन र भविष्यको आकलन सूचनामा आश्रित छन् । वर्तमान पुस्ता विगतको पुस्ता भन्दा केही कुरामा अतुलनीय अगाडि छ भने त्यो हो सूचनाको पहूच, प्रयोग र निर्भरताको स्थिति ।

संबिधानको मूल्याङ्कन र लेखाजोखा र प्रजातन्त्रको आन्तरिक एवं बाह्य परिपक्षण खुला समाजका मूल्य र मान्यतामा रहेर गर्ने गरिन्छ । ब्यक्तिको ब्यक्तित्व , नीजत्व र गोपनियतालाई जति ख्याल गरे पनि उसको संसार खुलापन र बैचारिक धरातलबाट मापन गरिन्छ । विश्वले मागेको सफल प्रजातन्त्र सूचना विना संभव छैन । समानता, स्वतन्त्रता र न्यायको लागि सार्वजनिक र नीजि महत्वका सूचनामा पहूच हुनु उतिनै आबश्यक छ । सफल ब्यक्तिहरु सूचना मैत्री संस्कृतिबाट अझ सफल बन्न सक्छन् भने असफललाई सफल बनाउन सूचनाले अद्धितीय भूमिका खेलेको हुन्छ । सूचनामा आधारित अर्थतन्त्रले ब्यक्तिलाई प्रतिस्पर्धि बनाउन मद्दत पुर्‍याउछ भने राज्यलाई अझ बढी जिम्मेवार र उत्तरदायी बनाउन मद्दत गर्दछ ।

तसर्थ सूचनाको हक र यसको कार्यान्वयनलाई विशेष महत्वका साथ हेर्ने गरिएको छ । अन्तराष्ट्रिय कानून , संवैधानिक कानून र अन्य कानूनी दस्तावेजबाट सूचनाका हकको संवन्धमा ब्यवस्था गर्ने प्रचलन बढ्दो छ । आज संसारका ५ दर्जन भन्दा बढी देशका संविधानले नै सूचनाको हकलाई मौलिक हकको रुपमा स्थान दिएका छन् । यसै गरी १०३ देशमा अहिले सूचनाको हक संवन्धी छुट्टै कानूनको तर्जूमा गरिएको छ । सन् १९९० भन्दा अगाडी केवल १३ देशमा सूचनाको हक संवन्धी कानून भएकोमा अहिले १०३ देशमा कानून बन्नुले सूचनाको हकको धरातलीय महत्वलाई सजिलै प्रष्ट पारेको छ । संसारमा आएको नवउदारवादी चिन्तन, संविधानवादको स्थापना र बिकास , सूचना क्रान्ति , ब्यक्तिको मौलिक चिन्तन शैलीमा आएको निखारले गर्दा सूचनाको हकको क्षेत्रमा धेरै विकास भएको हो । अहिलेको प्रजातन्त्रको आधार भनेको नै सूचनाको संस्कृति हो ।

२०४७ सालको नेपाल अधिराज्यको संविधानले पहिलो पटक सूचनाको हकलाई नागरिकको मौलिकहकको रुपमा स्वीकार गरे पश्चात विधिवत रुपमा आधुनिक शैलीको सूचनाको हकलाई हामीले भित्राएको मान्न मिल्दछ । २०६४ सालको सूचनाको हक संवन्धी ऐन र २०६५को सूचनाको हक संबन्धी नियमावलीले यसलाई अझ स्पष्ट र कार्यान्वयन गर्न सजिलो बनाएका छन् ।

आजको यो परिस्थितिमा सूचनाको हकको अर्थ , क्षेत्र , अवधारण र यससंग जोडिएका केही सिमित सवालहरुको बारेमा यस लेखमा प्रकाश पारिएको छ। सूचनाको हकको सबै क्षेत्रलाई यसमा समाबेश गरिएको छैन ।

### २ सूचनाको हकको अर्थ

सूचनाको हक भन्नाले सार्वजनिक महत्वको विषयमा नागरिकले सार्वजनिक निकायबाट सूचना माग्ने र पाउने हक सम्झनु पर्दछ । यो हक भित्र व्यक्तिका निजी सूचनाहरु निजले प्राप्त गर्ने र गलत भएमा सच्चाउने हक समेत

समाहित गर्न थालिएको छ। सूचनाको हक परंपरागत नागरिक तथा राजनीतिक अधिकार र आर्थिक , सामाजिक तथा सांस्कृतिक अधिकार भन्दा पनि अझ अगाडि गएर व्यक्तिगत तथा सामूहिक दुवै अधिकार अन्तरगत विकास भएको छ। यसलाई तेस्रो पुस्ताको हकको रुपमा समेत परिभाषित गर्ने गरिएको छ। सूचनाको हकले हकवालालाई सकारात्मक एवं दावी गर्ने अधिकार प्रदान गर्दछ भने सार्वजनिक निकाय उपर सकारात्मक दायित्व (Duty to Supply)श्रृजना गरेको हुन्छ।

सार्वजनिक महत्वको विषयको क्षेत्र पनि अहिले दिन प्रतिदिन फराकिलो बनाइएको छ। यसमा संख्याको होइन विषयबस्तुको औचित्यतालाई समावेश गरिएको छ। सार्वजनिक निकायको परिभाषा पनि अझ विस्त्रित बनाइएको छ। सरकारी र सार्वजनिक कार्यालयका अतिरिक्त सार्वजनिक हितका काम गर्ने , सरकारी खर्चबाट कार्य गर्ने र सार्वजनिक उद्देश्यको लागि कार्य गर्ने निजी क्षेत्रका एजेन्सी एवं कार्यालयहरु पनि यसमा समावेश हुन थालेको छन्। अहिलेको विकास हेर्दा अन्तराष्ट्रिय संघ संस्था समेत यसको क्षेत्राधिकार भित्र पर्न आएका छन्।

सूचनाको हकको अर्थ बुझ्न सूचनाको समेत अर्थ गनुपर्ने हुन्छ। सूचना विधिशाष्त्रको हिसावले कुनै पनि अर्थ निस्कन सक्ने , ब्याख्या गर्न सकिने , बुझ्न र देख्न सकिने लिखित , मौखिक , ध्वनी अंकित , कोडमा भएको वा शब्द अक्षर वा चिन्हमा अभिव्यक्त कुरालाई सूचना भित्र समावेश गर्ने गरिएको छ। यस अर्थमा यो व्यापक पनि छ।

## ३ अवधारणात्मक पक्षहरु

सूचनाको हक नागरिकको हक हो। यो अरु कसैको अधिकार होइन। पत्रकारहरुले सूचनाको हक प्रयोग गर्दा नागरिकको हैसियतमा मात्र प्रयोग गर्न सक्छन् पत्रकारको हैसियतमा होइन। सूचनाको हकको सन्दर्भमा कुरा गर्दा प्रवक्ताको व्यवस्था शुसाशन संवन्धी ऐन २०६४ ले गरेको छ। यसैगरी सो ऐनले नागरिक बडापत्रको समेत ब्यवस्था गरेको छ। यो व्यवस्थाले सूचनाको हकको समर्थन गरेपनि सूचनाको हकको ब्यवस्थालाई छुट्टै रुपमा वुझ्न पर्ने हुन्छ। प्रवक्ता केन्द्रीय तहको मंत्रालयमा वा सचिवालयमा राखिने परम्परा छ जवकि सुचना अधिकारी सबै सार्वजनिक निकायमा आवश्यक हुन्छ। सूचना अधिकारीको दायित्व र कर्तव्य प्रवक्ताको भन्दा बढी महत्वपूर्ण र अनिवार्य (Mandatory) हुन्छ। सुचना दिने तरिका , प्रक्रिया दस्तुर र सुचना नदिदा ब्यहोर्न दायित्व र असरको दृष्टिवाट यी दुइमा धेरै फरक छ। यी दुबैको प्रयोजन पनि एउटै होइन। केही कुरा समान भएपनि धारणा फरक हो।

कतिपय व्यक्तिले सूचना माग्न कारण जनाउन पर्ने(Need to Know) कुराको आधारमा यसको महत्वलाई अवमूल्यन गरेको पाइन्छ। अन्तराष्ट्रिय प्रचलनमा सुचना माग्दा कारण जनाउन आवश्यक हुदैन। नेपाल कानूनले कारण जनाउन पर्ने भनेबाट यस दृष्टिबाट हाम्रो ऐन कमजोर देखिन्छ। ब्यबहारमा अध्ययन प्रयोजन मात्र भने पुग्ने भएकोले कानूनको त्रुटि सचिएको देखिन्छ।

सूचनाको हकको अर्को अवधारणात्मक पक्ष भनेको सूचना नमागी पाउने व्यवस्थाको संवर्धन र संरक्षण गर्नु अर्थात स्वत प्रकाशनलाई (Proactive Disclosure) ध्यान दिनु हो। राज्यका सबै निकायले सूचना व्यवस्थित गरी सबै नागरिकको पहुचमा समयमा नै राख्नु संग यो सबन्धित हुन्छ। कतिपय अवस्थामा कुन सूचना कहाँ पाइन्छ ?नागरिकलाई थाहा हुदैन। तसर्थ स्वतःप्रकाशनलाई बढी महत्व दिइएको हो।यसरी यो अवधारणा ल्याइएको हो। सूचनाको हक संबन्धी ऐनले यस संबन्धमा स्पष्ट ब्यवस्था गरेको छ।

यसैगरी सूचनाको हकको प्रयोग गर्दा सार्वजनिक निकायको अवधारणा बुझ्न जरुरी छ। सार्वजनिक काम गर्ने , सार्वजनिक कोष प्रयोग गर्ने, सार्वजनिक हित र सार्वजनिक उद्देश्यलाई विचार गरी सार्वजनिक निकाय हो होइन भनी निर्धारण गर्नु पर्दछ। नेपालमा गैर सरकारी संस्था , राजनितिक दल र कानूनद्धारा स्थापित निकाय समेत सार्वजनिक निकायमा पर्ने भएकोले सार्वजनिक निकाय र सरकारी निकायलाई फरक पारी हेर्न आबश्यक छ। यो

अधिकार सार्वजनिक निकायका विरुद्ध प्राप्त हुन्छ। सार्वजनिक निकायको परिभाष सूचनाको हक संबन्धी ऐनको दफा २ मा निकै फराकिलो रुपमा गरिएको भए पनि निजी क्षेत्र यसमा समावेश हुने वा नहुने ? भन्ने बारेमा स्पष्टता छैन।

**४.सूचनाको हकको क्षेत्र**

सूचनाको हक वुझ्नको लागि यसको क्षेत्र वुझ्न जरुरी हुन्छ। सुचनाको हकमा न्यूनतम पनि देहाय बमोजिमको कुरा वुझ्न जरुरी हुन्छ ।क)सूचना उपर पहुच (Access to information)

ख)निरीक्षण गर्ने अधिकार( Right to inspection)

ग)भाग लिने अधिकार( Participation in Public Meeting)

सुचनाको हकले व्यापक रुपमा सूचनामा पहुचको हकलाई स्वीकार गर्दछ। सूचनामा पहुच २ किसिमले सुनिश्चित गरिन्छ। पहिलो हो, सुचना नमागीकन स्वफूर्त रुपमा संवन्धित सार्वजनिक निकायले सवैलाई सूचनाका विभिन्न माध्यमहरु द्वाराजानकारी दिने । यसमा नागरिक बडा पत्र , प्रवक्ता ,वेवसाइट , राजपत्र ,मुखपत्र लगायत संचारका विभिन्न साधनद्धारा नागरिकलाई सूसूचित गराउने कुरा पर्दछन्। यस्तो किसिमको सूचनामा पहुचलाई सक्रिय पहुच भनिन्छ। यस्तो पहूचको लागि कुनै दस्तुर तिर्न पर्दैन। आबश्यक परेको ब्यक्तिले सजिलै त्यसको प्रयोग गर्न सक्दछ। राज्य जति प्रजातान्त्रिक छ त्यति नै धेरै सूचना स्वत प्रकाशन(Proactive Disclosure) मार्फत नागरिकले प्राप्त गर्न सक्दछन्। दोश्रो किसिमको पहुचमा सूचना माग गरेपछि संवन्धित सार्वजनिक निकायले निशिचित समयावधि भित्र तोकिएको दस्तुर लिई प्रमाणित प्रतिलिपि नै दिने कुरा पर्दछन्। सूचनाको हक संवन्धी ऐन २०६४ र सूचनाको हक संवन्धी नियमावलीले यस संवन्धमा व्यवस्था गरेका छन्।

सूचनाको हकको अर्को क्षेत्र हो निरिक्षण गर्ने अधिकारको। नागरिकले तिरेको पैसाबाट निर्माण भएका आयोजना, परियोजना वा राष्ट्रको ढिकुटी प्रयोग गरेर प्रदान गर्ने सेवा, सुविधाको स्तर जँाच गर्न पाउने नमुना संकलन गर्न पाउने र सेवा सुविधाको नागरिक मूल्याङ्कन (citizen audit)गर्न पाउने कुरा यसमा पर्दछन्।

सूचनाको हकको अर्को पाटो भनेको सार्वजनिक निकायको नितिगत छलफल हुने स्थानमा नागरिकको सहभागी हुन पाउने अधिकार हो। यस्तो अधिकार दिने कानूनलाई सं. रा. अमेरिकामा sunshine law भनिन्छ। सार्वजनिक सरोकारको क्षेत्रमा काम गर्ने निकायको वार्षिक साधारण सभामा उपस्थित हुने एवं सो वारेमा जानकारी राख्न पाउने कुरा यसमा पर्दछन्। नेपालको सूचनाको हक संवन्धी ऐनमा माथि लेखिएका २ कुरा समावेश गरिएको भएपनि यो पक्षलाई समेटिएको छैन। तेस्रो पक्षको केही पक्षलाई खुला संसद र खुला इजलासको अवधारणाद्धारा भने केही हदमा समेटिएको पाइन्छ। संसदीय समितीमा नागरिक उपस्थितिको धारणालाई यससंग जोड्न सकिन्छ।

**५ सूचनामा पहुचा अपबादहरु**

सूचनाको हक भनेको खुलापन भएपनि नाङो पन होइन । सूचनाको हकले नागरिकलाई असल नागरिक भई असल शासन कायम गर्न चाहिने सूचनाको पहुच प्रत्याभुति गर्ने हो । राज्यको शान्ति ,सुरक्षा सार्वसौभमसत्ता , बैदेशिक संवन्ध , विभिन्न जात जाती , क्षेत्र , संप्रदायको बीचको सुसंबन्धलाई असर पर्ने सूचनालाई नागरिकको पहुच बाहिर राखिन्छ। यसै गरि कानून कार्यान्वयन संग संवन्धित सूचना , मौद्रिक निति एवं वजार ब्यवस्थालाई प्रतिकूल प्रभाव पार्ने सूचना , र व्यक्तिका बैयक्तिक गोपनियताका कुरा , ब्यापारिक गोप्यता बौद्धिक संपत्तिको प्रयोगमा अपनाउन पर्ने गोप्यताका कुराहरुलाई सूचनाको हकको दायरा भन्दा बाहिर पारिन्छ। कतिपय सूचनाहरु निश्चित समयावधि वा निश्चित काम सकिएपछि मात्र पहुचमा आउँछन्। यसको प्रयोजनको लागी

सूचनाको वर्गिकरण जरुरी हुन्छ। कुन सूचना सदैव प्राप्त गर्न सकिन्छ र कुन सूचना कति समय पछि कुन प्रक्रियाबाट प्राप्त गर्ने भन्ने बारेमा बिधायनहरुद्धारा व्यवस्था गर्नू पर्ने हुन्छ। कागजात वा सूचनाको वर्गिकरण गर्ने र निश्चित समयावधि पछि वर्गिकरण खारेज गर्ने (Declassification) व्यवस्था समेत गर्नु पर्ने हुन्छ।

सूचनाको हकको अपबादको ब्याख्या गर्ने सबन्धमा यसको कार्यान्वियन गर्ने निकायलाई पक्षलाई निकै अप्ठेरो पर्ने गरेको देखिन्छ। सूचना दिन पर्ने हो कि नदिन पर्ने हो ? छुट्टयाउन अप्ठेरो पर्ने गरेको देखिन्छ। यस्तो अप्ठेरो परेमा सुचना दिदा पर्ने हानी वा सूचना गोप्य राख्दा हुने फाइदा समेतको आकलन गरी सार्वजनिक निकायले सार्वजनिक हित लाई मापक बनाइ उचित निर्णय लिन आबश्यक मानिन्छ।

## ६ .सूचनाको हकका केही स्थापित सिद्धान्तहरु

- सूचनाको हकको मुख्य सिद्धान्तमा अधिकतम खुलापन र प्रकाशन हो। सूचना दिनु नियम हो भने नदिनु अपबाद राष्टको नभइनहुने गोप्यताका कुरा र ब्यक्तिका अत्यन्त नीजी कुरा(compelling national and private interest) दिन मिल्दैन। स्पष्टसंग कानूनले बन्देज लगाएका कुराहरु समेत सार्वजनिक महत्व र सार्वजनिक हितका हिसाबले दिन नमिल्ने बाहेक सबै सूचना दिनु पर्दछ भन्ने यसको मान्यता हो।
- हरेक सार्वजनिक निकायमा रहेका सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने अर्को मान्यता हो। आवधिक रुपमा सूचना अद्यावधिक गरी प्रकाशन गर्नु पर्दछ।
- सूचनाको हकको मुख्य उद्देश्य खुला र पारदर्शी सरकार हो। उत्तरदायी एवं पारदर्शी सरकारले मात्र असल शासन कायम राख्न सक्दछ भन्ने मान्यताका यो आधारित भएकोले सवै कानूनको पुनरावलोकन गरी सूचना मैत्री बनाउन पर्ने यसको अर्को सिद्धान्त हो।
- सूचना दिन नमिल्ने अपबादहरु थोरै हुन पर्दछ। अपबाद धेरै भएमा सूचनाको हकको मर्म पर्दछ। सार्वजनिक हितको लागि मात्र सूचना गोप्य राख्न पर्दछ चाहे त्यो निजी नै सूचना किन नहोस्।
- सूचनाको हक संवन्धी कानूनको ब्याख्या गर्दा २ वटा ब्याख्या भएमा सूचना दिने व्याख्या गर्नु पर्दछ। आफूसंग नभएको सूचना माग भएमा सूचना भएको निकायमा अनुरोध पठाइ दिन पर्दछ भन्ने यसको मान्यता हो। सार्वजनिक निकाय सूचना दिन बढी सक्रिय र सहयोगी हुन पर्दछ भन्ने मान्यता छ।
- सूचनाको हकको मुख्य सिद्धान्त सजिलोसंग सूचना दिने भएकोले यसमा दस्तुर लिदा लागत भन्दा बढी लिन मिल्दैन। नेपालमा अहिले साइजको १० पृष्ठसम्मको सूचना निशुल्क पाइन्छ। १० पृष्ट भन्दा बढी को प्रत्येक पृष्ठको ५ रुपैया दस्तुर लाग्दछ। निरीक्षणको लागि प्रति घण्टा ५० रुपैया र डिजिटल लिखतको प्रतिलिखत रेकर्ड रु ५० लाग्दछ। यो समसामयिक नै देखिन्छ।
- सूचनाको हकको लागि स्वत प्रकाशनको दायरा बढाई सूचना माग्नेको क्षमता र शशक्तिकरण सूचना दिनेको संगठनात्मक क्षमता एवं उचित शीप , स्रोत र साधनको ब्यवस्था गर्न जरुरी छ। सूचनाको हक कार्यान्वयन गर्ने संयन्त्र स्वतन्त्र ,निष्पक्ष एवं सक्षम हुन पर्दछ। कार्यकारिणीको प्रभाव र दवाव हुन हुँदैन। यथेष्ट बजेटको ब्यवस्था समेत गर्नु पर्दछ।
- प्रत्येक सार्वजनिक निकायको आफ्नो सूचना नीति बन्नु पर्दछ र सो नीति सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्दछ।
- सार्वजनिक निकायमा भएको अनियमितता , भ्रष्टचार र गैरकानुनी कार्यलाई बाहिर प्रकाशमा ल्याउने संगठन भित्रको सूचनादाताको संरक्षण गर्ने कानून बनाउन जरुरी हुन्छ। यसलाई अन्तराष्ट्रिय रुपमा

whistlebirwer law भन्ने गरिन्छ।

- गोपनियताको हक, राष्ट्रिय सुरक्षा संवन्धी कानून, सार्वजनिक अभिलेख संबन्धी कानून, कागजातको वर्गिकरण संबन्धी ऐन स्पष्ट रुपमा बनाई तिनको क्षेत्राधिकारको सुनिश्चिती गर्न सक्नु पर्दछ।

**७ अन्तमा**

सूचनाको हकलाई ब्यक्तिको जीविकासंग जोडी शिक्षा , संर्बद्धि शशक्तिकरण र रोजगारीका दृष्टिबाट प्रयोग गर्न सकेमा प्रतिस्पर्धि प्रजातान्त्रिक ब्यवस्था सहजै स्थापना र कार्यान्वर्यन हुन सक्दछ। जिम्मेवार सरकार, रचनात्मक प्रतिपक्ष र शुशासन प्रेमी उत्तरदायी नागरिक समाजको निर्माणमा यो हकको अतुलनीय योगदान रहन सक्छ। सार्वजनिक निकायको जवाफदेहितामा यसले सकारात्मक प्रभाव पारी असल नागरिकद्धारा निर्वाचित असल सरकारको माध्यमबाट सर्वोपरि बिकासमा यसले खेल्न सक्ने भूमिकालाई मनन गर्न पर्ने बेला आइसकेको छ।

*(लेखक : अधिवक्ता एवम् सर्वोच्च अदालतका पूर्व रजिष्टार हुनुहुन्छ।)*

# बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग : एक परिचय

**लोकेन्द्र मल्लिक**

**विषय प्रवेश :**

नेपालमा राज्य पक्ष र तत्कालिन ने.क.पा. (माओवादी) विच २०५२ साल फाल्गुण १ गते देखि २०६३ साल मंसिर ५ गते सम्म भएको सशस्त्र द्वन्द्वको समाप्ति दद्रई पक्ष विच २०६३ साल मंसिर ५ गते सम्पन्न "विस्तुत शान्ति सम्झौता"बाट भयो ।

सशस्त्र द्वन्द्वको समाप्ति पश्चात पनि द्वन्द्वका घाउ पद्ररिएका थिएनन् । देशमा दिगो शान्तिका लागि शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पद्र्याउन आवश्यक थियो । यसको लागि संक्रमणकालिन न्यायको सिद्धान्त अनद्रसार स्वतन्त्र, निष्पक्ष, खद्रल्ला र पारदर्शी छानविन आयोगको आवश्यकता थियो । आयोग गठनका लागि सशस्त्र द्वन्द्वमा सम्मिलित पक्षहरु, पीडित परिवारहरु, मानव अधिकारकर्मीहरु, नागरिक समाज सहित पीडितको पक्षमा आवाज उठाउने अन्य संस्थाहरु सक्रिय रुपमा लागि परे । फलस्वरुप विस्तद्रत शान्ति सम्झौता सम्पन्न भएको करिब ८ वर्षपछि २०७१ साल वैशाख २८ गते बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ आयो ।

ऐन आएपछि सरकारले आयोग गठनको प्रक्रिया अगाडि बढायो । यसको लागि ऐनको दफा ३ बमोजिम पूर्व प्रधान न्यायाधीश श्री ओमभक्त श्रेष्ठको अध्यक्षतामा ५ सदस्यीय सिफारिस समिति गठन भयो र उक्त समितिको सिफारिस बमोजिम नेपाल सरकारको २०७१ साल माघ २७ गतेको निर्णय बमोजिम २०७१ साल माघ २८ गते ५ सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग ९ऋयmmष्कक्ष्यल या ष्लखभकतष्नबतष्यल यल भ्लायचअभम म्ष्कबउउभबचभम एभचकयल० गठन भयो ।

द्वन्द्वको क्रममा भएका मानव अधिकार र मानवीय कानूनको गम्भिर उल्लंघनलाई सम्बोधन गदै कानूनको शासन स्थापना गर्ने कार्यलाई संक्रमणकालिन न्याय भनिन्छ । संक्रमणकालिन न्यायले द्वन्द्वको घाउलाई निको पार्ने कार्य गनर्द्रको साथै शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पद्र्याई देशमा दिगो शान्ति स्थापना गर्ने कार्यमा मद्दत पद्र्याउछ ।

यो आयोगलाई सम्बन्धित कानूनले स्वतन्त्र, निष्पक्ष, खद्रल्ला र पारदर्शी बनाउनद्रको साथै यो आयोगले पीडकलाई क्षमादानको सिफारिस गर्न वा मेलमिलाप गराउन सक्दैन । त्यसै कारणले यस आयोगलाई पीडित मैत्री आयोगको रुपमा लिइएको छ । बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा छानविन गर्न गठन भएको यो पहिलो र अन्तिम आयोग हो ।

**आयोगका सीमा :**

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २ को उपदफा (ञ)(३) ले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमद्रदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएका व्यक्ति बेपत्ता पार्ने कार्यलाई मानव अधिकारको गम्भीर उल्लंघनको अपराधको रुपमा परिभाषित गरेकोले व्यक्ति बेपत्ता पार्ने कार्यलाई यस आयोगले छानविन गर्न पाउने गरी यस आयोगको सीमा निर्धारण गरेको छ ।

**आयोगको काम :**

यो आयोग संक्रमणकालिन न्यायलाई सम्बोधन गर्न गठन भएकोले यसले समान्यतः देहाय बमोजिको काम गर्ने जिम्मेवारी पाएको छ ।

(क) सत्यको खोजी (Truth Seeking)

(ख) अभियोजन (Peosecutions)

(ग) पीडितलाई परिपूरण (Reparation to victim)

(घ) संस्थागत सुधार (Institutional Reform)

क) सत्यको खोजी : सर्वप्रथम बेपत्ता पारिएका व्यक्तिको वर्तमान अवस्था के हो ? निज जिवित छन् वा निजको हत्या भैसकेको हो ? निजलाई बेपत्ता पार्ने कार्यमा को-को संलग्न थिए ? यी सबै विषयहरुको गहिरो अनुसन्धान, अन्वेषण गरी सत्यको खोजी गर्ने जिम्मेवारी यस आयोगको हो । यी कार्यहरु तीन चरणमा सम्पन्न गर्नुपर्ने हुन्छ :-

१) **प्रारम्भिक कारबाही** :– पहिलो चरणको कार्य भित्र आयोगमा उजूरी प्राप्त भएपछि प्राप्त उजूरीहरु उपर प्रारम्भिक जाँचबुझ गरिन्छ । सो चरणमा देहायको अवस्थाका उजूरी वा जानकारीलाई तामेलीमा राख्ने कार्य गरिन्छ ।

- ❖ सशस्त्र द्वन्द्वको अवधि बाहेकका उजूरी,
- ❖ सशस्त्र द्वन्द्वसँग असम्बन्धित उजूरी,
- ❖ आयोगको अधिकारक्षेत्र भित्र नपरेका उजूरी,
- ❖ उजूरी गर्न दिएको म्याद समाप्त भएपछि प्राप्त भएका उजूरी,
- ❖ प्रथम दृष्टिमै तथ्य तथा प्रमाणको अभाव देखिएको वा अस्पष्ट उजूरी,
- ❖ आयोगबाट तामेलीमा रही सकेको उजूरीको विषयमा नयाँ प्रमाण पेश नगरी पुनः सोही विषयमा दिएको उजूरी,
- ❖ वेनामी उजूरी ।

आयोगबाट कुनै उजूरीको वा जानकारी तामेलीमा राख्ने निर्णय भएमा आयोगले उजूरी साथ प्राप्त सक्कल कागजात सहित सम्बन्धित व्यक्तिलाई सो को जानकारी दिनुपर्छ ।

२) **प्रारम्भिक छानविन** :– दोस्रो चरणमा आयोगमा दर्ता भएको वा तामेलीमा राखिएका बाहेकका उजूरी वा जानकारीका सम्बन्धमा आयोगले कुनै सदस्यबाट वा ऐन बमोजिम उपसमिति वा कार्यटोली गठन गरी प्रारम्भिक छानविन गर्न गराउनु पर्छ ।

३) **विस्तुत छानविन** :– अनुसन्धानको तेस्रो चरणमा प्राप्त प्रतिवेदन, उजूरी वा जानकारीको गाम्भीर्यताको आधारमा विस्तुत छानविन गर्नुपर्छ । यस भित्र देहायका कार्यहरु पर्न सक्छ ।

- ❖ एण्टीमोर्टम (ANTEMORTEM) डाटा संकलन,
- ❖ पीडितको बयान,
- ❖ आरोपितको बयान,
- ❖ साक्षी वा जानकार व्यक्तिलाई बयान वा सोधपुछ गर्ने,
- ❖ शव उत्खनन,
- ❖ डि.एन.ए परीक्षण,
- ❖ अन्य प्रमाण संकलन,
- ❖ प्राप्त प्रमाणहरुको परीक्षण, विश्लेषण आदि ।

विस्तुत छानविनको क्रममा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई गर्न सकिन्छ । उजूरी लिने र अनुसन्धानको क्रममा पीडितलाई सकभर मनो-सामाजिक परामर्श उपलब्ध गराउनु पर्दछ ।

ख) अभियोजन :- उजूरी वा जानकारीको विस्तृत छानविन गरी सकेपछि आयोगले व्यक्ति बेपत्ता पार्ने कार्यमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन महान्यायधिवक्ता समक्ष लेखी पठाउनु पर्छ ।

ग) पीडितलाई परिपूरण :- परिपूरणको सिफारिस गर्नुपर्ने पीडितको पहिचान भै सकेपछि सर्वप्रथम निजहरुलाई आयोगले परिचय-पत्र प्रदान गर्नु पर्ने हुन्छ । परिपूरणको सिफारिस गर्नु अघि निजको इच्छा वा माग अनिवार्य रुपमा बुझ्नु पर्ने हुन्छ र सोही प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नुपर्छ ।

परिपूरणको सिफारिस सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ मा निम्न व्यवस्था भएको पाइन्छ ।

१) क्षतिपूर्ति : पीडितलाई पर्न गएको हानी नोक्सानीको गाम्भीर्यतालाई समेत दृष्टिगत गरी तीन लाख रुपैया सम्म क्षतिपूर्ति उपलब्ध गराउने ।

२) सुविधा तथा सहुलियत : पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा तथा सहुलियत उपलब्ध गराउने :-

- ❖ अध्ययन गर्न चाहनेलाई स्नातक तह सम्म निःशुल्क शिक्षा वा निजको योग्यता तथा इच्छा अनुसारको सीपमूलक तालिम,
- ❖ कुनै व्यापार वा व्यवसाय गर्न चाहने बेरोजगार पीडितलाई पाँच लाख रुपैयाँसम्म विना व्याज वा सहुलियत व्याजको ऋण सुविधा,
- ❖ नेपाल भित्र बसोबासको व्यवस्था नभएका पीडितको हकमा पाँच लाख रुपैयाँसम्मको बसोबासको व्यवस्था,
- ❖ शारीरिक रुपले कमजोर भएका पीडितलाई एक लाख रुपैयाँसम्म सरकारी स्वास्थ्य संस्थाबाट स्वास्थ्योपचार,
- ❖ आयोगले उपयुक्त सम्झेका अन्य सुविधा वा सहुलियत,

**घ**) **संस्थागत सुधार** :– आयोगले आफूलाई सुम्पिएका विषयहरुको छानविन गरी सकेपछि देहायका कुराहरु खुलाई नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नुपर्छ :-

- ❖ छानविन गरिएका र तामेलीमा राखिएका उजूरी सम्बन्धी विवरण,
- ❖ छानविनबाट पत्ता लागेको वास्तविक सत्य तथ्य सम्बन्धी विवरण,
- ❖ ऐनको दफा २३ बमोजिम नेपाल सरकार समक्ष सिफारिस गरेको विषय,
- ❖ सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनको लागि गरि नद्रपर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सद्रधारका विवरण,
- ❖ मानव अधिकारको प्रबर्द्धन, न्याय प्रणालीको सुदृढिकरण तथा समाजमा मेलमिलापको वातावरण सृजना गर्ने सम्बन्धमा नेपाल सरकारले तत्काल तथा भविष्यमा अवलम्वन गर्नुपर्ने कुराहरु,
- ❖ आयोगले उपयुक्त सम्झेका अन्य कुराहरु ।

आयोगलाई दिइएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नको लागि उपरोक्त विषयमा विज्ञ र विशेषज्ञको सेवा लिन आवश्यक हुन्छ ।

**महिला मैत्री आयोग :**

महिलाको उजूरी लिने, बयान, सोधपुछ गर्ने कार्यको लागि उपलब्ध भए सम्म महिला कर्मचारी मार्फत सो कार्य गराउने व्यवस्था आयोगको नियमावलीमा गरिएको छ।

**प्रतिवेदन कार्यान्वयनको जिम्मेवारी :**

आयोगले दिने प्रतिवेदनमा उल्लेखित सिफारिसहरु कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी मन्त्रालयको हुने ऐनको दफा २८ मा उल्लेख छ।

**प्रतिवेदन अनुगमनको जिम्मेवारी :**

जाँचबुझ ऐन अर्न्तगत गठित अन्य आयोगहरुको प्रतिवेदन नेपाल सरकालाई बुझाई सकेपछि अरु कुनै निकायले अनुगमन गर्न पाउने व्यवस्था छैन तर यस आयोगले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझाई सकेपछि प्रतिवेदन कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने अधिकार ऐनले नै राष्ट्रिय मानव अधिकार आयोगलाई दिएकोले प्रतिवेदन कार्यान्वयनमा ढिलाई हुने अवस्था छैन।

**प्रतिवेदन संसदमा पेश गर्नुपर्ने व्यवस्था :**

आयोगले नेपाल सरकारलाई बुझाउने प्रतिवेदन ऐनको दफा २७(३) बमोजिम नेपाल सरकारले तीस दिन भित्र व्यवस्थापिका संसद समक्ष पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएकोले आयोगको प्रतिवेदन गोप्य रहने अवस्था छैन।

**अवहेलनामा कारवाही गर्न सक्ने :**

आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ। यसरी कारवाही चलाउन आयोगले आफ्नो अवहेलना भएको ठहऱ्याएमा पन्ध्र हजार रुपैयाँसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

**आयोगको कार्यावधि :**

आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुने व्यवस्था छ। तर सो अवधि भित्र काम सम्पन्न गर्न नसकेको कारण समेत खुलाई आयोगले थप म्याद माग गरेमा नेपाल सरकारले आयोगको कार्यावधि १ वर्ष सम्मको लागि थप गर्न सक्नेछ।

**आयोगका चुनौतीहरु :**

१) पीडक उपर मुद्दा चलाउन व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) ऐनको अभाव,
२) परिपूरण सम्बन्धमा ऐनमा भएका व्यवस्थाहरु परिमार्जन गर्नुपर्ने,
३) बेपत्ता पारिएका व्यक्तिको कानूनी हैसियत सम्बन्धमा कानूनको अभाव,
४) जनशक्तिको अभाव,
५) विशेषज्ञ र वैज्ञानिक साधनको प्रयोग सम्बन्धी समस्याहरु,
६) समयावधिको सिमितता।

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग सशस्त्र द्वन्द्वको अवस्थामा भएका मानव अधिकारको गम्भिर उल्लघंनको घटनालाई सम्बोधन गरी दण्डहिनताको अन्त्य, देशका कानूनको शासन र दिगो शान्ति स्थापना गर्ने उद्देश्यले गठन भएकोले सरकार, पीडित पक्ष, राजनैतिक दलहरु, नागरिक समाज, मानव अधिकारकर्मी एवम् पीडितको पक्षमा काम गर्ने सबै गैरसरकारी संस्थाको सक्रिय सहयोग प्राप्त भएमा यो आयोग निश्चित रुपमा आफ्नो उद्देश्य पद्ररा गर्न सफल हद्रनेछ ।

*(लेखक : बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका अध्यक्ष हुनुहुन्छ ।)*


**सन्दर्भ सामाग्री** :

- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२

# बेपत्ताको पीडा



विजुल वि.क. दुलाल

वेपत्ता भन्ने वित्तिकै १० वर्षे शसस्त्र द्वन्द्वकालमा वलपूर्वक घरवाट होस वा परवाट होस, राज्य पक्षका फौजद्वारा होस वा विद्रोही पक्षका लडाकूद्वारा होस, वेपत्ता पार्ने कार्य गरी हालसम्म न लाश, न सास केही फेला नपरेको अवस्थालाई सामन्यतया "बेपत्ता पारिएको" भन्ने वुझिन्छ। ऐनमा व्यवस्था भए अनुसार शसस्त्रद्वन्द्व कालमा अर्थात २०५२ फागुन १ गते देखि २०६३ साल मंसिर ५ गते सम्मका घटनाहरुलाई मात्र सम्झनु पर्दछ। त्यस समय सीमामा बलपूर्वक बेपत्ता पारिएकाहरुको संख्या करिव १५३० देखिन्छ। तर अवको उजुरी दर्ताको अन्तिम दिनसम्म यो सँख्या वढन पनि सक्दछ, घटन पनि सक्दछ। संख्या वढन सक्ने आधारहरु यसर्थ देखिन्छ कि घरको मूलीलाई राज्य पक्ष वा विद्रोही पक्षले बलपूर्वक बेपत्ता पारे त्यसको जानकारी दुवै पक्षलाई दिन जाँदा वा कुनै एकलाई मात्र पनि दिन जाँदा घरको अर्को व्यक्ति पनि वेपत्ता हुने प्रवल संभावना भएका कारण डर, त्रास र भयवितताका कारण निवेदन, उजुरी वा जानकारी नगराई कतिले हालसम्म पनि त्यसै वसेको अवस्था देखिन्छ। हाल आयोग गठन भए पछि मात्र दर्ता गराउन सक्रिय रहेको अवस्थाका कारण संख्या वढन सक्दछ कि भन्ने अनुमान गर्न सकिन्छ।

संख्या घट्न सक्ने आधारहरु यसर्थ देखिन्छ कि उजुरी दर्ताको लागि आयोगले सूचना जारी गरेको छ। हाल सम्म वेपत्ता व्यक्ति (१०-१५ वर्ष देखि) लाई पत्ता लगाउन सक्ने अवस्था न्यून रहेको, पिडकले थप पीडा दिन सक्छ कि भन्ने आशंकाका कारण उजुरी दिन नआउन पनि सक्ने अवस्था देखिन्छ। आयोग गठन हुनुभन्दा पहिले, राज्य पक्षका बेपत्ता भएमा, विद्रोही पक्षले सहमति दिएमा मात्र स्थानीय शान्ति समिति र जिल्ला प्रशासन कार्यालयले नाम दर्ता गर्ने। त्यसैगरी विद्रोही पक्षका बेपत्ता भएमा राज्य पक्षकाले सहमति दिएमा मात्र नाम दर्ता हुने आदि केही जटिल कारणले पनि संख्या घटन सक्ने अवस्था देखिन्छ। तर पनि विभिन्न जिल्लाहरुमा उजुरी दर्ताको अवस्था उत्साहजनक रहेको कारण संख्या वढन सक्ने देखिन्छ। यो अवस्था आयोग प्रति सरोकारवाला, पिडितहरु र सर्वसाधारण सवैको विश्वास देखिन्छ। मृत्युको पीडा भन्दा बेपत्ताको पीडा अझ वढी चिन्ताजनक र दुःखदायी देखिन्छ। यस्को अर्थ मृत्युवाला परिवारजनलाई पीडा र दुःख नभएको भन्न विल्कुल खोजिएको हैन। कुनै पनि राम्रो वा नराम्रो कुराको निर्णय वा छिनोफानो भए त्यसले आफ्नो प्रकारको आधार लिन्छ तर अनिर्णयको वन्दि हुँदा पीडा वोध वढी हुने गर्दछ यो यथार्थ हो। वेपत्ताको अवस्था त्यही देखिन्छ। मृत्यु भएको हो भने लास वा अस्थिपंजर परिवारले देख्न पाउनु पऱ्यो। त्यो देख्न पाएको छैन। जिउदो अवस्था छ भने आज सम्म (१० वर्ष, १५,२० वर्ष सम्म) घरमा फर्कि आएको स्थिति छैन। मृत्युमा दर्ता भएकाहरुले सरकारवाट राहत पाएको स्थिति छ। बेपत्तावालाहरुले राहत समयमा नपाई केहि पछि मात्र राहत पाउदा त्यो वीचको अन्तरालमा धेरैजसो वेपत्ता परिवारले बाध्यतावस मृत्युमा नाम दर्ता गरि राहत वुझेको स्थिति छ।

दुवै पक्षका फौजीहरु मार्ने र मर्ने कुराको शपथ लिई आ-आफ्ना कार्यक्षेत्र (कुरुक्षेत्र) मा उत्रेका हुन्छन्। दोहोरो भिडन्त हुन्छ। एकातर्फ ३५ जना र अर्कोतर्फ १० जना मानौ हताहत होलान्। उनीहरुको लाश घरमा ल्याई रातीराती गर्दा अर्का पक्षले थाहा पाई फेरी घरमै अर्को दुर्घटना हुन सक्ने सम्भावनाका कारण आ-आफ्ना फौजद्वारा नै शवको व्यवस्थापन गर्ने पनि गरिन्छ। मृत्यु भएका अभिभावकहरुको भनाई रहन्छ कि छोरा यो फौजी लाइनमा नजाउ

अव छोडीदेउ भनेर वारम्वार भनियो तर छोराले मानेन आज यो दशा आई लाग्यो भन्दै रुदै गर्ने गरिएको पाइन्छ। परिवारलाई पीडा, चिन्ता र रुवावासी खपिनसक्नु हुन्छ। छोरा फर्केर आउदैन भन्ने ग्यारेन्टी भयो। अर्को तर्फ दुवै पक्ष (राज्य र विद्रोही) संग अर्थात त्यो सशस्त्र द्वन्द्व संग कुनै सरोकार नराख्ने स्वतन्त्र हलो जोत्दै गरेको त्रषित किसान वा गाउँको घरमा लुगा सिलाई रहेको मजदुरलाई बलपुर्वक घरवाट वेपत्ता पारि हाल (१८ वर्ष देखि) सम्म न लास, न सासको स्थितिमा पारिएको छ। मृतकवाला परिवारजनको भन्दा बलपुर्वक वेपत्ता पारिएका परिवाजनको पीडा अझ वढी चिन्ताग्रस्त, पीडादायक प्रत्येक रात, प्रत्येक दिन र पलमा भई रहने हुँदो रहेछ। कहिल कतैवाट रातमा होस वा दिनमा टुप्लुक्क आई हाल्छ कि भन्ने आसै आशमा जीवन चिन्तित भईरहने हुँदो रहेछ। भरी पेट खाएको जस्तो नहुने, भरि निन्द्रा लागेको जस्तो नहुने र भनि खुसि र हासो नलागेको जस्तो हुने, यो जस्तो जिन्दगी जिन्दगी नै होइन जस्तो हुने। रातमा कुकुर भुक्दा पनि आए कि जस्तो लाग्ने, ढोका ढकढकाएको आवाज जस्तो सुनिने, झ्यालवाट चियाएर हेरिरहेका हुन कि जस्तो हुने तर त्यो कहिलै वास्तविकतामा परिणत नहुने। दाङ्ग जिल्लाको फुलवारी गा.वि.स.मा १२ वर्ष पछि बेपत्ता पारिएका एक जना व्यक्ति फर्के घरमा टुप्लुक्क आएको सत्य घटनाले हजारौ बेपत्ता परिवारजन अझ वढी आशामा परिणत भएका छन् कि कतै मेरा श्रीमान पनि यसै गरि फर्केर आउछन कि।

मृत्यु भए पीडाका घाउहरु पुरिदै जाने हुन्छ तर बेपत्ताका घाउ सधै उस्ते (ताजै) भैरहने हुदो रहेछ। मृतकका नाममा रहेका जग्गा, घर घडेरी, वैंक व्यालेन्स वा अन्य सम्पत्ती श्रीमती, छोराछोरीका नाममा नामसारी हुने व्यवस्था कानुनमा छ तर बेपत्ताका नाममा रहेका चल अचल सम्पत्ती श्रीमती र छोराछोरीका नाममा नामसारिको कानूनी व्यवस्था छैन। जसका कारण घर चलाउन निकै समस्या परेको छ। आफ्नै सम्पत्ती पनि सदुपयोग गर्न नपाई भोकै वस्नुपर्ने स्थिति छ। त्यसैले वाध्यतावस मृत्युमा दर्ता गरि समस्याको गाठो फुकाउने काम भएको छ। १२ वर्ष सम्म हराएको व्यक्ति नफर्केमा मृत्यु घोषणा गर्न सक्ने कानूनी व्यवस्था छ।

द्वन्द्वमा वढी प्रभावित जिल्लाहरुको भ्रमण गर्दा, त्यहाँका द्वन्द्वपीडितहरु र सरोकारवालाहरु (मानव अधिकारवादी, नागरिक समाज, स्थानीय शान्ति समिति, पत्रकार आदि) सवै संग अन्तरकृया, गोष्ठी, अनुगमन आदिवाट के स्पष्ट देखिन्छ भने मृतकका परिवारजन भन्दा वेपत्ताका परिवारजन वढी पिडादायक जीवन गुजारीरहेका छन्। यदि जिउँदो अवस्था छैन भने, छैन नै भनि दिए धार्मिक वाटो, कानूनी पाटो, आर्थिक पाटो सवैखाले पाटोको व्यवस्थापन हुने थियो भन्ने सम्मका कुराहरु घुमाउरो तरिकाले भन्ने गरेको पाइन्छ।

बलपुर्वक बेपत्ता पार्ने काम विद्रोही पक्ष भन्दा राज्यपक्षवाट वढी भएको तथ्याङ्कले वताउछ। सवै भन्दा वढी बेपत्ता पारिएको जिल्ला वर्दिया (२६६ भन्दा वढी) हो। दोश्रो र तेश्रो जिल्लामा बाँके (१२१ भन्दा वढी) र दाङ्ग (११३ भन्दा वढी) छन् त्यसै गरि बेपत्ता नभएका जिल्लामा पहिलो मनाङ्ग छ। दोश्रो र तेश्रोमा नभएका वा कम भएकामा मुस्ताङ्ग र वाजुरा जिल्लाहरु पर्दछन्।

शान्ति प्रकृयाको अन्तिम पाटोका रुपमा रहेको दुई आयोगहरु बेपत्ता पारिएका व्यक्ति छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग हुन्। यी दुवै आयोग ज्यादै जिम्मेवार ढंगले स्वतन्त्र र निष्पक्ष रुपले काम गर्दै आईरहेको अवस्था छ। आयोगको ऐन र नियमावली अनुसार नै आयोगले काम गर्दैछ। विभिन्न व्यक्तिहरुका मौसम अनुसारका बोली र भाषणले आयोगका काम कारवाहीमा प्रभाव पर्ने छैन।

संक्रमणकालिन न्यायको सिद्धान्त र यसका अन्तराष्ट्रिय मुल्यमान्यता र हाम्रो वस्तुस्थिति सवैपक्षलाई मध्यनजर राखि शसस्त्र द्वन्द्व, शान्ति प्रक्रिया, मेलमिलाप जस्ता कुराहरुको सम्वन्ध स्थापित गर्न आवश्यक पर्छ वा द्वन्द्वकालिन समयमा भएका कसुरहरुको सम्वन्धमा दण्डहिनता अन्त्य गर्न, दोषीलाई कारवाही गर्न, पीडितलाई न्याय र परिपूरण प्रदान गर्न तथा दिगो शान्ति स्थापना गर्न आयोगहरु कटिवद्ध भएर अगाडी वढने छन्।

आयोगका मुख्य कार्यहरु :–

- मानव अधिकारको गम्भिर उलंघन सम्वन्धि घटनाको छानविन, सत्य अन्वेषण गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने ।
- पीडित तथा पीडकको यकिन गर्ने ।
- पीडक र पीडित वीच मेलमिलाप गराउन पहल गर्ने ।
- परिपूरणको सम्वन्धमा सिफारिस गर्ने ।
- पीडकलाई कारवाहीको लागि सिफारिस गर्ने
- परिचयपत्र उपलव्ध गराउने आदि जस्ता कामहरु आयोगको काम, कर्तव्य र अधिकार भित्र पर्दछन् ।

*(लेखकः बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सदस्य हुनुहन्छ ।)*

# बेपत्ता पार्ने कार्य र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको परिचय

**महेश शर्मा पौडेल**

(१) **बिषय प्रवेश**

व्यक्ति बेपत्ता पार्ने कार्य गंभीर मानव अधिकारको उल्लंघन र व्यक्तिको स्वतन्त्रताको हक विरुद्धको एक गम्भीर कसुर हो। व्यक्तिलाई बेपत्ता पार्ने अवैध र व्यक्तिविरुद्धको पीडादायी कार्य हो। मानवअधिकारको विषयवस्तुको रूपमा रहेकोले व्यक्ति बेपत्ता पार्ने कार्यलाई विभिन्न मानवअधिकार सम्बन्धी कानूनी सरचनाहरूले निषेध गर्ने वा सो कार्य निषेध गर्ने राष्ट्रिय कानून निर्माण गर्नुपर्ने दायित्व पक्षराज्यउपर सिर्जना गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। जबरजस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षण गर्ने अन्तर्राष्ट्रिय महासन्धिले कसैलाई पनि जबर्जस्ती बेपत्ताको भागीदार बनाइनेछैन भन्ने व्यवस्था र युद्धको अवस्था वा युद्धको खतरा, आन्तरिक राननीतिक अस्थिरता वा अन्य सार्वजनिक सङ्कट जेसुकै कारणले भए पनि कुनै अपवादजनक परिस्थितिलाई जबरजस्ती बेपत्ताको पुस्ट्याइँका रूपमा याचना गर्न सकिने छैन भन्ने व्यवस्था गरिएको छ। नेपालमा २०५२ साल फाल्गुण १ देखि २०६३ मार्गसम्म भएको सशस्त्र द्वन्दका क्रममा थुप्रै मानव अधिकारको उल्लंघन भयो। त्यसमध्ये व्यक्ति बलपूर्वक बेपत्ता पार्ने कार्य पनि भए जुन गंभीर मानव अधिकारको उल्लंघन हो।

नेपालमा २०५२ सालदेखि २०६३ सालसम्म भएको सशस्त्र द्वन्दलाई समाप्त गरी मुलुकमा दिगो शान्ति कायम गर्ने उद्देश्यले तत्कालीन नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच मिति २०६३ साल मंसिर ५ मा सम्पन्न विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय आयोगको गठन गर्ने कुरा उल्लेख भएको, यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित छानविन आयोगको प्रतिवेदनको आधारमा पीडित परिवारहरुको पहिचान तथा उनीहरुलाई राहत उपलव्ध गराउने कुरा उल्लेख छ। विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारीभई मिति २०७१ साल माघ २८ गते अध्यक्षसहित पाँच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ। प्रस्तुत लेखमा व्यक्ति बेपत्ता पार्ने कार्यको परिचय, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन र यसले सम्पादन गर्ने काम लगायतका बिषयमा सामान्य जानकारी दिने प्रयत्न गरिएको छ।

(२) **बेपत्ता पार्ने कार्यको परिभाषा**

राज्यका विभिन्न तहका अधिकारी वा संगठित समूह वा राज्यका अधिकारी वा राज्यको सहयोग प्रत्यक्ष वा अप्रत्यक्ष सहमति वा स्वीकृतिमा व्यक्तिको इच्छा बिपरित पक्राउ गर्ने, थुन्ने, अपहरण गर्ने वा अन्य कुनै तरिका अपनाई

स्वतन्त्रताबाट बन्चित गर्ने, स्वतन्त्रताबाट बन्चित गरेको कुरा इन्कार गर्ने, बेपत्ता पारिएको व्यक्ति कहाँ छ भन्ने कुरा लुकाउने कार्य गरी त्यस्तो व्यक्तिलाई कानुनी संरक्षणबाट बाहेक गरिएको हुन्छ भनी बलपूर्बक बेपत्ता पारिएका व्यक्ति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा परिभाषित गरिएको छ।[१] यसरी नै बलपूर्बक बेपत्ता भन्नाले राज्यका अधिकारी वा राज्यको सहमति, सहयोग वा स्वीकृतिमा काम गर्ने व्यक्ति वा समूहले पक्राउ गर्ने, थुन्ने, अपहरण गर्ने वा अन्य कुनै तरिका अपनाई स्वतन्त्रताबाट बन्चितगर्ने, स्वतन्त्रताबाट बन्चित गरेको कुरा इन्कार गर्ने, बेपत्ता पारिएको व्यक्तिकहाँ छ भन्ने कुरा लुकाउने कार्य गरी त्यस्तो व्यक्तिलाई कानुनी संरक्षणबाट बाहेक गरिएको हुन्छ भनी बलपूर्बक बेपत्ता पारिएका सबै व्यक्तिको संरक्षण सम्बन्धी अन्तराष्ट्रिय महासन्धिमा परिभाषा गरिएको छ।[२]

संयुक्त राष्ट्र संघीय महासभाले २० डिसेम्बर २००६ मा जारी जवर्जस्ती बेपत्ताबाट सबै ब्यक्तिलाई संरक्षण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले राज्य पक्षहरूद्धारा ब्यक्तिलाई जबर्जस्ती बेपत्ता नगराइने कुराको प्रत्याभूति गर्नका लागि राज्यलाई निम्न लिखित दायित्व तोकेको छ।

- कसैलाई पनि जवरजस्ती बेपत्ता नगराईने र गोप्य थुनामा नराखीने ,
- जवरजस्ती बेपत्ताको कार्यलाई कानूनद्धारा फौज्दारी कसूर कायम गरी दण्डनीय वनाउने, राजनीतिक कसूर नमान्ने र आरोपित व्यक्तिको उपस्थितिको सुनिश्चतिता दिलाउन, सपुर्दगी वा प्रत्यर्पणको व्यवस्था गर्ने,
- जवरजस्ती बेपत्ता सम्बन्धी कार्यको अनुसन्धान गर्ने र जिम्मेवार रहेको व्यक्तिलाई न्यायको कठघरामा उभ्याउने,
- जवरजस्ती बेपत्ताका पीडितहरूलाई प्रभावकारी उपचारको अधिकार, प्रत्याभुत गर्ने,
- जवरजस्ती बेपत्ताको आरोप लगाईएको घटनाको सम्बन्धमा निश्पक्ष छानविन को सुनिश्चितता तुल्याउने,
- उजुरकर्ता, साक्षी र पीडितका आफन्तहरूको संरक्षणको व्यवस्था गर्ने।

नेपालको प्रचलित कानुन अनुसारघ"व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ :-

- (१) कानून बमोजिम पक्राउ गर्ने, अनुसन्धान तहकिकात गर्ने वा कानून कार्यान्वयन गर्ने अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहा", कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,
- (२) सशस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई

1 Any act of enforced disappearance places the persons subjected thereto outside the protection of the law and inflicts severe suffering on them and their families. It constitutes a violation of the rules of international law guaranteeing, inter alia, the right to recognition as a person before the law, the right to liberty and security of the person and the right not to be subjected to torture and other cruel, inhuman or degrading treatment or punishment. It also violates or constitutes a grave threat to the right to life. Declaration on the Protection of all Persons from Enforced Disappearance Adopted by General Assembly resolution 47/133 of 18 December 1992http://www.ohchr.org/EN/ProfessionalInterest/Pages/EnforcedDisappearance.aspx

2 International Convention for the Protection of All Persons from Enforced Disappearance, 2006, Article 2, For the purposes of this Convention, "enforced disappearance" is considered to be the arrest, detention, abduction or any other form of deprivation of liberty by agents of the State or by persons or groups of persons acting with the authorization, support or acquiescence of the State, followed by a refusal to acknowledge the deprivation of liberty or by concealment of the fate or whereabouts of the disappeared person, which place such a person outside the protection of the law.http://www.ohchr.org/EN/HRBodies/CED/Pages/ConventionCED.aspx, of] dxf;lGw ;g\ @)!) b]lv sfof{GjogdfcfPsf] xf] . g]kfn xfn ;Dd o;sf] kIf e} ;s]sf] 5}g .

3 बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २(ट)

पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने ।

(३) विभिन्न मुलुकमा बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा गठित सत्य खोजविन निकायहरु

सशस्त्र द्वन्दका क्रममा बेपत्ता पारिएका व्यक्तिहरुका सम्बन्धमा खोजबिन र सत्य पहिचान गर्नका लागि संक्रमणकालीन न्याय प्रवन्ध अन्तर्गतका विश्वका कतिपय मुलुकहरुमा आयोगहरु गठन भएका छन् । त्यस्ता आयोगहरु देहाय बमोजिम छन् ।

Timor-Leste Indonesia ( Commission for Reception, Truth and Reconciliation (CAVR) 2001-2005 सम्म कार्यरत

Commision onTruth and Friendship (CTF) 2004-2008 सम्म कार्यरत रहेको ।

Peru- Peruvian Truth and Reconciliation Commission

Morocco - Equity and Reconciliation Commission(IER)

Argentina - The National Commission on the Disappearance of Persons

Chile - Chilean National Commission on Truth and Reconciliation

**(४) नेपालमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको गठन**

नेपालमा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको वास्तविक स्थिति सार्वजनिक गर्ने, व्यक्ति बेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध भएकोले सो कार्यमा संलग्न व्यक्तिहरुको बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारी भई मिति २०७१ साल माघ २८ गते अध्यक्ष सहित पांच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको छ ।

**(५) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको क्षेत्राधिकार तथा काम कर्तब्य र अधिकार**

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानको मर्म र भावनालाई आत्मसातगरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने उद्देश्यले यस बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको हो ।

मंसीर ५, २०६३ मा नेपाल सरकार र नेपाल कम्यूनिष्ट पार्टी माओवादी बीच भएको विस्तृत शान्ति सम्झौताले औपचारिक रुपमा वर्षौंदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई समाप्त गर्यो । अन्य धेरै सम्झौताहरुको कार्यान्वयनसँगै विस्तृत शान्ति सम्झौताले औपचारिक रुपमा पूर्व माओवादी सेनाका लडाकुहरुलाई ठूलो संख्यामा समाजमा तथा सानो संख्यामा नेपाली सेनामा समायोजन गर्यो । बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको स्थापना नेपालको शान्ति प्रक्रियालाई समापन गर्ने अन्तिम चरण हो । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन**,** २०७१ बमोजिम यस आयोगलाई निम्न बमोजिम काम, कर्तव्य र अधिकारहरु तोकिएका छन्ः

- अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी

वास्तविक तथ्य जनसमक्ष ल्याउने,

- पीडित तथा पीडकको यकीन गर्ने,
- पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणकोलागि सिफारिस गर्ने,
- पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,
- कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्ने,
- आयोगले छानविन गर्दा देहायको काम गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरह देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्छ :
    - ➢ कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,
    - ➢ साक्षी बुझ्ने तथा बकपत्र गराउने,
    - ➢ कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,
    - ➢ प्रमाण बुझ्ने,
    - ➢ स्थलगत निरीक्षण गर्ने वा गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने ।
- सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा आयोगले श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य कुनै माध्यमबाट त्यस्तो साक्षी वा व्यक्तिको बकपत्र वा बयान गराउन सक्ने ।
- कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा आयोगले उपयुक्त सम्झेमा मनासिव समय तोक्न सक्ने ।
- आयोगले आफ्नो छानविन सम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्ने ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति उपर यस ऐन बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा राखिरहँदा निजले प्रमाण लोप गर्ने सम्भावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्त सम्बन्धी कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्ने ।
- बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो स्थानको उत्खनन् गरी वास्तविकता पत्ता लगाउन सक्नेछ। उत्खनन् व्यवस्थित रुपले गर्नु पर्नेछ र त्यसरी उत्खनन् गर्दा कुनै व्यक्तिको शव वा अवशेष फेला परेमा आयोगले सम्भव भएसम्म त्यस्तो शवको डी.एन.ए. वा शव परीक्षण समेत गरी त्यस्तो शव वा अवशेष मृतकको परिवारको सदस्य उपलब्ध भएमा निजलाई बुझाउनु पर्ने ।
- आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा वा त्यसरी अनुरोध नगरे पनि त्यस्तो व्यक्ति वा आयोगलाई सहयोग पुऱ्याउने वा आयोगमा कार्यरत कद्रनै व्यक्तिलाई सद्ररक्षा दिन

आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सद्रक्षाको लागि उचित व्यवस्था गनर्द्र पर्नेछ भने उक्त कार्यमा आयोगले आवश्यकता अनद्रसार नेपाल सरकारको सहयोग लिन सक्ने ।

- कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारबाही नगरिने तथा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्ने अधिकार समेत आयोगलाई प्राप्त रहेको ।
- आयोगमा बयान वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्ने ।
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्ने ।
- सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा आयोगले त्यस्तो कर्मचारीलाई निज सरुवा हुन सक्ने निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सो निकायले पनि त्यस्तो कर्मचारीलाई सरुवा गरिदिनु पर्ने ।
- साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण गर्ने ।
- आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्ने,
- आयोगले आफ्नो काम कारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्न सक्ने ।
- आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्न सक्नेछ। तर त्यस्तो उजूरीको सम्बन्धमा कारबाही गर्नु पर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजूरी उपर छानविन गर्न सक्ने ।
- छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- आयोगले पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नु पर्ने,
- पीडितको मृत्यु भैसकेको अवस्थामा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराइने,
- कब्जा भएको सम्पत्ति फिर्ताको लागि सिफारिस गर्ने तथा त्यसरी पीडितको सम्पत्ति कब्जा वा जफत भएको कारण हुन गएको वास्तविक क्षति यकिन गरी नेपाल सरकारबाट पीडितलाई मनासिव क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने,
- दोषीलाई कारबाहीको लागि सिफारिस गर्न सक्ने,
- आयोगले आफ्नो कार्य सम्पन्न गरे पश्चात नेपाल सरकार समक्ष प्रतिवेदन गर्नुपर्ने ।

**(६) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट हालसम्म सम्पादित कार्य**

यस आयोगको गठन भएपछि आयोगका लागि आवश्यक पर्ने कार्यालय भवन, जनशक्ति उपलव्ध हुन नसकेको र आयोगको सचिव समेत लामो समयपछि मात्र नियुक्त भएको जस्ता समस्याका बावजुद पनि आयोगले यस अवधिमा आफनो मुख्य कार्य सम्पादन गर्नका लागि आवश्यक पर्ने आन्तरिक तयारीहरु पर्याप्त रुपमा गरेको छ। आयोगका लागि आवश्यक पर्ने भौतिक, कानुनी लगायतका पूर्वाधारहरु विकास गर्ने कार्य आयोगले सम्पादन गरेको छ। हाल आयोगले उजुरी संकलनको कार्य र सो उजुरी उपर प्रारम्भिक जाँचबुझको कार्य आरम्भ गरिसकेको छ। आयोगले सम्पादित गरेका कार्य देहाय बमोजिम छन्।

- आयोगले आयोगको बैठक सम्बन्धी कार्यविधि तर्जुमा,
- आयोगका पदाधिकारीहरुको आचारसंहिता तर्जुमा,
- आयोगको कार्य क्षेत्र, प्रकृया र कार्ययोजना तर्जुमा,
- आयोगका लागि आवश्यक जनशक्ति प्रक्षेपण गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण,
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को मस्यौदा तर्जुमा,
- विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२ तर्जुमा,
- छानविन निर्देशिका तर्जुमा,
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नु पर्ने संशोधन सम्बन्धी अध्ययन गरी नेपाल सरकार समक्ष प्रस्तुत,
- व्यक्ति बेपत्तापार्ने कार्य (कसूर र सजाय) सम्वन्धमाव्यवस्थागर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष प्रस्तुत,
- उजूरी आव्हान गर्दा गर्नुपर्ने तयारी तथा सो कार्यमा संलग्न कर्मचारीलाई दिइने तालीमको प्रारुप र आवश्यक बजेटको प्रक्षेपण गर्ने लगायतका आवश्यक अध्ययन,
- संचार नीति तर्जुमा,
- शब उत्खनन् कार्यविधि र एण्टीमोर्टम फाराम सम्बन्धमा अध्ययन,
- कार्यालय व्यवस्थापनसम्बन्धी कार्यहरु, प्रचार सामग्रीको निर्माण,
- करिब ५ दर्जन जिल्लामा पीडितहरुसँग भेटघाट,
- सरोकारवालाहरुसँग आयोगको कार्यालयमा भेटघाट,
- दुई आयोगको संयुक्त बैठक,
- विशिष्ट व्यक्तिहरुसंगको छलफल र भेटघाट,
- बेपत्ता पारिएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसका उपलक्षमा पहिलो पठक नेपालमा सरकारी स्तरमा कार्यक्रम आयोजना,
- बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा विभिन्न निकाय र संस्थाले उल्लेख गरेको नामावलीको तुलनात्मक अध्ययन,
- सर्वोच्च अदालतबाट भएका फैसला लगायत अन्य सान्दर्भिक दस्तावेजको अध्ययन लगायतका महत्वपूर्ण कार्यहरु गरेको,
- ७५ वटै स्थानीय शान्ति समितिका कर्मचारीलाई उजुरी संकलन सम्बन्धी तालिम प्रदान सो तालिममा १५ जना पीडित समेतलाई समावेश गरिएको,

- २०७३ साल बैशाख २ देखि असार मसान्त सम्म उजुरी दिन आव्हान गरिएको र उजुरी संकलन भै रहेको,
- प्राप्त उजुर मध्ये जेठ मसान्तसम्म करिब एकहजार उजुरीमा प्रारम्भिक जाँचुबुझको कार्य सम्पन्न गरिएको ।

(७) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको भावी कार्यक्रम

आयोगले आफुलाई सुम्पिएको जिम्मेवारी निर्वाह गर्ने क्रममा देहाय बमोजिमका कार्य गर्नेछ । आायोगको काम सशस्त्र द्वन्दका क्रममा बेपत्ता पारिएका व्यक्तिका बारेमा खोजबिन गरी सत्य तथ्य पत्ता लगाउने रहेकाले छानबिन र जाँचबुझको कार्यमा आयोगका भावि कार्यहरु केन्द्रित हुन्छन् । आयोगले पीडित वा निजको तर्फबाट उजुरी लिने, त्यसमा प्रारम्भिक जाचबुझ, प्रारम्भिक अनुसन्धान, बिस्तृत अनुसन्धान गर्ने, पीडितलाई के कस्तो परिपुरण दिने भन्ने नेपाल सरकारलाई सिफारिस गर्ने र त्यसका लागि पीडितको चाहना बुझ्ने, छानबिनबाट दोषि देखिएका व्यक्तिलाई मुद्दा चलाउन महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने र आफ्ना कामको प्रतिवेदन नेपाल सरकारलाई बुझाउने जस्ता काम गर्दछ। आयोगले यी सबै कामका लागि समय समेतको कार्ययोजना तर्जुमा गरेको छ। आयोगले अब गर्ने कार्यहरु देहायका बुँदामा प्रस्तुत गरिएको छ ।

- उजूरी संकलन
- कर्मचारीहरुको क्षमता विकास,
- उजूरी निवेदनमा प्रारम्भिक कारबाही,
- प्रारम्भिक अनुसन्धान,
- विस्तृत अनुसन्धान,
- पीडितसँग सहकार्य र पीडित मैत्री वातावरण कायम गर्ने,
- साक्षी तथा उजूरकर्ताको संरक्षण, छानविनमा विज्ञहरुको प्रयोग,
- छानविनमा वैज्ञानिक साधनको प्रयोग,
- सार्वजनिक सुनुवाई,
- पीडित तथा अन्य सरोकारवालाहरुसंग निरन्तर संवाद, सम्पर्क र समन्वय,
- जिल्लाहरुमा पीडितसंग भेटघाट,
- चेतनामूलक कार्यक्रम र प्रचारप्रसार,
- परिपूरणको सिफारिस,
- मुद्दा चलाउन लेखी पठाउने,
- पीडितका परिवारलाई परिचयपत्र वितरण गर्ने,
- प्रतिवेदन प्रस्तुति ।

(८) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको कार्य सम्पादनमा देखिएका समस्याहरु

आयोगबाट कार्य सम्पादनमा देखिएका समस्याहरु देहाय बमोजिम रहेका छन् ।

- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ परिमार्जनको आवश्यकता रहेको,
- बेपत्ता पार्ने कार्य लाई अपराधिकरण गर्ने ऐनको अभाव रहेको,
- नयाँ प्रकृतिको कार्य भएकोले यसको छानबिनमा खासै अनुभव नभएको,

- आयोग अस्थायी प्रकृतिको र स्थानीयस्तरमा संरचना नरहेकोले स्थानीय स्तरमा केन्द्रबाटै गइ छानबिन गर्न समस्या रहेको,
- स्रोत साधन अर्पयाप्तता,
- नेपालमा यस बिषयको खासै विज्ञता नरहेको,
- आयोगमा कार्यरत कर्मचारीका लागि उत्प्रेरणा जगाउने व्यवस्था हुन नसकेको ।

(९) **अन्त्यमा**

व्यक्ति बेपत्ता पार्ने कार्य गंभीर मानव अधिकारको उल्लंघन र आपराधिक कार्य हो । यस्तो कार्यका दोषीलाई सजाय दिइ पीडितले न्याय पाउनु पर्दछ । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले संक्रमणकालीन न्यायका आधार भूत मान्यताहरु सत्य तथ्य पहिचान गर्ने, पीडितलाई न्याय दिलाउने तथा परिपूरणको सिफारिस गर्ने तथा भविश्यमा द्वन्दको पुनरावृत्ति हुन नदिन आवश्यक पर्ने कानुनी तथा संस्थागत सुधारका सुझाव नेपाल सरकारलाई दिन्छ । यी सबै कार्यका लागि आयोगलाई सरकार र सबै सरोकारवालाबाट सहयोग आवश्यक पर्दछ । यस अतिरिक्त बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्ने कानुन अति आवश्यक रहेको छ ।

*(लेखक : बेपत्ता पारिएका व्यक्ति छानविन आयोगका सचिव हुनुहुन्छ ।)*

# बेपता पारिएका व्यक्तिको छानविन आयोगको
## २०७२ चैत्र देखि २०७४ माघ सम्मको कार्ययोजना

| कार्य ↓ / महिना → | २०७२चैत्र | २०७३वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | २०७४ वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पिडितहरुसँग अन्तरक्रिया | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | |
| अनुसन्धान निर्देशिका आयोगबाट पारित | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| उजुरी आव्हान सम्बन्धमा आयोगबाट निर्णय | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| उजुरी फाराम छपाई र अन्य तयारी | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| केन्द्र र क्षेत्रीयस्तरमा उजुरी संकलन सम्बन्धी तालीम | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| उजुरी संकलन | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | |
| प्रारम्भिक जाँचबुझ | | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | | |
| प्रारम्भिक छानबिन | | ■ | ■ | ■ | ■ | | | | | | | | | | | | | | | | | | |
| बिस्तृत छानबिन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| एन्टीमार्टम विवरण संकलन र अनुसन्धान अधिकृतका लागि तालिम | | ■ | | | | | | | | | | | | | | | | | | | | | |
| एन्टीमार्टम विवरण संकलन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | | | | | |
| शव उत्खनन | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| वैज्ञानिक परीक्षण डि एन ए समेत | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| अनुसन्धानबाट प्राप्त तथ्यको विश्लेषण | | | | | | | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| सार्वजनिक सुनुवाई | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| परिचयपत्र वितरण | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| कारवाहीको लागी लेखि पठाउने | | | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |
| परिपुरण | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | |
| प्रतिवेदन लेखन | | | | | | | | | | | | | | | | | | | | ■ | ■ | ■ | |
| प्रतिवेदन प्रस्तुती | | | | | | | | | | | | | | | | | | | | | | | ■ |

# वित्त व्यवस्थापन, बेरूजु र आर्थिक प्रशासन शाखा

**– रमेश घिमिरे**

शरीरमा रक्त सञ्चारको जति महव हुन्छ, राज्य सञ्चालनमा वित्तको त्यत्तिकै महत्व हुन्छ । त्यस्तै, शरीरमा रक्त सञ्चार प्रणाली जति सशक्त, प्रभावकारी र शुद्ध हुनु जरुरी छ, राज्य सञ्चालनमा वित्त प्रणाली वा आर्थिक प्रणाली पनि त्यत्ति नै सशक्त, प्रभावकारी र शुद्ध हुनु जरुरी छ । आर्थिक प्रणालीलाई प्रभावकारी र शुद्ध नबनाई कुनै मुलुकले दिगो प्रगति गर्न सम्भव छैन । प्रभावकारी वित्त प्रणाली सञ्चालन गर्न सक्षम र प्रतिबद्ध वित्त व्यवस्थापन आवश्यक हद्रन्छ । प्रत्येक वर्ष बढ्दै गएको बेरुजद्रको आकारले वित्त व्यवस्थापन दद्ररुस्त र प्रभावकारी हद्रन नसकेको सँकेत गरेको छ ।

क) राज्यको ढद्रकद्रटी र खर्चको लागि अख्तियारीः- जनताको गाँस काटेर सँकलन गरेको कर वा गैरकर राजस्व, विपन्न जनताको सहयोगको निम्ति विदेशीले दिएको अनद्रदान र जनताको टाउकोमा भार पारी लिइएका आन्तरिक तथा बाह्य ऋणबाट नै राज्यको ढद्रकद्रटी निर्माण हद्रन्छ । सार्वभौम संसदमा जनताका प्रतिनिधिहरुले पारित गरेको वार्षिक बजेटलाई अख्तियारीको माध्यमबाट अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयहरुमार्फत खर्चको लागि अनद्रमति प्रदान गर्छ । मन्त्रालयहरुले आफूले खर्च गर्दा वा आफू अन्तरगतलाई खर्च गर्ने अनद्रमति प्रदान गर्दा तोकिएका निश्चित नियमहरु र प्रक्रियाहरु अवलम्बन गर्नङ्ख गराउनद्र पर्ने हद्रन्छ । साथै आफू र आफ्नो मातहतबाट भएको सम्पूर्ण खर्चको अन्तिम उत्तरदायित्व मन्त्रालयका सचिवले लिनद्रपर्ने हद्रन्छ । त्यसैले मन्त्रालयका सचिवलाई लेखा उत्तरदायी अधिकृत भनी आर्थिक कार्यबिधि ऐन २०५६ले तोकेको छ । हाल संसारभरि नै यही प्रचलन विद्यमान छ ।

ख) खर्च, लेखापरीक्षण र बेरुजद्र ः- सरकारले राज्य सञ्चालन गर्दा वा विकास निर्माणका कार्यहरु गर्दा राज्यको ढद्रकद्रटीको अधिकतम सदद्रपयोग हद्रनेगरी पारदर्शी तथा जनमद्रखी ढङ्गले क्रियाकलाप अघि बढाउनद्र पर्छ । हरेक खर्चको औचित्य साबित हद्रने गरी अधिकतम उत्पादक काममा मितव्ययी रुपमा खर्च होस् भन्ने कद्राको सद्रनिश्चितताको निम्ति तजर्द्रमा गरिएका कानद्रनी प्रक्रियाहरु र निर्धारित मापदण्डहरु अवलम्बन गरेर खर्च गर्ने गराउने गनर्द्र पर्नेमा ती प्रक्रिया र मापदण्डहरु अनद्ररुप खर्च नगरी जथाभावी खर्च गर्ने गराउने गर्दा नै बेरुजद्र आउने गर्छ । त्यस्तै राजस्वतर्फ पनि बिना भेदभाब सबैलाई समान न्यायका आधारमा मितव्ययी ढङ्गले अधिकतम राजस्व परिचालन होस्, साथै चद्रहावट र हिनामिना नहोस् भन्ने उद्देश्यले विभिन्न नियम कानद्रनका अतिरिक्त निश्चित प्रक्रिया र मापदण्डहरु निर्धारण गरिएका हद्रन्छन् । त्यसको परिपालना गर्नङ्ख सम्बन्धित कार्यालयको कर्तव्य हद्रन्छ । साथै दातृ पक्ष्यसँग गरिएका शर्तहरु (covenants)अनुरुप काम नभएमा वा रित पूवर्कका बिल भर्पाई पेश गरी शोधभर्ना लिनु पर्नेमा सो नगर्दा वैदेशिक सहायता कम प्राप्त भई राज्यलाई हानि हुन्छ । यस्तै कुराहरु नै बेरुजुको रुपमा प्रकट हुने गर्छन् । सार्बजनिक खरिद ब्यबस्थापन ठिक ढङ्गले सञ्चालन गर्न/गराउन, विनियोजन, राजस्व र धरौटी आदिको उचित प्रयोग गरी/गराई सोही अनद्ररुप लगत ब्यवस्थित गर्न, जिन्सी लगायतका सार्वजनिक सम्पत्तिहरुको सदद्रपयोग सम्बन्धमा भएका विद्यमान कानद्रनी तथा प्रक्रियागत व्यवस्थाहरुको परिपालना गराउन लेखा उत्तरदायी अधिकृत (मन्त्रालयका सचिव)लाई कानद्रनले उत्तरदायी बनाएको हद्रन्छ ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक प्रशासनका यी यावत कद्रराहरुमा निर्दिष्ट नियम, कानद्रन, प्रक्रिया र मापदण्डको परिपालना भयो भएन भन्ने कद्रराको जाँच गरी प्रतिवेदनमार्फत वास्तविकता उजागर गर्ने गर्छ। साथै, सो सम्बन्धमा आफ्नो राय सद्रभ्फाब सहितको प्रतिक्रिया समेत प्रस्तद्रत गर्छ। महालेखा परीक्षकको कार्यालयले स्वतन्त्र संवैधानिक अङ्गको रुपमा निष्पक्ष्य र निर्भिक भई काम गर्ने अवसर मात्र पाएको छैन कि, सम्पूर्ण जनताहरु, दातृ निकाय लगायत सम्पूर्ण सरोकारवालाको भरोसाको रुपमा आफूलाई खरो साबित गर्ने चद्रनौती र उत्तरदायित्व समेत बोकेको छ। तसर्थ यस्तो लेखाको जाँच गर्दा सो कार्यालयले गद्रणस्तरीय जाँचको सद्रनिश्चिततताको लागि एउटै आधारमा जाँच नगरी अन्तराष्ट्रिय मापदण्ड अनद्ररुप नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको साथै औचित्य समेतको आधारमा लेखापरीक्षण गर्ने गर्छ। त्यसैले, सो कार्यालयको प्रतिवेदनलाई सबै पक्षबाट अहम् महत्व प्रदान गरिएको हद्रन्छ। यो सबै गनर्द्रको एउटै उद्देश्य सरकारी सम्पत्तिको संरक्षण र सदद्रपयोग गर्नङ्ग, राज्यको सर्वसञ्चित कोषमा ठिक तरिकाले अधिकतम राजस्व जम्मा हद्रने कद्रराको सद्रनिश्चितता गनर्द्र र उक्त राजस्व रकम सर्वसाधारण जनता र देशको अधिकतम हितमा रितपूर्कक खर्च गराई मद्रलद्रकमा चौतर्फी समृद्धि ल्याउन टेवा पद्रर्याउनद्र नै हो। तथपि मद्रलद्रकको हालको बेरुजद्रको अवस्थाले प्रभावकारी रुपमा यी सबै कद्रराहरुको परिपालना हद्रननसकेको तथ्यलाई नै उजागर गरेको छ।

ग) वेरुजुको अबस्था :- महालेखा परीक्षकको त्रिपन्नौं प्रतिवेदन २०७२ सार्बजनिक भइसकेको छ। जसबाट आ.ब. २०७१।७२ सम्मको बेरुजुको यथार्थ अवस्था सार्वजनिक भइसकेको छ। जस अनुसार देशको कुल बेरुजु रु. ३ खर्ब २८ अर्ब ५२ करोड छ। जस्मा सबैभन्दा बढी रु. १ खर्ब २८ अर्ब २३ करोड राजस्व बक्यौता मात्र देखिन्छ। त्यस बाहेक सरकारी कार्यालयको बेरुजु रु. १ खर्ब १२ अर्ब ५२ करोड देखा परेको छ।

संस्थागत रुपमा हेर्दा म.ले.प.को प्रतिबेदन २०७२ले औंल्याएको मुलुकभरको आ.ब.२०७१।७२ सम्मको समग्र बेरुजुको अवस्था निम्नानुसार छ। :-

| बिबरण | रकम रु. करोडमा |
|---|---|
| सरकारी कार्यालयतर्फको बेरुजु | १,१२,५२ |
| जि.वि.स.,समितिहरु र अन्य संस्थाहरुको वेरुजु | ५०,४० |
| लेखापरीक्षण बक्यौता | ५,७४ |
| राजस्व बक्यौता | १,२८,२३ |
| शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | २१,२७ |
| शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | ८,३१ |
| जमानत बसी दिएको ऋणको साँबा ब्याज | २,०५ |
| जम्मा | ३,२८,५२ |

(श्रोत म.ले.प.प्रतिवेदन, २०७२)

माथिको तथ्याङ्कलाई हेर्दा सबै प्रकारका निकायमा बेरुजुको चाप उस्तै छैन । यो तथ्याङ्क सरकारी कार्यालयहरुको आ.ब.२०७१।७२ सम्मको हो। केबल आ.ब.२०७१।७२ (एउटा आ.व.)को मात्र सरकारी कार्यालयहरुको बेरुजु रु. ४८,७७,८८ लाख रहेको छ। प्रकृतिको आधारमा उक्त आ.व.को सो वेरुजुको वर्गीकरण गर्दा निम्नानुसारको तस्बिर देखापर्छ :-

| | |
|---|---|
| पेश्की बेरुजु | २५, १०,४४ लाख |
| नियमित गर्नुपर्ने बेरुजु | १९, ३३, ८२ लाख |
| असुल गर्नुपर्ने | ४, ३३, ६२ लाख |

जम्मा बेरुजु रु. ४८,७७,८८ लाख (श्रोत म.ले.प.प्रतिवेदन, २०७२)

अङ्कको हिसाबले सरकारी कार्यालयको आ.ब.२०७१।७२ को बेरुजु रु. ४८ अर्ब ७७ करोड ८८ लाख देखा परेकोमा माथिको तथ्याङ्क हेर्दा त्यसमा नियमानुसार गएको पेश्की रकमले धेरै हिस्सा ओगटेको छ। एकातिर वहुवर्षीय ठेक्काहरुमा नियमानुसार (सार्वजनिक खरिद नियमावली,२०६४ को नियम नं. ११३ अनुसार) वहुवर्ष समेतमा कट्टा हुनेगरी मोविलाइजेसन पेश्की दिने गरिएको छ भने अर्कोतर्फ आ.ब.को अन्त्यमा केबल बजेट फ्रिज गर्ने उद्देश्यले कुनै पेश्की दिन नपाइने भन्ने नियम भएकोले त्यसैको आधारमा (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम नं. ७८) पेश्की बाँकी रकम बेरुजु आउने गरेको छ। फ्रिज गर्ने उद्देश्य हो होइन भन्ने मापनको आधार ऐन- नियममा नभएकोले नउठ्नुपर्ने बेरुजु समेत उठिरहेको छ। भुक्तानी रकमको निश्चित प्रतिशतको आधारमा पेश्की रकम कट्टी गर्दै जाने गरी ठेकेदारसँग संभौता हुने कानुनी प्रावधान रहेकोले वहुवर्षीय ठेक्कामा पेश्की फछ्र्यौट गर्दा आ.व.नघाउन नमिल्ने गरी समयको सीमा तोक्ने कुरा व्यवहारिक होइन। अन्तराष्ट्रिय प्रचलनमा वहुवर्षीय ठेक्कामा संभौता अनुसार दिइने मोबिलाइजेसन पेश्की रकम सो आ.व.भित्रै फछ्र्यौट गर्नुपर्ने अनिबार्यता हुँदैन। यसप्रकार एउटा नियममा टेकेर ठेकेदारले वहुवर्षीय पेश्की माग्ने गरेकोमा अर्को नियम अनुसार महालेखा परीक्षकको कार्यालयबाट सो पेश्की रकम बेरुजु उठ्ने गरेकोले नियमहरु बिचमा विरोधाभाष भएको पुष्टि हुन्छ। यस्ता कारणहरुले पनि बेरुजुको आकार बढाएका छन्।

हामी सबैले बेरुजुप्रति संबेदनशील बन्ने हो भने यस्ता कानुनी त्रुटिप्रति आँखा नचिम्लिई त्यसलाई सच्याउनतिर लाग्नु पर्छ। आन्तरिक नियन्त्रण पद्धति कमजोर भएको कुरा महालेखा परीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमा बर्षेनी औंल्याउँदा समेत अपेक्षित सुधारका सङ्केत देखिएका छैनन्। कमजोर अभिलेख व्यवस्थापनको कारण पनि गत विगतको बेरुजु फछ्र्यौटमा कठिनाई आइरहेको छ भने भविष्यमा त्यो अबस्था जारी रहन नदिन हाल त्यसतर्फ पर्याप्त ध्यान जानसकेको देखिन्न।

घ) म.ले.प.को कार्यालयको धारणा :- हरेक बर्ष महालेखा परीक्षकको कार्यालयले बेरुजु औंल्याउने गरेको मात्र छैन कि विभिन्न सुभाबहरु पनि दिने गरेको छ। त्यसतर्फ सरकार र सरकारी कार्यालयहरुले उचित ध्यान दिन नसकेको देखिन्छ। महालेखा परीक्षकको कार्यालयले आफ्ना प्रतिवेदनमार्फत नियमित रुपमा दोहोऱ्याउँदै आएका महत्वपूर्ण कुराहरु निम्न छन् :-

१) विभिन्न मन्त्रालय वा निकायहरु बीचमा नीति, कार्यक्रम र सेवा प्रवाहमा दोहोरोपन रहेको।
२) कानुनको कमजोर परिपालना भइरहेको।
३) आन्तरिक नियन्त्रण प्रणाली फितलो रहेको।
४) लेखामानमा सबै कारोबार नसमेटेको,
५) बजेट अनुमान यथार्थ नभएको,
६) वैदेशिक सहायताको प्रभावकारी परिचालन नभएको,
७) मापदण्ड बेगर आपसी सहमतिमा कर फछ्र्यौंट गरेको,
८) कारबाही गरी टुगो लगाउने रकममा वृद्धि भएको,
९) सरकारको सञ्चित कोषको हिसाब यथार्थ नभएको,
१०) भ्रमण, तालीम, प्रोत्साहन आदि खर्च उपलब्धिमूलक नभएको।
११) बर्षान्तमा खर्च हुने गरेको, अख्तियारी समयमा नजाने गरेको।
१२) निर्माण कार्यको लागत अनुमान बढाइएको।
१३) कन्टिन्जेन्सी खर्चको अभिलेख नभएको वा कमजोर अभिलेख रहेको।

१४) खरिद प्रक्रिया मितव्ययी र पारदर्शी नभएको ।

१५) प्राविधिक सहायताको लेखापरीक्षण नगराइएको ।

१६) आयोजना लेखा नै तयार नगरेको वा समयमा तयार नगरेको ।

१७) शोधभर्ना प्रणाली ठिक ढङ्गले नचलेको र बक्यौता बाँकी राखेको ।

महालेखा परीक्षकको कार्यालयबाट नियमित रुपमा यस्ता कुराहरु औँल्याइँदा मुलुकको आर्थिक प्रणाली ठीकसँग नचलेको देखिन आउँछ। साथै, यी कुराहरुले सुधार गर्नुपर्ने विषयहरु र क्षेत्र ज्यादै व्यापक रहेको पुष्टि गरेका छन् । यही अबस्था जारी रहेमा जनतामा नैरास्यता आउने र सरकारको साख समेतमा नराम्रो असर पर्ने हुनाले यसतर्फ सरकार र सबै सरकारी कार्यालयहरुको समयमै ध्यान जानु जरुरी छ।

ङ) आर्थिक प्रशासन शाखाको भूमिका :- नेपाल सरकारका सबै सरकारी निकायहरुमा प्रशासन महाशाखा/शाखाको मातहतमा रहने गरी आर्थिक प्रशासन शाखाको ब्यबस्था छ । आर्थिक प्रशासन शाखाको राजस्वतर्फ कद्रनै भूमिका नभएपनि बिनियोजन र धरौटीतर्फ यस शाखाले महत्वपूर्ण भूमिका खेल्न सक्छ। कानद्रनतः यस शाखालाई आर्थिक कारोबारका श्रेष्ताहरु तयार गरी पेश गर्ने, भद्रक्तानी आदेश वनाई पेश गर्ने, प्रमाणित भएका स्रेष्ताहरु जतन गरी राख्ने र लेखापरीक्षणको लागि समयमै प्रस्तद्रत गर्ने, आर्थिक विवरणहरु तयार गरी पेश गर्ने, निकासा पद्रकासाको व्यवस्था मिलाउने आदिजस्ता साधारण कामदेखि आर्थिक बिषयमा राय माग हद्रँदा राय दिनेजस्तो परामर्शदायी कार्य तोकिएको छ। यस शाखाको परामर्शदायी भूमिका महत्वपूर्ण हद्रँदाहद्रँदै त्यसलाई खासै प्रभावकारी बनाउने गरिएको छैन । यस्तो भूमिकालाई प्रभावकारी बनाउँदा आर्थिक प्रशासन शाखा बढी हावी हद्रन्छ भन्ने गलत मनोविज्ञान समेत पाइन्छ। आर्थिक प्रशासन शाखासँग कार्यक्रम सञ्चालन हद्रनद्रअघि छलफल नगर्ने र काम सिध्याएपछि एकै पटक कागजात मिलेको वा नमिलेको भनी सोध्न आउने प्रचलन पनि विद्यमान छ। अग्रिम राय लिइएको भनिने विषयमा पनि कार्यक्रमलाई निश्चित आकार र दिशा दिएपछि औपचारिकताको लागि वा कागजमा आर्थिक प्रशासन शाखाको संलग्नता देखाउने नियतले मात्र रायको लागि फाइल पेश गर्ने प्रचलन समेत देखिएको छ। कार्यक्रम सद्ररु भइनसके पनि त्यसले निश्चित आकार लिइसकेको अबस्थामा, वा कार्यक्रम सम्पन्न नै भइसकेको अवस्थामा आर्थिक प्रशासन शाखामा पेश हद्रन आएका कागजातमा कमजोरी देखिएमा त्यसलाई आर्थिक प्रशासन शाखाबाट सच्याउने मौका गद्रमिसकेको हद्रन्छ। सोही कारणले कतिपय बेरुजद्र त फछ्र्यौट हद्रनै कठिन हद्रने गरी प्रक्रियागत जटिलतामा फस्ने गरेका पनि छन् ।

आर्थिक प्रशासन शाखालाई जति जिम्मेवार र उत्तरदायी बनाउन सक्यो उति आर्थिक कारोबारको बेरुजद्र कम आउने कद्ररामा शंका छैन। पर्याप्त र उचित भूमिका प्रदान नगरी आर्थिक प्रशासन शाखालाई जिम्मेबार र उत्तरदायी बनाउन सकिन्न। आर्थिक प्रशासन शाखालाई केवल लेखा शाखाको नाम दिई सम्पन्न गरेका कामको भद्रक्तानी दिन र स्रेस्ता तयार पार्ने काममा सीमित राखिनद्र हद्रँदैन। कद्रनै कार्यक्रम सञ्चालन गर्दा सञ्चालन हद्रन गइरहेको कार्यक्रमको स्वरुप र प्रक्रिया निर्धारण गनर्द्रअघि नै यो शाखाको परामर्शदायी भूमिका शद्ररु हद्रनद्रपर्छ। आर्थिक प्रशासन शाखामा बस्ने कर्मचारीले बेरुजद्र आएको हेर्न चाहँदैनन् । स्रेष्ताहरु लेखापरीक्षणको लागि उनीहरुले नै प्रस्तद्रत गनर्द्रपर्ने हद्रन्छ। बेरुजद्र फछ्र्यौट गर्दा आर्थिक प्रशासनमा काम गर्नेहरु मात्रै बेरुजद्रसँग भिडिरहनद्र पर्ने अबस्था व्यवहारमा छ। भद्रक्तानी दिँदा लेखा समूहको कर्मचारीलाई यो भद्रक्तानीमा बेरुजद्र आउँछ भन्ने लगभग थाहा हद्रन्छ। अरु शाखाले सल्लाह माग्दा आर्थिक प्रशासन शाखाले बेरुजद्र आउने गरी काम गर्ने सल्लाह दिँदैन। आर्थिक प्रशासन शाखासँग सल्लाह नगरी कारोबार गराउने पदाधिकारीहरु र कारोबार गर्ने शाखाहरुसँग आर्थिक प्रशासन शाखाले सोही बिषयमा दिनहद्रँ बिबाद गरिरहन उचित हद्रँदैन। तसर्थ, विना छलफल प्रकृया नपद्रर्‍याई अरुले सम्पन्न गरिसकेको काममा समेत पीडा बोध हद्रँदाहद्रँदै भद्रक्तानीको लागि कागजात तयार गर्न बाध्य हद्रनद्रपर्ने बाध्यता आर्थिक प्रशासन शाखामा

छ । कानद्रनले स्पष्ट भूमिका दिएको ठाउँमा समेत ब्यबहारमा आर्थिक प्रशासन शाखाको भूमिकालाई खद्रम्च्याउने प्रवृत्तिका कारण मद्रलद्रकले निरन्तर बढ्दो बेरुजद्र व्यहोरिरहेको छ ।

च) शान्ति तथा पद्रनर्निर्माण मन्त्रालयको बेरुजद्रको अबस्था :- यस मन्त्रालय र अन्तरगतका निकायबाट भए गरेका खर्चहरुको लेखापरीक्षणबाट आ.ब.२०७०।७१ को अन्त्यसम्ममा फछ्र्यौट गर्न बाँकी बेरुजद्र रु. २७ करोड ४२ लाख देखिएको छ । जस्को ८९ प्रतिशत बेरुजद्र पेश्की बेरुजद्र छ । उक्त पेश्कीमध्ये ७० प्रतिशत पेश्की बेरुजद्र जिल्ला प्रशासन कार्यालयको नाममा छ । बाँकी ३० प्रतिशत पेश्कीमा यस मन्त्रालय अन्तरगतका कार्यालयले दिएका मोबिलाइजेसन पेश्की तथा लडाकद्र कमान्डरहरुलाई गएको पेश्की पर्दछ । कर्मचारीहरुलाई गएको पेश्कीको बेरुजद्र ज्यादै सानो आकारमा छ । पेश्की बेरुजद्र बाहेकको अरु बेरुजद्र ११ प्रतिशत छ । सो बेरुजद्रमा लडाकद्रहरुलाई र द्वन्द्व पीडितलाई रकम वितरण गर्दा रित नपद्रयाई वितरण भएको भनी नियमित गर्ने वा असद्रल गर्ने गरी उठेको बेरुजद्र नै बढी छ ।

यो मन्त्रालयको अधिकांश वेरुजद्र फछ्र्यौट गर्न जिल्ला प्रशासन कार्यालयमा रहेका स्रेष्ता प्राप्त गनर्द्रपर्ने र पद्रराना स्रेष्ता सहजै प्राप्त नभएकोले बेरुजद्र फछ्र्यौट कार्य जटिल बन्दै गएको छ । पद्रराना स्रेष्ताहरु ठिक ठाउँमा ठिक तरिकाले नराखिएका कारणले पछि सरुवा भई आउने लेखापालहरुले सहजै फेला पार्न नसकेको अवस्था छ । कतिपय जिल्ला प्रशासन कार्यालयहरुमा दैवी प्रकोपतर्फका स्रेष्ताहरुसँग यस मन्त्रालयतर्फको स्रेष्ता मिसाएर राखेको पाइएकोले हालका लेखापालहरुलाई स्रेष्ता चिन्न समेत कठिनाई परेको पाइएको छ । साथै, सबै जिल्लाहरु र केन्द्रको समेत शिविर व्यस्थापन कार्यालयहरु र सबै शिविरहरु हटिसकेकाले सोही समयमा समेत अव्यवस्थित रुपमा रहेका स्रेष्ताहरु कालन्तरमा भन्नै अस्तव्यस्त हद्रनपद्रगेको देखिँदा बेरुजद्र फछ्र्यौट कार्य थप चद्रनौतीपूर्ण बनेको देखिन्छ ।

उपसंहार :- वित्त व्यव्स्थापन अर्थात् सरकारको आम्दानी र खर्च प्रक्रियाको स्वास्थ्य स्थितिको मापन गर्ने सर्वमान्य र प्रमद्रख हतियार बेरुजद्रको आकार र अवस्था नै हो । हालको बेरुजद्रको स्थितिले वित्त व्यवस्थापन दद्ररुस्त भएको देखाएको छैन । आम जनतालाई मद्रलद्रकको बढ्दो बेरुजद्रको आकार किमार्थ ग्राह्य हद्रन सक्दैन । सरकार र सरकारी कार्यालय बेरुजद्रप्रति असंवेदनशील हद्रनद्र भनेको आमजनताप्रति उदासीन हद्रनद्र हो । विनियोजनतर्फको बेरुजद्रको हकमा आर्थिक प्रशासन शाखालाई जति प्रभावहीन र भूमिकाविहिन बनाइन्छ, त्यति धेरै बेरुजद्र बढ्छ । दबाबमा गराइने अधिकांश भद्रक्तानीहरु बेरुजद्रमा देखिने हद्रँदा आर्थिक प्रशासन शाखासँग सार्थक सल्लाह नगरी काम सम्पन्न गरेर एकैपटक भद्रक्तानीको लागि आर्थिक प्रशासन शाखालाई दबाब दिने प्रचलन बन्द हद्रनद्र जरुरी छ । साथै बेरुजद्र आउन नदिन र विगतको वेरुजद्र फछ्र्यौट गर्न समेत आर्थिक प्रशासन शाखाको महत्वपूर्ण भूमिका रहने हद्रँदा आर्थिक प्रशासन शाखा सोही अनद्ररुप सक्षम, प्रतिबद्ध र निर्भिक भएर खट्नद्र आवश्यक छ । त्यस्तै, महालेखा परीक्षकको कार्यालयले निरन्तर औंल्याइरहेका कद्रराहरुतर्फ सरकार र सबै सरकारी कार्यालयको गहन ध्यान जानद्र पर्ने देखिन्छ । सरकारी संयन्त्रभित्र अभिलेख ब्यवस्थापन र आन्तरिक निगरानी प्रणाली कमजोर हद्रनद्र भनेको त्यस संयन्त्रको रोग प्रतिरोधात्मक शक्ति कमजोर हद्रनद्र भएकोले त्यसको उपचारलाई उच्च प्राथमिकतामा राखिनद्र आवश्यक छ । साथै, विगतका सबैखाले कमजोरीबाट पाठ सिकेर बेरुजद्रको समस्यालाई बिकराल बन्न नदिन यथासक्य छिटो त्यसको निराकरण गर्नेतर्फ लाग्नद्रपर्ने देखिएकोछ ।

*(लेखकः शान्ति तथा पुनर्निर्माण मन्त्रालयका उपसचिव(लेखा) पदमा कार्यरत हुनुन्छ ।)*


**सन्दर्भ सामाग्री** :- आर्थिक कार्यविधि ऐन २०५६, तथा नियमावली २०६४,

सार्बजनिक खरिद ऐन २०६३, तथा नियमावली २०६४,

महालेखा परीक्षकका बार्षिक प्रतिवेदनहरु आदि ।

# दिगो शान्ति स्थापनाको लागि विगत शसस्त्र द्वन्द्वमा परेका पीडितहरूको हकमा हालसम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गरेका कार्यहरू र भावि योजना



**बालकृष्ण कोइराला**

२०६३ मंसिर ५ को ऐतिहासिक शान्ति सम्झौताले २०५२ फागुन १ देखि चलेको सशस्त्र विद्रोहलाई शान्ति सम्झौताको माध्यमबाट दिगो शान्ति कायम गरी सुन्दर शान्त र नयाँ नेपाल निर्माण कार्यमा सहयोग गर्ने ध्येयबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना २०६३ चैत्र १८ गते भएको हो । विगत १० वर्षसम्म मुलुकमा चलेको हत्या हिंसाको अध्याय समाप्त गरी मुलुकमा दिगो शान्ति र विकासको मार्ग प्रशस्त गर्नका लागि आवश्यक संस्थागत, प्रक्रियागत र प्राविधिक कार्यमा जुट्नु यसको ध्येय थियो । सिर्जनशील द्वन्द्व व्यवस्थापनमा सहयोग पुऱ्याउनु, दिगो शान्तिका लागि छलफल, गोष्ठी तथा अन्तरक्रिया र तालिम सञ्चालन गर्नु, शान्ति प्रक्रियामा देशका सम्बद्ध सवै पक्षको समर्थन र सहभागिता जुटाउन सहयोग पुऱ्याउनु शान्तिको पक्षमा अन्तरक्रिया सहयोग र समर्थन जुटाउनु, शान्ति बहाली गर्न सरकारले गरेका निर्णयहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनु, द्वन्द्व व्यवस्थापन, राहत पुर्नस्थापन र पुनर्निर्माणको कार्ययोजना निर्माण र कार्यान्वयनमा अग्रिम भूमिका खेल्नु शान्ति र सहमतिको बातावरण सिर्जना गर्न अवलम्वन गर्नु पर्ने नीति तथा रणनीतिहरुको अध्ययन गरी राय सुझाव पेश गर्नु यसका प्रमुख उद्देश्यहरु हुन । उपरोक्त उद्देश्यहरु पुरा गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा ६ वटा महाशाखाहरु, १६ वटा शाखाहरु, अस्थायी संरचनाको रुपमा द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना, राहत तथा पुनस्थापन इकाई, शान्तिकोष सचिवालय, स्थानीय शान्ति समिति गठन (जिल्लास्तर ७५, गाउँस्तर २७१७ र नगरस्तर १३६), र शान्ति सम्पर्क विन्दु विभिन्न निकायमा कार्यरत रहेका छन् । त्यस्तै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले संवैधानिक व्यवस्था अनुसार द्वन्द्व न्युनीकरणका काम गरिरहेका छन् ।

विगत सशस्त्र द्वन्द्वको अवधि २०५२ फागुन १ गते देखि २०६३ मंसिर ५ गते सम्ममा भएको अपार धनजनको क्षतिको लगत संकलन, राहत वितरण, पुनस्थापन र पुनर्निर्माणको काम मन्त्रालयले विभिन्न निकायमार्फत गर्दै आइरहेको छ । माओवादी सेनाका लडाकुहरुको समायोजन, पुर्नस्थापनको काम समाप्त भै सकेको छ । सशस्त्र द्वन्द्वका लडाकुहरुलाई ७ मुख्य र २१ सहायक शिविर खडा गरी १९,६०२ जना लडाकुहरु मध्ये पुनःप्रमाणीकरण पश्चात १७०५२ कायम भै सो सङ्ख्या मध्ये १४६० जना नेपाली सेनामा समायोजन, ६ जना पुनःस्थापन र १५५८५ जनालाई स्वेच्छिक अवकाशका माध्यमबाट उनीहरुलाई उनीहरुको इच्छाअनुसार सुरक्षा निकाय (नेपाली सेना) मा समायोजना, समाजमा सिप सहित पुनःस्थापन तथा स्वेच्छीक अवकाशका माध्यमबाट माओवादी सेनाको व्यवस्थापन भई सकेको छ । जटिल समस्याको रुपमा रहेको माओवादी सेना र तिनीहरुसँग रहेका हातहतियारको व्यवस्थापन, संविधान सभाको दोस्रो निर्वाचनबाट गठित संविधान सभाबाट नेपालको नयाँ संविधान २०७२ असोज ३ गते जारी भएसँगै द्वन्द्व समाप्त भएको र निर्माणको युग प्रारम्भ भएको अनुमान गर्न सकिन्छ । विगत सशस्त्र द्वन्द्वमा परेका द्वन्द्व

प्रभावित व्यक्ति तथा परिवारलाई लक्षित गरी पीडितहरुको हकमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गरेका कार्यहरु र लाभान्वित द्वन्द्वपीडितहरुको तथ्याङ्क यस प्रकार रहेको छ।

**१. द्वन्द्व प्रभावितहरुको विवरण**

१. अपाङ्गः ८१९१ जना
२. मृत्युवरणः १७८८६ जना
३. वेपत्ताः १५३० जना
४. टुहुरा बालबालिकाः ६२० जना
५. अपहरणः ३१४२ जना
६. आन्तरिक विस्थापितः ७९५७१ जना
७. सम्पति क्षतिः १७४८४ जना
८. सर्वसाधारण मृतकका एकल महिला ९,००० जना
९. जनआन्दोलनका सहिद २६ जन
१०. जनआन्दोलनका घाइते (५०%) ३० जना
११. जनआन्दोलनका घाइतेका सन्तानलाई छात्रवृति ४२ जना
१२. जनआन्दोलनका घाइतेलाई राहत ३९८४ जना
१३. जनआन्दोलनका ५०% भन्दा माथिका घाइते अपाङ्गलाई जीवन निर्वाह भत्ता ७४४ जना
१४. शान्ति सम्झौता पश्चात घटनामा परी मृत्यु हुनेलाई राहत ११० जना
१५. द्वन्द्वपीडितलाई सिपमूलक तालिम ३२७ जना
१६. रोजगार स्वरोजगार तालिम कार्यक्रम १४७१८ जना
१७. राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस भए बमोजिम राहत १०५ जना

२. **हालसम्म संचालित कार्यक्रम!आयोजना**

१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय
२. शान्ति कोष सचिवालय
३. पुनर्निर्माण पुनःस्थापन कार्यक्रम
(क) भौतिक पूर्वाधार पुनर्निर्माण
(ख) राहत तथा पुनःस्थापन
४. शान्ति प्रक्रिया सहयोग आयोजना
५. स्थानीय शान्ति समिति
६. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम
७. शान्तिका लागि विकास कार्यक्रम
८. शिविर व्यवस्थापन

उपरोक्त बमोजिमका द्वन्द्वपीडितहरुलाई आर्थिक सहायता र राहत सम्बन्धी नीति निर्माण, उक्त नीति मापदण्ड अनुसार राहत र पुनःस्थापनको व्यवस्था, सरोकारवाला निकायसँग सम्पर्क, समन्वय र अनुगमन गर्ने, सम्पादित कार्यको अनुगमन राहत आर्थिक सहायता सम्बन्धी कार्यको सम्पर्क विन्दु भै मन्त्रालयले कार्य गरिरहेको छ। नेपाल सरकारबाट

समय समयमा भएको नीतिगत निर्णयहरु, नागरिक राहत तथा क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधी, २०६६ मृतकका हकदारहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका,२०६५, बेपत्ता पारिएका व्यक्तिका हकदार हरुलाई राहत प्रदान गर्ने निर्देशिका,२०६५, माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु सशस्त्र द्वन्द्व, ऐतिहासिक जन आन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गको लागि पुनःस्थापन एवं हेरचाह निर्देशिका,२०६८, आमाबाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम संचालन कार्यविधि,२०६८ मा उल्लेख भए अनुरुपका सेवा सुविधाहरु पीडितहरुलाई प्रदान गरी आएको छ।

(क) **सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका व्यक्तिका हकदारलाई आर्थिक राहतः**

सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका व्यक्तिका हकदारलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।११।०४ को निर्णय अनुसार जुनसुकै सरकारी श्रोतबाट लिएको रकम अधिकतम दश लाख रुपैया ननाध्ने गरी द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत संकलन कार्यदलको प्रतिवेदनको आधारमा मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६५ (संशोधन सहित) एक परिवारलाई अधिकतम १० लाख रुपैया ननाघ्ने गरी पाँच लाख रुपैया बराबरको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको शेयर उपलब्ध गराउने र बाँकी रु ५ (पाँच) लाख सम्म आर्थिक सहायता उपलब्ध गराउने निर्णयानुसार हालसम्म मृतकका परिवारले रकम प्राप्त गरिसकेका छन। बाँकी छुट भएकाहरुको सम्बन्धमा सम्बन्धित जिल्लाबाट माग भै आएको खण्डमा यथाशीघ्र रकम निकासा दिने गरिएको छ।

(ख) **सर्वसाधारण मृतकका विधवा पत्नीलाई जीवन निर्वाहका लागि आर्थिक सहायताः**

नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०६६ बमोजिम सम्बन्धी जिल्ला प्रशासन कार्यालयको सिफारिसमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सम्वन्धित जिल्लाविकास समितिको कार्यालयबाट एकमुष्ट रु पच्चिस हजार प्राप्त गर्नेछन। यस प्रावधान बमोजिम हालसम्म मृतकका विधवा पत्नीलाई यो सेवा प्रदान गरिएको छ।

(ग) **सशस्त्र द्वन्द्वको क्रममा वेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक राहतः**

कार्यदलको प्रतिवेदनमा उल्लेख भएको आधारमा मृत्युवरण गरेका व्यक्ति सरहको सुविधा नेपाल सरकारले बेपत्ता पारिएको व्यक्तिको हकदारलाई समेत दिने निर्णय भएबमोजिम हालसम्म बेपत्ता व्यक्तिको हकदारले यो सेवा प्राप्त गरेका छन।

(घ) **बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई आर्थिक सहायताः**

सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयको सिफारिशमा मृत्यु भएका व्यक्ति सरह बेपत्ता व्यक्तिका पत्नीलाई समेत जिल्ला प्रशासन कार्यालय मार्फत रु २५,०००।- एकमुष्ट प्रदान गर्ने गरिएको छ।

(ङ) **अङ्गभङ्ग भई अपाङ्गता भएका व्यक्तिलाई आर्थिक सहायताः**

कार्यदलको प्रतिवेदनको आधारमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी, २०६६ संशोधन सहितको दफा २.९ मा भएको व्यवस्था अनुसार आर्थिक सहायता प्रदान गर्ने गरिएको छ।

(च) **सम्पत्ति क्षति बापतको सहायताः**

कार्यदलको प्रतिवेदन र नागरिक क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६ (संशोधन सहित)

को दफा ३.२.१ अनुसार गठित स्थानीय क्षति मुल्यांकन समितिको सिफारिस र सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत सिफारिश भै शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्वीकृत निकासा बमोजिम राहत रकम प्रदान गरिदै आएको छ।

(छ) **ऐतिहासिक जनआन्दोलन – २ का सहिद परिवारलाई जिवन निर्वाह भत्ताः**

नेपाल सरकार मन्त्री परिषद्को २०६६।१२।०४ को निर्णय बमोजिम जन आन्दोलनका घाइतेको उपचार निर्देशन तथा व्यवस्थापन समितिको प्रतिवेदन, २०६५ बमोजिम सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत शहिद परिवारलाई मासिक रु ६२००।- उपलब्ध गराई आएको छ।

(ज) **ऐतिहासिक जन आन्दोलन २ का ५० प्रतिशत भन्दा माथिका घाइतेहरुलाई जीवन निर्वाह भत्ताः**

व्यवस्थापन समितिको प्रतिवेदनको आधारमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत मासिक रु ३२०० देखि रु १०,०००।- सम्म उपलब्ध गराई आएको छ।

(झ) **जनआन्दोलनका घाइते एवं सहिदका सन्ततिहरुलाई छात्रवृतिः**

व्यवस्थापन समितिको प्रतिवेदनको आधारमा नेपाल सरकार मन्त्री परिषद्को २०६३।६।१० को निर्णय बमोजिम सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत वार्षिक छात्रवृति प्रदान गर्ने गरिएको छ।

(ञ) **सशस्त्र द्वन्द्वको क्रममा ३० दिनभन्दा बढी अपहरण वा बेपत्ता पारिएका व्यक्तिहरुलाई राहतः**

कार्यदलको प्रतिवेदनको आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत एकमुष्ट रु २५,०००।- उपलब्ध गराइएको छ।

(ट) **आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई १८ वर्ष उमेर नपुग्दासम्म आर्थिक सहायताः**

सशस्त्र द्वन्द्वको क्रममा आमाबाबु दुवै गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम संचालन कार्यविधि, २०६८ बमोजिम कार्यदलको प्रतिवेदनको आधारमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमार्फत बार्षिक रु ६०,०००।- सम्म आर्थिक सहायता उपलब्ध गराइएको छ।

(ठ) **सशस्त्र द्वन्द्वको क्रममा ५१ प्रतिशतभन्दा बढी अपाङ्गता प्रतिशत निर्धारण भएका प्रथम श्रेणीका घाइतेलाई जीवन निर्वाह भत्ताः**

माओवादी सेनाका घाइते अपाङ्ग, लडाकुहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनःस्थापन एवं हेरचाह निर्देशिका,२०६८ तथा कार्यदलको प्रतिवेदन, २०६८ बमोजिम सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत मासिक रु ६२००।- जीवन निर्वाह भत्ता उपलब्ध गराइएको छ।

(ड) **सशस्त्र द्वन्द्वको क्रममा ७६ प्रतिशतभन्दा बढी अपाङ्गता प्रतिशत निर्धारण भएका विशिष्ट श्रेणीका घाइतेलाई जीवन निर्वाह भत्ताः**

माथि खण्ड (ठ) मा उल्लेख भएको निर्देशिका र प्रतिवेदनको आधारमा सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत विशिष्ट श्रेणीका घाइतेलाई मासिक रु ६,२००।- र हेरचाह गर्ने व्यक्तिलाई मासिक रु ६,२००।- समेत रु १२,४००।- प्रदान गर्ने गरिएको छ।

(ढ) **विस्तृत शान्ति सम्झौता पश्चातका घटनामा मृत्यु हुने व्यक्तिका हकदारलाई आर्थिक सहायताः**

नेपाल सरकार (मन्त्री परिषद्को निर्णय अनुसार नागरिक क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६, (संशोधन सहित) रु १,२५,०००।- सम्म आर्थिक सहायता सम्वन्धित जिल्ला प्रशासन कार्यालय मार्फत मृतकका परिवारले पाउने व्यवस्था गरिएको छ।

(ण) **राष्ट्रिय मानवअधिकार आयोगको सिफारिसमा राहतः**

राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन परि आयोगले जाँचबुझ गरी आयोगको बैठकबाट सिफारिश भई सम्बन्धित पीडितलाई राहत दिन लेखी आए बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकको निर्णयानुसारको रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत पीडितले प्राप्त गर्ने गरेका छन् ।

नेपाली जनताले २००७ साल भन्दा पहिले देखि पटक पटक गर्दै आएको ऐतिहासिक संघर्ष, जनआन्दोलन, शसस्त्र संघर्षको माध्यमबाट प्राप्त लोकतन्त्र, शान्ति र अग्रगमनको लागि विगतका संघर्षमा भएको ठुलो जनधनको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउनु राज्यको कर्तव्य र नागरिकको मौलिक अधिकार हो । सशस्त्र संघर्षको दौरानमा राज्यपक्ष र विद्रोही दुवै पक्षको चपेटामा आम सर्वसाधारण नागरिक र भौतिक सम्पत्तिको क्षति हुन पुग्यो फलत नागरिकले आफ्नो थाकथलो छोडी आन्तरिक रुपमा विस्थापित भै टाढा टाढा सम्म बसाइ सर्न वाध्य भए। फलस्वरुप घर जग्गा, कृषि बाली, पशु पंक्षि, उद्योग व्यवसाय पेशा, सवै धरासायी हुन पुग्यो । राज्यले २०६३ पछि केही नागरिकहरुलाई उनीहरुको गाउँ घरमा पुनःस्थापना गर्‍यो। प्रति व्यक्ति प्रतिदिन रु ६० का दरले ६० दिन सम्मको लागि रु ३६००।- र बाटो खर्च, बस भाडा, खाना खर्च, घर मर्मत संभार खर्च, कृषि बालीको लागि ऋण रकमको व्यवस्था गरी विस्थापितलाई पुनःस्थापना गराइयो ।

त्यस्तै सुरक्षा निकायले भाडामा लिई प्रयोग गरी रहेको घर जग्गाको भाडा, सवारी साधनको भाडा र क्षतिपूर्ति, घाइतेको तत्काल उद्धार र उपचारको व्यवस्था समेत राज्यले गरी आएको छ। द्वन्द्वकालमा जवर्जस्ती पेशा व्यवसाय रोजगारी गुमाएकालाई छानविन गरी पेशा व्यवसाय वा नोकरीमा पुर्नवहाली गरिएको छ । द्वन्द्वमा परेका पीडित र पीडितका परिवारलाई रोजगार स्वरोजगार कार्यक्रम संचालन गरी केही हदसम्म आत्मनिर्भर बनाइएको छ । यसका साथै द्वन्द्वकालमा भएका भौतिक सम्पति क्षतिको पुनर्निर्माणको कार्य मन्त्रालयले ७५ वटै जिल्लामा सञ्चालन गरी रहेको छ। जिल्लाका केही सरकारी, सामुदायिक भवनहरु निर्माण र मर्मत भएका छन् र केही हुने क्रममा रहेका छन् ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई स्थापना कालमा तोकिएको अधिकांश प्रमुख कार्यहरु मन्त्रालयले सम्पन्न गरी सकेको छ। केही कामहरु अझै गर्न बाँकी रहेका छन । अतः यस सन्दर्भमा सत्य निरुपण र मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भै कार्य प्रारम्भ गरी सकेको छ। मन्त्रालयको तहबाट हुन नसकेमा क्षतिपूर्ति, परिपुरण लगायतका काम अव उप्रान्त उक्त २ आयोगको सिफारिश बमोजिम नेपाल सरकारबाट सम्पादन हुनेछन। आयोगको काममा सहयोग पुऱ्याउन शान्ति तथा पुनर्निर्माण मन्त्रालय, जिल्ला, नगर एवं गाउँ स्तरमा स्थानीय शान्ति समितिहरुले सहयोग गरिरहेका छन् । शान्ति कोष मार्फत पनि शान्ति प्रवर्द्धनात्मक, द्वन्द्व रुपान्तरण, द्वन्द्व न्युनीकरणका काम भै रहेका छन् । आम नागरिक सँगै पीडितहरुको हकमा नेपालको संविधान २०७२ को सहि कार्यान्वयन हुन सके पीडितको घाउमा अवश्य मलमपट्टिको काम गर्नेछ।

*( लेखकः शान्ति तथा पुनर्निर्माण मन्त्रालय मा शाखा अधिकृत पदमा कार्यरत हुनुहुन्छ।)*

# खण्ड ग

## चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्मका मुख्य मुख्य कामहरू

# पृष्ठभूमि

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न भएपछि सम्झौताले निर्देश गरेबमोजिम द्वन्द्वका नकारात्मक प्रभावहरूलाई न्यून गर्ने, द्वन्द्वपीडितहरुलाई तत्काल राहत प्रदान गर्ने, पुनर्निर्माण र पुनःस्थापन गरी सामाजिक एकीकरणका माध्यमबाट समाजमा रहेका अवरोधहरुलाई न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नुका साथै सो सम्झौताको प्रभावकारी कार्यान्वयन गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने गहन जिम्मेबारी शान्ति सचिवालयबाट भन्दा एउटा छुट्टै मन्त्रालयबाट निर्वाह गर्दा बढी उपयोगी र प्रभावकारी हुने देखी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३/१२/१८ को निर्णयानुसार तत्कालीन शान्ति सचिवालय खारेज गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको गठन भएको हो ।

- २०५२ फागुन १ गते, सशस्त्र द्वन्द्वको शुरुवात ।
- छ वर्षको अन्तराल पश्चात २०५८ सालमा वार्ताको प्रारम्भ ।
- २०५९ फागुन ८ गते गठन भएको कार्यदलले शान्ति समन्वय तथा व्यवस्थापन केन्द्र स्थापनाका लागि सिफारिश ।
- २०६०।२।२९ मा शान्ति वार्ता समन्वय सचिवालयको स्थापना ।
- २०६१।४।२८ मा प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय शान्ति समिति गठन ।
- २०६१।५।२९ मा मुख्य सचिवको नेतृत्वमा शान्ति समिति सचिवालयको स्थापना ।
- २०६१।७।३ गतेको निर्णयले उच्चस्तरीय शान्ति समितिको सचिवालयको नाम शान्ति सचिवालय तोकिएको ।
- २०६३ मंसीर ५ गते विस्तृत शान्ति सम्झौता सम्पन्न ।
- २०६३।१२।१८ मा शान्ति सचिवालय खारेजी र शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना ।

**मन्त्रालयको दुरदृष्टिः**

- मुलुकमा दिगो शान्ति कायम गरी सुन्दर, शान्त र नयाँ नेपालको निर्माण कार्यमा सहयोग गर्नु ।

**मन्त्रालयको ध्येयः**

- विद्यमान हत्या हिंसाको अध्याय समाप्त गरी मुलुकमा दिगो शान्ति र विकासको मार्ग प्रशस्त गर्नका लागि आवश्यक संस्थागत, प्रक्रियागत र प्राविधिक कार्यमा जुट्नु ।

**कार्यक्षेत्र**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत देहायका विषयहरु समावेश छन् :-

१. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

२. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति र कार्यक्रम;
३. विस्तृत शान्ति सम्झौतालगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन;
४. दीगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रकृयागत तथा प्राविधिक विषय;
५. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसम्बन्धी, अध्ययन, विश्लेषण तथा अनुभवको आदान-प्रदान;
६. द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको राहत, आर्थिक सहायता तथा पुनःस्थापन;
७. द्वन्द्व-संवेदनशील प्रणालीबारे अध्ययन तथा अनुसन्धान;
८. शान्ति स्थापना तथा द्वन्द्वको व्यवस्थापनसम्बन्धी सूचना, अध्ययन सामग्री र अध्ययन प्रतिवेदनको अभिलेख केन्द्र तथा शान्ति र द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोतकेन्द्र सम्बन्धी;
९. शान्ति प्रक्रिया र द्वन्द्वको संक्रमणकालीन व्यवस्थापन;
१०. द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँगको समन्वय;
११. शान्ति कोषबाट सञ्चालित योजना तथा कार्यक्रमको सञ्चालन र अनुगमन;
१२. शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सम्पर्क;
१३. सत्य निरुपण तथा मेलमिलाप आयोग;
१४. बेपत्तासम्बन्धी छानबिन आयोग;
१५. शान्ति तथा पुनःस्थापनासम्बन्धी परामर्श समिति;
१६. शान्ति प्रक्रियासम्बन्धी उच्चस्तरीय अनुगमन समिति;
१७. स्थानीय शान्ति समिति ।

३. **कार्यक्रम तथा आयोजनाको विवरण**

१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय
२. शान्ति कोष
३. पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम
   (क) भौतिक पूर्वाधार पुनर्निर्माण
   (ख) राहत तथा पुनर्स्थापन
४. शान्ति प्रकृया सहयोग आयोजना
५. स्थानीय शान्ति समिति
६. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम
७. शान्तिका लागि विकास कार्यक्रम
९. अन्य महत्वपूर्ण विविध क्रियाकलप तथा उपलब्धिहरु

शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तगरत संचालित आयोजना को आ.व. २०७२/७३ को बजेट बिनियोजन र दोस्रो चौमासिक सम्मको प्रगति

| क . स. | आयोजना/कार्यक्रमको नाम | वार्षिक वजेट | | | द्वीतिय चौमासिक वजेट | जम्मा खर्च | द्वीतिय चौमासिक प्रगति स्थिति (%) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजिगत | जम्मा | | | भौतिक | वित्तीय | |
| १(क) | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ७६,५९१ | २४,५० | ७,९०४१ | २५,१०१ | १६,३०० | ६५ | ६५ | |
| (ख) | सत्य निरुपण तथा मेलमिलाप आयोग | ७९,२८३ | ११,४०० | ९०६८३ | ३६,१८५ | २,९००३ | ९० | ८० | |
| (ग) | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | ५४,७३४ | ९९,७७ | ६,४७११ | २२,४२३ | १,९२९९ | ९० | ८६ | |
| २ | पुनर्निर्माण तथा पुनस्थापन | | | | | | | | |
| | क) राहत तथा पुनस्थापन इकाई | १२,४८३६ | | १२४८३६ | ४२१४९ | १०,३१,९६, | ९१ | ८२ | दोस्रो चौमासिक सम्म |
| | ख) पुनर्निर्माण परियोजना | ५२,३५५ | १,३२,८६५० | १३८१००५ | ९२,२०२४ | ३८,६०५४ | ५२ | ४२ | |
| ३ | स्थानीय शान्ति समिति | १८,३९६९ | २०,०० | १८,५९६९ | ३४,१९ | ८७१ | ३० | २५ | जिल्लाबाट भएको खर्च नदेखिएको |
| ४ | शान्तिको लागि विकास कार्यक्रम | | ५१,५५७९ | ५१,५५७९ | ५०,५२४१ | ४,३७०० | १७ | ८.६ | |
| ५ | शान्ति कोष<br>जम्मा आयोजना ७०,<br>सम्पन्न ६०,चालु आयोजना १० | १००,०००० | | १००,०००० | ३३,०००० | ७,८३१८ | ३३ | २४ | नेपाल सरकार २५ करोड र वैदेशिक अनुदान ७५ करोड |
| | जम्मा | १५७,१७६८ | १८७,००५६ | ३४४,१८२४ | १५५,६५४२ | ७३,६२२९ | ५९ | ४७ | |

४. **प्रमुख उपलब्धीहरू**

- वर्तमान परिवेशमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको संगठन संरचना परिमार्जन गर्न मन्त्रालयको संगठन तथा व्यवस्थापन (O&M) अध्ययनको प्ररम्भिक प्रतिवेदन तयार गरिएको ।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयको जनशक्ति विकास नीति तर्जुमा गरी प्रारम्भिक छलफल गरिएको ।
- स्वीकृत बजेट र कार्यक्रम अनुसार स्थानीय शान्ति समितिबाट माग गरिएका योजनाहरु उपर छलफल गरी ७५ जिल्लाको मागमा आधारित कार्यक्रम स्वीकृत भै अख्तियारी पठाई सकिएको ।
- स्थानीय शान्ति समितिको क्षमता अभिवृद्धि गर्ने अभिप्रयाले संवाद मेलमिलाप तथा द्वन्द्व व्यवस्थापन विषयक छ (६) दिने तालिम संचालन भै ९० जना स्थानीय शान्ति समितिका पदाधिकारीहरु लाभान्वित भएको ।
- यस मन्त्रालयको नियमित कार्यक्रमवाट शान्ति संवेदनशिल विकास कार्यक्रम सम्वन्धि अनुशिक्षण कार्यक्रम रसुवा जिल्लामा सम्पन्न गरी स्थानिय शान्ति समितिका पदाधिकारी र रसुवाका कर्मचारी गरी करिव ६० जना लावान्वित भएका ।
- विष्फोटका पदार्थवाट पीडितहरुको तथ्यांक संकलन कार्य शुरु भएको ।
- मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना संचालनको लागि सेवा प्रदायक संस्था छनौट कार्य अन्तिम चरणमा पुगेको ।
- मनोसामाजिक परामर्श सेवा तथा सहयोग परियोजना र यसका आधारभूत पक्ष वारे मन्त्रालयका अधिकृतहरुको लागि १ दिने अभिमुखिकरण कार्य सम्पन्न भएको ।
- सूचनाको हक र नेपालमा सूचनाको हकको कार्यान्वयन अवस्था सम्वन्धि मन्त्रालयका अधिकृतहरुको लागि १ दिने अभिमुखिकरण कार्य सम्पन्न भएको ।
- अनुगमन कार्यलाई प्राथमिकताको आधारमा निरन्तरता दिईएको ।
- हेलो सरकारको उजुरी गुनासो फछ्र्यौट शत प्रतिशत भएको ।
- मन्त्रालयको प्रवक्ता, सूचना अधिकारी र सहायक सूचना अधिकारी समेत तोकिएको । साथै मन्त्रालय मातहतका निकायमा समेत सूचना अधिकारीको व्यवस्था गरिएको ।
- Conflict Transformation and peace building though constitution making project भएको कार्यहरु संविधान सम्बन्धी अनुशशिक्षण कार्यक्रम ५५ भन्दा बढी जिल्लाका २०० भन्दा बढी स्थानमा स्थानीय शान्ति समिति मार्फत संचालन भएको ।
- स्थानीयस्तरमा द्वन्द्व व्यवस्थापन तथा रुपान्तरण सम्बन्धी अनुशिक्षण कार्यक्रम धनकुटा, इलाम, उदयपुर, दाङ, सुर्खेत, डडेल्धुरा र पोखरामा सम्पन्न गरी कपाब ४०० जना लाभान्वित भएका ।
- शान्ति संवेदनशील विकास सम्बन्धी अनुशिक्षण कायृक्रम धनकुटा, इलाम, उदयपुर, दाङ, सुर्खेत, डडेल्धुरा र पोखरामा सम्पन्न गरी करीब ४०० जना लाभान्वित भएका ।
- शान्ति संवेदनशील विकासको अवधारणालाई वार्षिक योजना मुल प्रवाहीकरण सम्बन्धी कायृक्रर्यक्रम ४५ केन्द्रीय निकायका Peace focal person लाई प्रदान गरिएको ।
- द्वन्द्व रुपान्तरण सम्बन्धी अनुशिक्षण मन्त्रालयका करिब ३५ जना कर्मचारीलाई दिइएको ।
- नेपालको नयाँ संविधानका प्रमुख प्रावधान समेटेर Browser, Booklet तयार गरी वितरण गरिएको ।
- अन्तर्राष्ट्रिय शान्ति दिवस भव्य ७५ वटै जिल्लामा विभिन्न कार्यक्रम गरी सेप्टेम्वर २१, २०१५ मा भव्य रुपमा मनाईएको । शान्ति दिवसको अवसरमा मा.मन्त्रि श्री नरहरि आचार्यले काठमाडौमा जलपान

कार्यक्रम आयोजना गर्नुभयो ।

- संक्रमणकालीन न्याय व्यवस्थामा सत्य निरुपण तथा मेलमिलाप आयोग, वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको भूमिका तथा कार्य, हालसम्मको प्रगति, भविश्यमा गर्नुपर्ने कार्य तथा चुनौती विषयक अन्तरकृया कार्यक्रम २०७२ आश्विनमा सम्पन्न । उक्त अन्तरक्रियामा उक्त दुवै आयोगका अध्यक्ष,सदस्य तथा सचिव ज्युहरुको सहभागिता रहेको थियो ।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा आउनुभएका नयाँ कर्मचारीहरुको लागि induction कार्यक्रम २०७२ श्रावणमा सम्पन्न भएको ।
- Asia Pacific Peace Research Association सँगको सहकार्यमा २०७२ असर २१ मा शान्ति सम्बन्धी APPRA Conference (शान्ति सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको)
- महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय केन्द्रीय बाल कल्याण समिति र शान्ति कोष सचिवालय बीच मिति २०७२/७/२४ मा Project for the Rehabilitation and Reintegration of Children Affected by Armed Conflict (CAAC) सम्बन्धी नयाँ आयोजनाको सम्झौता सम्पन्न गरिएको ।
- BP koirala institute of healh science र शान्ति कोष सचिवालयबीच मिति २०७२/९/२३ मा project of Rehabilitation cener BPKIHS सम्बन्धी नयाँ आयोजनाको सम्झौता भएको ।
- शान्ति कोषको झाष्अभ संचालनको लागि मिति २०७२/१२/१० मा Institutional organizational sopport to peace fund secretarist सम्बन्धी सम्झौता भएको
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनःस्थापन एवं पुनःएकीकरणको लागि राष्ट्रिय कार्ययोजना नेपाल सरकार, (मन्त्रिपरिषद्) बाट मिति २०६७ पुष १४ गते स्वीकृत भई सोको कार्यविधि समेत मन्त्रालयबाट स्वीकृत भएको ।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न स्वीकृत १० बटा आयोजनाहरु सम्पन्न भएको ।
- पुनर्निर्माण, पुनःस्थापन एवं राहत वितरण कार्यको प्रभावकारी अनुगमनको लागि पाँचै विकास क्षेत्रमा मन्त्रालयका पाँच जना सहसचिवहरुको संयोजकत्वमा छुट्टा छुट्टै अनुगमन टोली गठन गरी अनुगमनको कार्यलाई प्रभावकारी बनाइएको ।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को स्थानीयकरणको सिलसिलामा ५९ जिल्लामा अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको र अनुगमन कार्य समेत सम्पन्न भएको । साथै संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बनधी राष्ट्रिय कार्ययोजनाको पहिलो चरण सम्पन्न भएको र दोस्रो चरणको तयारी भैरहेको ।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना पश्चात् विभिन्न २१ सशस्त्र समूहहरु समेत ५७ वटा आन्दोलनरत तथा असन्तुष्ट समूहहरुसँग वार्ता भई सहमति कायम भएको, यी मध्ये केही समूहहरुले ३३८ थान भन्दा वढी हतियार नेपाल सरकारलाई बुझाएका ।
- द्वन्द्व पीडित सेना प्रहरीको समस्या अध्ययन सम्बन्धमा द्वन्द्व ब्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन भई सिफारिस सहितको अध्ययन प्रतिवेदन मा. शान्ति तथा पुनर्निर्माण मन्त्री समक्ष पेश भई कार्यान्वयन प्रकृयाको लागि प्रधानमन्त्रीको कार्यालयमा प्रस्तुत भएको ।
- द्वन्द्वकालमा सुरक्षा निकायबाट विच्छ्याइएका ५३ स्थानका बारुदी सुरुङ्ग र ३४१ स्थानका Improvised Explosive Devices (IED) Field हरु नष्ट गर्ने कार्य सम्पन्न भएको ।

- विगतमा द्वन्द्व प्रभावित ब्यक्ति, परिवार र संरचनाको लगत संकलन कार्यदलले पूरा गर्न बाँकी रहेका कार्यहरु सम्पन्न गर्न पाँचौ तथा अन्तिम कार्यदल श्री नर बहादुर पुन निरजको संयोजकत्वमा गठन भई आफ्नो प्रतिवेदन मा. मन्त्रीज्यू समक्ष पेश भई मन्त्रालयको कार्यसमूहबाट अध्ययन भैरहेको ।
- नेपालको शान्ति प्रकृयामा हालसम्म भएका सम्झौता, सहमति, समभ्रदारी, घोषणा र निर्णयहरुको संकलन पुस्तिका (बाह्र बुँदे समभ्रदारी र विस्तृत शान्ति सम्झौता समेत) प्रकाशन गरिएको ।
- बारुदी सुरुङ्ग तथा विष्फोटक पदार्थ सम्बन्धी जोखिम शिक्षा तालिम निर्देशिका तयार गरिएको ।
- आर्थिक वर्ष ०७१/०७२ सम्म कूल कायम भएको बेरुजु रु.४२,३३,३०,०००। मध्ये रु.१९,१०,१९,०००। फछ्यौट भई ४५.१२ प्रतिशत प्रगति हासिल भएको र रु.३३,३८,०००। सम्परीक्षणको लागि पेश भएको ।

### शान्ति कोष सचिवालय

नेपाल सरकारको स्वामित्व र व्यवस्थापनमा वि.सं. २०६३, माघ (सन् २००७, जनवरी) मा नेपाल सरकार र दातृ निकायहरुको संयुक्त पहलमा विस्तृत शान्ति सम्झौता र अन्य शान्तिसम्बन्धी सम्झौताहरुको कार्यान्वयनका लागि प्राबिधिक तथा आर्थिक सहयोग पुऱ्याउने ध्येयले शान्ति कोषको स्थापना भएको हो । मूलतः शान्ति कोष (संचालन) नियमावली, २०६५ र Joint Financing Arrangement (JFA) को आधाारमा यो कोष संचालन हुने गरेको छ। कोषको स्वीकृत नयाँ रणनीति (सन् २०१४ देखि २०१७ सम्म) अनुसार कोषको कार्यक्षेत्र चार वटा समूहहरु (अगिकतभचक) मा विभाजित गरिएको छः- १) द्वन्द्व प्रभावित व्यक्तिहरुलाई सहयोग २) सङ्क्रमणकालीन न्याय र मेलमिलाप ३) सुरक्षामा पहुँच ४) संविधानसभा, निर्वाचन र राष्ट्रिय तथा स्थानीय स्तरको शान्ति निर्माण कार्यमा सहयोग ।

### कोषको संचालन संयन्त्र

यो कोष संचालनका लागि माथिल्लो संयन्त्रको रुपमा शान्ति कोष संचालक समिति रहेको छ जसको अध्यक्ष शान्ति तथा पुनर्निर्माण मन्त्री र सह-अध्यक्षमा अर्थ मन्त्री रहने व्यवस्था छ। सदस्यहरुमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, संविधान सभामा प्रतिनिधित्व गर्ने मुख्य पाँच दलका प्रतिनिधि, गृह र अर्थ मन्त्रालयका सचिव रहेका छन् भने शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव सदस्य सचिव रहने व्यवस्था छ। यस समितिमा दातृ निकायका प्रतिनिधि एवं अन्य विशेषज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने व्यवस्था छ।

संचालक समितिलाई प्राविधिक रुपमा सहयोग गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवको अध्यक्षतामा प्राविधिक समिति रहेको छ भने परियोजनाहरुको अवधारणा तय गर्नका लागि मूल कार्य समूह (Core Cluster) रहेको छ। परियोजनाहरुको विस्तृत विवरण अध्ययन गरी स्वीकृतिका लागि प्राविधिक समितिसमक्ष सिफरिश गर्न क्षेत्रगत कार्य समूह (Sectoral Cluster) को व्यवस्था गरिएको छ भने दैनिक कार्य सम्पादन गर्न शान्ति कोष सचिवालय रहेको छ। यसको साथै सरकार र दातृ समुदायबीचको सम्वाद र सहकार्यको लागि संयुक्त बैठक (GoN-DG Meeting) बस्ने गरिएकोछ।

### मुख्य उद्देश्य

यस कोषको मुख्य उद्देश्य "दिगो शान्तिका लागि विस्तृत शान्ति सम्झौता लगायत अन्य शान्ति सम्झौताहरुको प्रभावकारी कार्यान्वयनमा प्राविधिक र आर्थिक सहयोग पुऱ्याउनु" रहेको छ।

## लाभान्वित समूह

यस कोषको लाभान्वित वर्ग भनेको दश वर्षे द्वन्द्वकालमा प्रत्यक्ष र अप्रत्यक्षरुपले प्रभावित भएका आम नेपाली जनता हुन् ।

## मुख्य उपलब्धि

शान्ति कोषबाट शान्ति प्रक्रियालाई सहयोग गर्ने क्रममा विभिन्न उपलब्धिहरु हासिल भएका छन् । माओवादी लडाकूको समायोजन, संविधान सभाको निर्वाचनहरु, द्वन्द्वको क्रममा क्षति भएका प्रहरी चौकीहरुको पुनर्निर्माण, संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन जस्ता क्षेत्रमा भएका उपलब्धिहरु उल्लेखनीय छन् जसको छोटकरी विवरण तल उल्लेख गरीएको छ ।

### (क) माओवादी लडाकूको समायोजन

शिविर व्यवस्थापन तथा माओवादी लडाकूको समायोजन क्लस्टर अन्तर्गत २२ वटा आयोजना संचालन गरिएकोमा २१ वटा सम्पन्न भई बाँकी १ वटा पनि सम्पन्न हुने अवस्थामा छ । माओवादी सेनाका लडाकूको समायोजन कार्य सम्पन्न भई सबै २८ वटा शिविरहरु बन्द भएका छन् । कूल १९,६०२ लडाकूहरुमध्ये प्रमाणिकरण पश्चात कायम रहेका १७,०५२ मध्ये १,४६० जना नेपाली सेनामा समायोजन भएका, ६ जना पुनस्थापन र १५,५८५ जनाले स्वेच्छिक अवकाश लिएका छन् ।

### (ख) संविधान सभाको निर्वाचनहरु

निर्वाचन आयोगबाट सफलताकासाथ सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनका लागि कोषबाट Next Constituent Assembly Election (NCAE) 2013, Operating Next Constituent Assembly Election (ONACE) 2013 / Support to Election Project (STEP) गरी तीनवटा आयोजना स्वीकृत गरिएको थियो जसमा करिब रु ४,५५,२६,१०,१६४.०६ खर्च भएको छ । यस अघिको संविधान सभा निर्वाचन र फोटो सहितको मतदाता नामावली संकलनको लागि पनि कोषले आर्थिक र प्राविधिक सहयोग गरेको थियो ।

### (ग) द्वन्द्वको क्रममा क्षति भएका प्रहरी चौकीहरुको पुनर्निर्माण



नेपाल प्रहरीले कार्यान्वयन गरिरहेको प्रहरी इकाइ पुनर्निर्माण आयोजना अन्तर्गत पहिलो चरणको प्रहरी इकाइको पुनर्निर्माणमा १०० वटा प्रहरी इकाइहरुको पुनर्निर्माण गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुसार नै प्रगति भएको छ । दोस्रो चरणमा ९३ वटा इकाइहरु पुनर्निर्माण गर्ने लक्ष्य रहेकोमा ९१ वटा निर्माण भई बाँकी निर्माण भइरहेको छ । तेस्रो चरणमा ९० बटा इकाइहरु निर्माण गर्ने क्रममा रहेको र ६१ वटा निर्माण सम्पन्न भइसकेका छन् । हालै स्वीकृत प्रभावकारी सेवा प्रवाह र प्रहरीको क्षमता अभिबृद्धिका लागि प्रहरी इकाई पुनर्निर्माण आयोजना को पहिलो चरणमा ४३ वटा प्रहरी इकाइहरु निर्माण गर्ने लक्ष्य रहेकोमा अहिले इन्सेप्सन चरणमा रहेको छ ।

**(घ) संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन**

संयुक्त राष्ट्र संघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनको लागि स्वीकृत राष्ट्रिय कार्ययोजना कार्यान्वयनार्थ १० वटा आयोजनामध्ये ३ वटा आयोजना सम्पन्न भई अहिले ७ वटा आयोजना संचालनमा रहेका छन। यी आयोजनाहरु अन्तर्गत अन्तर्क्रिया तथा अभिमुखीकरण, द्वन्द्वपीडित महिला तथा बालिकाका लागि सीपमुलक तालिम, सचेतनामुलक कार्यक्रम, क्षमता विकास कार्यक्रम लगायत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने क्रियाकलापहरु संचालन गरिएका छन्। यसका लागि कूल ८४ करोड ४५ लाख वजेट स्वीकृत गरिएको छ।

**(ङ) दिगो शान्ति प्रवर्द्धनका लागि रेडियो तथा टिभि कार्यक्रम**

दिगो शान्ति प्रवर्द्धनार्थ रेडियो नेपालबाट प्रथम चरणको आयोजना सम्पन्न भै दोस्रो चरणको र नेपाल टेलिभिजनबाट एक आयोजना संचालन भएको थियो। रेडियो नेपालबाट शान्ति बहस, शान्तिको लागि रेडियो, रेडियो ड्रामा, शान्ति संवाद जस्ता कार्यक्रमहरु तथा नेपाल टेलिभिजनबाट टेलिसिरियल शान्ति, स्वागतम शान्ति, शान्ति हाजिरी जवाफ कार्यक्रम, शान्ति संगीतयात्रा जस्ता कार्यक्रमहरु संचालनमा गरिएको। हाल यो कार्यक्रम सम्पन्न भै सकेको।

## कोषद्वारा संचालित आयोजनाको विवरण

कोषले २०७२ असार मसान्तसम्ममा ६६ वटा आयोजनाहरु संचालन गरेको छ जसमध्ये २२ वटा संचालन भइरहेको अवस्थामा छन् भने ४४ वटा आयोजनाहरु सम्पन्न भइसकेका छन्। यसका लागि अहिलेसम्म जम्मा २३ अर्ब ७३ करोड रकम विनियोजन भएको छ।

| क्र.सं. | विषयगत क्षेत्र (क्लस्टर) | सम्पन्न भएका आयोजनाको संख्या | चातु आयोजनाको संख्या | कूल आयोजना | स्वीकृत बजेट (दश लाखमा) |
|---|---|---|---|---|---|
| १ | शिविर व्यवस्थापन तथा माओवादी लडाकूको समायोजन | २१ | १ | २२ | ५५३९.८६६४८४ |
| २ | द्वन्द्व प्रभावित व्यक्ति तथा समुदाय | ३ | १ | ४ | १०६४.८३ |
| ३ | सुरक्षा तथा संक्रमणकालिन न्याय | १३ | ३ | १६ | ४६८६.१७५५७२ |
| ४ | संविधान सभा निर्वाचन तथा राष्ट्रिय तथा स्थानीय स्तरका शान्ति निर्माण पहल | २३ | ० | २३ | १२१६३.४९७१५१ |
| | जम्मा | ६० | ५ | ६५ | २३६४४.१७०२७८ |
| ५ | प्राविधिक सहयोग (टि सि पूल) | | | | ९४.१३२५ |
| | | | | | २३७३८.३०२७७८ |

### NPTF III को समष्टिगत प्रगतिः आयोजना र बजेट

| Name of the Cluster | Projects completed | Projects ongoing | Total Projects | Approved budget (in mio NPR) |
|---|---|---|---|---|
| 1.Social Dimensions/CAPS | 0 | 3 | 3 | 361.43 |
| 2.Transitional Justice and Reconciliation | 0 | 1 | 1 | 49.66 |
| 3. Access to Security | 0 | 0 | 0 | 0 |
| 4. Political Dimension | 0 | 0 | 1 | 35.98 |
| *Sub-total* | ***0*** | **5** | **5** | 447.07 |
| Total of NPTF I, II and III | 60 | 10 | 70 | 23901.44 |

| क्र.सं. | क्षेत्र | सूचक | इकाई | दोश्रो चौ. भित्र सम्पन्न | कुल लक्ष्य | हालसम्म सम्पन्न | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रहरी इकाई भवन पुनर्निर्माण | पहिलो चरण | गोटा | ० | १०० | १०० | |
| | (Police Units Reconstruction Phases) | दोश्रो चरण | गोटा | १ | ९३ | ९२ | १ निर्माणाधिन |
| | | तेश्रो चरण | गोटा | ५ | ९० | ६८ | २२ निर्माणाधिन |
| | | PURP for Effective Service Delivery PI | गोटा | ० | ४४ | २ | ४२ निर्माणाधिन |
| २. | प्रहरी महिला तथा बालबालिका व्यारेक भवन | Capacity Enhancement Project | गोटा | ० | ६ | ६ | |
| ३. | प्रहरी इकाई भवन र्निमाण | 1325/1820 Prevention Protection and recovery Program (MoHA) | गोटा | ० | ६ | ६ | |
| | महिला शौचालय निर्माण | ,, | गोटा | ० | २५ | २५ | |
| ४. | नेपाली सेना महिला व्यारेक भवन, पाँचखाल | Promoting women's participation of women and girls in peace building (MoD) | गोटा | ० | १ | १ | |
| | नेपाली सेना बालबालिका हेरचाह केन्द्र भवन, भद्रकाली र छाउनी | ,, | गोटा | ० | २ | २ | |
| | जम्मा भवन | | गोटा | | ३६७ | ३०२ | ६५ निर्माणाधिन |

**कोषमा योगदान गर्ने दातृ निकायहरू**

विगतमा कोषमा नेपाल सरकार लगायत डेनमार्क, फिनल्याण्ड, नर्वे, स्वीट्जरल्याण्ड, बेलायत, जर्मनी, युरोपेली समुदाय, संयुक्त राज्य अमेरिका गरी आठ वटा दातृ निकायको सहयोग रहेकोमा हाल युरोपेली समुदाय र संयुक्त राज्य अमेरिका (USAID) गरी दुईवटा दातृ निकायहरुको सहयोग रहेको छ ।

आ.व. २०७२/७३ दोस्रो चौमासिक सम्मको अवधिमा प्राप्त मुख्य उपलब्धि

- Project for the Rehabilitation and Reintegration of children Affected by Armed conflict (CAAC) / Operation of Rehabilitation Centre at B.P. Koirala Institute of Health Sciences दुई आयोजना स्वीकृत भई कार्यान्वयन भइरहेको ।
- यस अवधिमा ६ वटा प्रहरी इकाई पुनर्निर्माण कार्य सम्पन्न भएको ।

**कोष व्यवस्थापनका क्षेत्रमा सम्पन्न कार्यक्रमहरु**

(क) कोषको रणनीति तर्जुमा, JFA संशोधन तथा कोषको नियमावली संशोधन

- विगत सात बर्षमा कोषले थुप्रै उपलब्धि हासिल गरेको सन्दर्भमा अब भविष्यमा कोषको कामलाई योजनाबद्ध किसिमले अझ प्रभावकारी बनाउने ध्येयले नेपाल सरकार र दातृ निकायहरु वीच नयाँ संयुक्त वित्तिय व्यवस्थापन (Joint Financial Arrangement) सम्झौता सम्पन्न भएकोछ ।
- विभिन्न राजनीतिक दल, दातृ निकाय, कार्यान्वयन निकाय लगायत सम्पूर्ण साझेदारहरुका प्रतिनिधिहरुसँग अन्तरक्रिया तथा अभिमत सर्वेक्षण गरिए पश्चात लामो समयपछि शान्ति कोषको नयाँ रणनीति (२०१४ -२०१७), शान्ति कोष संचालक समितिको १७ औं बैठकबाट स्वीकृत भइ कार्यान्वयनमा आएको छ ।
- शान्तिकोष (संचालन) नियमावली, २०६५ को दोश्रो संशोधन शान्तिकोष (संचालन) नियमावली, २०७२ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई मिति २०७२।४।२५ को नेपाल राजपत्रमा सूचना प्रकाशन भइसकेको छ । राजपत्रमा प्रकाशन भए पश्चात् मूल नियमावलीमा पनि आवश्यक संशोधन गरी प्रकाशन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

**नयाँ आयोजना स्वीकृत**ः

नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय र शान्ति कोष सचिवालयवीच मिति २०७२।३।६ मा Provision of Psychosocial counselling and Support Services to Conflict Affected Persons in Nepal र मिति २०७२।३।३० मा Conflict Transformation and Peacebuilding Through Constitution making सम्बन्धी आयोजनाहरुको सम्झौता सम्पन्न गरिएको छ ।

- नयाँ ञ्ञ र रणनीति अनुसार नयाँ आयोजनाहरुको लागि अवधारणापत्रहरु प्राप्त भइरहेकोमा धरानस्थित B.P. Koirala Institute of Health Science बाट प्रस्तावित "Operation of Rehabilitation Centre in BPKIHS, Dharan" आयोजनासँग सम्बन्धित अवधारणापत्र स्वीकृत भई आयोजनाको विस्तृत दस्तावेज तयार गर्ने क्रममा रहेको छ । त्यसै गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत रहेको केन्द्रीय बाल कल्याण समितिबाट प्रस्तावित Project for the Rehabilitation and Reintegration of Children Affected by Armed Conflict आयोजनाको विस्तृत आयोजनाको मस्यौदा दस्तावेज प्राप्त भएकोमा छलफल पश्चात् Sectoral Cluster मा पेश हुने क्रममा रहेको छ ।

**(ख) आर्थिक तथा प्राविधिक सहयोग**

कोषको प्रभावकारी कार्यक्रम र शान्ति कोष सचिवालयको दक्षतापूर्ण व्यवस्थापनका लागि युरोपियन युनियन र USAID ले प्राविधिक सल्लाहकार एवं परामर्शदाताहरु मार्फत प्राविधिक र आर्थिक सहयोग पुर्‍याइरहेका छन । सार्वजनिक वित्तीय व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, संचार र

क्षमता अभिबृद्धि जस्ता क्षेत्रहरुलाई आधार मानी यस्तो सहयोग परिचालन गरिएको छ। यसका साथै शान्ति कोषको प्रभावकारी कार्य सम्पादनका लागि USAID र EU बाट प्राविधिक तथा आर्थिक सहयोग प्राप्त भइरहेको छ।

### ४.३. पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम

**(क) भौतिक पूर्वाधार पुनर्निर्माण**



उपलब्ध श्रोत तथा साधनको व्यवस्थित रुपमा परिचालन गराइ द्वन्द्ववाट प्रभावित/क्षतिग्रस्त भौतिक पूर्वाधार हरुको पुनर्निर्माण गर्दै गम्भीर रुपमा प्रभावित सामाजिक परिवेशलाई सामान्य बनाउदै स्थानीय स्तरमा सेवा प्रवाह सुचारु गराइ दिगो शान्ति र राहतको अनुभुति दिलाउने यस कार्यक्रमको उद्देश्य रहेको छ ।आ व ०६३/०६४ देखी सुरु भएको यस पुनर्निर्माणको कार्यलाई व्यवस्थीत रुपमा संचालन गर्न २०६५/१०/१५ मा यस सम्बन्धी कार्यविधि स्वीकृत भएको छ।

यस कार्यक्रमलाई जिल्लास्तरमा प्रभावकारी रुपमा कार्यान्वयन गराउन प्रमुख जिल्ला अधिकारी ज्यूको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला पुनर्निमाण समिति गठन गरिएको छ। कार्यक्रमको अनुगमन गर्न शान्ति तथा पुनर्निमाण मन्त्रीज्यूको अध्यक्षतामा मंत्रालयमा एक केन्द्रिय निर्देशन तथा अनुगमन समिति गठन गरिएको छ। यस कार्यक्रम अर्न्तगत सरकारी कार्यालय भवन, स्थानीय निकायका भवन, विद्यालय भवन, वाल मन्दिर, सेवा केन्द्र भवन, सामुदायिक भवन, खानेपानी, सिंचाइ, बाटो, पुल, पुलेसा, लघु जलविधुत, नमुना वस्ती, शहिद पार्क, स्मारक, मठ, मन्दिर, ऐतिहासिक संरचना लगायत मंत्रालयले तत्काल पुनर्निर्माण गर्न उपयुक्त ठानेका संरचनाहरु पुनर्निर्माण गरिन्छ।

यस कार्यक्रम अन्तरगत स्वीकृत आयोजनाहरु निम्न निकायहरु मार्फत कार्यान्वयन भै रहेका छन् :

(क) द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना

(ख) स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

(ग) शहरी विकास तथा भवन निर्माण विभाग

**आ व २०७०/०७१ सम्म पुनर्निर्माण गर्न माग भएका आयोजनाको विवरण निम्नानुसार रहेको छ :**

| सि नं | विवरण | संख्या | अनुमानित कुल लागत रु हजारमा |
|---|---|---|---|
| १ | विद्यालय भवन, बालमन्दिर | २१४९ | ५९७९६२३ |
| २ | गा.वि.स. भवन | २०७२ | ४४००७६७ |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरु | ९८६ | ५७२२८४८ |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरु | १०४७ | १८३१०४९ |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | १३० | ४६८२४८५ |
| ६ | भो. पु. | १०१ | २१२७८१ |

| | | | |
|---|---|---|---|
| ७ | अन्य | २२२३ | १२२४३९२८ |
| ८ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | २०८ | १२७६०३५ |
| | जम्मा | ८९१६ | ३६३४९५१६ |

**आ व ०७१/७२ सम्ममा सम्पन्न भएका भौतिक संरचनाहरुको विवरण निम्नानुसार छ :**

| सि नं | विवरण | सम्पन्न संख्या | खर्च रु हजारमा |
|---|---|---|---|
| १ | विद्यालय भवन, बालमन्दिर | १०२९ | १९६३३६२ |
| २ | गा वि स भवन | ७५१ | २११३८२९ |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरु | ४४९ | २५४४१४९ |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरु | २९२ | ४८५०९५ |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | ६७ | ४४३९१८ |
| ६ | भो. पु. | १५ | १६१३२ |
| ७ | अन्य | २०३ | ४२६७१४ |
| ८ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | ६३ | ८३१८६७ |
| | जम्मा | २८७० | ८८५०६१६ |

पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रमका लागि आ व ०७२/७३ का लागि रु १ अर्व ३२ करोड ८७ लाख ५० हजार वजेट विनियोजन भएको छ। जसवाट यस आ.व मा १४५० वटा आयोजना सञ्चालनमा रहेका छन।

**(ख) राहत तथा पुनर्स्थापन**

- सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका, वेपत्ता पारिएका, सम्पत्ति क्षति, घाईते/अपाङ्ग, अपहरणमा परेका, टुहुरा बालबालिकालाई राहत/आर्थिक सहायता उपलब्ध गराउने काम नेपाल सरकारबाट स्वीकृत कार्यविधि, निर्देशिका र मापदण्डको आधारमा मन्त्रालय अन्तर्गत राहत तथा पुनस्थापन इकाईबाट हुँदै आएको छ। यसै गरी ऐतिहासिक जनआन्दोलनका सहिद परिवार तथा घाईतेहरुलाई मासिक जीवन निर्वाह वृत्ति, निजका सन्ततिलाई छात्रवृत्ति, टुहुरा बालबालिकालाई आर्थिक सहायता प्रदान हुँदै आएको छ। राष्ट्रिय मानवाअधिकार आयोगको सिफारिस तथा विस्तृत शान्ति सम्झौता पश्चातका घटनामा परि मृत्यु भएका व्यक्तिका हकदारलाई राहत/आर्थिक सहायता उपलब्ध गराउने काम पनि यस इकाईबाट हुँदै आएको छ। राहत तथा पुनस्थापन इकाईको म्याद २०७३ आषाढ मसान्तसम्म थप गरिएको छ।
- नेपाल सरकार, (मन्त्रिपरिषद्) को मिति २०६९।११।४ को निर्णयानुसार सशस्त्र द्वन्द्वको क्रममा मृत्युवरण गरेका र बेपत्ता पारिएका व्यक्तिका नजिकका हकदारहरुलाई आर्थिक सहयोग स्वरुप हालसम्म प्राप्त गरेको रकममा रु. ५ लाख पुऱ्याउन आवश्यक पर्ने रकम अर्थ मन्त्रालयबाट बजेट व्यवस्था भई वितरण भएको।

**आ.व. २०७२/०७३को दोस्रो चौमासिक अवधि सम्मको राहत वितरण सम्वन्धि विवरण निम्नानुसार रहेको छ :**

(रकम रु. हजारमा)

| सि.नं. | द्वन्द्वपीडित र राहतको प्रकार | कुल संख्या | आ.व. २०७१/०७२ सम्मको खर्च | | यस आ.व. २०७२/०७३ को निकासा खर्च | | शुरु देखि आ.व. २०७२/०७३ को दोश्रो चौमासिक सम्मको राहत प्राप्त गर्ने व्यक्तिको संख्या र प्रदान गरिएको निकासा रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १ | मृतकका हकदारलाई राहत (रु.१ लाख) | १७८८६ | १४४११ | १४४०९०० | २ | २०० | १४४१३ | १४४११०० | |
| २ | सर्वसाधारण मृतकका एकल महिला (रु.२५ हजारका दरले) | ९००० | ४६४९ | ११६२२५ | ० | ० | ४६४९ | ११६२२५ | |
| ३ | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत (रु.१ लाखका दरले) | १५३० | १५३० | १५३५०० | ० | ० | १५३० | १५३५०० | |
| ४ | विस्थापित भएकालाई आर्थिक सहायता | ७९५७१ | २५००० | २४०१४४ | ० | ० | २५००० | २४०१४४ | |
| ५ | व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता | १७४८४ | ९२६४ | ३४०९७७.१ | ३० | ९७९.५ | ९२९४ | ३४१९५६.६ | |
| ६ | अङ्गभङ्ग अपाङ्ग भएकाहरुलाई आर्थिक सहायता | ८१९१ | ८१९१ | ४८१८९४ | | ४९० | ८१९१ | ४८२३८४ | फ्रिज भई पुनः ५ जनाको पठाएको । |
| ७ | अपहरणमा परेका व्यक्तिलाई राहत (रु.२५ हजारका दरले) | ३१४२ | ३१४२ | ७८५५० | | १२५ | ३१४२ | ७८६७५ | फ्रिज भई पुनः ५ जनाको पठाएको । |
| ८ | जनआन्दोलनका शहिदका परिवारलाई मासिक भत्ता | २६ | २६ | १३४४५.४ | | २१८४ | २६ | १५६२९.४ | |
| ९ | जनआन्दोलनका घाइते (५०%+) मासिक वृत्ति | ३० | ३० | १२९३९.४ | | २४४८ | ३० | १५३८७.४ | |
| १० | जनआन्दोलनका घाइतेहरुका सन्तानलाई छात्रवृत्ति | ४२ | ३८ | ३५४६ | | ५७० | ३८ | ४११६ | |
| ११ | ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत | ३९८४ | ३२१६ | ४०६४७ | ० | ० | ३२१६ | ४०६४७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | ५१% भन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता | ७४४ | ७४४ | २११२५२ | | ६२४७०.४ | ७४४ | २७३७२२.८ | |
| १३ | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई राहत | ६२० | ६२० | १२६६७० | | २९५८० | ६२० | १५६२५० | |
| १४ | शान्ति सम्झौता पश्चात्‌का घटनामा परी मृत्यु हुनेका हकदारलाई राहत | ११० | ५९ | ८८५० | ० | ० | ५९ | ८८५० | |
| १५ | विशेष राहत तर्फ | | | ० | | | ० | ० | |
| क) | मृतकका हकदारलाई आर्थिक सहायता रु.२ लाख थप (EPSP परियोजना समेत गरी) | ११५०० | १०८९० | २१४३७९३ | ० | ० | १०८९० | २१४३७९३ | |
| ख) | बेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता रु.२ लाख थप | १५३० | १५३० | ३०८६०० | ० | ० | १५३० | ३०८६०० | |
| ग) | बेपत्ता पारिएका व्यक्तिका पत्नीलाई थप आर्थिक सहायता रु.२५ हजारका दरले (एकमुष्ठ) | १००० | ६५२ | १६३०० | ० | ० | ६५२ | १६३०० | |
| घ) | ३ लाख प्राप्त मृतकका हकदारलाई थप रु.२ लाख आर्थिक सहायता दिई रु.५ लाख पुऱ्याइएको | ११५०० | ११३०२ | २२६०४०० | ० | ० | ११३०२ | २२६०४०० | |
| ङ) | ३ लाख प्राप्त बेपत्ताका हकदारलाई थप रु.२ लाख आर्थिक सहायता दिई रु.५ लाख पुऱ्याइएको | १२०० | ११६२ | २३२४०० | ० | ० | ११६२ | २३२४०० | |
| 16 | राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश बमोजिम राहत | | १०५ | १४८१५ | ० | ० | १०५ | १४८१५ | |
| 17 | रोजगार वा स्वरोजगार तालिम | | १४७१८ | ६२८१७२ | | | १४७१८ | ६२८१७२ | |
| | जम्मा | १६९०९० | १११२७९ | ८८७४०२० | ३२ | ९९०४६.९ | १११३११ | ८९७३०६७.२ | |

** राहत तथा पुनःस्थापन कार्यक्रमबाट ८९३९ जना र शान्ति प्रकृया सहयोग आयोजनाबाट १८८२ जना।*

## ४.४. शान्ति प्रकृया सहयोग आयोजना



द्वन्द्वपीडित ब्यक्ति तथा परिवारलाई पारदर्शी एवं उत्तरदायी रुपमा अन्तरिम राहत तथा पुनस्थापना सेवा उपलब्ध गराई नेपालको शान्ति प्रकृयालाई सहयोग पुऱ्याउने उद्देश्यले बिश्व बैंकको ५० मिलियन अमेरिकी डलर अनुदान सहयोग(शंसोधित ३६.५० मिलियन अमेरिकी डलर) मा १९ सेप्टेम्बर २००८ बाट शुरु भई ३० जुन २०१४ मा सम्पन्न भएको छ। आयोजनाले बिश्व बैंकबाट सोधभर्ना हुने खर्च अन्तरगत कुल रु २ अर्ब ८० करोड खर्च गरी आयोजनाको कूल बित्तीय भारित प्रगति ९८ प्रतिशत हासिल गरेको थियो। यस आयोजनाबाट सम्पादित मुख्य मुख्य कार्यहरु निम्न बमोजिम छन् :-

- सशस्त्र द्वन्द्वका क्रममा मृत्युवरण गरेका मृतकका नजिकका हकदारहरुलाई गत आ.व. २०७०/०७१ सम्ममा रु. १ लाखका दरले १४,३७५ जना, बिशेष राहत अन्तरगत बढिमा थप रु.२ लाखका दरले १८८२ जना र रु. २५ हजारका दरले ४६४० जना सर्बसाधारण मृतकका एकल महिलालाई एकमुष्ट एकपटक आर्थिक सहायता वितरण भएको।
- कार्यदलको प्रतिवेदनमा नाम समावेश भएका आर्थिक सहायता प्राप्त गर्न बाँकी मृतकका नजिकका हकदारहरुको स्थिति पहिचान कार्य (Tracing) २० जिल्लामा सम्पन्न भएको।
- दुई चरणमा रोजगार/स्वरोजगार सेवा अन्तर्गत ५४ जिल्लामा १४७१८ जना द्वन्द्वपीडित तथा निजका परिवारहरुलाई रोजगार/स्वरोजगार सेवा प्रदान गरिएको। सो कार्यक्रम क) परिक्षण चरणमा : पांचथर, धनकुटा, सिन्धुपाल्चोक, रौतहट, चितवन, नवलपरासी, स्याङ्गजा, रोल्पा, जुम्ला, बर्दिया, बाजुरा, कैलाली गरि जम्मा १२ जिल्लाहरु र ख) प्रथम चरणमा थप ४२ जिल्लाहरु : ताप्लेजुङ्ग, इलाम, झापा, मोरङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सिराहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, धनुषा, महोत्तरी, काभ्रे, मकवानपुर, गोरखा, धादिङ्ग, लम्जुङ्ग, तनहुं, पाल्पा, गुल्मी, अर्घाखांची, कपिलवस्तु, रुपन्देही, रुकुम, प्युठान, दाङ्ग, जाजरकोट, सल्यान, कालिकोट, दैलेख, सुर्खेत, बझाङ्ग, डोटी, अछाम, डडेल्धुरा, बेतडी, दार्चुला, कञ्चनपुर मा सम्पन्न भएको।
- आयोजनाबाट संचालित कार्यक्रमको ११ जिल्लामा दुई चरणमा सामाजिक परीक्षण कार्य सम्पन्न भएको थियो।
- आयोजनाबाट संचालित कार्यक्रमको २४ जिल्लामा दुई चरणमा Third Party Monitoring and Beneficiary Satisfaction Survey कार्य सम्पन्न भएको।
- मनोसामाजिक परामर्श सेवा संचालन सम्बन्धी निर्देशिका, २०७० स्वीकृत भई उक्त कार्यको लागि अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) बाट प्राविधिक सहयोगमा Field Implementation Manual, Monitoring and Evaluation Guideline, Outreach Strategy/EOI and RFP Documents तयारी भएको।
- व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण गर्ने कार्य सम्पन्न भएको।

- मन्त्रालय,आयोजना, जिल्ला प्रशासन कार्यालय, जिल्ला बिकास समितिको कार्यालय, स्थानीय शान्ति समितिको कार्यालय एबं सम्बद्ध सरोकारवाला निकाय एबं तहाँ कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि सम्बन्धि बिभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया, अवलोकन भ्रमण आदि लगायतका कार्यक्रमहरु सम्पन्न भएको । हाल यो कार्यक्रम **Phase Out** भै सकेको छ ।

### ४.५. स्थानीय शान्ति समिति

बिस्तृत शान्ति सम्झौतामा अन्तरनिहित मूल्य र मान्यता लाई प्रबर्द्धन गर्न तथा स्थानिय स्तरमा शान्ति र सदभाव निर्माण गरी मेलमिलापको बातावरण कायम गर्नको लागी नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०६४ भाद्र २ गते स्थानिय शान्ति समिति सम्बन्धी कार्यक्षेत्रगत शर्त **(Term Of Reference)** २०६४ स्वीकृत भएको हो ।

स्थानिय शान्ति समिति मा बिभिन्न राजनीतिक दल का प्रतिनिधि बढिमा १२ जना, स्थानीय गैरसरकारी संस्थाहरु, नागरिक समाजका प्रतिनिधिहरु तथा मानबअधिकारकर्मीहरु मध्ये बाट ४ जना, द्वन्द्व प्रभावित बिभिन्न पक्षहरुको प्रतिनिधित्व हुने गरी ४ जना, जिल्ला स्थित उद्योग बाणिज्य संघको प्रतिनिधि १ जना, माथी उल्लेख भए अनुसार समिति मा प्रतिनिधित्वको छनौट गर्दा छुट हुन गएका वा नपरेका आदिवासी, जनजाती, मधेशी, दलित, मुस्लिम लगायतका समुदायबाट २ जना गरी बढिमा जम्मा २३ जना सदस्य रहने ब्यवस्था छ। समितिले सदस्यहरु मध्ये बाट १ जना लाई आपसी सहमति मा संयोजकको रुपमा छनौट गर्नेछ। प्रत्येक ६/६ महिनामा सदस्यहरु मध्येबाट पालैपालो संयोजक को छनौट हुनेछ।

- स्थानीय तहमा शान्ति प्रवर्द्धन तथा द्वन्द्व न्यूनिकरणको लागि द्वन्द्वरत पक्षहरु बीच सम्वाद, मेलमिलाप र सहजीकरण गर्ने, राहत वितरण तथा पुनर्निर्माणको काममा सहयोग, समन्वय र अनुगमन गर्ने, सङ्क्रमणकालीन अवस्थालाई सकारात्मक सामाजिक रुपान्तरण गर्न पारस्परिक विश्वास र मेलमिलापको वातावरण बनाई स्थानीय जनताका माग, गुनासा र विवादहरु राजनीतिक र नागरिक तहबाट सम्बोधन गरी शान्ति निर्माणको काममा जिल्ला, न.पा. र गा.वि.स. तहमा गठित स्थानीय शान्ति समितिहरुबाट काम भैरहेको छ ।
- आ.व. २०७१/७२ को अन्तसम्ममा ७५ जिल्ला स्तरीय,१३६ नगर स्तरीय र करिब २७१७ गाउँ विकास समिति स्तरीय शान्ति समितिहरु गठन भई सक्रिय रुपमा क्रियाशिल रहेका छन ।
- जिल्ला स्तरीय, नगर स्तरीय र गा.वि.स. स्तरीय शान्ति समितिहरुलाई क्रमशः रु. ५ लाख, ३६ हजार र २२ हजार उपलब्ध गराइने कार्यक्रमलाई आ.व. २०७२/७३ मा पनि निरन्तरता दिईएको छ । नगर र गा.वि.स. स्तरीय शान्ति समितिहरुलाई आ.व. २०६९/७० देखि मात्र उक्त रकम उपलब्ध गराउन थालिएको हो ।
- स्थानीय शान्ति समितिहरुले स्थानीय स्तरमा शान्ति तथा पुननिर्माण मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गर्दै आएका छन ।
- स्थानीय स्तरबाटै शान्ति निर्माणमा टेवा पुऱ्याइरहेका स्थानीय शान्ति समितिहरुलाई उपलब्ध गराईएको रकमबाट शान्ति प्रवर्द्धन, द्वन्द्व न्यूनिकरण, मेलमिलाप, सामाजिक सद्भाव कायम गर्ने तथा द्वन्द्वपीडितहरुका लागि राज्यको तर्फबाट उपलब्ध गराउने राहत वितरणमा सहजीकरण गर्ने, पुनर्निर्माणका कार्यहरुको अनुगमन गर्ने जस्ता कार्यहरु भैरहेको छ ।
- शान्ति संबेद्य बिकास अवधारणालाई मूल प्रबाहिकरण गर्ने उद्देश्यले नेपाल सरकारका सबै मन्त्रालय, संबैधानिक निकाय, आयोग, सचिबालय सुरक्षा निकायहरुमा शान्ति सम्पर्क ब्यक्ति (Peace

Focal Person) को ब्यवस्था गरिएको ।

- अन्तर्राष्ट्रिय शान्ति दिवस (२१ सेप्टेम्बर २०१५/असोज ४ २०७२) मा सम्मान पत्र प्रदान गरिएका जिल्लाहरु ताप्लेजुङ, काभ्रे, रुपन्देही, डडेलधुरा र दाङ रहेका छन् ।
- शान्ति समिति तथा कर्मचारीहरुको म्याद २०७३ आषाढ मसान्तसम्म थप गरिएको ।

## ४.६. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम

विगतका द्वन्द्वका घाउहरुमा मलमपट्टी लगाउदै मेलमिलाप र आपसी सद्भावको वातावरण निर्माण गर्दै दिगो शान्ति प्रवर्ध्दनका लागि तिव्र आर्थिक विकास गर्ने कार्यलाई सहयोग पुऱ्याउन द्वन्द्वका क्रममा बढी प्रभावित भएका मध्य र सुदुर पश्चिमका जिल्लाहरुका विभिन्न स्थानहरुलाई विशेष प्राथमिकता दिई कृषि तथा पशु विकास सम्बन्धि साना आयोजनाहरुलाई गाउं गाउं स्तरसम्म पुऱ्याइ स्थानीय स्तरवाटै आयोजना कार्यान्वयन गराउने यस कार्यक्रमको उद्देश्य रहेको थियो ।

आ व ०६८/६९ देखि सुरु भएको यस कार्यक्रम संचालन गर्न मिति २०६८/८/२० मा एक निर्देशिका स्वीकृत भएको छ। यस कार्यक्रमको अनुगमन जिल्ला स्तरमा सम्बन्धित जि.वि.स., स्थानीय शान्ति समिति र जिल्ला पुननिर्माण समितिले गर्नेछ भने केन्द्रीय स्तरमा केन्द्रिय निर्देशन तथा अनुगमन समितिले गर्ने ब्यवस्थ रहेको थियो ।

यस कार्यक्रम अन्तरगत कृषि क्षेत्रको व्यवसायीकरण र बजारीकरण गर्न सहयोग पुर्‍याउने कृषि उत्पादकत्व प्रवर्द्धन गर्ने भौतिक संरचनाहरुको निर्माण एवं मर्मत सम्भार सम्वन्धी आयोजनाहरु, द्वन्द्व प्रभावितहरुलाइ लक्षित गरी संचालन गरिने कृषि, पशुपालन, बागबानी, नर्सरी, जडिबुटी सम्वन्धी आयोजनाहरु, कृषि, पशुपालन लगायतका उत्पादनहरुको सहज आपुर्ती एवं भण्डारणका लागि बजार केन्द्र, स्टोरेज भवन, प्रशोधन केन्द्र लगायतका पूर्वाधारहरुको निर्माण एवं मर्मत सम्भार सम्वन्धी आयोजनाहरु र मन्त्रालयले कृषिक्षेत्रको ब्यवसायिकरण एवं बजारीकरण प्रबर्द्धन गर्न आवश्यक ठानेका अन्य भौतिक संरचना सम्बन्धी आयोजनाहरु निर्माण गरिने ब्यवस्था रहेको र हाल सो कार्यक्रम सम्पन्न भै एजबकभ इगत भै सकेको छ ।

यस कार्यक्रम अन्तरगत स्वीकृत आयोजनाहरु निम्नानुसार निकाय मार्फत संचालन गर्ने ब्यवस्था रहेको थियो ।

**(क) मध्य पश्चिम र सुदुर पश्चिमाञ्चल २४ जिल्ला विकास समितिका कार्यालयहरु**

**आ व ०७०/७१ सम्ममा यस कार्यक्रम अन्तरगत सम्पादन भएका कार्य विवरण निम्नानुसार छ**

| सि नं | विवरण | सम्पन्न संख्या | खर्च रु हजारमा |
|---|---|---|---|
| १ | कृषि तथा पशु विकास संग सम्बन्धित आयोजनाहरु | ४९३ | २७४००९ |
| | जम्मा | ४९३ | २७४००९ |

यस कार्यक्रम अन्तरगत क्रमागत रुपमा रहेका पूर्वाधारसँग सम्वन्धित आयोजनाहरुका लागि पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रममा स्थानान्तरण गरी बजेट विनियोजन भएको तथा आ व ०७२/७३ मा नयां आयोजनाका लागि बजेट विनियोजन नभएको अवस्था छ ।

## ४.७. शान्तिका लागि विकास कार्यक्रम

दिगो शान्ति प्रवर्द्धनार्थ स्थानीय श्रोत साधनहरुको अधिकतम परिचालन गर्दै द्वन्द्वका घाउहरुमा मल्हमपट्टी लगाउन स्थानीय स्तरको माग बमोजिम विकास निर्माणका आयोजनाहरुलाइ गाउँ गाउँ स्तर सम्म पुऱ्याउन स्थानीय स्तरका पुर्वाधार पुनर्निर्माणका कार्यहरु स्थानीय स्तर बाटै निर्माण गराउने यस कार्यक्रमको उदेश्य रहेको छ।

आ व ०६८/६९ देखि सुरु भएको यस कार्यक्रम संचालन गर्न मिति २०६८/८/१५ मा एक निर्देशिका स्वीकृत भएको छ। यस कार्यक्रमको अनुगमन जिल्ला स्तरमा सम्बन्धित जि.वि.स., स्थानीय शान्ति समिति र जिल्ला पुननिर्माण समितिले गर्नेछ भने केन्द्रीय स्तरमा केन्द्रिय निर्देशन तथा अनुगमन समितिले गर्नेछ।

यस कार्यक्रम अन्तरगत विद्यालय भवनहरु, सडक, बाटो, पुल पुलेसा, सेवा केन्द्र भवनहरु, सामुदायीक भवन, खानेपानी, सिचाई, ग्रामीण विद्युतिकरण, पार्क, उद्यान, वाटीका,मठ मन्दीर तथा मन्त्रालयले आवश्यक ठानेका अन्य भौतिक संरचनाहरु निर्माण हुदै आएको छ। यस कार्यक्रम अन्तरगत स्वीकृत आयोजनाहरु स्थानीय पुर्वाधार विकास तथा कृषिसडक विभाग मार्फत कार्यान्वयन हुदै आएका छन :

आ व ०७१/७२ सम्म यस कार्यक्रम अन्तरगत माग भएका आयोजनाहरुको विवरण निम्नानुसार रहेको छ :

| सि नं | विवरण | सम्पन्न संख्या | खर्च रु हजारमा |
|---|---|---|---|
| १ | विद्यालय भवन, बालमन्दिर | २२४५ | ३१५७५०० |
| २ | गा वि स भवन | २ | ८००० |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरु | १ | ५००० |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरु | ३४ | ८५००० |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | १ | १०० |
| ६ | अन्य | १५३५ | ३०७०००० |
| ७ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | ५५० | ११००००० |
| | जम्मा | ४३६८ | ७४२५६०० |

**आ व ०७१/७२ सम्म यस कार्यक्रम अन्तरगत सम्पादन भएका कार्य विवरण निम्नानुसार रहेको छ :**

| सि नं | विवरण | सम्पन्न संख्या | खर्च रु हजारमा |
|---|---|---|---|
| १ | विद्यालय भवन, बालमन्दिर | ९९ | ३४६९३३ |
| २ | गा वि स भवन | ० | ६०८५ |
| ३ | सदरमुकामस्थित सरकारी कार्यालयहरु | ० | २४१५ |
| ४ | इलाकास्तरीय सरकारी कार्यालयहरु | ० | १९१०५ |
| ५ | जि वि स, न पा तथा जिल्ला प्राविधिक कार्यालय | ० | १०० |
| ६ | अन्य | ४३ | ३५९२२२ |
| ७ | पार्क स्मारक नमुनावस्ती, प्रवेश द्वार, शालिक | ३२ | १४१०७७ |
| | जम्मा | १७४ | ८५४९३७ |

शान्तिका लागि विकास कार्यक्रमका लागि आ व ०७२/७३ मा रु ५१ करोड ५५ लाख ७९ हजार बजेट विनियोजन भएको छ। जसवाट २५२२ वटा आयोजनाहरु कार्यान्वयन भै रहेको छ।

**पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम तथा शान्तिका लागि विकास अन्तर्गत आ.व ०७२/७३ को बार्षिक कार्यक्रम**

| बजेट शिर्षक | संचालित आयोजना संख्या | बार्षिक वजेट रु हजारमा | आ.ब. को अन्त्यसम्म सम्पन्न हुने आयोजना संख्या |
|---|---|---|---|
| ३४९१०२४ (पि१) पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम | १४५० | १३२८३८०.० | १२७ |
| ३४९८०३४ (पि२) शान्तिका लागि विकास कार्यक्रम | २५२२ | ५१५५७९.० | १५५ |
| जम्मा | ३९७२ | १८४३९५९.० | २८२ |

## ४.८. शिविर व्यवस्थापन

शिविर व्यवस्थापनको कार्य सम्पन्न भै मिति २०६९ माघ १ गतेबाट शिविर व्यवस्थापन कार्यालयहरु खारेज भएका ।

विस्तृत शान्ति सम्झौता पश्चात् २०६३ मंसिर देखि २०६९ चैत्र २० गतेसम्म माओवादी सेनाका लडाकुहरुको व्यवस्थापन सम्वन्धमा भएको खर्चको विवरण यस प्रकार रहेको छ।

(क) **शिर्षकगत कूल खर्च :**

| सि.नं. | विवरण | खर्च | कैफियत |
|---|---|---|---|
| १ | भरणपोषण खर्च | २,७६५,६१४,९६२.०० | |
| २ | मासिक भत्ता खर्च | ५,८८८,६७३,७४६.६३ | |
| ३ | पूर्वाधार निर्माण खर्च | २७१,००३,०१७.०० | |
| ४ | अन्य खर्च | २७३,७१०,५६७.६९ | |
| ५ | मा. कृष्ण बहादुर महरा मार्फत खर्च | ४६१,०६७,२००.०० | |
| | प्रशासनिक खर्च | १३६,८१०,८०४.०९ | |
| जम्मा | | ९,७९६,८८०,२९७.४१ | |

(ख) **शान्तिकोष तर्फ (भरणपोषण बाहेक आ.ब. २०६३/६४ देखि २०६९/७० सम्मको) :**

| सि.नं. | विवरण | खर्च | कैफियत |
|---|---|---|---|
| १ | सडक | ७४३,१५४,०००.०० | सडक विभागबाट |
| २ | खानेपानी | ३४,१४६,०००.०० | खानेपानी विभागबाट |
| ३ | भौतिक संरचना निर्माण | ४११,०३५,०००.०० | भवन विभागबाट |
| ४ | स्वास्थ्य | ३३१,१५०,०००.०० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट शिविर हरुको बाँकी बक्यौता रकम भुक्तानीका लागि ५३ लाख थप निकाशा सहित |
| ५ | विद्युत | २५,३३०,०००.०० | विद्युत प्राधिकरणबाट |
| जम्मा | | १,५४४,८१५,०००.०० | |

**(ग) लडाकुहरुको समायोजन तथा पुनःस्थापन तर्फ :**

- माओवादी सेनाका कुल १९,६०२ लडाकुहरुमध्ये दुई चरणको प्रमाणीकरण पश्चात् १७,०५२ (१ जना मृत्यु) कायम रहेका।
- प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरु मध्ये १,४६० जना नेपाली सेनामा समायोजन भएका, ६ जना पुनःस्थापन र १५,५८५ जना स्वेच्छिक अवकाशमा गएका।
- माओवादी लडाकु तर्फको जम्मा खर्च रु. १९,६०,०१,०८,०००।- (शिविर तर्फ रु. ११,३४,१६,९५,०००।- र विशेष समितिको सचिवालय तथा स्वेच्छिक अवकाश समेत रु. ८,२५,८४,१३,०००।-)।

## ४.९. अन्य महत्वपूर्ण विविध क्रियाकलप तथा उपलब्धिहरु

**(क) वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्वन्धी**

- वेपत्ता पारिएका व्यक्तिको छानविन, २०७१ तथा नियमावली २०७२ जारी भएको।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले उजुरी संकलन गर्न सुरु गरेको।
- कर्मचारी कार्यकक्ष पार्टेशन टेण्डर प्रकृया शुरु गरी ९० प्रतिशत निर्माण सम्पन्न भएको।
- स्थानिय शान्ति समितिका सचिव र कम्प्युटर अपरेटरहरुको तालिम कार्य सम्पन्न भएको।
- आयोगका पदाधिकारीहरुद्धारा जिल्ला स्तरीय अन्तरकृया कार्यक्रम सम्पन्न भएको।
- दूई थान सवारी साधन खरिद, जेनेरेटर खरिद सम्पन्न भएको।

**सत्य निरुपण तथा मेलमिलाप आयोग सम्वन्धि**

- सत्य निरुपण तथा मेलमिलाप आयोग ग ऐन २०७१ र नयिमावली २०७२ जारी भएको।
- सत्य निरुपण तथा मेलमिलाप आयोगले उजुरी संकलनको कार्य शुरु गरेको।
- आयोगका पदाधिकारीहरुद्धारा जिल्ला स्तरीय अन्तरकृया कार्यक्रम सम्पन्न भएको।

**ग) सहमति ⁄ सम्झौता सम्वन्धि विवरण :**

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापनापछि सरकारी वार्ता टोली र विभिन्न पक्षहरूसँग विभिन्न मितिमा वार्ता भई सहमति कायम भएका समूहहरूको सूची यस प्रकार छ ;–

| क्र.सं. | सहमति गर्ने पक्ष/समूहहरूको नाम | सहमति गरिएको मिति |
|---|---|---|
| १ | सरकारी वार्ताटोली र निजामति कर्मचारी सम्वद्ध संस्थाहरूका प्रतिनिधिबिच भएको सहमति | २०६४।३।१० |
| २ | सरकारी वार्ताटोली र सरकारी तथा संस्थान सवारी चालक एशोसियशन तथा राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रका वार्ता टोलीबीच भएको सहमति | २०६४।३।२७ |
| ३ | सरकारी वार्ता टोली र नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समिति, नेपालका प्रतिनिधिवीच भएको सहमति | २०६४।४।२२ |
| ४ | सम्माननीय प्रधानमन्त्री एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरुको समुपस्थितिमा सरकारी वार्ता टोली र आदिवासी जनजाति संयुक्त संघर्ष समिति नेपालको वार्ता टोलीबीच भएको सहमति | २०६९।२।९ |
| ५ | नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएको सम्झौता | २०६४।५।१३ |
| ६ | नेपाल सरकार र चुरे भावर प्रदेश एकता समाज, नेपालवीच भएको सहमति | २०६४।५।२७ |
| ७ | नेपाल सरकार र राष्ट्रिय वादी अधिकार संघर्ष समिति बीच भएको सहमति | २०६४।६।२८ |
| ८ | नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच सम्पन्न सम्झौता | २०६४।११।१६ |
| ९ | सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालबीच भएको सहमति | २०६४।११।१८ |
| १० | सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्बुवान राज्य परिषदबीच भएको सहमति | २०६४।१२।६<br>२०६८।७।३० |
| ११ | सरकारी वार्ताटोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघको वार्ता टोलीबीच भएको सहमति | २०६५।५।२० |
| १२ | सरकारी वाताटोली र मधेशी भाइरस किलर्स पार्टीका वार्ता टोलीबीच भएको सहमति | २०६५।८।२६ |
| १३ | नेपाल सरकारको वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) बीच भएको सहमति | २०६५।९।११<br>२०६८।७।१८<br>२०६८।८।८ |
| १४ | सरकारी वार्ताटोली र तराई संयुक्त जनक्रान्ती पार्टी बीच भएको सहमति | २०६५।९।१६ |
| १५ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) बीच भएको सहमति | २०६५।९।२६ |
| १६ | सरकारी वार्ताटोली र किरात जनबादी वर्कश पार्टी बीच भएको सहमति | २०६५।१०।५<br>२०६६।७।२८<br>२०६८।३।१७<br>२०६८।११।३०<br>२०७०।३।१८ |
| १७ | सरकारी वार्ताटोली र लिब्रेशन टाइगर अफ तराई इल्म (एलटीटीइ) का वार्ता टोलीबीच भएको सहमति | २०६५।११।१० |
| १८ | नेपाल सरकार र आदीवासी थारू समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधि बीच भएको सहमति | २०६५।१२।१ |

| | | |
|---|---|---|
| १९ | सरकारी वार्ताटोली र संयुक्त मुस्लिम राष्ट्रिय संघर्ष समितिका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।३ |
| २० | राजनीतिक दलका शीर्ष नेताहरुको समुपस्थितिमा सरकारी वार्ता टोली र राष्ट्रिय मुस्लिम संघर्ष गठबन्धनबीच भएको सहमति | २०६९।२।७ |
| २१ | सरकारी वार्ताटोली र मधेश मुक्ति टाईगर्स बीच भएको सहमति | २०६५।१२।७ |
| २२ | सरकारी वार्ताटोली र नेपाल पिछडा वर्ग (OBC) महासंघका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।११<br>२०६६।३।७<br>२०६८।२।६<br>२०६९।१।१३ |
| २३ | सरकारी वार्ताटोली र तामूसालीङ संयुक्त संघर्ष समिति, नेपालका वार्ता टोलीबीच भएको सहमति | २०६५।१२।२९ |
| २४ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (संस्थापन पक्ष) बीच भएको सहमति | २०६७।१।२४<br>२०६८।४।२३ |
| २५ | सरकारी वार्ताटोली र क्षत्री राष्ट्रिय आन्दोलन समिति बीच भएको सहमति | २०६८।२।८ |
| २६ | सरकारी वार्ता समिति र खस क्षेत्री एकता समाज आदिवासी जनजाति बीच भएको सहमति | २०६९।१।१३ |
| २७ | नेपाल सरकारको वार्ता टोली र ब्राम्हण, खस क्षत्री, दशनामी, ठकुरी र दलित सम्मिलित संघर्ष समिति बीच भएको सहमति | २०६८।८।९ |
| २८ | सरकारी वार्ताटोली र संयुक्त जनतान्तित्रक तराई मुक्ति मोर्चा (पवन) बीच भएको सहमति | २०६८।४।२८<br>२०६८।९।१६ |
| २९ | नेपाल सरकारको वार्ता टोली र पूर्व जनमुक्ति सेना, नेपाल बीच भएको सहमति | २०६८।५।२ |
| ३० | सरकारी वार्ताटोली र वहिर्गमित जनमुक्ति सेना, नेपाल बीच भएको सहमति | २०६८।९।२१<br>२०६९।८।२६ |
| ३१ | सरकारी वार्ताटोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बीच भएको सहमति | २०६८।५।२<br>२०६८।९।२८ |
| ३२ | सरकारी वार्ताटोली र संयुक्त राजनीतिक दलित संघर्ष समिति तथा दलित सभासद् मञ्च बीच भएको सहमति | २०६८।९।१४ |
| ३३ | सरकारी वार्ता टोली र संयुक्त राजनीतिक दलित संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१३ |
| ३४ | सरकारी वार्ताटोली र अखिल तराई मुक्ति मोर्चा (जयकृष्ण गोईत समूह) बीच भएको सहमति | २०६८।१०।७ |
| ३५ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) बीच भएको सहमति | २०६८।११।१३<br>२०६९।४।२० |
| ३६ | सरकारी वार्ताटोली र जनतान्त्रिक मधेश तराई मुक्ति मोर्चा (झवर साह, प्रताप) बीच भएको सहमति | २०६८।११।२१ |
| ३७ | सरकारी वार्ताटोली र संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा बीच भएको सहमति | २०६९।१।६ |

| | | |
|---|---|---|
| ३८ | सरकारी वार्ताटोली एवं नेपाल डिफेन्स आर्मीका वार्ताटोलीका प्रतिनिधिहरुसँग भएको सहमति | २०६८।५।२७ |
| ३९ | सरकारी वार्ता समिति र फैजान अहमद-संघर्ष समितिको वार्ता टोली बीच भएको सहमति | २०६८।८।१८ |
| ४० | सरकारी वार्ता समिति र नेपाल दशनामी सन्यासी राष्ट्रिय संघर्ष समितिका प्रतिनिधिहरुबीच भएका सहमति | २०६८।१२।२७ |
| ४१ | सरकारी वार्ता समिति र राष्ट्रिय जनमुक्ति पार्टी जनआन्दोलन परिचालन समितिबीच भएको सहमति | २०६९।१।३ |
| ४२ | अखण्ड सुदुर पश्चिम संघर्ष समिति | २०६९।२।१ |
| ४३ | समाननीय प्रधानमन्त्रीज्यू र प्रमुख राजनितिक दलहरुका शीर्ष नेताहरुको उपस्थितमा सरकारी बार्ताटोली र राष्ट्रिय अखण्डता र जातीय सद्भावकालागि संयुक्त संर्घर्ष समिति बीच भएको सहमति | २०६९।२।४ |
| ४४ | नेपाल सरकारको वार्ता टोली र थारु संयुक्त संघर्ष समिति, नेपाल बीच भएको सहमति | २०६९।२।१० |
| ४५ | सरकारी वार्ता टोली र मिथिला राज्य संघर्ष समिति बीच भएको सहमति | २०६९।२।१२ |
| ४६ | सरकारी वार्ता टोली र राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपाल बीच भएको सहमति | २०६९।२।१३ |
| ४७ | सरकारी वार्ता टोली र संयुक्त लोकतान्त्रिक थारु मोर्चा बीच भएको सहमति | २०६९।२।१३ |
| ४८ | सरकारी वार्ता टोली र कर्णाली स्वायत्त प्रदेश संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१३ |
| ४९ | सरकारी वार्ता टोली एवं रानाथारु संयुक्त संघर्ष समितिबीच भएको सहमति | २०६९।२।१४ |
| ५० | सरकारी वार्ता टोली एवं संखुवासभा एकता संघर्ष समिति/सिङ्गो संखुवासभा जिल्ला सरोकार समितिबीच भएको सहमति | २०६९।२।१४ |
| ५१ | सरकारी वार्ता टोली एवं संयुक्त मधेशी विद्यार्थी मोर्चा र नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघबीच भएको सहमति | २०६९।२।१४ |
| ५२ | मा. शान्ति तथा पुनर्निर्माण मन्त्री एवं खम्बुवान मुक्ति मोर्चा (संयुक्त)को वार्ताटोलीबीच भएको सहमति | २०६९।४।२० |
| ५३ | मा. शान्ति तथा पुनर्निर्माण मन्त्री र तराई जनतान्त्रिक पार्टी, मधेश (विरेन्द्र साह - क्रान्ति) को वार्ता टोलीबिच भएको सहमति | २०६९।६।२२ |
| ५४ | मा.शान्ति तथा पुनर्निर्माण मन्त्री र तराई कोवरा (शिवा समूह) को वार्ता टोलीबीच भएको सहमति | २०६९।६।२२ |
| ५५ | मा. शान्ति तथा पुनर्निर्माण मन्त्री तथा माओवादी कम्युनिष्ट केन्द्र, नेपालको वार्ता टोलीबीच भएको सहमति | २०६९।७।२ |
| ५६ | सरकारी वार्ताटोली र जनतान्त्रिक तराईमुक्ति मोर्चा (पृथ्वी समूह) विच भएको सहमति | २०७०।१।१९ |
| ५७ | सरकारी वार्ताटोली र संयुक्त जातीय मुक्ति मोर्चाबीच भएको सहमति | २०७०।३।४ |

(घ) **शान्ति तथा पुनर्निर्माण मन्त्रालयको क्षमता विकास इकाई सम्वन्धी**

## परिचय

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २०६८ फाल्गुण (सन् २०१२, फेब्रुअरी) मा क्षमता विकास रणनीति तर्जुमा गरी प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखाको सहसचिवको संयोजकत्वमा क्षमता विकास एकाई गठन गरी सो रणनीतिको कार्यान्वयन थालेको थियो। मन्त्रालय र दातृ निकाय समेतको प्रतिनिधित्व रहेको यस एकाईले शान्ति कोषको टि.सि. पूलबाट कार्यक्रम र बजेट स्वीकृत भए अनुसार क्षमता विकास कार्यक्रमहरु संचालन गर्दै आएको छ।

**मुख्य उद्देश्य**

यस एकाईको मुख्य उद्देश्य क्षमता विकास रणनीति अनुसार क्षमता विकासका कार्यक्रम संचालन गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको शान्ति व्यवस्थापनको कार्य प्रभावकारी बनाउनु रहेको छ।

**लाभान्वित समूह**

शान्ति कोष सचिवालय लगायत शान्ति तथा पुनर्निर्माण मन्त्रालयका करिब १०० जना कर्मचारीहरु।

**मुख्य उपलब्धि**

संस्थागत, संगठनात्मक, कर्मचारी र संगठन संस्कार तथा वातावरण गरी चार पिलारमा क्षमता विकासका कार्यक्रमहरु संचालन भएको जसले मन्त्रालयका कर्मचारीहरुमा व्यवस्थापन सीप, नीति तथा कार्यक्रम तर्जुमा, समूहगत कार्य संस्कारको विकास र कार्य वातावरणमा सुधार जस्ता क्षेत्रमा क्षमता विकास गरिरहेको मा हाल सो कार्यक्रम समात्त भै सकेको छ। उक्त कार्यक्रमवाट भएका मुख्य कार्यहरु निम्न छन।

क) मन्त्रालयको रणनीति तर्जुमाः मन्त्रालयको पाँच बर्षे रणनीतिको मस्यौदा तयार भइसकेको र अन्तिम रुप दिने कार्य भइरहेको छ।

ख) इन्डक्सन कार्यक्रमः मन्त्रालयका सबै कर्मचारीहरुलाई इन्डक्सन तालिम प्रदान गर्ने ध्येयले अहिलेसम्म ६ पटकमा ९८ जनालाई सो तालिम दिइसकिएको छ।

ग) तालिमः मन्त्रालयको लागि तालिम आवश्यकता पहिचान अध्ययन गरी शान्ति व्यवस्थापन, नेतृत्व सीप र समूह गतिशिलता, द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण जस्ता विषयमा अहिलेसम्म ७ पटकमा ११५ जना कर्मचारीलाई विभिन्न तालिम निकाय मार्फत तालिम दिइ सकिएको छ।

घ) अन्तरराष्ट्रिय अवलोकनः द्वन्द्व रुपान्तरण, शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायका विषयमा अन्तरराष्ट्रिय अनुभव र ज्ञान हासिल गर्न आयोजना गरिएको अन्तरराष्ट्रिय अवलोकन कार्यक्रम थाइल्याण्ड, लाओस, क्याम्बोडिया, श्रीलंका र फिलिपिन्समा समेत ५ समूहमा ६४ जना कर्मचारी सहभागी भएका थिए।

च) शान्ति सम्पर्क बिन्दुको व्यवस्थाः शान्ति संवेद्‍य विकास अवधारणालाई विकास कार्यक्रमहरुमा मूलप्रवाहिकरण गर्न संजाल निर्माण गर्ने ध्येयले सबै मन्त्रालय र केन्द्रीय निकायहरुमा शान्ति सम्पर्क व्यक्तिको व्यवस्था गरी उनीहरुको कार्यादेश (TOR) तयार, अनुशिक्षण कार्यक्रम, राष्ट्रिय अवलोकन कार्यक्रम र द्वन्द्व रुपान्तरण तथा शान्ति निर्माण विषयमा तालिम आयोजना जस्ता कार्यहरु विगतमा सञ्चालन गरिएको थियो।। यस आ.व मा शान्ति संवेदनशील विकास सम्वन्धि अभिमुखिकरण कार्यक्रम आयोजना गरी शान्ति सम्पर्क विन्दुहरुलाई सो सम्वन्धि तालिम प्रदान गरिएको।

ज) अन्य कार्यक्रमः यस क्षमता विकास कार्यक्रम अन्तरगत मन्त्रालयको भौतिक कार्य वातावरणमा सुधार, कर्मचारीहरुका लागि रिट्रिट कार्यक्रम, अध्ययन अवलोकनबाट सिकेका कुराहरु आदान प्रदान गर्ने उद्देश्यले सहभागीहरु वीच अनुभव साटासाट, कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको सम्भाव्यता अध्ययन जस्ता कार्यक्रमहरु पनि संचालन गर्रिंदै आएको छ ।

**५. शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट कार्यान्वयन भईरहेका र कार्यान्वयन प्रक्रियामा रहेका नीति, निर्देशिकाहरू, मापदण्ड, कार्यविधि र कार्ययोजनाहरू देहाय बमोजिम छन् :-**

१. बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
२. वेपत्ता पारिएका व्यक्तिको छानविन नियमावली, २०७२
३. सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी नियमावली, २०७२
४. आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३
५. द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३
६. शान्ति कोष संचालन (कार्यविधि) नियमावली, २०६५
७. मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८
८. वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८
९. स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरु ९त्भचकक या च्भाभचभलअभ०
१०. द्वन्द्वबाट क्षति भएका भौतिक पूर्वाधारहरुको पुनर्निर्माण/पुनर्स्थापना तथा शान्तिका लागि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५
११. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८
१२. स्थानीय शान्ति समिति निर्देशिका, २०६६
१३. सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७
१४. माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७
१५. माओवादी सेनाका लडाकुहरुको पुनर्स्थापन सम्बन्धी निर्देशिका, २०६८
१६. माओवादी सेनाका गर्भवती तथा पाँच वर्षभन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरुको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८
१७. शान्तिको लागि विकास कार्यक्रम संचालन निर्देशिका, २०६८
१८. द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम संचालन कार्यविधि, २०६८
१९. माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनर्स्थापन एवं हेरचाह निर्देशिका, २०६८
२०. आमा बाबु गुमाएका बालबालिका पुनःस्थापन कार्यक्रम सञ्चालन कार्यविधि,२०६८
२१. राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका २०६९
२२. मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७०
२३. स्थानीय स्तरका शान्ति समितिको कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७०

(यस मन्त्रालयबाट नियमित रुपमा प्रकाशित हुने शान्ति पत्रिका वर्ष ६, अङ्क ६, २०७२ असार महिनामा प्रकाशित (निर्देशिकाहरुको संगालो) मा नीति, मापदण्ड, कार्यविधि समेत समावेश भएको ।

अनुसुची - ४

**स्थानीय शान्ति समितिका सचिवहरूको सम्पर्क टेलिफोन नं.**

| सि.नं. | नाम | कार्यक्षेत्र | सम्पर्क नम्वर | फयाक्स न. |
|---|---|---|---|---|
| १ | इक्साहाङ्ग सुब्बा | ताप्लेजुङ | ९८४१४९०८६० | ०२४-४६०५६६ |
| २ | टंकबहादुर पौडेल | पाँचथर | ९७५२६०७१८६ | ०२४-५२०५०१ |
| ३ | डिकेन्द्र इदिङ्गो | इलाम | ९८५२६८०५८० | ०२७५२०९८८/५२१७७९ |
| ४ | प्रविर कुमार घोष | झापा | ९८५२६७१०९० | ०२३-५४२९०८ |
| ५ | तुलसीराम रिमाल | तेह्रथुम | ९८४३३६३८४१ | ०२६४६०१३३,४६०७१० |
| ६ | सीता भण्डारी | धनकुटा | ९८४२१५६१०८ | ०२६-५२१४८६, |
| ७ | नविन गुरुङ्ग | संखुवासभा | ९८६२०५५४५८ | ०२९-५६०६९६ |
| ८ | टेकबहादुर श्रेष्ठ | भोजपुर | ९८४२२११८३९ | ०२९-४२०५१७४५०३ |
| ९ | टिकादेवी घिमिरे | मोरङ | ९८४२०५००४० | ०२१-४४०५८२, ५२५२५१ |
| १० | नविन भण्डारी | सुनसरी | ९८४२१२९२४९ | ०२५-५६१७६८ |
| ११ | रविकुमार गुप्ता | सप्तरी | ९८०२९७६०४७ | ०३१-५२२१३१, ५२०५२२ |
| १२ | सुजितकुमार यादव | सिराहा | ९८४२८३५५१९ | ०३३-५२११४५ |
| १३ | संजिव कुमार चौधरी | उदयपुर | ९८४२८३७१५६ | ०३५-४२०९०३,४२०१३३ |
| १४ | दिनेशकुमार घिमिरे | खोटाङ | ९८४२८९६५४५ | ०३६-४२०६३१ |
| १५ | निलम अधिकारी | ओखलढुङ्गा | ९८४१५६३१०३ | ०३७-५२०३३१ |
| १६ | बाबुराम आचार्य | सोलुखुम्बु | ९८५२८५११७६ | ०३८-५२०२०८ |
| १७ | राजु तामाङ | दोलखा | ९८४११९०५३१ | ०४९-४२१३३९ |
| १८ | अप्रिल अधिकारी | रामेछाप | ९८४४०४३९३३ | ०४८-५४०५०१ |
| १९ | गीता घिमिरे | सिन्धुली | ९८१९८७४९९९ | ०४७-५२०५९१ |
| २० | नारायण गुर्मछान | सर्लाही | ९८४४०५५५२९ | ०४६-५२०१७४,५२१३५६ |
| २१ | ससितकुमार साह | धनुषा | ९८१७८६२६५७ | ०४१-५२०४५०,५२७५३७ |
| २२ | दामोदर मैनाली | महोत्तरी | ९८४११८७९०४ | ०४४-५२११२२ |
| २३ | महाकाली चौलागाई | मकवानपुर | ९८६५०११३२७ | ०५७-५२७०९४ |
| २४ | सोरखप्रसाद यादव | बारा | ९८०७१७५००२ | ०५३-५५१८८५ |
| २५ | तेजेन्द्र माली | पर्सा | ९८५५०२०५९६ | ०५१-६९०९७१,५२४०६६ |
| २६ | पुष्पराज यादव | रौतहट | ९८४५१६२१०० | ०५५-५२१४४२ |
| २७ | लक्ष्मी गौतम पौडेल | चितवन | ९८४९९४४५९५ | ०५६-५३३८३१,५२०७४७ |
| २८ | केदार काफ्ले | रसुवा | ९८४४०३५९८२ | ०१०-५४०२४१, ५४००१९ |
| २९ | दुर्गा आचार्य | सिन्धुपाल्चोक | ९८४९६३२७६८ | ०११-६२०३८० |
| ३० | मेनुका बसौला | धादिङ | ९८४११५१८५२ | ०१०-५२०२७७, ५२१०६७ बिह |
| ३१ | अमृता अर्याल | नुवाकोट | ९८४११४३७०० | ०१०-५६०२६६, ५६१७०१ |
| ३२ | श्रद्धा राजभण्डारी | काठमाण्डौ | ९८४१३८३६२५ | ४७७१२२५ |
| ३३ | सरोज अर्याल | भक्तपुर | ९८५१०९२५४८ | ६६१९२९६ |
| ३४ | सृजना शर्मा | ललितपुर | ९८४११२५१३८ | ५०००१९० |
| ३५ | श्याम परियार | काभ्रेपलान्चोक | ९८०१०२४४४८ | ०११-४९०९१८ |

| | | | | |
|---|---|---|---|---|
| ३६ | किशोर सुवेदी | पर्वत | ९८४७६३२७७१ | ०६७-४२११७२ |
| ३७ | लक्ष्मी गुरुङ्ग | मुस्ताङ | ९८६००७१६६३ | ०६९-४४०१८६, ४४०१८८ |
| ३८ | विज्ञान सुवेदी | म्याग्दी | ९८४१८२८२६६ | ०६९-५२०१३३,५२०९९४ |
| ३९ | लक्ष्मीकुमारी शर्मा | बागलुङ | ९७४६७०१८४९ | ०६८-५२२६८६ |
| ४० | प्रेमनाथ ज्ञवाली | पाल्पा | ९८५७०२३६२४ | ०७५-५२०१६९ |
| ४१ | ध्रुर्वराज कण्डेल | नवलपरासी | ९८४६२६६४०८ | ०७८-५२१०५२ |
| ४२ | सन्तोष पौडेल | रुपन्देही | ९८५७०३६०३८ | ०७१-५२४३६६ |
| ४३ | यमुना मरासिनी | कपिल्वस्तु | ९८४७०३४१८८ | ०७६-५६११३२ |
| ४४ | गोविन्द प्रसाद चौधरी | अर्घाखाँची | ९८४७२०४७०८ | ०७७-४२०२०९,४२०७३१ |
| ४५ | नारायण ब. कुमाल | गुल्मी | ९८४७०९८०७३ | ०७९-५२११४१ |
| ४६ | किरण लामिछाने | लमजुङ | ९८५१०५००५८ | ०६६-५२०१३४, ५२०२९९ |
| ४७ | रुलबहादुर आले | गोरखा | ९८४१७१७८६७ | ०६४-४२०१८९, ४२१४१६ |
| ४८ | विष्णुमायाँ गुरुङ्ग | कास्की | ९८४६७०७२५६ | ०६१-४६५९३६ |
| ४९ | बिमल गिरी | तनहुँ | ९८५६०६०१७३ | ०६५-५६१९४०,५६०१०७ |
| ५० | कोपिला के.सी. | स्याङ्गजा | ९८१७१२७८७३ | ०६३-४२१०६४ |
| ५१ | मदन घले | मनाङ | ९८४९६०९५५२ | |
| ५२ | राजु लामिछाने | रुकुम | ९८५८०२४५७७ | ०८८-५३०१९७,५३००९० |
| ५३ | गणेशबहादुर विष्ट क्षेत्री | रोल्पा | ९८४११२७९४४ | ०८६-४४०१३३ |
| ५४ | विष्णुकुमारी शर्मा | सल्यान | ९८४७८४४९३२ | ०८८-५२०१९७,५२०१२१ |
| ५५ | कमल थपलिया | प्युठान | ९८४७८५८१४४ | ०८६-४२०२२४ |
| ५६ | हेमराज अधिकारी | दाङ्ग | ९८४७८९८८२८ | ०८२-५६३००२ |
| ५७ | ज्ञानेश्वर आचार्य | जाजरकोट | ९८४१४२९६४९ | ०८९-४३०१३०, ६३०११४ |
| ५८ | सन्तोषी प्याकुरेल | दैलेख | ९८४९६०४७१७ | ०८९४२०४०५,४२०११२ |
| ५९ | सीता आचार्य | सुर्खेत | ९८६८११८६३३ | ०८३-५२३८७७ |
| ६० | पिताम्बर आचार्य | बाँके | ९८४८०५०६४१ | ०८१-५२७८८६ |
| ६१ | उमेशकुमार गुप्ता | बर्दिया | ९८४३०६५६९२ | ०८४-४२१२०४ |
| ६२ | चन्द्रा देवकोटा | जुम्ला | ९८४८३००४६५ | ०८७५२०३१०,५२०००१८ |
| ६३ | देवकी ऐडी | हुम्ला | ९८४८१७२७३८ | ९७४८९००३१३ |
| ६४ | मदन रावल | मुगु | ९८६८१०८४७८ | ०८७-४६०११८, ४६०१०७ |
| ६५ | खेमराज रोकाया | कालिकोट | ९८४८३१०४४९ | ०८७-४४०२११ |
| ६६ | देवसिं कठायत | डोल्पा | ९८४८३१५७०९ | ०८७-५५०१३५ |
| ६७ | तपराज ओझा | बझाङ | ९८४८४९६३६९ | ०९२-४२१२२४,४२१२३२ |
| ६८ | कर्णबहादुर बुढा | बाजुरा | ९८६५६४२५१९ | ०९७-५४११५६, |
| ६९ | सुरेन्द्र भट्ट | डोटी | ९८४३३३३७६० | ०९४-४२०१०८ |
| ७० | अनिलकुमार विष्ट | अछाम | ९८४८४३८२११ | ०९७-६२०१३३, ६२००४४ |
| ७१ | अनु हमाल | कैलाली | ९८४३६४२६५४ | ०९१-५२०६८२ |
| ७२ | तेजराज तिमिल्सिना | दार्चुला | ९८४१५७६८७७ | ०९३४२०४४९ |
| ७३ | जयन्ती कुँवर | बैतडी | ९८४८७५४६६६ | |
| ७४ | दिलिप ब. शाही | डडेलधुरा | ९८४३१५२५३३ | ०९६-४२०७०१ |
| ७५ | तर्कराज भट्ट | कञ्चनपुर | ९८४८८६२२१२ | ०९९-५२०१८२ |